अनन्तलिङ्गेश्वर

(एक सांस्कृतिक अध्ययन)

डा. पुरुषोत्तमलोचन श्रेष्ठ

अनन्तलिङ्गेश्वर

(एक सांस्कृतिक अध्ययन)

ग्रन्थकार

पुरुषोत्तमलोचन श्रेष्ठ

प्रकाशक

अमनलोचन श्रेष्ठ

भक्तपुर

प्रकाशक
अमनलोचन श्रेष्ठ
भक्तपुर ।
फोन - ६६१५१७०

प्रथम संस्करण
प्रकाशन मिति : वि.सं.२०६४, वैशाख
प्रकाशन प्रति : १०००

मूल्य रु. ३००/– व्यक्तिगत
५००/– संस्थागत

मुद्रक
लुष प्रेस, नयाँ वानेश्वर, फोन नं. : ४७८२८२४

ISBN : 978-99946-2-483-6

नेपालकै माटोमा जन्मेबढेकाहरूले गरेको
अन्वेषणमध्ये सबभन्दा मुख्य
अन्वेषण अनन्तलिङ्गेश्वरको अभिलेख
भएको छ । यो अभिलेख नपाइएको भए
हामी आफ्नो निर्णयलाई
संभावनाकोटीबाट निर्णयकोटीमा
पुऱ्याउन सक्तैनथ्यौं ।

नयराज पन्त - लिच्छविसंवत्को निर्णय, २०४३, पृष्ठ ५५०

समर्पण

उहिलेदेखि अहिलेसम्मका अन्वेषणमा अविच्छिन्न
साथ दिँदै आएका मेरा अनन्य मित्र श्री विनोदराज शर्मा
(राजोपाध्याय) प्रति सप्रेम समर्पण ।

(प्रस्तुत चित्र २०६० मा ललितपुरको नृसिंह यात्रामा नृसिंह हुँदा लिइएको हो)

सम्मति

आदिमकालदेखि गणदेवताको रूपमा मान्य भगवान् रूद्र-शिव नेपालका आराध्यदेव रहेको छ । अहिलेसम्म प्राप्त जत्ति पनि देवी देवताहरू छन् तिनीहरूमा यी देवता प्राचीनतममध्येको स्पष्टत: प्रतीत हुन्छ । नेपालका सर्वप्राचीन वंशावलीको रूपमा मान्य गोपालवंशावली अनुसार ललितपुर सुरुन्थीस्थित भृङ्गारेश्वर शिवलिङ्ग सर्वप्राचीन रहेको छ भने आभिलेखिक साक्ष्य अनुसार भगवान् पशुपतिनाथ प्राचीनतम देवताको रूपमा लिनु उपयुक्त लाग्दछ। उत्तरप्राचीनकालीन संवत् ४५५ को गोल्हँस्थित भस्मेश्वरको अभिलेखमा स्पष्ट रूपले उक्त थलो पशुपतिक्षेत्रको रूपमा वर्णित छ जसबाट उक्त कुरोको पुष्टिमा सघाऊ मिल्छ । यी आधारहरूवाट नेपालमा शैवधर्म एवं दर्शनको प्रचार प्रसार आदिम समयदेखिनै भइसकेको कुरा सुनिश्चित लाग्दछ ।

नेपालका अनेकौं शिवलिङ्गहरूमध्ये प्राचीनता एवं महत्त्वका दृष्टिले अतीव उल्लेख्य शिवलिङ्गहरू चारओटा रहेका छन् , तिनीहरू हुन् - पश्चिममा आदेश्वर (नाथेश्वर), पूर्वमा अनन्तलिङ्गेश्वर, उत्तरमा पशुपतिनाथ औ दक्षिणमा भृङ्गारेश्वर । उक्त चारओटै शिवलिङ्गहरूको प्राचीनता आभिलेखिक साक्ष्यले उत्तरप्राचीनकाल अथवा त्यसभन्दा पहिलेदेखिकै रहेको कुराको पुष्टि गरेका छन् । काठमाडौं आदेश्वरको एक अभिलेख, जुन सातौं शताव्दी ई. को रहेको छ, ले आदेश्वर भनिने यी देवता यथार्थत: नाथेश्वर भएकोतिर इङ्गित गरेको छ। यद्यपि उत्तरप्राचीनकालीन संवत् ४५५को माथि वर्णित भस्मेश्वरको अभिलेखमा वर्णित पञ्चेश्वर देवताहरूमध्ये नाथेश्वर पनि एक रहेको छ, तर नाथेश्वरकै भव्य मन्दिर उपर्युक्त सातौं शताव्दी ई. को मन्दिर भएको कारण उक्त मन्दिरको महत्त्व औधी रहेको कुरा निर्णित हुन्छ। यी आधारहरूवाट नेपालमा नाथ सम्प्रदायको उद्‌भव छैठौं-सातौं शताव्दी ई.मै भइसकेको कुरा निर्णित भएको लाग्दछ ।

नाथ सम्प्रदायमा प्रचलित परम्परा अनुसार नाथ सम्प्रदायका आदि पुरुषको रूपमा रहेको आदिनाथ स्वयम् भगवान् शिव रहेको छ, जसको कारण उपर्युक्त सातौं शताब्दी ई.को अभिलेखले इङ्गित गरेको नाथेश्वर आदेश्वर नामले जनमानसमा व्यापक प्रचार रहेको देखिन्छ। आदिनाथको एक मध्यकालीन मन्दिर पनि चोभार डाँडामाथि अवस्थित छ जुन यहाँ उल्लेख्य छ। यी यथार्थताहरूको प्राप्तिले उपर्युक्त आदेश्वर भनौं या नाथेश्वर शिवलिङ्ग प्राचीन नेपालका एक महत्त्वपूर्ण शिवलिङ्ग रहेको कुरा स्वीकार्य लाग्दछ।

भगवान् पशुपतिनाथको शिलानिर्मित मुखोलिङ्ग न केवल नेपाल वल्कि वाह्य जगतमा पनि ज्यादै सम्मानित रहेको छ। यिनलाई नेपालका आराध्यदेवको रूपमा पहिलेदेखि नै मानिँदै आइरहेको छ। ऋग्वैदिककालदेखिनै यी देवतालाई पशुहरूका रक्षक अर्थात् 'पशुपा' को संज्ञा दिइएको छ। **ऋग्वेद** १.११४.९ का पंक्ति उक्त कुरोको साक्षी स्वरूप छ। **जाबाल्युपनिषद्** मा स्पष्टरूपले पशु शब्दले जीवलाई बुझाई पशुपति शब्द जीवमात्रका नायकको अर्थमा वर्णन गरिएको छ। नेपाल एवं भारताकाशमा साँचो अर्थमा नेपाल नै एक यस्तो क्षेत्र छ जसलाई 'पाशुपतक्षेत्र' को संज्ञा प्राप्त छ। **तन्त्र चूडामणि** अनुसार सुप्रसिद्ध ५१ पीठस्थानहरूमध्ये नेपाल पनि एक मानिएको औ **गरुडपुराण** ८१ अध्यायमा नेपाल एवं भारतका सुप्रसिद्ध तीर्थस्थलहरूको वर्णनकममा पशुपति तीर्थको पनि गणना गरिएको छ। फेरि, **निगमज्ञानदेव** ले **जीर्णोद्धार दशकम्** को भाष्यमा अष्टषष्टी स्वायम्भू लिङ्गहरूको नाम कममा नेपालका श्री पशुपति शिवलिङ्गलाई पनि त्यसमा समावेश गरिएको छ। यी तथ्यहरूका आधारमा पाशुपतक्षेत्रको रूपमा नेपालको वैशिष्ट्य भएको कुरा निर्णित हुन्छ।

लुम्हुं र भक्तपुरको बीच सीमानाको हंसगृहद्रङ्गस्थित पर्वत शिखरमाथि अवस्थित भगवान् शिवको अनन्तलिङ्गेश्वरको लिङ्ग अनुमानतः सातौं शताव्दी ई.को एक महत्त्वपूर्ण लिङ्ग रहेको छ। प्रस्तुत स्थान नाम एवं लिङ्गको नामको आधारमा साँचो अर्थमा भन्ने हो भने प्रस्तुत अनन्तलिङ्गेश्वरले शैव धर्म-दर्शनको निचोडलाई उजागर गरेको छ। भगवान् रूद्र-शिवका लिङ्गको ओर-छोर त्रिदेवमध्येका व्रम्हा एवं विष्णुले पत्ता लगाउने अथक प्रयास गरेर पनि पत्ता लगाउन नसकेको कुरा पौराणिक साहित्यमा स्पष्ट रूपले वर्णन गरिएको छ जसको कारण प्रस्तुत शिवलिङ्गलाई अनन्तलिङ्गेश्वरको संज्ञा

प्रदान गरिएको ठीकै प्रतीत हुन्छ । सृष्टि, स्थिति औ क्षयको यथार्थतः कारक तत्त्वको रूपमा पनि शिवलिङ्गलाई नै लिइन्छ । पुरुष जननेन्द्रिय रहेको लिङ्गका तलतिर योनीको प्रतीक स्वरूप रहेको जलहरीनिरको भाग ब्रम्हा, त्यसभन्दा माथि बीचको भाग विष्णु तथा शिरस्थ भाग शिवको रूपमा वर्णित भएवाट पनि उपर्युक्त कुरोको पुष्टितिरै इङ्गित हुन्छ । शिवलिङ्ग यथार्थतः जननेन्द्रिय रहेको कुरा इलाहावादमा प्राप्त शिलानिर्मित दोस्रो शताव्दी ई.पु.को एक पञ्चमुखी शिवलिङ्गमा पुरुष जननेन्द्रियको प्रतीक चिन्ह उत्कीर्ण गरिएको पाइएवाट निर्णित भएको छ । लिङ्गको माथितिर ईशान भागमा जननेन्द्रियको प्रतीकस्वरूप प्वाल राखी निर्मित लिङ्गहरू पनि पाइएका छन् । काभ्रेपलाञ्चोक जिल्लान्तर्गत श्रीखण्डपुरमा प्रतिष्ठापित धनेश्वर शिवलिङ्ग एवं ललितपुर एखालंखु ईवहालटोलमा प्रतिष्ठापित एक शिलानिर्मित यहाँ उदाहरणस्वरूप छन् । अनि पञ्चमुख शिव भनौं या शिवलिङ्गका पञ्चमुख पञ्चविधप्राण अथवा पञ्चतत्त्वका प्रतीक स्वरूप लिइएर भगवान् शिवलाई प्राणीमात्रका प्राणस्वरूप मानिएको छ । प्राणको अर्को नाम हंस पनि हो । जसको कारण प्राणीको मृत्यु हुंदा प्राणीको प्राणवायु उडेर गयो भन्ने अर्थमा प्राणीको हंस उडेर गयो भन्ने पनि गरिन्छ । यसै यथार्थतालाई इङ्गित गरी प्रस्तुत अनन्तलिङ्गेश्वरक्षेत्रको हँसगृह नाम रहेको स्पष्टतः उचित नै लाग्दछ । यी विभिन्न कारणहरूमा यो लिङ्गको वैशिष्ट्य स्पष्ट रूपले झल्किन्छ ।

ललितपुर जिल्लान्तर्गत सुरुन्थीग्रामस्थित भृङ्गारेश्वरको विशाल शिवलिङ्ग न केवल प्राचीनताको दृष्टिले महत्त्वपूर्ण रहेको छ, वल्कि यसले भक्त र भगवान्बीचको सम्वन्ध औ भक्त नै यथार्थतः भगवान् हुन् र भगवान् भन्नु नै भक्त हुन् कुरोलाई उजागर पारेको छ । शैव आख्यान अनुसार भृङ्ग भगवान् शिवका प्रमुख गणमध्येका हुन् , जस्तो नन्दी शिवका एक प्रमुख गण मानिन्छ । तर, ती भृङ्गलाई नै भगवान् शिवको रूपमा लिएर तिनकै नामवाट उपर्युक्त भृङ्गारेश्वर शिवलिङ्ग प्रतिष्ठापन गरिएको छ, जुन उपर्युक्त यथार्थताको सूचक स्वरूप छ । भगवान्का गण नै स्वयम् उनै भगवान्को रूपमा लिइने परम्परा भगवान् शिवको गणव्यवस्थामै मात्र चरितार्थ भएको स्पष्टतः प्रतीत हुन्छ । उपर्युक्त भृङ्गको अतिरिक्त नन्दीको नामवाट नन्दीकेश्वर शिवलिङ्ग काठमाडौं नक्सालमा प्रतिष्ठापित छ । त्यस्तै नन्दीकै नामवाट १७औं शताव्दी ई.मा ललितपुर कुसुन्तीमा पञ्च नन्दीकेश्वर

शिवलिङ्गको प्रतिष्ठापन गरिएकोलाई लिन सकिन्छ। यी आधारहरूमा माथि वर्णित भृङ्गारेश्वर शिवलिङ्गको वैशिष्ट्य स्पष्टतः झल्किन्छ।

उपर्युक्त विभिन्न आधारहरूबाट उक्त चारओटा शिवलिङ्गहरू नेपालमा प्राचीनकालदेखि नै अतीव महत्त्वका रही आएको कुरा निर्णित हुन्छ। तर, नेपालका आराध्यदेवको रूपमा मानेर भगवान् पशुपतिनाथको बाहेक अन्य बाँकी तीन प्रमुख लिङ्गहरूका बारे कसैले खास प्रकाश पार्ने चेष्टा गरे जस्तो लाग्दैन। सबैजना बलेको आगो ताप्नतिरै अग्रसर हुन्छन्, निभ्न लागेको आगोलाई बालेर त्यसलाई ताप्नतिर कोही लाग्दैनन्। साँच्चै भन्ने हो भने निभ्न लागेकोलाई जियाउन खोज्नु नै मानवीय गुण हो। यसै यथार्थतालाई अङ्गीकृत गरी अन्वेषण एवं अनुसन्धान कार्यमै सदा दत्तचित्त भई अग्रसर हुने कर्त्तव्यनिष्ठ मेरा मित्रवर डा.पुरुषोत्तमलोचन श्रेष्ठज्यूले आज भगवान् अनन्तलिङ्गेश्वरको बारे सतत अध्ययन, अन्वेषण एवं अनुसन्धान गरी प्रस्तुत महत्त्वपूर्ण शोधग्रन्थ तयार गर्नु भएको छ। जुन एक स्तुत्य प्रयास मान्नु कर लाग्छ। सत्यान्वेषणमै लागिपर्नु जीवनको उच्चतम् स्तुत्य कार्य हो . अनि त्यसलाई जनमानस सम्मुख ल्याउनु भन्नुको तात्पर्य प्रकाशित गर्नु मनुष्यको आफ्नो दायित्त्व हो। यस हिसावले मेरा मित्रवर डा.पुरुषोत्तमलोचन श्रेष्ठज्यू धन्यवादका पात्र हुनुहुन्छ। म चाहन्छु उहाँ सदा यस्तै सत्यान्वेषणमै लागिरहुन्। अनि त्यसको प्रकाशनमै सदा उद्यत। मेरो आशामा विश्वास छ भविष्यमा उहाँ यस क्षेत्रका उज्वल तारा भई उजिलिने छ। अस्तु।

लगनखेल, ललितपुर
२०६४ साल, वैशाख।

हरिराम जोशी

अभिमत

अनन्तलिङ्गेश्वरभेक इतिहास, संस्कृति र पुरातत्त्वका दृष्टिले महत्वपूर्ण छ। तर पनि यस भेकको विस्तृत अन्वेषण हालसम्म पनि हुन सकेको छैन। तिलौराकोटको गर्भमा लुकेको प्राचीन कपिलवस्तु राज्यको राजधानीलाई जसरी उत्खननअघिको अन्वेषणले देखाएको थियो, त्यसरी नै यस अन्वेषणले अनन्तलिङ्गेश्वरभेकको गर्भमा 'हंसगृह' नामक प्राचीन समृद्ध वस्ती (द्रङ्ग) थियो भन्ने कुरालाई देखाएको छ। हंसगृहद्रङ्गका उच्चतम देवता 'हंसगृहदेव' हुन्। हंसगृहदेव 'लोकपालस्वामी' हुन्। लोकपालस्वामी शैवप्रधान देवता हुन्। उनै लोकपालस्वामी आजका अनन्तलिङ्गेश्वर हुन्। यिनै प्रसङ्गहरूसंगै यस भेकका उल्लेख्य स्थान एवं त्यहाँका कलाकृति लगायत इतिहास र प्राचीन संस्कृतिका वारेमा समेत प्रकाश पार्नु यस अन्वेषणको मूल अभिप्राय हो। अव उत्खनन हुन सकेमा सो उत्खननले के देखाउँछ त्यो त हेर्न बाँकी नै छ। मलाई आशा छ, यस अन्वेषणले छाम्न भ्याएको सो लुकेको शहरका स्मारक र त्यहाँका कलावस्तुलाई पुरातात्त्विक उत्खननले प्रकाशमा ल्याउने नै छ।

प्रस्तुत ग्रन्थ स्थलगत अन्वेषण, सम्वद्ध स्रोत-वर्गवाट प्राप्त जानकारी आदि प्राथमिक स्रोतका आधारमा तयार पारिएको छ। यी प्राथमिक स्रोतहरूको व्याख्या विश्लेषण तथा तुलनात्मक अध्ययनका निमित्त प्रकाशित सहायक स्रोतसामग्रीहरूको उपयोग पनि ठाउँ-ठाउँमा भएको छ।

यो ग्रन्थ तयार पार्ने कार्यमा मैले धेरै व्यक्तिहरूवाट प्रेरणा, सुझाव र सहयोग पाएको छु। **श्री अनन्तलिङ्गेश्वर महादेवमन्दिरक्षेत्र सुधार तथा विकास समितिका** सल्लाहकार श्री भरत जङ्गम, श्री प्रेमवहादुर खड्का एवं श्रीदेवीप्रसाद राउत, श्री कल्याण कार्की लगायत सो समितिका सम्पूर्ण परिवारको प्रेरणावाटै यस विषयमा लाग्न सकेको हुं। यसको निमित्त म उहांहरूप्रति आभारी छु। जनस्तरवाट **संस्कृति शिरोमणि** पदले विभूषित हुनपुगेका श्री हरिराम जोशीवाट वेलावखतमा पाएको प्रेरणा र मूल्यवान्

सुझावका लागि उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यसरी नै स्थलगत अन्वेषणमा मात्र नभएर ग्रन्थ-निर्माणको कममा पनि आफ्नो अमूल्य समय दिई अनेक प्रकारले सहयोग गर्नु हुने मेरा अर्का मित्र धर्मराज अधिकारीप्रति म कृतज्ञ छु। स्थलगत अन्वेषणमा साथ दिई केही अभिलेखहरू पढ्ने काममा समेत सहयोग गर्नुहुने मेरा अर्का मित्र योगेशराजलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु। दधिकोट चोपुलि (चवदेश) का श्री चन्द्रप्रकाश राजथलाले पनि स्थलगत अन्वेषणमा सक्दो साथ दिएर, यस भेकका स्थाननाम लगायतका अनेक महत्वपूर्ण जानकारी दिएर ठूलो सहयोग गर्नुभएको छ। यसको निमित्त म उहाँप्रति आभारी छु। यसै कममा श्री नवराज जङ्गम (अनन्तलिङ्गेश्वर महादेवका पूजारी), श्री रामशरण थापा (गुण्डु-तिथली-८), श्री शिवहरि थापा (गुण्डु-४), दधिकोट चोपुलि (चवदेश) का धनबहादुर राजथला, श्याम राजथला लगायत राजगणेश गुठीका सम्पूर्ण परिवार, चियापसले दाइ श्री शङ्करलाल लुँवञ्जार (अनन्तलिङ्गेश्वर देवस्थल परिसर), चीरञ्जीवि गौतम (गुण्डु-३), श्री दिनेशराज कार्की (दधिकोट-४), श्री राजन कार्की (दधिकोट-४), श्री वविप्रसाद सापकोटा (गुण्डु २), श्री विष्णुप्रसाद न्यौपाने (दधिकोट-४), श्री श्रीराम न्यौपाने (दधिकोट-४) श्री वावा न्यौपाने (दधिकोट-५), श्री प्रकाश न्यौपाने (दधिकोट-६), श्री घनश्याम थापा (सिपाडोल), श्री भोगप्रसाद तिमिल्सिना र श्री रामप्रसाद तिमिल्सिना (लामाटार-६), श्री टीकाराम किसिजु (गुण्डु-१), श्री चन्द्रवहादुर कासुला (गुण्डु-१), श्री वीरे धौवञ्जार (गुण्डु-४), श्री उदय वहादुर कार्की र श्री लोकवहादुर कार्की (गुण्डु-५), श्री कृष्णवहादुर थापा (सिरूटार-९), श्री सुरज मिश्र, श्री शम्भु भण्डारी, श्री वीरेन्द्र कार्की, श्री निरञ्जन कार्की र श्री सुरेश थापामगर लगायत सिरूटारका स्थानीय युवाहरू, मध्यपुर थिमीका श्री चन्द्रगोपाल श्रेष्ठ, श्री शरणजीत जोशी र श्री लक्ष्मणसुन्दर श्रेष्ठ, श्री सूर्यराज चालिसे (कटुञ्जे), श्री सुरेन्द्रकाजी प्रधानाङ्ग (टौमढीटोल) हरूप्रति म आभारी छु। फोटोग्राफर श्री सूर्यप्रसाद श्रेष्ठ पनि धन्यवादका पात्र हुनुहुन्छ। अनन्तलिङ्गेश्वर, डोलेश्वर, रानीकोट र काशीविश्वेश्वरको स्थलगत अध्ययन गर्न जाँदा साथ दिने ख्वप कलेजको २०६१-०६३ समूहका संस्कृति विषयका मेरा समस्त विद्यार्थीहरू पनि धन्यवादका पात्र छन्। यस ग्रन्थको पाण्डुलिपिलाई कम्प्यूटर सेटिङ् गरी प्रकाशनयोग्य वनाइदिने लुष प्रेस, कम्प्यूटर शाखाका श्री शंकर पौडेललाई पनि धन्यवाद दिन चाहन्छु। प्रस्तुत ग्रन्थको स्तरीय मुद्रण कार्य गरिदिने लुप

प्रेसका प्रोपाइटर श्री गुहनाथ पौडेल लगायत सम्पूर्ण छापाखाना-परिवारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अंशुवर्माको अभिलेखमा आएको 'श्रीकलहाभिमानी' का बारेमा मेरा गुरु स्व. धनवज्र वज्राचार्यले गर्नुभएको व्याख्या यतिखेर पनि झल्झली सम्झिरहेको छु । पैसा (लक्ष्मी) कमाउने काम गर्दागर्दै अन्वेषण (सरस्वती) को बाटोतिर पनि लागेपछि जीन्दगीमा यस्तो मोड् पनि आयो जसको निर्णायक क्षणमा मैले सरस्वतीले देखाएकै बाटो रोजें । त्यसबेलादेखि एकनासले म यही बाटोमा हिंडिरहेको छु । लक्ष्मी चाहिँ मदेखि टाढा भई रिसाइरहेकी छिन् । मलाई लाग्छ, विद्याव्यसनमा लागेका नेपालका प्रायः सबैजसो लेखकहरूको अवस्था मेरो जस्तै छ । जे होस् ! लेख्ने काम त सकियो । तर यसलाई पुस्तकको रूपमा यसरी पाठकसामु ल्याउन लक्ष्मी नभै हुँदो रहेनछ । तर म सोच्दछु, अँध्यारोले उज्यालोको महत्त्व बोध हुन्छ; भतभति पोल्ने घामले जुनेली रातको महत्त्व बढाएको हुन्छ । सरस्वती र लक्ष्मीको कुरा पनि यस्तै लाग्छ । मेरो भन्नुको तात्पर्य हो समस्याले समाधान पनि संगै लिएर आउँछ । समस्या आइरहन्छ, समाधान पनि भइरहन्छ । शायद यही जीवन हो । संयोगको कुरो हो ! **Nityananda Institute, Portland, USA** का मेरा सहृदयी आदरणीय **Swami Chetanananda Saraswati** ले यो पुस्तक छाप्न आर्थिक सहयोग प्रदान गरी समस्याको समाधान गरिदिनुभएको छ । यसको निमित्त म उहाँप्रति हृदयदेखि कृतज्ञताज्ञापन गर्दछु ।

अन्तमा अन्वेषणकार्यमा अनेक किसिमले सहयोग गर्ने मेरी जीवन सहचरी बविता श्रेष्ठ र प्रकाशनको अभिभारा लिएर बोझ हलुका गरिदिने मेरा उत्तराधिकारी सुपुत्र श्री अमनलोचन श्रेष्ठप्रति हार्दिक धन्यवादज्ञापन गर्दछु ।

२०६४ साल वैशाख १० गते
विश्व पुस्तक दिवस ।

डा.पुरुषोत्तमलोचन श्रेष्ठ



सौजन्य : नेपाल सरकार नापि महाशाखाद्वारा मुद्रित, पत्र संख्या - २७८५ ०६वी, १९७४, प्रथम संस्करण
स्केल - १ : २५०००

विषयसूची

पहिलो खण्ड
अनन्तलिङ्गेश्वर देवस्थलका कलाकृति

देवस्थल परिचय	३
ढुङ्गेसिँढीको पूर्वपट्टि र पश्चिमपट्टिका शिलालेख	९
पूर्वपट्टिको नरेन्द्रदेवको शिलालेख	१०
पश्चिमपट्टिको शिलालेख	१२
अनन्तलिङ्गेश्वर महादेवमन्दिर	१२
देवस्थल परिसरका कलाकृति	१६
सुरक्षा-पर्खाल र त्यहाँका कलाकृति	१६
कुवा (अनन्त-कुवा)	२१
अनन्त-कुण्ड	२२
उमामहेश्वर	२२
वासुकी	२५
राजल्लदेवीको जलहरीको अभिलेख	२७
अनन्त-कुण्डको पश्चिमभित्ताका कलाकृति	२८
चतुर्वाहु गणेशको मूर्ति	३०
अन्नपूर्णाको मूर्ति	३४
लक्ष्मीको मूर्ति	३४
वनदुर्गाको मूर्ति	३४
सरस्वती-पादुका	३५
गरूडका मूर्ति	३५
ने.सं.८६३को शिलालेख	३५
पद्माकृति, अनाकृत प्रस्तर	३६

दक्षिणपट्टिको पाटी ३६
चौगिर्दाभित्रका देवता ३६
युगल प्रस्तर-सालिग ३७
ग्वंगहरूको ने.सं.९३७को सालिग शिलापत्र ३८
प्रस्तर-द्वारतोरण ३९
वसाहा, जलहरी र त्रिशूल ३९
पुजारीघर ४०
ढुङ्गे टुटो (हिटीमङ्ग) ४१
भैरव ४१
योगेश्वर ४१
उत्तरपट्टिको पाटी ४३
गुम्वजशैलीका शिवमन्दिर ४४
धर्मस्तम्भ र घण्टहरू ४७
उमामहेश्वर मन्दिर ४९

दोस्रो खण्ड
अनन्तलिङ्गेश्वरभेक

अनन्तलिङ्गेश्वरभेक ५३
अनन्तलिङ्गेश्वरभेकका केही महत्त्वपूर्ण स्थल एवं कलाकृति
(अनन्तलिङ्गेश्वरका पूर्वीभेकका कलाकृति) ५४
ठूल्धारा र सानुधारा ५४
गुण्डु ५५
कालभैरवस्थान ५६
दुव्लेगणेश ५९
भुवनेश्वरी ६१
संसारीदेवी, गौरादेवी र तारकेश्वर ६१
गोकुलेश्वर, गोकुलघाट ६१
डोलेश्वर महादेवमन्दिर, सिपाडोल ६३
अनन्तलिङ्गेश्वरको पश्चिमभेकका कलाकृति ७४
पञ्चकन्या ७५

राधाकृष्णमन्दिर, तर्षागाल ७६
पिशाचेश्वर महादेव (विश्वरूपेश्वर/विश्वेश्वर) ७७
चखुंतीर्थ/ (चरखण्डी)/(चरखण्डेश्वर) ८०
चोपुलि (चवदेश) ८६
सोमलिङ्गटार ९४
धर्मेश्वर महादेव ९६
दक्षिणवाराही ९७
अनन्तलिङ्गेश्वरका उत्तरीभेकका कलाकृति १००
गुण्डु तिथलीमा फेलापरेका पुरातात्त्विक सामग्री १००
रामभक्तेश्वरमन्दिर १०१
लेखानारायणस्थान १०६
सूर्यविनायकवन १०७
कटुञ्जे (कटुञ्जेकोट) १११
अनन्तलिङ्गेश्वरका दक्षिणीभेकका कलाकृति १११
कैलाश १११
काशीविश्वेश्वर ११३
रानीकोट गढी ११७

तेश्रो खण्ड
ऐतिहासिक विश्लेषण

वस्तीबसाइ र हंसगृहद्रङ्ग १२३
हंसगृहद्रङ्गका लोकपालस्वामी-हंसगृहदेव-अनन्तलिङ्गेश्वर १२८
उपत्यकाको चार सुरमा रहेका चार देवहरू १३३
राजल्लदेवीको अभिलेख १३३

चौथो खण्ड
संस्कृति

संस्कृति १४१
हंसगृहदेव लोकपालस्वामी १४३

कार्तिक शुक्ल द्वादशी १४८
कुलपति १४९
घृताशनसमितादिभोजन १५०
'गोयुद्ध'उत्सव १५०
वराहयात्रा १५१
दासप्रथा १५३
भू-सांस्कृतिकीकरण १५३

पाँचौं खण्ड
उपसंहार

उपसंहार १५९
परिशिष्ट (अभिलेख खण्ड) १६९
सन्दर्भ-सूची १९३
अनुक्रमणिका १९७

चित्र संख्या सूची

अनन्तवनको हृदयस्थलमा अवस्थित अनन्तलिङ्गेश्वर महादेव मन्दिर-१ क
अनन्तलिङ्गेश्वर महादेवमन्दिर १ ख
अनन्तलिङ्गेश्वर महादेवको स्वयम्भूलिङ्ग २ क
मुखलिङ्गले सजिएका अनन्तलिङ्गेश्वर २ ख
अनन्तलिङ्गेश्वर देवस्थल पुग्ने परम्परागत मार्ग ३
देवस्थल पुग्ने परम्परागत मार्ग ४
देवस्थल पुग्ने ढुङ्गेसिँढी ५
अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको शिलालेख ६
ढुङ्गेसिँढीको पश्चिमपट्टिको शिलालेख ७ क
उही शिलालेखको नजिकवाट खिचेको चित्र ७ ख

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको मूलढोका ८
सुरक्षापर्खालका कलाकृति र कुवा ९
झारपातले ढाकेका कलाकृति १०
इनारको अवशेष ११
उमामहेश्वरको प्रस्तरमूर्ति १२
प्रस्तर सालिगहरू १३
पहिरोग्रस्त भाग १४
पुरानो पर्खालको अवशेष १५
अनन्त-कुण्ड १६ क
अनन्तकुण्डको सँभार, सरसफाइ १६ ख
वासुकी १७
जलहरी १८ क
जलहरीको राजल्लदेवीको ने.सं.५०१(?)को अभिलेख १८ ख
सुरक्षा-पर्खाल र त्यहाँका कलाकृति १९
चतुर्वाहु गणेशको मूर्ति १९ क
अन्नपूर्णाको मूर्ति १९ ख
लक्ष्मीको मूर्ति १९ ग
वनदुर्गा १९ घ
सरस्वती-पादुका १९ ङ
चौगिर्दा, अग्रभाग २० क
चौगिर्दाभित्रका देवालीदेवता २० ख
वसाहा, जलहरी र त्रिशूल २१
ढुङ्गे-टुटो २२
षड्वाहु-भैरव २३
योगेश्वर २४
पुनर्निर्माणको कममा रहेको पाटी २५
गुम्वजशैलीका शिवमन्दिर २६
विश्वेश्वरमन्दिरको शकसंवत् १६३४ (वि.सं.१७६९) को शिलालेख २७
विश्वेश्वरमन्दिरको शकसंवत् १७६१को शिलालेख २८
भक्तमुक्तेश्वर मन्दिरको वि.सं.१९०३को शिलालेख २९
शिवमन्दिरको वि.सं.१९४५को शिलालेख ३०

धर्मस्तम्भ र घण्टहरू ३१
उमामहेश्वर-मन्दिर ३२
ठूल्धारा ३३
सानुधारा ३४
कालभैरवस्थान ३५
दुब्ले गणेश ३६
गोकुलेश्वर ३७
डोलेश्वर महादेवमन्दिर ३८
डोलेश्वर शिवलिङ्ग ३९
दक्षिणाभिमुख ढुङ्गेधारा ४०
ने.सं.८५९ को ढुङ्गे त्रिशूल ४१
नारायणमन्दिर ४२
महाविष्णुको नमुनामन्दिर ४३
ढुङ्गे टुटो (उत्तरप्राचीनकालीन?) ४४
जलहरीको खण्डित भाग ४५
अनन्तलिङ्गेश्वरको कैलासबाट देखिने पश्चिमीभेकका केही उल्लेख्य स्थान ४६
पञ्चकन्या, पन्तेपाखा ४७
राधाकृष्णमन्दिर, तर्षागाल ४८
पिशाचेश्वर शिवलिङ्ग, तर्षागाल ४९
बसाहा ५०
चखुंतीर्थ (चरखण्डी तीर्थस्थल) ५१
वासुकी शिला ५२
चरखण्डी-कुण्डको पूर्वपट्टिका कलाकृति ५३
चरखण्डी-कुण्डको पश्चिमपट्टिका कलाकृति ५४
चरखण्डी-कुण्डको पश्चिम-दक्षिणपट्टिका कलाकृति ५५
तेह्रौंतेथान ५६
चतुर्मुखी शिवलिङ्ग ५७
गणेशमन्दिर, चोपुलि ५८ क
गणेशमन्दिरका राजगणेश ५८ ख
चवदेश (चोपुलि)का द्वारे ५९

स्वायँ-स्वायँ द्यः	६०
सोमलिङ्गेश्वर	६१
बालकोटका धर्मेश्वर	६२
दधिकोट क्वाछेंस्थित दक्षिणवाराहीमन्दिर	६३
कैलाशबाट देखिने अनन्तलिङ्गेश्वरको उत्तरीभेक	६४
गुण्डु-८ स्थित रामशरण थापाको खेत	६५
खेतमा पुरिएर रहेको ढुङ्गे जगखण्डको एक भाग	६६ क
ढुङ्गे जगखण्डको सोही भाग	६६ ख
खेत खन्दा फेलापरेका माटाका भाँडावर्त्तनका टुकाटाकीहरू	६७
पशुपति मुद्रा र अन्य	६८ क, ख
रामभक्तेश्वर, गुण्डु-५	६९
तीनधारे, गुण्डु-५	७०
सुवर्णेश्वर महादेवमन्दिर	७१.क
सुवर्णेश्वर शिवलिङ्ग	७१ ख
उमामहेश्वर, गणेश र नृत्यनाथ	७१ ग
सुशिइलाखा भैरवमन्दिर	७२ क
सुशिइलाखा भैरव	७२ ख
कैलाश	७३
अन्तलिगाउँबाट देखिने रिसालडाँडा, काशी विश्वेश्वर	७४
काशीविश्वेश्वरमन्दिर	७५
एक भक्तको प्रस्तर-सालिग	७५ क
काशीविश्वेश्वरका वचेखुचेका कलाकृति	७५ ख
'ओपि वन' का कुवाहरू	७५ ग,घ
नयाँ पाटी	७५ ङ
रानीकोटका वाघभैरव	७६
खौमाटोल, भक्तपुरको अनन्तलिङ्गेश्वर महादेवमन्दिर	७७
पञ्चमुखलिङ्ग	७८
लंख्वयात - पांनी मागने जात्रा	७९
गणेशपूजा	८०
महादेवपूजा	८१
वासुकीपूजा	८२

हर हर महाद्य वा वय् द्यः ! (हर हर महादेव पानी दे !) ८३ क
हर हर महाद्य वा वय् द्यः ! (हर हर महादेव पानी दे !) ८३ ख
हर हर महाद्य वा वय् द्यः ! (हर हर महादेव पानी दे !) ८३ ग
हर हर महाद्य वा वय् द्यः ! (हर हर महादेव पानी दे !) ८३ घ
चतुष्पाद महासदाशिव ८४

पहिलो खण्ड

अनन्तलिङ्गेश्वर देवस्थलका कलाकृति

देवस्थल-परिचय

पुरातत्त्वका दृष्टिले खोला-नाला, वन-जङ्गल, पहाड-पर्वत आदि प्रकृतिका अद्भूत रचना र मनै हर्ने तिनका सुन्दर अवस्थिति मानव संस्कृति, सभ्यतामा अपरिहार्य रूपले सांस्कृतिकृत हुँदै देवदेवी सदृश वा तिनका बासस्थानका रूपमा अनन्तकालदेखि नै मान्य पूज्य रहँदै आएको ज्ञात हुन्छ। यसो हुँदा उपर्युक्त प्राकृतिक विशेषताले युक्त प्रकृतिको यस्तै सुन्दर रचनाभित्र प्राचीन सम्पदा **अनन्तलिङ्गेश्वर** देवस्थल पनि वसेको छ। अनि यसकै वैभव **अनन्तलिङ्गेश्वरभेक** पनि हो जहाँ प्राचीनकालमा **हंसगृह** नामक प्रसिद्ध शहरीवस्ती गुल्जार हुनपुगेको थियो । यसैले सो वस्ती **द्रङ्ग** कहलाएको थियो ।

भक्तपुरको मूलनगरबस्तीवाट ४ कि.मि. दक्षिणतिर गुण्डु गाउँको शिरैमा रहेको, दधिकोट गा.वि.स.,वडा नं ४ स्थित रमणीय वनको[1] हृदयस्थलमा **अनन्तलिङ्गेश्वर** नामले प्रसिद्ध शिवमन्दिर (**चित्र संख्या १क/आवरण पृष्ठ,ख**) अवस्थित छ। सो मन्दिरभित्र रहेको यिनको प्राकृतिक रूपको स्वयम्भुलिङ्गलाई हेर्दा (**चित्र संख्या २- क, ख**) यस्तो लाग्छ मानौ इतिहासकाल अघिको समयदेखि नै यिनको महिमा अनन्त रहँदै आएको छ।

अनन्तलिङ्गेश्वर मन्दिरमा पुग्नका लागि सो मन्दिरका चारैतिर चारै दिशा लक्षित हुने गरी वनेका परम्परागत सांस्कृतिक-मूलमार्ग एवं

---

१. पूर्वकालदेखि नै अनन्तलिङ्गेश्वरको नित्य-नैमित्तिक पर्व पूजा जङ्गमहरूले चलाउँदै आएका छन्। जङ्गम पूजारीलाई *महन्त महाराज* भन्ने चलन पनि छ। उनीहरूको वसोवास यहाँ पनि भएको हुँदा सो वन *महन्त वन* कहलिएको छ। समग्रमा पूरै वन महादेवकै नामले *अनन्त (लिङ्गेश्वर) वन* भनी लौकिक व्यवहारमा चलेर आएको छ। चिलाउने, कटुस, जिम्मु, काभ्रो, मौवा, सेर्ती-काठ, काफल र गुराँस आदिअनेक जानका रूख विरूवाले यो वन सम्पन्न देखिन्छ। वसन्त ऋतुमा फल्ने गुराँस र काफलले वनलाई ढाकी निकै मनोरम प्राकृतिक शोभा वढाएको हुन्छ। त्यसवेला पूरै वन दुलही सजिए झैं लाग्छ।

ढुङ्गे सिँढी देखापर्छन् । धार्मिक दृष्टिले मात्र नभएर पुरातत्त्वका दृष्टिले पनि यो कुरा विचारणीय मान्न सकिन्छ । किनकि अनन्तलिङ्गेश्वर आसपासका ती मार्गका यत्रतत्र देखापर्ने धारा,पाटी सत्तल लगायतका मूर्ति, मन्दिर वा देवस्थल आदि सम्भवतः अनन्तलिङ्गेश्वर-संस्कृतिकै अनेक कालखण्डका प्रभाव-उपज हुन् । तीमध्ये कतिपय कलाकृति समयको मारमा यत्रतत्र जमीनमुनि दबिएका हुन सक्छन् ।

उपत्यकाका चार विनायक मध्येका एक सूर्यविनायक पनि हुन् । यहाँवाट घोडेटोवाटो हुँदै सूर्यविनायक-वनको भञ्ज्याङ् (**चित्र संख्या ३**) पार गरी गुण्डुको लेखानारायणस्थानमा पुगिन्छ । त्यहाँवाट वूढीगण्डकी (वृद्धगंगा) नदी तरी गोरेटोवाटो हुँदै वाटामा पर्ने पाटी भएर (**चित्र संख्या ४**) महादेवखोला अनि राजकुलो पार गरेपछि हाल पाताल अवस्थामा रहेको पाटीनेर पुगिन्छ । त्यहाँवाट केही उँभो लागेपछि मूलबाटो तेर्सिन आइपुग्छ । सो मूलबाटो नाघ्नेबित्तिकै नागवेली परेको ठाडो ढुङ्गे सिँढी देखापर्छ । अन्त्य नै नभेटिएला जस्तो अनन्त रूपको सो ढुङ्गेसिँढीका २५८वटा खुड्किला (**चित्र संख्या ५**) उक्लेपछि अन्तमा देवस्थल (अनन्तलिङ्गेश्वर) पुगिन्छ ।[२] यसरी भक्तपुरवाट अनन्तलिङ्गेश्वरसम्म हिँडेर पुगिने सांस्कृतिक महत्व बोकेको एक प्राचीन मार्ग पनि यही नै देखिन आएको छ ।[३]

---

२. ढुङ्गेसिँढीका अवशेष राजकुलोदेखि नै देखापर्छन् । त्यसको सिलसिला २५८ वटा खुड्किला भएको यसै सिँढीसित जोडिएको देखिन्छ । त्यहाँ मूलवाटो वनेपछि सो विशाल ढुङ्गेसिँढी त्यही बाटोका कारण काटिएर टुक्रिन पुग्यो । अहिले राजकुलोदेखि पाटीसम्म एक खण्ड, पाटीदेखि मूलवाटोसम्म अर्को खण्ड र मूलबाटोदेखि देवस्थलसम्म पुग्ने २५८ वटा खुड्किला भएको यही ढुङ्गेसिंढीसमेत गरी तीन खण्डमा विभक्त हुन पुगेको देखिन्छ । स्थानीय वूढापाकाहरूका अनुसार सो विशाल ढुङ्गेसिँढीका ३६० वटा खुड्किला थिए । यो टिप्पणी लेख्दासम्म २५८ वटा खुड्किला भएको भागको मात्र जीर्णोद्धार (*अनन्तलिङ्गेश्वर महादेव मन्दिरक्षेत्र सुधार तथा विकास समितिद्वारा*) गरिएको छ ।

३. सूर्यविनायक-वनमा सैनिक-इलाका बसेको छ । त्यसले गर्दा पनि यो प्राचीन पैदल/घोडेटोमार्ग वन्द भइसकेको देखिन्छ । तर अन्यत्रबाट अनन्तलिङ्गेश्वरको राजकुलोसम्म पुग्ने मोटरबाटो खुलिसकेको छ ।



चित्र संख्या १ क : अनन्तवनको हृदयस्थलमा अवस्थित अनन्तलिङ्गेश्वर महादेवमन्दिर ।
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ, पुरातत्त्व विभाग ।
यहाँ साभार प्रकट नगरिएका बाँकी चित्रहरू म आफैले लिएको हुँ ।



चित्र संख्या १ ख : अनन्तलिङ्गेश्वर महादेवमन्दिर
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या २ क : अनन्तलिङ्गेश्वर महादेवको स्वयम्भूलिङ्ग ।

भूमिमा स्वयं उत्पत्ति भएको मानिने, प्राकृतिक रूपको शिवलिङ्गलाई स्वयम्भूलिङ्ग भनिन्छ । यो लगायत चौंसट्ठी शिवलिङ्गको समूहमा पर्ने अन्य शिवलिङ्गहरू उदाहरणस्वरूप छन् । यस्ता शिवलिङ्गहरूलाई महादेव स्वयंको इच्छाले उत्पत्ति भएको मानिन्छ । कृत्रिम शिवलिङ्गका तुलनामा यस्ता शिवलिङ्ग खस्रो, भद्दा, घना एवं ठाढो नभएर केही ढल्केको अवस्थामा पाइन्छन् । अन्दाजी ७५ डिग्री पूर्वपट्टि ढल्केको यो शिवलिङ्ग ३१ से.मि. लामो छ । यस शिवलिङ्गमा चारपाटे र गोलाकार गरी दुईवटा जलहरी हालिएका छन् । चारपाटे जलहरी (१ मि.३६ से.मि.फराकिलो, २३ से.मि.लम्बा) माथि गोलाकार जलहरी (१ मि.) खप्टिएको छ । शिवलिङ्ग र जलहरीका ढुङ्गा फरक फरक जातका देखिन्छन् ।



चित्र संख्या २ ख : नागाकृतिले बाँधिएका ८ वटा पद्माकृत जटायुक्त मुखलिङ्गले सजिएका अनन्तलिङ्गेश्वर ।



चित्र संख्या ३ : भक्तपुरको मूलनगरवस्तीबाट अनन्तलिङ्गेश्वर देवस्थल पुग्ने परम्परागत मार्ग। १. →सूर्यविनायकस्थान २.→सूर्यविनायक भञ्याङ् ३. →अनन्तवन ४.रानीकोट ५.डोलेश्वर/विमलेश्वर महादेवस्थान (सिपाडोल गा.वि.स.) ६.यस दिशामा आशापुरेश्वर (आशापुरी) महादेवस्थान पर्छ। ७.फूलचोकी



चित्र संख्या ४ देवस्थल पुग्ने परम्परागत मार्ग : १.सूर्यविनायक-भंज्याङ् २.लेखानारायणस्थान ३.~यहां पूर्ववाट पश्चिम वग्ने बूढी गण्डकी छ। ४.पाटी ५.पाटी ६.यहां पूर्ववाट पश्चिम वग्ने महादेवखोला छ र त्यसदेखि दक्षिणपट्टि माथि राजकुलो छ। प्रस्तुत चित्र अनन्तलिङ्गेश्वरस्थानवाट लिएको हुँ। यहां गुण्डु गाउंको एक भाग देखापर्छ।

चित्र संख्या ५ : देवस्थल पुग्ने ढुङ्गेसिँढी ।

कहिले उकालो र कहिले ओह्रालो लाग्दै कति युग आए, कति गए ! यो कुरा यही ढुङ्गेसिँढीलाई मात्र हेर्दा पनि मनन गर्न सकिन्छ । अनेक अभिप्रायले अनन्तलिङ्गेश्वरको दर्शन-पूजनका निमित्त अनेक कालमा आउँदै जाँदै गरेका लौकिकजीवनका पाइलाहरू ती प्रत्येक खुड्किलाहरूमा परेका छन् । त्यसको छनक पनि प्रकारान्तरैले त्यो सिँढीका ऐतिहासिक खुड्किलाहरूले यो मनमा दिएको आभास हुन्छ । यसलाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौं यस सिँढीले पालै-पालो अनेक युगलाई विगतमा विसाउँदै वर्तमानका युगहरूलाई भोलिका दिनहरूमा पनि आउन प्रेरित गरिरहेको छ । आफू भत्किएर अरूलाई पार लाउने यो सिँढी चाहिँ अघिदेखि अहिलेसम्म केही उस्तै छ, टुकिएर पनि आफ्नै ठाउँमा छ । यो त भयो त्यो सिँढीलाई हेरेर यो पंक्तिकारको मनमा उठेका भाव-तरङ्गहरू !

यहाँ देखिने ढुङ्गेसिँढीको अन्तिम खुडकिलामा पाइला टेक्नासाथ देवमन्दिरमा उत्रन पुगिन्छ र अनन्तलिङ्गेश्वर छर्लङ्ग दर्शनीय हुन आईपुग्छ । यहाँ सो सिँढीको दायाँ बायाँ एकजोडी सिंह, नागसहितको ढुङ्गे गारो एवं शिलालेख छन् । दायाँपट्टिको शिलालेख उत्तरप्राचीनकालतिरका एक प्रसिद्ध लिच्छवि राजा नरेन्द्रदेवले राख्न लगाएका हुन् । त्यसको चर्चा तल आउँदैछ । स्थानीय वूढापाकाहरूका अनुसार सो शिलालेख अघिदेखि त्यहीँ नै छ । यसरी सिँढीनिरै सो शिलालेख रहनुले पनि प्रकारान्तरमै सो सिँढी उत्तरप्राचीनकालतिरै बनिसकेको थियो भन्ने अनुमान हुन्छ । सिँढीको दायाँ बायाँका सिंह, नागसहितको ढुङ्गे गारो मल्लकालतिर बनेको दृष्टिगोचर हुन्छ । यसरी सो सिँढी अनेक कालमा यदाकदा केही नयाँ कृतिसमेत थपिंदै संरक्षण एवं संवर्द्धन भइरहेको थियो भन्न सकिन्छ ।

ढुङ्गसिँढीको पूर्वपट्टि र पश्चिमपट्टिका शिलालेख

(चित्र संख्या ५)

लिच्छवि राजा नरेन्द्रदेव उदयदेवका छोरा हुन् । अंशुवर्मापछि राजा भएका उदयदेवले शासन चलाएको केही समयपछि नै गुप्त आभीरहरूले राजगद्धीका लागि षडयन्त्र चलाएका कारण यहाँ टिक्न नसकी आत्मरक्षार्थ उनले तिव्वतमा शरण लिनुपरेको थियो ।[५] यसरी सत्ताच्युत भएर तिव्वत गएका वावुसितै नरेन्द्रदेवको निर्वासित-जीवन (वि.सं.६७८-६९९) पनि उतैतिर वित्यो ।[६] तर नरेन्द्रदेवले हिम्मत हारेनन् । करीव २२ वर्ष पछि उनले तिव्वत सरकार र नेपाली जनताको सहयोग जुटाई गुप्त आभीरहरूका विरूद्ध सफल कान्ति गरी पुर्ख्यौली राज्याधिकारलाई पुनर्स्थापित गरी छाडे । तत्पश्चात् उनले वि.सं.७०० देखि ७३६ सम्म ३६ वर्ष स्वतन्त्र रूपमा राज्य गरे ।[७] पुर्ख्यौली राज्य फिर्ता लिने कार्यमा जनताले त्यसरी साथ दिएको हुंदा नै उनले जनहित र लोकोपकारी कार्यतर्फ विशेष ध्यान दिए ।

धार्मिक दृष्टिले नरेन्द्रदेव 'परमशैव' थिए । अंशुवर्मापछि यिनकै समयदेखि शैव धर्मले राजधर्मकै रूपमा पुनःगति लिन थालेको कुराको छनक अनन्तलिङ्गेश्वरको यस शिलालेखले पनि दिएको छ। किनकि यहाँ पनि उनले ***पशुपतिभट्टारकपादानुगृहीतो...***को राजप्रशस्ति लिएका छन् । त्यसैगरी यो शिलालेख अन्य सम्प्रदायको देवस्थलमा नभएर शैव सम्प्रदायको यसै देवस्थलमा छ । यसले उनीभित्रको शैव-धार्मिक मनोभावनालाई पनि छर्लङ्गै दर्शाएको छ ।

---

४. धनवज्र वज्राचार्य, ऐजन, पृष्ठ ४०० ।

५. क. ऐजन,पृष्ठ ४६० ।
ख. डा.जगदीशचन्द्र रेग्मी, लिच्छवि इतिहास, काठमाण्डौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०५३ पृष्ठ १६६ ।

६. क. डा.जगदीशचन्द्र रेग्मी, ऐजन, पृष्ठ ४६० ।
ख. ऐजन, पृष्ठ १७२ ।

पूर्वपट्टिको नरेन्द्रदेवको शिलालेख[७]

(चित्र संख्या ६)

नरेन्द्रदेवले **हंसगृहद्रङ्ग** (अनन्तलिङ्गेश्वरभेक) का भगवान् **लोकपालस्वामी** (अनन्तलिङ्गेश्वर)को पहिलेदेखि चल्दै आएको नित्य-नैमित्तिक पूजा-आजा, जात्रा-पर्व आदिलाई व्यवस्थित पारी त्यसको जिम्मा **कुलपति** (लिङ्गायत मतका आचार्य-जङ्गम) लाई दिएर, पहिलेको स्थितिवन्धेजलाई सुदृढ पारी लोकपाल स्वामीको प्राचीन धर्म-संस्कृतिलाई अनन्त रूपले अघि वढाउन पहिलेको हराएको सनदपत्रको प्रतिरूपका रूपमा वि.सं.७१३ तिर यो सनद शिलालेख राख्न लगाएका थिए । यस कुराको प्रमाण सोही शिलालेखको निम्न उद्धरणवाट मिल्छ -

पश्चिम को-ग्रामसहितको हंसगृहद्रङ्गमा चाटभटले पस्न नपाउने गरी शरीर र कोट्ट (किल्ला) दुवै सम्बन्धी अनेक स्थितिबन्धेजले युक्त भएको सनदपत्र गरिदिएको थियो । पहिलेका राजाको बेहोशीले सो सनदपत्र लुप्त भयो । पुराना स्थिति साबिकबमोजिम कायम राख्न चाहिने हामीबाट अहिले सो सनद धेरै कालसम्म कायम होस् भनी शिलापत्रमा कुँदाएर निगाह गरिएको छ ...

(वज्राचार्य २०३०,अनुदित पृष्ठ ४८७)

हालसम्म भएका अन्वेषणवाट नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेख नै यहाँ प्राप्त सर्वप्राचीन अभिलेखका रूपमा देखिन आएको छ । यस एउटै अभिलेखमा कुँदिएका कुराले पनि देवस्थल परिसरको मात्र नभएर पूरै अनन्तलिङ्गेश्वरभेकको ऐतिहासिक पुरातात्त्विक महत्त्व र प्राचीन नेपाली संस्कृतिको गरिमालाई वढाएको छ । अहिलेको अनन्तलिङ्गेश्वरभेकमा अघि

---

७. परिशिष्ट, १ संख्याको अभिलेख ।
यो अभिलेख अभिलेख-संग्रह, पहिलो भाग (काठमाण्डौं :संशोधन-मण्डल, वि.सं.२०१८),पृष्ठ ३५-३८मा पहिलोपल्ट छापिएको छ । यहाँ यस अभिलेखको मूलपाठ एवं अनुवाद धनवज्र वज्राचार्यद्वारा लिखिन लिच्छविकालका अभिलेख, काठमाण्डौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०३०, पृष्ठ ४८५-४८८ वाट लिइएको छ ।



चित्र संख्या ६ : अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको शिलालेख ।

लम्वाइ : १ मि.५७ से.मि., चौडाइ : ३८ से.मि. ।

उक्त शिलालेख सर्वप्रथम भोलाकी गृहिणी (हाम्री आमा) ले देख्नुभएको रहेछ । त्यसपछि बा आमा दुवैजना गएर उक्त अभिलेखको केही अंश पढी राजा नरेन्द्रदेवको हो भन्ने कुरा पत्ता लागेछ । अनि 'अभिलेख-संग्रह' को प्रकाशन गर्ने कममा संशोधन मण्डलका सबै कार्यकर्ताले गएर सो अभिलेखको सम्पूर्ण पाठ पढी छपाउनुभएछ ।

(*गुहनाथ पौडेल* - औंसीको रात, २०६०, पृष्ठ ६)

शिरोभागमा वसाहा अङ्कित यस अभिलेखका धेरै अक्षरहरू खिइसकेका र ठाउँ-ठाउँमा फुटिसकेका पनि छन् । त्यसमा पनि सोह्रौं पंक्तिदेखि मध्यभागका अक्षरहरू ठम्याउनै नसकिने भइसकेका छन् । यो शिलापट्टको पछाडिपट्टिको पाटोमा पनि अभिलेख कुँदिएको छ । शताब्दीयौंदेखिको घामपानी हावाहुरी र मानवस्पर्शका कारण त्यसका अक्षरहरू चिन्नै नसकिने गरी खिइसकेका छन् । शायद यसैकारण यो अभिलेख आजसम्म पनि प्रकाशमा आएको छैन । त्यहां अन्दाजी ५१ पंक्तिको अभिलेख देखापर्न आउँछ । यसमा कुँदिएका अक्षर नरेन्द्रदेवको अभिलेखका अक्षरका तुलनामा केही ठूला देखिन्छन् । यसवाट एउटै शिलापट्टको दुवैपट्टि कुँदिएका ती अभिलेख एकै समयका होइनन् भन्ने बुझिन्छ ।

हंसगृह नामक प्रसिद्ध **द्रङ्ग** वा विकसित शहरीवस्ती थियो, व्राम्हणदेखि चाण्डालसम्मका अनेक जातका बासिन्दाहरूको वसोवास यहाँ थियो, आजका अनन्तलिङ्गेश्वर उसबेला **हंसगृह**का प्रमुख देवता थिए, अनि उनी **हंसगृहदेव** वा **लोकपालस्वामी** कहलाएका थिए, **गोयुद्ध, वराहयात्रा** आदि यस भेकमा पनि विशेष लोकप्रिय धार्मिक, सांस्कृतिक उत्सव थिए भन्ने आदि उल्लेख्य कुरा ज्ञात हुन आएको छ ।[८] लिच्छविसंवत्को निर्णय गर्ने एउटा दरिलो आधार समेत यसले दिएको छ ।[९]

पश्चिमपट्टिको शिलालेख

(चित्र संख्या ७ क, ख)

ठम्याउनै नसकिने गरी अभिलेखका अक्षरहरू मेटिइसकेको र तिनका अवशेष मात्र लिएर युगौं देखि लडदै-पडदै थाहै नपाईकन त्यस ठाउँमा त्यसरी ठिङ्ग उभिन आइपुगेको यस शिलालेखलाई हेर्दा यस्तो आभास हुन्छ मानौं कुनै अज्ञात तर महत्वपूर्ण कालखण्डको इतिहास/संस्कृति पनि यस शिलालेखसंगै सँधैका लागि लुप्त भइसकेको छ। यसलाई हेर्दा यस्तो पनि शंका उत्पन्न हुन्छ कतै यो शिलापट्ट यससंगै पूर्वपट्टिको नरेन्द्रदेवको अभिलेखमा उनले उल्लेख गरे झैं पहिलेका राजाको वेहोशीले लुप्त भएको र पछि फेलापरेको सनदपत्र त होइन !

अनन्तलिङ्गेश्वर महादेवमन्दिर

(चित्र संख्या १ क, ख)

वि.सं.१९९० सालको महाभूकम्प चल्नु अघिसम्म अनन्तलिङ्गेश्वरको महादेवमन्दिर नेपाली शैलीमा वनेको तीनतले थियो । त्यसको पहिलो तलामा भजन,कीर्तन गर्न र चारैतिर प्रदक्षिणासमेत गर्न हुने गरी वार्दली निकालिएको थियो। सत्तल रूपको सो वार्दली दीप प्रज्वलित पनि गर्न हुने गरी आकर्षक ढङ्गले वनाइएको थियो। दोस्रो तला पनि त्यसरी नै वनेको तर

---

८. यस वारेको चर्चा तल तेश्रो र चौथो अध्यायमा गरिएको छ ।

९. नयराज पन्त, **लिच्छवीसंवत्को निर्णय**, (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०४३), पृष्ठ ५५०-५५१ ।



चित्र संख्या ७ क : ढुङ्गेसिंढीको पश्चिमपट्टिको शिलालेख ।
लम्वाइ : १ मि. ५७ से.मि., चौडाइ : ४५ से.मि. ।

चित्र संख्या ७ ख : उही शिलालेखको नजिकबाट खिचेको चित्र ।
यहाँ अक्षरका चिन्नै नसकिने अवशेष मात्र देखिन्छन् ।

निहुरेर मात्र प्रदक्षिणा गर्न मिल्ने र तेश्रो तला चाहिँ मानिस आवत जावत गर्न नमिल्ने गरी बनेको थियो ।[१०]

वि.सं.१९९० सालको भूकम्पले अनन्तलिङ्गेश्वर महादेवमन्दिर पनि भत्कियो । त्यसपछि यसको पुनर्निर्माण भयो ।[११] अनि यो मन्दिरले आफ्नो पूर्वरूपलाई गुमाएर गुम्बजशैलीमा (**चित्र संख्या १क,ख**) अवस्थित छ । यस मन्दिरको मूल मोहडा पूर्वाभिमुख छ । अन्य शैवमन्दिरकै शैलीमा[१२] यस मन्दिरको पनि चारैतिर चार ढोका बनेका छन् । तीमध्ये भित्र पसी दर्शन-पूजन गर्ने मूलढोका चाहिँ पूर्वपट्टिको (**चित्र संख्या ८**) हो । अन्य तीनतिरका सामान्य ढोकाका तुलनामा यस मूलढोकाको चौकोसको दुवैतिर तह तह परेका कलात्मक थाम हालिएको छ । सो चौकोसको तल्लो भाग ढुङ्गाले बनेको छ ।[१३] त्यसको दायाँ-बायाँ एकजोडी सिंहाकृति छन् । त्यसोहुँदा सो मूलढोका सुन्दर देखिन्छ । ती थामहरूमा कलश, द्वारपाल, द्वारदेव आदि कपिएका छन् । सो मूलढोकामाथि कीर्तिमुख भैरव (छेपु) पनि छ । त्यहाँ तोरण पनि हुनुपर्ने हो तर छैन । चौकोसमाथि पाञ्चायनका प्रतीक अमूर्त पञ्चाकृति छन् । ती पञ्चाकृतिका माथिल्लो तहमा मुख्य देवको प्रतीक

---

१०. दुर्गा प्रसाद न्यौपाने, शङ्करलाल धौवन्जार, देवी राउत र अन्य स्थानीय बूढापाकाहरूबाट प्राप्त जानकारी । यस मन्दिरको पूर्वरूप कस्तो थियो भन्ने कुरालाई झल्काउने वि.सं. १९९० साल पहिलेको कुनै चित्र हामीसित छैन । भक्तपुरको खौमाटोलमा मूलसडकको दक्षिणपट्टि मल्लकालीन शैलीमा बनेको एउटा शिवमन्दिर छ । यसलाई अनन्तलिङ्गेश्वरकै प्रतिरूप मानिन्छ र नाम पनि उही छ । (चित्र संख्या ७७), यसको चर्चा तल पनि आउँदैछ ।

११. स्थानीय दुर्गा प्रसाद न्यौपाने, भक्तपुर जङ्गमठका मठाधीश (कुलपति) राममणि जङ्गम, भरत जङ्गमहरूका अनुसार त्यसबखत छेभडेल अड्डामार्फत जङ्गमठका तत्कालीन मठाधीश गोविन्दहरि जङ्गम (कान्छा महन्त) ले यस मन्दिरको पुनर्निर्माण गर्न लगाएका थिए ।

१२. देउपाटनको शुपतिनाथ मन्दिर, भक्तपुर राजदरबारक्षेत्रस्थित यक्षेश्वर महादेवमन्दिर, पनौतीको इन्द्रेश्वर महादेवमन्दिर आदि उदाहरणस्वरूप छन् । स्मरण रहोस् ! चारै दिशामा द्वार भएको यस्तो शैलीका शैवमन्दिरहरूमा पूर्व,दक्षिण र पश्चिमपट्टिका द्वारहरू दर्शन-पूजनका लागि प्रयोग गरिन्छन् र उत्तरपट्टिको द्वार भने प्रवेश-निषेध गरिएका हुन्छन् ।

१३. यस्तै अन्य तीन ढोकाका चौकोसको तल्लो भाग पनि ढुङ्गाकै छन् ।

मूर्तिको सूक्ष्म अवशेष र आसन मात्र देखापर्छ । सो ढोकाको चौकोसको माथिल्लो दुई सुरमा एक-एकजोडी द्वारदेवी, घोड़चढी[१४] र मयूर छन् ।

अनन्तलिङ्गेश्वर महादेवमन्दिर एक तहको चारकुने पेटीमाथि उठेको छ । सो पेटीमाथि काठका बाह्रवटा कलात्मक थाम उठाइ ती थाममाथि जस्ताको छानाले छाएको छ । यसो हुँदा मन्दिरको सो पेटीले चारैतिर खुला दलानको रूप लिनपुगेको छ । त्यसले गर्दा घामपानीवाट बच्न, मन्दिर परिक्रमा गर्न र जमघट गर्न सजिलो भएको छ । मन्दिरको पेटीमाथि चारै दिशाका प्रत्येक ढोका सामुन्ने शिवलिङ्ग सन्मुख हुने गरी बसाहा राखिएका छन् । अपशोचको कुरा पूर्वी ढोका सामुन्नेका बसाहाका कान र सिङ् काटिइसकेका



चित्र संख्या ८ : अनन्तलिङ्गेश्वर महादेवमन्दिरको मूलढोका ।

सो ढोका सामुन्ने बसाहा पनि छन् । त्यसको आसनमुनि लाम्चो परेको चारपाटे शिला छ । स्थानीय बासिन्दाहरूका अनुसार सो शिलाको घोप्टिएका भागमा ठूलठूला अक्षर भएको अभिलेख कुँदिएको छ । तर मैले त्यो शिला पल्टाएर हेर्न पाएको छैन ।

१४. दायाँपट्टिका घोडचढीका घोडा स्थीर मुद्रामा छ । वायाँपट्टिको घोडा चाहिँ बेगयुक्त देखिन्छ । ती दुवै घोडचढीले मल्लकालीन राजसी ठाँटका पगरी गुथेका छन् ।

छन् । दक्षिणतर्फका वसाहाको मुख कालक्रमले खिइसकेको मात्र नभएर केही भाग फुटेको पनि छ । पश्चिमतर्फको वसाहा अन्य तीन वसाहाका तुलनामा आकार प्रकारले केही ठूलो देखिन्छ तर यसले त झन् आफ्नो टाउको नै गुमाउन पुगेको छ । त्यसैगरी उत्तरतर्फको वसाहाको दुर्दशा पनि झण्डै उस्तै छ र झनै भयावहपूर्ण देखिन्छ । यसको शिरको आधा भागदेखि खुट्टासम्मै काटिएको छ । यतावाट महादेवको रक्षार्थ वसेका यी चारैवटा वसाहाले यहाँ सुविस्तापूर्वक वस्न पाएका रहेनछन् भन्ने कुरा प्रमाणित हुन्छ ।[१५]

यस महादेवमन्दिरको गर्भगृहमा शिवलिङ्गमाथि रूद्राक्षको चँदुवा टाँगिएको छ । हाल सो चँदुवा जीर्ण देखिन्छ । त्यहाँ केही घण्ट (पाँचवटा) पनि झुण्डिएका छन् । जलधारा दिने तामाको भाँडो पनि झुण्ड्याइएको छ ।[१६] शालिग्राम राखिएको एउटा ढुङ्गे भाँडो र धूप/वत्ती राख्ने एउटा ढुङ्गे पानस पनि त्यहाँ देखापर्छन् । सो गर्भगृहको चारैतिरका भित्तामा आठवटा खोपा छन् । मन्दिरभित्र अभिलेख छैन ।

देवस्थल परिसरका कलाकृति

अनन्तलिङ्गेश्वर महादेवमन्दिर परिसरमा अनेक कालका निम्न कलाकृति र केही अभिलेख देखापर्छन् :-

सुरक्षा-पर्खाल र त्यहाँका कलाकृति

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको दक्षिण-पश्चिमतर्फका भागमा भीर/पहरो परेको छ । यसकारण त्यहाँ मल्लकालीन शैलीको तेलिया इटाले वनेको सुरक्षा-पर्खाल वनेको छ । सो पर्खालसंगै एउटा कुवा पनि छ । त्यस

---

१५. शैली, लक्षण र प्राचीनताका दृष्टिले यी वसाहा पूर्वमध्यकालतिरको अनुमान हुन्छ ।

१६. ताम्रधातुले महादेवकै प्रतीक पवित्र धातुको रूपमा पूर्वकालदेखि नै मान्यता पाउँदै आएको छ । विशेष धार्मिक अनुष्ठानमा लगाइने मुकुटदेखि पूजासामग्रीका वस्तु तथा दरवारदेखि देवस्थलसम्मका वास्तुरचना आदिमा पनि यो धातुको अनेक उपयोग भएको देखिन्छ । यस्तो धातुले वनेका कलाकृतिमा स्वर्णजलप लगाई भव्यता प्रदान गर्ने चलन पनि त्यसवखत थियो । उदाहरणका निमित्त भक्तपुरको स्वर्णद्वारलाई लिन सकिन्छ । भक्तपुरको पाँचतले मन्दिर वनेपछि सिद्धाग्नि कोट्टयाहुति यज्ञ गर्ने पुरोहितलाई प्रदान गरिएको मुकुट ताम्रधातुले वनेको छ । त्यसमा सुनको जलप लागेको छ ।



चित्र संख्या ९ : सुरक्षापर्खालका कलाकृति र कुवा

१. **कुवा (अनन्त कुवा !)** स्वच्छ र मीठो पानीका लागि यो कुवा निकै प्रसिद्ध छ। जसरी यो कुवाको पानी स्वच्छ छ त्यसरी नै मानिसको मन पनि स्वच्छ हुनुपर्छ। स्वच्छ मन र पवित्र भावना भएकाहरूले मात्र यस कुवावाट स्वच्छ र मीठो पानी लिन सक्छन्, खराव मनले पानी लिएमा सुकेर जान्छ भन्ने लोकवाद चलेको छ। २. **उमामहेश्वर ३ प्रस्तर-द्वारतोरण** हालिएको यो खोपाभित्र कुण्डली मारेर वसेको वासुकीको प्रस्तरमूर्ति (हेर्नुहोस् चित्र संख्या १७) रहेको छ। ४. ने.सं.९३७ को **सालिक-शिलापत्र।**



चित्र संख्या १० : झारपातले ढाकेका कलाकृति

यस भागका कलाकृति झारपातले ढाकेर च्यापिएका छन्। केही पहिरोले पनि दविएका हुनसक्छन्। अनि केही चोरी भइसकेका छन्। **१.** जलहरीको राजल्लदेवीको अभिलेखको चर्चा तल आउँदैछ। ऐतिहासिक महत्त्वको सो जलहरी (चित्र संख्या १८-क) पहिले यही खोपामा थियो। स्थानीय वासिन्दाहरूका अनुसार सो जलहरीमा चर्तुमुखी शिवलिङ्ग थियो। यो सँगैको अर्को खोपामा गणेशको मूर्ति पनि थियो। ती दुवै मूर्ति चोरी भइसकेका छन्। **२.** उमामहेश्वर **३.** कुवा



चित्र संख्या ११ इनारको अवशेष ।

यहाँ झारपातले रुयाम्मै ढाकिएको सुरक्षापर्खालको एक भाग छ । त्यसको कुनामा पुरिएको इनारको गोलाकार गारोको केही अंश र त्यसमाथि रहने प्रस्तरका अवशिष्ट भाग पनि देखिन्छ। दधिकोट वडा नं ४ का श्रीराम न्यौपाने लगायत स्थानीय बासिन्दाहरूका अनुसार केही दशक अघि झण्डै ३० फीटको गहराईसम्म सो पुरिएको इनार खनिएको थयो । त्यसरी खन्ने कममा त्यहाँवाट गोलाकार र चारपाटे आकारका लिच्छविकालीन र मध्यकालीन मुद्रा, चन्दन घोट्ने सामान, माटाका भाँडाकुँडाका टुका आदि भेटिएका थिए । पुरातात्त्विक महत्त्वका ती सामग्री कहाँ र कोसित छ भन्ने कुरा चाहिँ थाहा हुन सकेन । यतावाट सो इनार उत्तरप्राचीनकालतिरै थियो भन्ने कुराको संकेत मिल्छ ।

चित्र संख्या १२ : उमामहेश्वरको प्रस्तरमूर्ति ।

लम्वाई : ५५ से.मि.,चौडाई : ३८ से.मि. । यस मूर्तिको दायाँपट्टिको खोपा भत्किसकेको छ । त्यस खोपामा राजल्लदेवीको अभिलेख कुँदिएको जलहरीयुक्त चतुर्मुखी शिवलिङ्गको मूर्ति थियो । सो मूर्ति चोरी भइसकेको छ र जलहरीमात्र वाँकी छ । उमामहेश्वरको यो मूर्तिको वायाँपट्टि प्रस्तर द्वारतोरण हालिएको खोपा छ । सो खोपाभित्र वासुकी नाग छन् ।



चित्र संख्या १३ : प्रस्तर सालिगहरू ।

पहिरो छेक्न उठाइएको सुरक्षापर्खालको यो भाग पनि समयको मारले थलिएर जीर्ण भइसकेको छ । यहाँ निम्न कलाकृति छन् -

१. एकजोडी प्रस्तर-सालिग (ने.सं.७७०), **पुरूष सालिग** - लम्वाई : ४४ से.मि.,चौडाई : २२ से.मि., **स्त्री सालिग** -लम्वाई : ३४ से.मि., चौडाई : २० से.मि. **२.** जलहरीको एक भाग **३.** खण्डित प्रस्तर-कृति (वसाहाको पार्श्वभाग ?), लम्वाई : ३६ से.मि., चौडाई : १३ से.मि. **४.** रूग्णावस्थाको प्रस्तर-द्वारतोरणको एक भाग, लम्वाई : ६० से.मि.



चित्र संख्या १४ : पहिरोग्रस्त भाग ।

मन्दिरमाथि कैलाशडाँडा छ। त्यसको एक भाग यो पहिरोग्रस्त पहरो पनि हो। बेलाबखतमा पहिरो जाने हुँदा सुरक्षापर्खाल उठाइने कुरा स्पष्टै छ। अस्थायीरूपले भए पनि बाँसको वार हाली पहिरोवाट देवस्थललाई सुरक्षा दिन खोजिएको कुरा प्रस्तुत चित्रले पनि देखाएकै छ। पहिरोले कलाकृति पनि पुरिएका हुन सक्छन् भन्ने कुरा निश्चित जस्तै छ। पुराना पर्खालहरू भत्किसकेका छन्। तिनलाई पुन : नउठाउने हो वा सुरक्षाको कुनै उपाय वेलैमा नगर्ने हो भने देवस्थल नै भासिएर, पुरिएर जान वेर छैन। बेलैमा सम्वद्ध निकायले पहिरो रोक्ने काम थाल्नैपर्‍यो ! *चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ*

चित्र संख्या १५ :
छेकवार हाल्न खन्ने कममा फेलापरेको **पुरानो पर्खालको अवशेष ।**

पर्खालका भित्तामा अनेक खोपा देखापर्छन् जहाँ केही कलाकृति अझै छन्, (**चित्र संख्या ९**) केही हराइसकेका छन्, केही त्यहीँ उम्रेका झारपातले छोपिन वा च्यापिनपुगेका छन् । समयचकले पर्खालका केही इटा खस्न पुगेका छन् भने केही त्यहीँ दविएका छन् । (**चित्र संख्या ९,१०,११,१२,१३**) केही काल पहिले पनि मन्दिरमाथिको त्यस भीरमा पहिरो गएको थियो । सो पहिरो गएको भाग अझै त्यहाँ देखापर्छ । (**चित्र संख्या १४**) पहिरोको मारवाट मन्दिर र सो परिसरका कलाकृतिलाई वचाउन केही समय अघि मात्र त्यहाँ छेकवार हाल्न भनी खन्ने काम हुँदा सुरक्षा-पर्खालको अर्को प्राचीन अवशेष देखिन आयो । (**चित्र संख्या १५**) त्यहाँ वरावर पहिरो जान्थ्यो भन्ने कुरा उक्त अवशेषले पनि निश्चित गर्छ ।[१७] पुरातत्त्वका दृष्टिले यो कुरा महत्त्वपूर्ण मान्न सकिन्छ ।

---

१७. स्थानीय वासिन्दाहरूका अनुसार सो परिसरमा केही काल अघि गोलो र चारपाटे आकारका प्राचीन मुद्रा पनि फेला परेका थिए । हाल ती मुद्रा कहाँ र कोसित छ भन्ने कुरा चाहिँ थाहा हुन सकेन । जे होस् यतावाट पनि प्रकारान्तरमा यहाँ प्राचीन सुरक्षा-पर्खाल खडा थियो भन्ने कुरा थाहा पाइन्छ ।

कुवा (अनन्त-कुवा !) (चित्र संख्या ९)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको आग्नेयकोणमा एउटा कुवा छ। स्वच्छ र मीठो पानीका लागि यो कुवा निकै प्रसिद्ध छ। अनन्तकालदेखि नै माथि कैलाशपर्वतवाट रसाएर तल यसै कुवाको जमिनमुनि जम्मा भएर त्यहाँवाट उद्भव हुने जल नै यस कुवाको मूल स्रोत रहेको जानिन्छ।

धार्मिक कर्मकाण्ड सम्पन्न गर्न नभै नहुने पवित्र जलप्राप्तिका लागि देवमन्दिरको प्रतिष्ठा/निर्माणसंगसंगै सो परिसरमा ढुङ्गेधारा, इनार, कुवा, कुण्ड आदि पनि अनिवार्य रूपमा राख्नु नेपाली कलाको प्राचीन मौलिक परम्पराकै रूपमा मान्न सकिन्छ। यसको एउटा उदाहरण यो कुवा पनि हो। यो कुवा अनन्तलिङ्गेश्वर महादेवको प्रतिष्ठाकालतिरै खनिएको थियो भन्ने कुराको अनुमान हुन्छ। यस आधारमा यस कुवालाई आजसम्म पनि कुनै न कुनै युक्तिले संरक्षण गरिएको नेपालकै प्राचीन कुवाहरूमध्येको एउटा हो भनी मान्न सकिन्छ। अर्धचन्द्राकार ढाँचामा मध्यकालीन शैलीका इटाको गारो हालिएको सो कुवाको मुखैमा रहेको यसको ढुङ्गे-थामको मध्यभाग कालक्रमले खिइएको अवस्थामा छ। वेलावखतमा यसको जीर्णोद्वार पनि भइरहेको थियो भन्ने कुराको आभास हुन्छ। तर अहिले यो कुवा जीर्ण र जर्जर अवस्थामा पुगेको छ।

पूर्वकालदेखि निकै प्रसिद्ध रहँदै आएको यो कुवा तात्कालिक हंसगृहद्रङ्गका लौकिकजीवनमा कुनै खास नामले व्यवहृत भएको हुनसक्छ। तर शहरीवस्तीको पतनसंगै यसको पुरानो नाम पनि विर्सिएको हुन सक्छ। 'महादेव' भगवान् शिवको निमित्त व्यवहृत हुने पर्यायवाची नाम हो। यही नामले उक्त मन्दिरको तलतिर वग्ने महादेवखोलाको अतिरिक्त यसै कुवालाई पनि *महादेव कुवा* भन्न सकिने सामान्य आधार मिल्छ। यो कुवा पूर्वकालमा **अनन्त-कुवा** नामले व्यवहृत थियो भन्ने कुराको अनुमान गर्न सकिन्छ। यस कुराको एउटा प्रकारान्तर पुष्टि संगैको कुण्ड को नामवाट पनि मिल्छ। कुण्डमा रहेको अभिलेखवाट *अनन्त* विशेषणको तथ्य पुष्टि हुन आउँछ।[१८] सो **अनन्त-कुवा**को जल यही कुण्डमा जम्मा हुन्छ।

---

१८. हेर्नुहोस् परिशिष्ट, ३१ संख्याको अभिलेख।

अनन्त-कुण्ड (चित्र संख्या १६- क, ख)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको पूर्व-दक्षिणपट्टि चारपाटे आकारको एउटा कुण्ड छ। सो कुण्डले पनि मन्दिरपरिसरको शोभालाई बढाइरहेको छ। अनन्त कुवामा झैं कैलाशदेखि रसाएर कुण्डमा जम्मा हुने जल तथा अनन्त-कुवाबाट बहने जल नै यस कुण्डको जलस्रोतको मूल आधार हो।[१९]

कुण्डको पेटीमा छापिएका ढुङ्गा र अनन्तलिङ्गेश्वर शिवलिङ्गको ढुङ्गाको जात झण्डै उस्तै देखिन्छ। यताबाट यो कुण्ड पनि अनन्त-कुवा झैं अनन्तलिङ्गेश्वरको प्रतिष्ठाकालदेखि नै थियो भनी अनुमान गर्न सकिन्छ। यो कुरा सो कुण्डको भित्तामा रहेको जीर्णोद्धारसम्वन्धी कुरा परेको अभिलेखबाट पनि बोध हुन्छ।[२०]

उमामहेश्वर (चित्र संख्या ९, १२)

अनन्त-कुवाको दायाँपट्टि सुरक्षापर्खालको भित्ताका खोपामा लहरै देखिने अनेक कालका कलाकृतिमध्ये उमामहेश्वरको यो मूर्ति पनि हो। मानव सभ्यताको आरम्भकालतिरै लिङ्ग र योनीलाई सृष्टिको मूल स्रोत मानेर स्वतन्त्र मूर्तिहरू वन्न थालेको दृष्टिगत हुन्छ। शायद आरम्भमा उद्भव हुन पुगेका अनेक थरीका धार्मिक सम्प्रदायको दार्शनिक विकासका मूल स्रोत-आदर्श पनि लिङ्ग र योनी नै थिए। तिनै लिङ्ग र योनीका परवर्ती विकासकममा देखापरेका पृथक्-पृथक् धार्मिक-धारामध्ये स्वतन्त्र रूपका शैव र शाक्त सम्प्रदाय पनि हुन् भनी मान्न सकिन्छ। त्यसपछि एउटै लिङ्ग (स्त्रीलिङ्ग/पुलिङ्ग) लाई मात्र सर्वोपरि ठानी त्यतावाट मात्र सृष्टिलाई व्यावहारिक रूपमा असम्भव देख्नपुगेका शैव- शाक्तहरूले दुवैलाई बराबरीको महत्व दिन थालेपछि शिव र शक्तिको एकीकृत रूप विकसित हुन पुगेको दृष्टिगोचर हुन्छ। तर व्यवहारमा शिव र शक्तिवाट मात्र चराचर जीव जगत चल्न सक्दैन, सृष्टि, स्थिति र संहारलाई निरन्तरता दिई अनन्तकालसम्म लिएर जान तिनबाट उत्पन्न सन्तान, परिवार, समाज आदिको भूमिका पनि

---

१९. कुवाको पानी कुण्डमा झार्न सो कुवादेखि त्यस कुण्डको आग्नेयकोणमा एउटा नल जोडिएको छ। सोही नलवाट कुण्डमा पानी झर्छ। सो नलको पानी झर्ने मुख-भाग (हिटीमङ्ग) मकर-आकृतिको छ।

२०. परिशिष्ट, ३१ संख्याको अभिलेख।

चित्र संख्या १६ क : अनन्त-कुण्ड ।

लम्बाइ : ६ मि. ३० से.मि., चौडाइ : ४ मि. ८४ से.मि., जलभागको गहराई : ८५ से.मि. । प्रस्तुत चित्रमा सो कुण्ड लगायत अनन्तलिङ्गेश्वर महादेवमन्दिर तथा त्यसको पार्श्वभागमा शिवमन्दिरहरू र सीमेन्टले ढलान गरी वनेको आधुनिक पाटी देखापर्छन् । चोपुलि (चित्रपुर) का वासिन्दाहरूले वि.सं.२०५२ सालमा सो कुण्ड जीर्णोद्धार गरेका हुन् । यस विषयको शिलालेख सोही कुण्डको पेटीमा देखिन्छ ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या १६ ख अनन्त-कुण्डको सँभार, सरसफाइ !

अनावृष्टिका वेला पानी माग्ने जात्रा चल्छ । सो जात्रा चल्दा अनन्त-कुण्डको पूरै पानी वाहिर निष्काशित गरिन्छ । अनि कुण्डको सरसफाई लगायत भत्के विग्रेका भाग पनि तत्कालै त्यसरी वनाउने चलन छ । यहां चोपुलिका वासिन्दाहरू मिलेर कुण्डको सँभार र सरसफाई गर्दैछन् ।

उत्तिकै अपरिहार्य हुन्छ। यसोहुँदा विस्तारै शिव र शक्तिका साथमा उनीहरूका परिवार र समाज पनि वढ्दै गइरहेको थियो भन्ने कुरा दोस्रो शताव्दीदेखि आठौं शताव्दीसम्मका अन्य मूर्तिलगायत उमामहेश्वरको यसै मूर्तिले पनि संझाइरहेको छ।[२१]

कैलाशमा वसेका शिव परिवारलाई स्पष्ट दर्शाइएको उमामहेश्वरको यस मूर्तिको मूलभागमा ललितासनमा वसेका मूल देवता चतुर्वाहु शिवले द्विवाहु उमालाई तिनको कम्मरमा च्यापेर आफूतिर तानी प्रेमपूर्वक वायाँ काखमा वसालेका छन्। यसै लहरमा उमामहेश्वरको दायाँपट्टि नन्दी र वायाँपट्टि मयूरमा आरूढ कुमार छन्। यस मूर्तिको तल्लो लहरमा वाद्यकार, नृत्यकार, शिवगण र मध्यभागमा नृत्यरत गणेश देखापर्छन्। त्यसैगरी यस मूर्तिको माथिल्लो लहरको शीर्षमा छत्र एवं दायाँ-वायाँ सेविकाहरू छन्।

शैली लक्षणका सन्दर्भमा यो मूर्तिलाई तुलनात्मक दृष्टिले विचार गर्दा मृगस्थलीको उमामहेश्वरको छैठौं शताव्दीतिरको उमामहेश्वरभन्दा पछिल्लो र पशुपति अमरकान्तेश्वरको आठौं शताव्दीतिरको उमामहेश्वरको मूर्तिभन्दा केही काल अघिको मान्न सकिन्छ।[२२] त्यसैगरी भक्तपुरमा हालसम्म फेला परेका उमामहेश्वरका मूर्तिहरूमध्ये सर्वप्राचीन देखिन आएको टौमढीटोलस्थित भैरवनाथमन्दिरको चोकभित्र इनारसंगै रहेको छैठौं-सातौं

---

२१. उमामहेश्वर-मूर्ति निर्माणको परम्परा मध्यकालमा पनि उत्तिकै लोकप्रिय रह्यो। सामान्यतया मूर्तिकलाको विकासक्रमका दृष्टिले पहिलेको जस्तो भावपरक र सरल शैलीका सट्टामा मध्यकालमा मूल विपयवस्तुतिर भन्दा पनि तन्त्रका गूढ रहस्य झल्कने, वढ्ता कलात्मक र वस्त्र आभूपणले सजिएका एवं जटिलशैलीका मूर्तिहरू वनेका देखिन्छन्। मध्यकालको तुलनामा उत्तरप्राचीनकालका मूर्तिहरूमा वस्त्र आभूपणको प्रयोग निकै कम र प्राय:फलामे ढुङ्गावाट वनेका पाइन्छन्। त्यसरी नै व्यक्त गर्न खोजिएको मूल कथानक वा विपयवस्तु हेर्नेवित्तिकै सहजै थाहा भईहाल्ने खालका हुन्छन्। उमामहेश्वरको यो मूर्तिलाई हेर्दा प्रारम्भिक कालका (दोश्रो-पाँचौ शताव्दी) सरल र अपरिष्कृतपनलाई त्याग्दै जटिल शैलीका साथ कलात्मकतातर्फ उन्मुख हुनथालेका ईसाको छैठौं-आठौं शताव्दीतिरका उमामहेश्वर मूर्तिहरूलाई संझाइरहेको छ।
मौलिक विचार साभार : लैनसिंह वाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिप्ठान, वि.सं.२०३९), पृष्ठ ९७-१०९।

२२. लैनसिंह वाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, चित्र संख्या ७२, ७३।

शताव्दीतिरको उमामहेश्वरको मूर्तिभन्दा यो पछिल्लो कालको हो भनी मान्न सकिन्छ।[२३] यतावाट अनन्तलिङ्गेश्वरको उमामहेश्वरको यस मूर्तिलाई आठौं शताव्दीतिर राख्न सकिन्छ।

वासुकी **(चित्र संख्या १७)**

उमामहेश्वर मूर्तिको वायाँपट्टि, प्रस्तरनिर्मित द्वारतोरणले सजिएको वासुकी-खोपा (**चित्र संख्या १२**) भित्र नियाल्दा कुण्डली मारेर फूर्तिले वसेको, चलाउँदा फुत्कार भरेर डस्न आउने पो हो कि भने झैं सजीवलाग्दो प्रस्तरनिर्मित वासुकी हाम्रो सामुन्ने देखापर्छ। जल र पातालसित सम्वद्ध मानिने नागले सम्भवतः प्रागऐतिहासिक कालदेखि नै देवतुल्य सम्मान पाइसकेको मात्र नभएर[२४] परवर्तीकालमा आइपुग्दा अनेक धर्म-सम्प्रदायका देवदेवीका शरीरमा गहनाकै रूपमा पनि समान रूपले शोभा पाउँदै आएको दृष्टिगत हुन्छ। **कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छ्यान्नब्यान्न भएको... पार्वतीले डराई डराईकन हेरिएको महादेवको रूप**को वर्णन साँगाको अंशुवर्माको अभिलेखमा परेको छ।[२५] यतावाट पनि उपर्युक्त कुराको पुष्टि मिल्छ।

---

२३. डा.पुरुषोत्तमलोचन श्रेष्ठ 'भक्तपुरका असुरक्षित अभिलेख' **प्राचीन नेपाल**, १४७/२०५८, पृष्ठ २६, चित्र संख्या ४।

२४. नागको नालिवेलीलाई नेपाल उपत्यकाका आदिवासी शिवपूजक नागजातिसित जोडने हो भने यसको इतिहास संस्कृति पनि उपत्यकामा मानव वसोवासको आरम्भकाल जति नै लामो देखिन आउँछ। त्यसरी नै वाहिरवाट आएका विष्णुपूजक घुमन्ते आभीर जातिले उपत्यकाका यी आदिवासी नागजातिलाई दवाएर अन्ततः आभीर वंशकै राज्यव्यवस्थाको सूत्रपात गर्न सफल भएको घटनालाई पत्याउने हो भने त्यसको सांकेतिक छाप मनुष्यरूपी नागको आङमाथि टेकेर आफ्ना गोडा उनै पातालदेव नागलाई सुम्सुम्याउन लगाई रसातलवाट भूदेवीको उद्धार गरिरहेका प्राचीन वराहमूर्तिहरूमा दृष्टिगोचर हुन आउँछ। भक्तपुर सिद्धपोखरीस्थित चारौं शताव्दीको उत्तरार्द्धतिरको वराहमूर्ति, भक्तपुर भेलुखेलटोलस्थित पाँचौं-छैठौं शताव्दीतिरको वराहमूर्ति एवं चण्डोलस्थित छैठौं शताव्दीतिरको वराहमूर्ति उदाहरणस्वरूप देखापर्छन्। अनि शिवपूजक नागजाति र विष्णुपूजक आभीरहरूवीचको सुलहको साक्षीका रूपमा नागको साझा प्रयोग मात्र नभएर नागलाई विशेष रूपले मान्ने नागपञ्चमीलाई पनि लिन सकिन्छ।
डा. पुरुषोतमलोचन श्रेष्ठ, 'भक्तपुर नगरका प्राचीन वराहमूर्ति, **खोपृङ**, १२/१३, २०६१, पृष्ठ ५-११।

२५. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३३६-३७।

नवनागमध्येका एक नाग वासुकी पनि हुन् । विशेषगरी जलवृष्टि हुनु पर्ने समयतिरै अनावृष्टि भई लोकजीवन हाहाकार हुनपुग्ने कष्टकर बखतमा जलवृष्टिको नितान्त अपेक्षा गर्दै नागसाधन गरी पूजा अर्चना गर्ने चलन अहिले पनि छ ।[२६] त्यस्तो बेलामा लोकले पुज्दै आएका एक

---

२६. तान्त्रिक वौद्धधर्म (वज्रयान) र नाथ शैव सम्प्रदायको प्रयोगात्मक तान्त्रिक संसारमा सिद्ध योगीहरूको युगको चरम प्रवाह आठौं-वाह्रौं शताव्दीसम्म विशेष रूपले चलेको समयतिरै नवनाग संस्कृतिले पनि विकसित हुने अवसर पाएको दृष्टिगत हुन्छ । दुवै सम्प्रदायमा यो संस्कृति पछिसम्म पनि उत्तिकै लोकप्रिय रहँदै आएको पाइन्छ ।
तत्कालीन नेपाल उपत्यकामा पानी नपरेर हाहाकार मच्चिँदा ललितपुरका सिद्ध तान्त्रिक अष्टसिद्धि गुरु तुहुदेव वज्राचार्यले नागसाधनसहित पुरश्चरण गरेको प्रभावले जलवृष्टि भई लोकको उद्वार भएको कुरा ललितपुरको ने.सं.५३५ को ताम्रपत्रमा उल्लेखित निम्न अभिलेखांशवाट ज्ञात हुन्छ -...**जलवृष्टि मजुयाओ...अष्टसिद्धि गुरु श्री वज्राचार्य तुहूदेवजुन पुरश्चर्ण संपूर्ण्ण ॥ रातोदिन ९२ ध्व पुण्यनं जल उत्पत्ति जुयाव धरित्रीन जलवृष्टि जुस्यं हाहाकालजुओ लोक सत्व प्राणी जगत् उद्वार जुलो**) सो अभिलेखमा वर्णित नवनागका नाम यसप्रकार छन् - **गोमुखनाग ॥ मेघमुखनाग ॥ सिंघमुखनाग ॥ व्याघ्रमुखनाग ॥ मृगमुखनाग ॥ गजमुखनाग ॥ भुजंगनाग ॥ भुजंगमहावृक्ष ॥ भुजंखालनाग ॥**
हेमराज शाक्य,टि.आर.वैद्य - **मेडिमल नेपाल**, (काठमाण्डौं : टि.आर.वैद्य, ई.सं.१९७०), पृष्ठ ७२ ।
ने.सं.७७८ तिर अनावृष्टि हुँदा तत्कालीन कान्तिपुर राज्यका राजा प्रतापमल्लले व्राम्हण र वज्राचार्य पुरोहितहरूसित सल्लाह गरी देवदेवीकहाँ पूजापाठ गर्न लगाउँदा पनि पानी नपरेपछि शान्तिपुरभित्र नवनागको रगतले लेखिराखेको चित्रपट (पौभा) र पुस्तक वाहिर ल्याउन सकेमात्र पानी पर्छ भन्ने कुरा उठ्यो । तर ती वस्तु कसैले ल्याउन सकेनन् । अन्त्यमा स्वयं प्रतापमल्ल शान्तिपुर प्रवेश गरी ती वस्तु लिएर वाहिर आउनेवित्तिकै पानी परेको रोचक वर्णन ने.सं. ७७८ को चित्रपटमा परेको छ । सो चित्रपटमा नवनागका नामसहितको अभिलेखाशं यस्तो छ - **अनन्तं वासुकिं शेषं पद्मनाभं च कम्बलम् शंखपालं घृतराष्ट्रं तक्षकं कालियं तथा एतानि नव नामानि नागानां च महात्मनाम् सायंकाले पठेन्नित्यं प्रातःकाले विशेषतः तस्य विषभयं नास्ति सर्वत्र विजयी भवेत् ॥ ... वा मगाजव पितहयागुलि नवनागया हीन चोया पतिवाहार, सिजलकपस थडओ तालन दयाव ताथा**
गौतम वज्र वज्राचार्य - 'प्रतापमल्लको शान्तिपुर प्रवेश' , **पूर्णिमा** , ४/२०२१, पृष्ठ ३३-३५ ।
भक्तपुर इताछेंटोलनिवासी वावुकाजी वज्राचार्यसित रहेको ने.सं.८४८को एक हस्तलिखित ग्रन्थको **वास्तुनागपूजाविधि** पटलमा नवनागका आकर्षक चित्रसहित तिनका नाम, वर्ण एवं अवस्थान उल्लेखित छन् :- **१.महापद्मनाग-पीतवर्ण, इशाण्य २.अनन्तनाग-निलवर्ण, पूर्व ३.शंखपारनाग - रक्तवर्ण, आग्नेय ४.वासूकिनाग श्यामवर्ण, उत्तर ५.पद्मनाग - शुक्लवर्ण, दक्षिण ६.कुरीकनाग - कूंकूमवर्ण, वायव्य ७.तक्षकनाग - रक्तवर्ण, पश्चिम ८.कर्कोटकनाग -नैऋत्य, नीलवर्ण ९.वरूणनाग - श्वेतवर्ण, मध्य**
पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गागण**, (भक्तपुर : वविता श्रेष्ठ, २०६०), पृष्ठ १०२, १०४ ।

चित्र संख्या १७ : वासुकी गोलाइ : ५३ से.मि., चौधौं शताब्दी (?)

जलवृष्टिका लागि छटपटिन पुगेका लोकजीवनले अनावृष्टिका दुर्दिनमा यसरी नै वासुकीखोपाका वासुकीलाई मन्दिरप्राङ्गणमा जीउ नै सुक्नेखालको मध्यान्हको टन्टलापुर घाम सेक्न लगाएर यसरी सांस्कृतिक-आक्रोस पोख्ने गर्छन् । यसो गर्दा जलवृष्टि हुन्छ भन्ने प्रवल लोकविश्वास प्रचलित छ ।

जलनियन्त्रक नागदेवता अनन्तलिङ्गेश्वरका यिनै वासुकी पनि हुन् ।[२७]

राजल्लदेवीको जलहरीको अभिलेख

अनन्त-कुवासंगैको एकजोडी सालिकका ठीक सामुन्ने चारपाटे आकारको एउटा जलहरी देखापर्छ । सो जलहरी पहिले उमामहेश्वरको मूर्तिको दायाँतिरको लहरका खोपामध्ये हराइसकेको चतुर्मुखी शिवलिङ्गकै आसन थियो भन्ने कुराको चर्चा माथि भइसकेको छ। अहिले सो जलहरीको

२७. यस विषयको थप चर्चा तल तेश्रो अध्यायमा गरिएको छ ।

आसनमा सिमेन्टले जोडेर अड्याइएको अर्कै कुनै देवमूर्तिको पनि खण्डित पाउ मात्र बाँकी छ। त्यसको दायाँपट्टि देवमूर्तिको अनुचरको खण्डित भाग देखापर्छ (**चित्र संख्या १८ क**)। यताबाट यस जलहरीका मूलदेवता मात्र नभएर पछि राखिएको देवमूर्ति पनि जवर्जस्ती यसका खुट्टा छिनाली वेपत्ता पारिएको रहेछ भन्ने कुरा सहजै थाहा पाइन्छ। सो जलहरीको पीँधमा अभिलेख कुँदिएको छ।[२८] (**चित्र संख्या १८ ख**)

अनन्त-कुण्डको पश्चिमभित्ताका कलाकृति

अनन्त-कुण्डको पश्चिमपट्टि पनि सो कुण्डलाई माथिको भीर/पहरोवाट जोगाउन् उत्तर-दक्षिण लाम्चो परेको एउटा सुरक्षा-पर्खाल

---

२८. परिशिष्ट, २ संख्याको अभिलेख। यस अभिलेखको व्याख्या तेश्रो अध्यायको ऐतिहासिक विश्लेषणमा गरिएको छ। वि.सं.२०६१ साल जेठ २७ गते सो जलहरीको नापोसहित विवरण लिने सिलसिलामा यसको वायाँपट्टिको पीँधमा केही अक्षर देखेपछि वर्षौंदेखि यसमा लागको हिलोमाटोलाई नजिकैको अनन्त-कुवाको पानीले धोई सफा गर्दा चार पंक्तिको अभिलेख दृष्टिगत हुन आयो। सो अभिलेखका केही अक्षर ठम्याउन दुर्वोध भएपछि भोलिपल्ट मेरा मित्र योगेशराजसित मिली ठम्याउने जमर्को गर्‍यौं। तर सकिएन र त्यो दिन समयले पनि साथ दिएन। अनि तेश्रो दिनमा मेरा अर्का मित्र विनोदराज शर्मासित मिलेर पूरै दिन लगाएर सो अभिलेख पढी त्यसको पाठ उतार्ने काम भयो। हामी तीनैजना मित्रलाई यो अहिलेसम्म प्रकाशमा नआएको अभिलेख हो भन्ने लागेको थियो। केही दिनपछि योगेशराजले सो अभिलेख यस अघि नै प्रकाशमा आइसकेको जानकारी दिए। जस अनुसार हरिराम जोशीद्वारा **प्राचीन नेपाल** (भदौ-चैत,२०३६ को संख्या ५३-५६) मा प्रकाशित 'मध्यकालीन नेपाल' नामक लेखको ४१औं संख्यामा यो छापिएको र त्यसको पनि स्रोत-आधार मोहनप्रसाद खनालद्वारा प्रकाशित **मध्यकालीन अभिलेख** वि.सं. २०३०,पृष्ठ १४ मा खुलाइएको कुराको जानकारी प्राप्त हुँदा तथ्य विवरण खुल्न आयो। यहाँनिर उल्लेखनीय कुरो के छ भने लुम्विनीको अशोकस्तम्भ र भक्तपुर भैरवनाथमन्दिरको नरेन्द्रदेवको पालाको ढुङ्गे जलपात्र जस्ता ऐतिहासिक महत्त्वका पुरातात्त्विक सामग्री विगतमा पटक-पटक पत्ता लागे जस्तै यो अभिलेख पनि त्यसरी नै अहिले तेत्तीस वर्षपछि पुनः फेला पर्न आएको छ। अभिलेख कुँदिएको भाग भीरको कोप्चो परेको ठाउँमा तेर्सिने गरी राखिएको हुँदा यतिका वर्षसम्म कसैको ध्यान त्यसतर्फ नगएको हुनसक्छ।



चित्र संख्या १८ क : जलहरी ।

१० से.मि.मोटो पींध भएको, ९२ से.मि. लम्वा (टुटोसम्म) र ४२ से.मि. चौडाइ भएको यस जलहरीमा चर्तुमुखी शिवलिङ्गको मूर्ति थियो । सो शिवलिङ्गसहितको यो जलहरी ने.सं.५०१ मा तत्कालीन गद्धीनसिन महारानी राजल्लदेवीले अनन्तलिङ्गेश्वर महादेवमन्दिरमा आफूले लिएको व्रत पूर्ण गरेको अवसरमा राख्न लगाएकी थिइन् । यो कुरा सोही जलहरीको पींधमा कुँदिएको अभिलेखवाट पनि ज्ञात हुन्छ । प्रस्तुत चित्रमा अज्ञात देवमूर्ति र उनका वाहनका खुट्टाका खण्डित अंश मात्र देखापर्छ ।



चित्र संख्या १८ ख : जलहरीको राजल्लदेवीको ने.सं.५०१ (?) को अभिलेख ।

भुजिंमोल लिपिमा कुँदिएको यस अभिलेखको भाषा संस्कृतमा छ ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ ।

(**चित्र संख्या १९**) बनेको छ ।[२९] सो पर्खालको भित्तामा दशवटा खोपा छन् । ती खोपामा (क्रमश: खोपाको बायाँदेखि) निम्न कलाकृति छन् -

चतुर्बाहु गणेशको मूर्ति (चित्र संख्या १९क)

गणेशको यो मूर्ति लगायत यसको दायाँ लहरका तीनवटा खोपाभित्र तीन देवीका मूर्तिहरू छन् । यी मूर्तिहरूले सिमरौनगढभेकका ईसाको बाह्रौं शताब्दीदेखि चौधौं शताब्दीसम्मका प्रस्तर मूर्तिकलामा पाइने शैली लक्षणलाई संझाइरहेका छन् । यी चार प्रस्तर मूर्तिलाई चौधौं शताब्दीतिरका हुन् भनी मान्न सकिन्छ ।

यस मूर्तिमा नेपाल उपत्यकाका अन्य गणेशमूर्तिहरूमा भन्दा केही बेग्लै विशेषता झल्कन्छ। नेपाल उपत्यकाका अधिकांश भुँडी फुलेका गणेशहरूका तुलनामा यिनको भुँडी फुलेको देखिँदैन । यसोहुँदा हृष्टपुष्ट देखिने यी गणेश त्यहाँ पद्मासनमाथि,दायाँ बायाँ एकजोडी मुसामाथि आसन जमाई आरामसाथ पलेटी कसी जमेर बस्न सकेका छन् ।[३०] यस गणेशमूर्तिका कान पनि हात्तीको जस्तै स्वाभाविक तरीकाले लामा छन् । उनले आफनो शिरमा धारण गरेको मुकुट कलात्मक र भव्य छ जुन उपत्यकाका अन्य गणेशमूर्तिहरूमा पाइँदैन । यिनका चार हातमध्ये माथिल्ला दुई हातहरूमा दायाँपट्टि रूद्राक्षमाला र बायाँपट्टि बन्चरो अनि तलका दुई हातहरूमा दायाँपट्टि मूला र बायाँपट्टि लड्डु लिएका छन् । उनको शुँड पनि बायाँपट्टिको लड्डुतिर फर्किएको छ ।

---

२९. सो सुरक्षा-पर्खाल अनन्तलिङ्गेश्वर महादेवमन्दिर क्षेत्र सुधार तथा विकास समितिद्वारा वि.सं.२०५२।५।१०मा जीर्णोद्धार भएको हो । यो कुरा सोही पर्खालको भित्ताको अभिलेखबाट थाहा पाइन्छ । यतावाट माथिको भीर/पहरोवाट अनन्त-कुण्ड र यससङ्गैका अन्य कलाकृतिलाई वचाइराख्न उहिले नै यहाँ सुरक्षा-पर्खाल वनेको थियो भन्ने वुझिन्छ ।

३०. नेपाल उपत्यकाका अधिकांश गणेशका भुँडी फुलेका हुँदा बायाँ खुट्टामाथि दायाँ खुट्टा पट्टयाएर राख्नुको सट्टा दायाँ खुट्टा लम्बमान तरीकाले तलतिर झारेका हुन्छन् । (हरिराम जोशी, **हिन्दू देवी देवता**, काठमाण्डौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०४०, पृष्ठ १२) तर यिनको भुँडी भने बाहिर आएको छैन । यसैकारण उनले बायाँ खुट्टामाथि दायाँ खुट्टा सजिलैसित पट्टयाएर राख्न सकेका छन् ।



चित्र संख्या १९ : सुरक्षा-पर्खाल र त्यहाँका कलाकृति

अनन्त-कुण्डलाई भीर/पहरोवाट जोगाउन अनन्तलिङ्गेश्वर महादेवमन्दिर सुधार समितिद्वारा वि.सं.२०५२ सालमा जीर्णोद्धार गरिएको सुरक्षा-पर्खाल । यस पर्खालका खोपामा निम्न कलाकृति छन् - १. गणेश २. अन्नपूर्णा ३. लक्ष्मी ४.वनदुर्गा ५. सरस्वती-पादुका ६. गरूड ७. ने.सं.८६३ को शिलालेख ८. गरूड ९. पद्माकृति १०. अनाकृत प्रस्तर (सूर्य ?)



चित्र संख्या १९ क : चतुर्बाहु गणेश

लम्वाइ : ५५ से.मि., चौडाइ ४२ से.मि. । समय : चौधौं शताब्दी ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या १९ ख : अन्नपूर्णा ।

लम्वाइ : ४७ से.मि., चौडाइ : १९ से.मि. । चौधौं शताव्दी ।

अध्यात्मवादी भोका साधकहरूलाई ज्ञान र वैराग्य रूपी अन्न पस्किने देवी अन्नपूर्णा पनि हुन् । यिनले दायाँ हातमा पन्यु र वायाँ हातमा अन्नको भाँडो लिएकी छिन् ।

चित्र सौजनय : सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या १९ ग : लक्ष्मी (?) ।

लम्वाइ : ४७ से.मि., चौडाइ : २२ से.मि. । चौधौं शताव्दी ।

यस मूर्तिमा यिनले अभय र वरदमुद्रा धारण गरेकी छिन् ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या १९ घ : वनदुर्गा (?) ।
लम्वाई ४८ से.मि., चौडाई २१ से.मि. । चौधौं शताव्दी ।
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या १९ ङ : सरस्वती पादुका (?) ।
जनजीवनमा सरस्वतीको पाउ छोई सोही हातले छातिमा छोएर ढोग्ने चलन छ । त्यसरी ढोग्दा नेवारीमा ***ससुद्यः:या पालि जिगु नुगले च्वने मा*** (सरस्वतीको पाउले मेरो हृदयमा वास गरोस्) भन्ने चलन पनि छ ।

अन्नपूर्णाको मूर्ति (चित्र संख्या १९ ख)

शाक्त तान्त्रिक परम्परामा महाविद्याअन्तर्गत पुजिने एक देवी अन्नपूर्णा पनि हुन्।[३१] द्विवाहु भएकी यी देवी दायाँ-वायाँ एकजोडी कीर्तिमुखसहितको द्वारतोरणमा सजिएर पद्मासनमा उभिएकी छिन्। यिनले दायाँ हातमा पन्यु र वायाँ हातमा अन्नको भाँडो लिएकी छिन्। यिनले धारण गरेको वस्त्र-आभूषणलाई हेर्दा जटिल शैलीका उत्तरमल्लकालीन तान्त्रिक मूर्तिहरूभन्दा भिन्न देखिन्छ। यिनको शारीरिक रचना पनि सामान्य छ। यिनले कानमा धारण गरेको ठूल-ठूला वाटुला गहनाले दुमाजुदेवीको यस्तै शैलीमा निर्मित गहना (**तरीका**) लाई संझाइरहेको छ।

लक्ष्मीको मूर्ति (चित्र संख्या १९ ग)

शारीरिक रचना, अवस्थिति एवं वस्त्र आभूषण आदिका दृष्टिले यो मूर्तिको ढाँचा अन्नपूर्णाको मूर्तिसित मिल्दोजुल्दो छ। यिनी पनि अन्नपूर्णा झैँ दायाँ-वायाँ एकजोडी कीर्तिमुखसहितको द्वारतोरणमा सजिएर पद्मासनमा उभिएकी छिन्। यिनका पनि दुई हात मात्र छन्। तीमध्ये दायाँ हातले वरद र वायाँ हातले अभय प्रदान गरिरहेकी छिन्।[३२]

वनदुर्गाको मूर्ति (!) (चित्र संख्या १९ घ)

यस मूर्तिको शारीरिक रचना अन्नपूर्णा र लक्ष्मीको मूर्तिभन्दा केही भिन्न देखिन्छ। तर अवस्थिति-शैली चाहिँ झण्डै उस्तै छ। यस मूर्तिमा यी देवीका चार हात छन्। यिनी पनि कीर्तिमुखले युक्त द्वारतोरणमा सजिएर पद्मासनमा उभिएकी छिन्। यिनका माथिका दुई हातमध्ये दायाँ हातमा तरवार, वायाँ हातमा ढाल छन्। उनका तलका दुई हातमध्ये दायाँ हातले वरद तथा वायाँ हातले अभय प्रदान गरिरहेका छन्।[३३]

---

३१. N.N.Bhattacharya, **HISTORY OF THE TANTRIC RELIGION**, (New Delhi : Manohar Publishers & Distributors, 1999), pp.320.

३२. विनोदराज शर्माका अनुसार यस ध्यानका आधारमा यिनी रमालक्ष्मी हुन्। रमालक्ष्मीका पति सत्यनारायण हुन्।

३३. यिनले धारण गरेका आयुधका आधारमा यिनी वनदुर्गा (विन्ध्यवासिनी) हुन् भन्ने अनुमान हुन्छ।

सरस्वती-पादुका (!) (चित्र संख्या १९ ङ)

स्थानीय जनजीवनमा यो पादुकालाई सीतापाइला भन्ने गरेको पाइन्छ। तर यो सरस्वती पादुका नै हो। झट्ट हेर्दा यो गोरखनाथ पादुका जस्तो पनि देखिन्छ। गोरखनाथ-पादुका रहेको स्थानको पछाडिपट्टि भैरवको मूर्ति (आकृत/अनाकृत) पनि रहेको हुन्छ।[३४] तर यस पादुकाको पछाडिपट्टि त्यस्तो केही छैन। यसकारण यो गोरखनाथ पादुका होइन भन्ने कुरा चाहिँ निश्चित रूपले भन्न सकिन्छ। यो पादुका सीतापाइला पनि होइन। यसको आधार चाहिँ सूर्यविनायकमन्दिरको सिँढीको पश्चिमपट्टिको खोपामा स्थापित सरस्वतीको मूर्तिको ठीक सामुन्नेको यस्तै शैलीमा निर्मित पादुकाबाट मिल्छ। अत: अनन्तलिङ्गेश्वरस्थित यस पादुकालाई सरस्वती-पादुका नै हो भनी मान्न सकिन्छ। त्यहाँ कतै पनि सरस्वतीको मूर्ति नदेखिए पनि यसै पादुकाले उक्त मूर्तिको प्रतिनिधित्व गरेको छ भन्न सहजै सकिन्छ।

गरूडका मूर्ति

पखेटा फिँजाएर उड्न ठीक्क परेका गरूडहरू यी खोपामा देखापर्छन्। दुवै गरूडको शैली लक्षण, आकार-प्रकार उस्तै छ। यस आधारमा यी गरूडका मूर्तिहरू एकै समयतिर बनेका हुन् भन्ने देखिन्छ।

ने.सं.८६३ को शिलालेख [३५]

प्रचलित नेवारी लिपिमा लेखिएको यो शिलालेख चारौं खोपामा छ। भक्तपुर नगरको मङ्गलाछेंटोलका पूर्णसिंह,जयसिंहहरूले ने.सं.८६३ मा अनन्तलिङ्गेश्वर महादेवलाई प्रीति गरी पहिलेको सत्तल/मन्दिर (?) भत्केबिग्रेकोले त्यसको जीर्णोद्धार गरी यो शिलालेख राख्न लगाएका हुन्। जयसिंहहरूले अनन्तलिङ्गेश्वरको फेदीमा रहेको दुई रोपनी खेत अनन्तलिङ्गेश्वर महादेवलाई अर्पित गरेका थिए। त्यसको आयस्तावाट आश्विन शुक्ल पूर्णिमाका दिन यिनै

---

३४. उदाहरणको निमित्त भक्तपुरको वोलाछेंटोलस्थित **तालादफो** नामको थुम्कोमा रहेको गोरखनाथ-पादुका र सो पादुकाको पृष्ठभागमा स्थापित भैरवनाथको मूर्तिलाई लिन सकिन्छ।

३५. परिशिष्ट, १३ संख्याको अभिलेख।

महादेवको पञ्चामृतस्नान गरी वार्षिक पर्वपूजा (**वुसाधँ**) चलाउनु पर्ने, पुजारीलाई ४ दाम दक्षिणा, एउटा *निश्राव*[३६] (सिधा), शेष वाँकी पञ्चहरूले भोज खाई नियम पालना गर्नु पर्ने कुरा यस अभिलेखवाट ज्ञात हुन्छ।

पद्माकृति, अनाकृत प्रस्तर

सुरक्षापर्खालको छैठौं र सातौं खोपामा क्रमशः पद्माकृति र अनाकृत प्रस्तर राखिएका छन्। सो अनाकृत प्रस्तरलाई सूर्यको रूपमा पूजा गरिन्छ।

दक्षिणपट्टिको पाटी

अनन्त-कुण्डको दक्षिणपट्टि पहिले एउटा मल्लकालीन पाटी थियो। अहिले त्यसको अवशेष मात्र वाँकी छ।

चौगिर्दाभित्रका देवता (चित्र संख्या २० क,ख)

अनन्त-कुण्डको दक्षिणपट्टि माथि उल्लेखित पाताल भइसकेको पाटीको पछाडि एउटा खुला रूपको चौगिर्दा वनेको छ। सो चौगिर्दाको पूर्वपट्टि एउटा प्रवेशद्वार (**चित्र संख्या २० क**) पनि छ। सो प्रवेशद्वारको माथिल्लो भागमा प्रस्तर-निदाल हालिएको छ। त्यस प्रस्तर-निदालको मध्यभागमा सूक्ष्म आकृतिका गणेश, अन्नपूर्णा र लक्ष्मीका प्रस्तर-मूर्ति देखापर्छन्। त्यस प्रवेशद्वारवाट भित्र पसेपछि मन्दिर जस्तो आधुनिक शैलीमा निर्मित एउटा भाग (**चित्र संख्या २० ख**) मा पुगिन्छ। त्यहाँ नृत्यनाथको प्रतीक मध्यभागमा एउटा त्रिकोणात्मक प्वालले युक्त (**नासप्वा**) देवालीदेवता, १८ हात भएकी महिषमर्दिनी दुर्गाभवानीको प्रस्तरमूर्ति, अनाकृत प्रस्तर देवहरू, मोहनीपात्र, पानस (**मता कलाँली**), भुइँमा एक पद्माकृति तथा सामुन्नेमा एकजोडी सिंह देखापर्छन्। यहाँ भित्रका देवदेवीलाई 'ख्वाखाली' थरका नेवारहरूले कुलदेवताका रूपमा मान्दै, पुज्दै आएका छन्।

---

३६. **निश्राव** स्थानीय भाषाको शब्द **निसला** को संस्कृत रूपान्तरण हो। प्राकृत शब्दलाई संस्कृत शब्दमा लैजाने चलन त्यसवखत चलेको थियो भन्ने कुराको एउटा प्रमाण यसवाट पनि मिल्छ।

युगल प्रस्तर-सालिग (चित्र संख्या १३)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको ठीक पछाडि, सुरक्षापर्खालको भित्तामा एकजोडी प्रस्तरको सालिग छ। पलेटी कसेर विन्तीमुद्रामा वसेका ती दुवै सालिकका स्त्री-पुरुष अनन्तलिङ्गेश्वर महादेवमन्दिरतर्फ भक्तिभावले अभिमुख छन्। गलामा रूद्राक्षमाला धारण गरेका पुरुष सालिगले पातलो कन्ननी मात्र लगाई पद्मासन कसी महादेवप्रति भक्तिभाव अर्पित गरिरहेका छन्। यिनको टाउको र वायाँ पाखुरी चटक्कै छिनिएको अवस्थामा छ। त्यसको विच्छिन्न हत्केलाका पाँच औँला दायाँ हातसंग अञ्जलीवद्ध भएर रहेका छन्। यसो हेर्दा उनीप्रतिको भक्तिभाव गाढा रहको प्रतीत हुन्छ। पुरुष सालिगको आसनको पादपीठमा अभिलेख कुँदिएको छ। त्यतावाट स्त्री सालिग सहित यो सालिग ने.सं.७७० मा महादेवप्रति भक्तिभाव अर्पित गरी राख्न लगाएको रहेछ भन्ने वुझिन्छ।[३७] पुरुष सालिग झैं यिनी पनि त्यसरी नै विन्तीमुद्रामा अनन्तलिङ्गेश्वर महादेवप्रति भक्तिभाव अर्पित गरिरहेकी छिन्। यिनको पनि पहिलेको मूल टाउको छिनालिएको छ। त्यसको ठाउँमा सिमेन्टीको कृत्रिम टाउको जडिएको छ। यिनले हातमा चुरा लाएकी छिन्। यिनले धारण गरेको वस्त्र हल्का वूट्टेदार छ। यो जोडी सालिग तत्कालीन कुनै प्रतिष्ठित भारदार पति-पत्नीका हुन् भन्ने कुराको अनुमान हुन्छ।[३८]



चित्र संख्या २०-क चौगिर्दा, अग्रभाग।

---

३७. परिशिष्ट, ४ संख्याको अभिलेख।

३८. स्थानीय वासिन्दाहरूमा यी युगल जोडी ऋषि पति-पत्नीका रूपमा मान्य रही आएका छन्।



चित्र संख्या २०-ख चौगिर्दाभित्रका देवालीदेवता (दिगु द्यः) ।

ग्वंगहरूको ने.सं.९३७ को सालिग-शिलापत्र[३९]

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको पश्चिमपट्टि (अनन्त-कुवाको पछाडि) सुरक्षापर्खालको भित्तामा, वासुकी-खोपाको वायाँपट्टि ५० से.मि.लम्वा, ३५ से.मि. चौडा एउटा शिलापत्र छ। सो शिलापत्रको दायाँ-वायाँ चन्द्र, सूर्य र वीचमा कलात्मक रूपको त्रिशूल छ। अभिलेखको तलतिर नामसहितका ९ वटा सालिग पनि छन् ।

ने.सं.९३७ कार्तिक शुदि एकादशीका दिन गंगाराम ग्वंग परलोक भएका हुँदा उनका पुत्र नरनारायण ग्वंगले मार्गवदी अमावास्या बुधवारका दिन स्वर्गवासी पिता तथा आफ्नो परिवारको सालिगसहितको अभिलेख राख्न लगाएका थिए। आफ्ना पिता परलोक भएकै तिथिमा अनन्तलिङ्गेश्वर महादेवको रूद्री गर्न, ३६० वटा वत्ती वाल्न १२ रू.आठ आना पैसाको व्याजले दाजुभाइ सवै मिलेर सो कार्य प्रतिवर्ष सम्पन्न गर्न गराउन यो अभिलेख राख्न लगाएका हुन् ।

---

३९. परिशिष्ट, १७ संख्याको अभिलेख ।

प्रस्तर-द्वारतोरण

उक्त शिलापत्रको वायाँपट्टि प्रस्तर द्वार तोरणका केही बचेखुचेका जीर्ण र जर्जर भाग देखापर्छन् । एउटा मल्लकालीन प्रस्तर-तोरणमा (४३ से.मि. लम्वा, ३६ से.मि. चौडा) आधुनिककालतिरको देखिने वाँसुरी बजाइरहेका मुरलीधरको सानो मूर्ति राखिएको छ । सो प्रस्तर-तोरण सुन्दर र कलात्मक देखिन्छ । त्यसको शीर्षभागमा सूक्ष्म आकृतिको शिवलिङ्ग र छत्र छ । सो तोरणको दायाँ थाममा गणेश र वायाँपट्टिको थाममा कुमार पलेटी कसेर वसेका छन् । ती दुवै मूर्तिका गणेश र कुमार चार हातले युक्त छन् । यस द्वारतोरणभित्र पहिले उमामहेश्वरको मूर्ति रहेको बुझिन्छ ।[४०] यससंगै प्रस्तर-चौकोसको एक भाग (**६०से.मि.अग्लो**) र खण्डित रूपको एक अनाकृत प्रस्तर देखापर्छ । सो अनाकृत प्रस्तर हेर्दा वसाहामूर्तिको पछाडिपट्टिको विच्छिन्न भाग हो कि भन्ने अनुमान हुन्छ ।

बसाहा, जलहरी र त्रिशूल (चित्र संख्या २१)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको उत्तरपट्टि पेटीको ठीक सामुन्ने ढुङ्गे आसनमाथि एक वसाहा (५० से.मि.चौडा, ३५ से.मि.लम्वा) छन् । यहाँ रहेका अन्य वसाहाका तुलनामा यी वसाहा केही फरक शैली लक्षणका देखिन्छन् । यिनको बसाईको शैलीले त्यहींको नरेन्द्रदेवको शिलापत्रको शीर्षभागमा कुँदिएको बसाहाको आकृतिलाई संझाएको छ । यसको घाँटी पनि त्यसरी नै भित्र लुकेको छ । घामपानी, हावाहुरी र समयको लामो मारले अन्य वसाहाको मूर्ति भन्दा यो मूर्तिको वसाहा वढ्ता खिइसकेको देखिन्छ । यसको मुख पनि फुटेर, खिइएर आकृति नै अस्पष्ट हुनपुगेको छ । वसाहाको यो मूर्ति वनेको ढुङ्गाको जात पनि अन्य वसाहाका तुलनामा भिन्नै लाग्छ । यस आधारमा यसलाई नवौं-दशौं शताव्दीतिर राख्न सकिन्छ । यो मूर्तिसंगै वायाँपट्टि एउटा जलहरी (२७से.मि.गोलाकार) छ । सो जलहरीको ढुङ्गाको जात उक्त मूर्तिको ढुङ्गासित मेल खान्छ ।

---

४०. स्थानीय वासिन्दाहरूबाट प्राप्त जानकारीका आधारमा । यस द्वारतोरणभित्र उमामहेश्वरको मूर्ति थियो भन्ने कुराको प्रकारान्तर पुष्टि यसको थामका दायाँ बायाँका गणेश र कुमारका मूर्तिका आधारमा पनि हुन्छ ।

अनेक कालका भक्तहरूले अनन्तलिङ्गेश्वर महादेवप्रति भक्तिभाव अर्पित गरी राखेका तीनवटा फलामे त्रिशूल सो वसाहा र जलहरीको पार्श्वभागमा लहरै गाडिएका छन्। तीमध्ये पनि पछाडिपट्टि गाडिएको वन्चरोले युक्त त्रिशूल झण्डै ९ फिट अग्लो छ। सो त्रिशूल ने.सं.९०९ मा चढाइएको थियो। यो कुरा सोही त्रिशूलमा उत्कीर्ण अभिलेखवाट ज्ञात हुन्छ।[४१]

पुजारीघर

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको उत्तरपट्टि आधुनिक शैलीमा, आधुनिक निर्माणसामग्रीले वनेको एउटा एकतले पाटी छ। पहिले यहाँ मल्लकालीन शैलीमा वनेको तीनतले घर थियो। पूजारी वस्नको निमित्त वनाइएको हुंदा सो घर पूजारीघर कहलिएको थियो। वि.सं.१९९० सालको महाभूकम्पले सो पूजारी घर भत्किएको थियो।[४२]



चित्र संख्या २१ : वसाहा, जलहरी र त्रिशूल।

४१. परिशिष्ट, १५ संख्याको अभिलेख।

४२. अहिले आधुनिक शैलीमा वनेको सो पाटीमा ***श्री अनन्तलिङ्गेश्वर महादेव मन्दिरक्षेत्र सुधार तथा विकास समिति २०५२*** को कार्यालय वसेको छ।

ढुङ्गे टुटो (हिटीमङ्ग), (चित्र संख्या २२)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको ईशानकोणतिर पाताल भइसकेको पाटीसंगैको भिरालो परेको भागमा एउटा ढुङ्गे टुटो मिल्किएको अवस्थामा रहको छ । यसको दुवैतिरको पाटोमा मकरको आकृति कुँदिएको छ । सो टुटो फलामे ढुङ्गावाट वनेको छ । अधिकांश फलामे ढुङ्गावाट वनेका यस्ता प्रस्तर कलाकृति विशेषगरी उत्तरप्राचीनकालमा प्रयोगमा आएको देखिन्छ । शैली लक्षण र ढुङ्गाको जातका आधारमा विचार गर्दा यो टुटोलाई आठौं शताव्दीतिर राख्न मिल्छ ।

भैरव (चित्र संख्या २३)

सौम्य रूपका शिवको भयानक रूप भैरव हो । शिवमन्दिरहरूमा भैरवहरूको अपरिहार्य उपस्थितिले पनि यस कुराको प्रामाणिक पुष्टि मिल्छ । ढुङ्गेसिँढीको वायाँपट्टि रहेको भैरवको प्रस्तरमूर्तिले पनि सोही कुराको उदाहरण प्रस्तुत गरेको छ । शिवको भैरव रूपको एउटा सुन्दर, उत्कृष्ट उदाहरण सांगाको विकटेश्वर महादेवमन्दिर परिसरमा रहेको अंशुवर्माको अभिलेख पनि हो । त्यसमा त महादेवको विकटरूपकै स्तुति-वर्णन परेको छ ।[४३] त्यसले परवर्तीकालका यस्तै स्वरूपका डरलाग्दा भैरवमूर्तिहरूको परम्परालाई पनि संझाइरहेको छ । यिनले पनि नरमुण्डमाला धारण गरेका छन्, हात्तीको छाला ओढेका छन र सर्पको गहना पनि लगाएकै छन् ।

योगेश्वर (चित्र संख्या २४)

योगीहरूमा पनि सर्वश्रेष्ठ महात्मा योगेश्वर हुन् । शैव तन्त्रले योग-साधनाका प्रवर्तक भगवान् शिवलाई मानेको छ । योग-साधनाको प्रवर्तन आद्य ऐतिहासिककालतिरै भइसकेको दृष्टिगोचर हुन्छ । सैन्धव उत्खननमा प्राप्त योगमुद्राका शिवको मूर्तिलाई उदाहरणको रूपमा लिन सकिन्छ । यो परम्परा विकसित हुँदै पछिसम्म पनि लौकिक जीवनमा चलेर आयो । यसको एउटा उदाहरण ढुङ्गेसिँढीको दायाँपट्टि रहेको योगेश्वरको प्रस्तरमूर्तिलाई लिन सकिन्छ ।

---

४३. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत् , पृष्ठ ३३६ ।



चित्र संख्या २२ : ढुङ्गे टुटो ।

लम्वाइ : २ मि.३१ से.मि., चौडाइ : २३ से.मि. ।

चित्र संख्या २३ : षड्‌बाहु-भैरव

५३ से.मि.लम्वाइ, २४ से.मि. चौडाइ । चौधौं शताव्दी ।

यी भैरव पद्मासनमाथि प्रत्यालीढ मुद्रामा उभिएका छन् । यिनको दायाँ पाउ उनकै वाहन वेतालको ढाडमाथि टेकिएको छ । ६ हात भएका भैरवका मूर्ति विरलै मात्र पाइन्छन् । यस दृष्टिले नेपालमा प्राप्त भैरवमूर्तिको दुर्लभ नमुना यसलाई पनि मान्न सकिन्छ । यिनले आफ्ना माथिल्ला दुई हातले ढाल र तरवार, वीचका दुई हातले विन्दु र पात्र तथा तलका दुई हातले डमरू र वज्र लिएका छन् ।



चित्र संख्या २४ : योगेश्वर ।

४१ से.मि.लम्वाइ, २१ से.मि. चौडाइ । चौधौं शताब्दी ।

तोरणयुक्त द्वारमा, पद्मासनमाथि भद्रासनमुद्रा जमाई योग -साधनामा तल्लीन यी योगेश्वर आफ्ना दुवै घुँडालाई छड्के पारेर माथि उठाई, योगपट्टले घुँडा कसी वसेका छन् । यिनको कोरली परेको केश लामो र जटा परेको छ । यिनले गलामा रूद्राक्षमाला धारण गरेका छन् । यो मूर्तिलाई सरस्वतीको मूर्ति ठानेर सोही भावले दर्शनपूजन गर्ने चलन रहेको देखियो । तर यथार्थमा यो मूर्ति महादेवकै पुरुषाकार विग्रह हो र उनी सदाशिव हुन् भन्ने कुरा यिनको प्रतिमालक्षणवाटै प्रष्ट हुन्छ । स्थानीय वासिन्दाहरूका अनुसार पहिले यहाँ यिनको सानो मन्दिर पनि थियो । अहिले उनी खुला आकाशमुनि छन् ।

उत्तरपट्टिको पाटी (चित्र संख्या २५)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरको उत्तरपट्टि पहिले मल्लकालीन शैलीमा वनेको पाँच कवलको एउटा एक नाले पाटी थियो । अहिले सो पाटी आफ्नो पुरानो मौलिक शैली स्वरूप लाई गुंमाएर आधुनिक शैलीमा उठ्ने प्रयासमा देखिन्छ ।

गुम्बजशैलीका शिवमन्दिर (चित्र संख्या २६)

उक्त महादेवमन्दिरको ईशानकोणतिर ३ वटा र त्यसैगरी आग्नेयकोणतिर पनि ३ वटा गरी जम्मा ६ वटा ढुङ्गाले वनेका शिवमन्दिर लहरै देखापर्छन्। ती शिवमन्दिरले पनि अनन्तलिङ्गेश्वर परिसरलाई रमणीय र शोभायमान पारेका छन्। प्रत्येक शिवमन्दिरका सामुन्ने वसाहा पनि छन्। ईशानकोणतिरका शिवमन्दिरमध्ये मध्यभागको शिवमन्दिरभित्र शिवलिङ्ग छैनन्। सो ठाउँमा कीर्तिमुख भैरव कतैवाट ल्याएर राखिएको छ। त्यसैगरी चुनले पोतेको शिवमन्दिरभित्र पनि शिवलिङ्ग छैनन्। अन्य शिवमन्दिरभित्र भने जलहरीसहितका शिवलिङ्ग स्थापित्त छन्। इशानकोणतिरका यी तीन शिवमन्दिरमध्ये दायाँपट्टिको शिवमन्दिर अन्य दुईवटा मन्दिरका तुलनामा केही अग्लो छ। यस मन्दिरको तोरण उमामहेश्वरको मूर्तिले सजिएको छ। यसको उत्तर, दक्षिण र पश्चिम भाग खुला रूपको छ। पूर्वपट्टिको भागमा एउटा सानो चारपाटे-प्वाल वनेको छ जहाँवाट पनि शिवलिङ्गको दर्शन हुन्छ। सो चारपाटे-प्वालको तल शकसंवत् १६३४ र माथि शकसंवत् १७६१का दुईवटा अभिलेख (**चित्र संख्या २७,२८**) देखापर्छन्।[४४] त्यतावाट यो शिवमन्दिर शकसंवत् १६३४ (वि.सं.१७६९) मा राघौ जोशीले वनाउन लगाएका थिए र सो मन्दिर वनेको १२७ वर्षपछि शिवानिधि जोशीले जीर्णोद्धार गर्न लगाएका



चित्र संख्या २५ : पुनर्निर्माणको कममा रहेको पाटी।

---

४४. परिशिष्ट, ८ र २० संख्याका अभिलेख।

चित्र संख्या २६: गुम्वजशैलीका शिवमन्दिर ।

प्रस्तुत चित्रमा देखिने ६ वटा शिवमन्दिरहरू मध्ये दायाँपट्टिको अधिल्लो मन्दिरको सामुन्ने वि.सं.१९४५ सालको एउटा शिलालेख छ। यहाँ सोही शिलालेखको पाठ उतार्ने सुरसारमा यो पंक्तिकार लागेका छन् ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या २७ : विश्वेश्वरमन्दिरको शकसंवत् १६३४ (वि.सं.१७६९) को शिलालेख ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या २८ : विश्वेश्वरमन्दिरको शकसंवत् १७६१ (वि.सं.१८९६) को शिलालेख ।
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

थिए भन्ने कुरा थाहा हुन्छ । राघौ जोशीको अभिलेखमा उनले विश्वेश्वर शिवलिङ्ग स्थापना गरेको कुरा परेको छ । यतावाट यस शिवमन्दिरलाई **विश्वेश्वरमन्दिर** भनी रूढ गर्न सकिन्छ ।

मध्यभागतिर अवस्थित शिवमन्दिर (रातो, चुनले पोतेको) जीर्णावस्थामा छ । यस मन्दिरको सामुन्ने वसाहाको अघिल्तिर भक्तहरूका तीन सूक्ष्म प्रस्तर आकृति देखापर्छन् । समयको मारले ती आकृति खिइसकेका छन् । भक्तहरूका कम्मरमुनिको भाग जमीनमा दविएको अवस्थामा छ । ती तीनवटै भक्तहरू ध्यानमुद्रामा छन् ।

पाँचौ शिवमन्दिर (चित्र संख्या २६ का आधारमा, वायाँवाट पाँचौ) को द्वारतोरणको माथिल्लो वायाँ भागमा **श्रीभक्तमुक्तेश्वर** को नाम कुँदिएको छ । स्थानीय जनजीवनमा पनि यो मन्दिर सोही नामले प्रसिद्ध छ । यस मन्दिरको दक्षिणपट्टिको भित्री भित्तामा वि.सं.१९०३मा न्यौपानेहरूले राखेको एउटा शिलालेख (**चित्र संख्या २९**) छ ।[४५] पाटीपौवाको मरमत-संभार गर्न तथा महादेवको नित्य-नैमित्तिक पूजापर्व चलाउन गुण्डु गाउँका स्थानीय न्यौपानेहरूले केही गुठी जग्गा राखिदिएका थिए भन्ने कुरा सो अभिलेखवाट थाहा पाइन्छ ।

४५. परिशिष्ट, २१ संख्याको अभिलेख ।

भक्तमुक्तेश्वर शिवमन्दिरसंगैको लहरको दक्षिणपट्टि अर्को एउटा शिवमन्दिर छ। सो शिवमन्दिरको कलात्मक तोरणले युक्त द्वारको दायाँपट्टि एउटा शिलालेख (**चित्र संख्या ३०**) छ। **भक्तमुक्तेश्वर** नाम यस अभिलेखमा पनि परेको छ। महादेवको नित्य-नैमित्तिक पर्वपूजा चलाउन जानकीदत्तहरूले वि.सं.१९४५ मा केही गुठी जग्गा राखिदिएका थिए भन्ने कुरा सो अभिलेखवाट जानिन्छ।[४६]

धर्मस्तम्भ र घण्टहरू (चित्र संख्या ३१)

देवमन्दिरको पूर्वपट्टि एकै लहरमा प्रस्तर/सिमेन्टका खम्वामा अडाइएका तीनवटा घण्टहरू देखापर्छन्।[४७] ती घण्टहरूकै लहरमा एउटा धर्मस्तम्भ पनि खडा छ। वि.सं.२०१३ सालमा अनन्तलिङ्गेश्वर देवस्थलमा सप्ताह गरी सो धर्मस्तम्भ राखिएको थियो। यो कुरा सोही धर्मस्तम्भमा कुँदिएको अभिलेखवाट वुझिन्छ।[४८] घण्टहरू चाहिँ कमशः वि.सं.२०५२ सालमा मैयाकुमारी खत्री र सुशीलवहादुर खत्री, वि.सं.२०५२ सालमा प्रतापवहादुर खड्काहरू र वि.सं.२०५३ सालमा नारायण थापाले महादेवलाई चढाएका रहेछन्। यो कुरा ती घण्टहरूमा उत्कीर्ण अभिलेखवाट थाहा हुन आउँछ।[४९] यसैगरी मन्दिरको वायव्यकोणतिर पनि फलामे खम्वामा झुण्ड्याइएको एउटा घण्ट छ। सो घण्ट वि.सं.२०५७ सालमा सानुनैया खड्काहरूले चढाएका थिए। यसको जानकारी घण्टमा उत्कीर्ण अभिलेखले दिन्छ।[५०]

---

४६. परिशिष्ट, २४ संख्याको अभिलेख।

४७. स्थानीय वासिन्दाहरूका अनुसार अन्दाजि १७५ किलो वजनको एउटा राणाकालीन ठूलो घण्ट यसै लहरमा उहिले थियो। सो घण्टमा जङ्गवहादुर राणाको अभिलेख पनि कुँदिएको थियो। स्थानीय जनजीवनमा निकै प्रसिद्धि पाएको सो घण्ट वज्दा त्यसको आवाज चांगुसम्म गुञ्जन्थ्यो। पूरै मन्दिरपरिसरको शोभा वढाईरहेको सो घण्ट चोरी भईसकेको छ।

४८. परिशिष्ट, २८ संख्याको अभिलेख।

४९. परिशिष्ट, २९, ३०, ३२ संख्याका अभिलेख।

५०. परिशिष्ट, ३४ संख्याको अभिलेख।



चित्र संख्या २९ : भक्तमुक्तेश्वर मन्दिरको वि.सं.१९०३ को अभिलेख ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या ३० : शिवमन्दिरको वि.सं.१९४५ को अभिलेख ।



चित्र संख्या ३१ : धर्मस्तम्भ र घण्टहरू ।

उमामहेश्वर मन्दिर (चित्र संख्या ३२)

मन्दिरको वायव्यकोणमा उमामहेश्वरको मन्दिर छ । यो मन्दिर झण्डै ८ फिट जति अग्लो छ । यसको गर्भस्थानमा १९ से.मि. लम्वा, १८ से.मि. चौडा भएको प्रस्तरमूर्ति प्रतिष्ठापित छ । उक्त मूर्तिको आसनमा २३ से.मि. चौडा, १४ से.मि. लम्वा भएको सिङ्गमरमरमा अभिलेख कुँदिएको छ ।[५१] त्यतावाट उमामहेश्वरको यो मन्दिर कटुञ्जेका पुष्पराज चालिसेले आफ्नी स्वर्गवासी माता महालक्ष्मीको संझनामा वनाउन लगाई वि.सं.२०५५ सालमा सो मूर्तिको प्राण प्रतिष्ठा गर्न लगाएका थिए भन्ने कुरा थाहा पाइन्छ ।

चित्र संख्या ३२ : उमामहेश्वर मन्दिर ।

५१. परिशिष्ट, ३३ संख्याको अभिलेख ।

दोश्रो खण्ड

अनन्तलिङ्गेश्वर भेक

अनन्तलिङ्गेश्वरभेक

उत्तरप्राचीनकालमा प्रसिद्ध रहेको 'हंसगृह' नामक प्राचीन नगरवस्ती कहाँनिर वसेको थियो ? कहाँसम्म फैलिएर रहेको थियो ? यहाँका प्रसिद्ध प्रमुखदेवता को थिए ? 'हंसगृहदेव', 'लोकपालस्वामी' र 'अनन्तलिङ्गेश्वर' भिन्नाभिन्नै हुन् वा एउटै देवताका अनेक नाम हुन् ? भन्ने जस्ता जटिल प्रश्नहरूको प्रामाणिक उत्तर खोज्नु यस अध्ययनको मूल ध्येय हो। सत्य-तथ्यको नजिक पुग्न अनन्तलिङ्गेश्वर मन्दिर परिसरमा रहेको नरेन्द्रदेवको शिलापत्र र त्यसमा परेका हंसगृहद्रङ्ग लगायतका स्थाननाम र सोही मन्दिरपरिसरलाई मूल आधार मानी यहाँ यस भेकको अन्वेषण गर्नुपरेको छ।

व्यवस्थित ढङ्गले वसेको कुनै पनि समृद्ध स्थान, वस्तीका प्रमुखदेवताले आफ्नो प्रतिष्ठाकालदेखि नै लौकिकजीवनसित अभिन्न रूपले सांस्कृतिक सम्वन्ध गाँस्दै, ख्याति वढाउँदै आएका हुन्छन्। सोही अनुरूप आफ्नो निश्चित भू-सांस्कृतिक आधार-इलाका पनि निर्धारित गरेका हुन्छन्। जन्मदेखि मृत्युसम्मका धार्मिक सांस्कृतिक उत्सव, संस्कार आदिमा लिइने संकल्पवाक्यमा स्थान/क्षेत्रविशेषका उच्चतम देवताहरू उल्लेख हुनआउने प्रसङ्गतर्फ विचार गर्दा सम्वद्ध देवताका भू-सांस्कृतिक आधार इलाकाको अवधारणा हाम्रो सामुन्ने छर्लङ्गै दृष्टिगत हुन आउँछ। भौगोलिक दृष्टिले हेर्दा उपत्यकाको हृदयस्थलमा पशुपतिनाथ वसेका छन्। यसोहुँदा उपत्यकाका तीनवटै शहर र आसपासका ग्रामवस्तीका लौकिकजीवनले आ-आफ्ना भेकका प्रमुख देवतालाई मात्र नभएर 'पाशुपतक्षेत्रे'/'पशुपतिनाथसन्निधाने' भनेर स्थान/दिशानिर्धारणका क्रममा पशुपतिनाथलाई मान्दै आएका छन्। यस अर्थमा पूरै उपत्यकालाई **पशुपतिक्षेत्र** भनी मान्न सकिन्छ।[५२] भक्तपुरको

---

५२. लौकिकजीवनले धार्मिक सांस्कृतिक कर्मकाण्ड गर्दा पढिने संकल्पवाक्यमा आफ्नो स्थानका मूलदेवता र आसपासका चारै दिशाका अन्य प्रसिद्ध देवतालाई पनि प्रयोगमा ल्याएका हुन्छन्। वस्तीको आधार इलाका एवं प्रभावक्षेत्र जान्न सकिने यो एउटा भरपर्दो आधार हो।

मूलनगरवस्तीवाट ४ कि.मि. दक्षिणतिर गुण्डु गाउँको शिरैमा रहेको, दधिकोट गा.वि.स., वडा नं ४ स्थित रमणीय वनको हृदयस्थलमा अनन्तलिङ्गेश्वर देवस्थल वसेको छ भन्ने कुराको चर्चा माथि भइसकेको छ । लौकिक जीवनमा चल्दै आएको कर्मकाण्डीय एवं निकट धार्मिक सांस्कृतिक प्रमाणका आधारमा पशुपतिनाथको जस्तै यस देवस्थलको भू-सांस्कृतिक आधार इलाका निर्धारण गर्नुपर्दा पूर्वमा सिपाडोल, (डोलेश्वर महादेवमन्दिर) पश्चिममा सिरूटार (सोमलिङ्गेश्वर महादेव) र वालकोट (धर्मेश्वर महादेव), उत्तरमा गुण्डु/सूर्यविनायक वन/सुवर्णेश्वर महादेवस्थान र दक्षिणमा काशी-विश्वेश्वरसम्मको इलाका स्थलगत अन्वेषणका कममा देखिन आएको छ । उक्त इलाकाभित्र अनेक नामका शैवदेवताका साथै अन्य स्थानदेवता छन् । सम्वद्ध स्थानका वासिन्दाहरूले संस्कारकर्म गर्दा ती स्थानदेवताका साथै अनन्तलिङ्गेश्वर महादेवलाई पनि पुकार्छन् । त्यस आधारमा सो पूरै इलाकालाई समग्रमा **अनन्तलिङ्गेश्वरभेक** भनी मान्न सकिन्छ ।

अनन्तलिङ्गेश्वरभेकका केही महत्त्वपूर्ण स्थल एवं कलाकृति (अनन्तलिङ्गेश्वरको पूर्वी भेकका कलाकृति)

ठूल्धारा र सानुधारा

अनन्तलिङ्गेश्वर मन्दिरबाट पूर्व-दक्षिणतिर लागेपछि 'खड्का गाउँ' (वडा नं ४, दधिकोट) आउँछ । त्यो गाउँको गोरेटोवाटोको तलतिर एउटा ढुङ्गेधारा र त्यही ठाउँमा सोही वाटोको माथितिर त्योभन्दा सानो अर्को एउटा ढुङ्गेधारा देखापर्छ । यसरी एकै ठाउँमा सानो र ठूलो धारा रहेका हुँदा ती धाराहरू 'ठूल्धारा' **(चित्र संख्या ३३)** र 'सानुधारा' **(चित्र संख्या ३४)** नामले प्रचलित छन् । सानो धाराको तल भगीरथको मूर्ति पनि छ । तर भगीरथ वा पोटेदेउताको त्यस्तो मूर्ति ठूल्धाराको तलतिर चाहिँ छैन । शैली र प्राचीनताका दृष्टिले सानुधारा मल्लकालतिर वनेको र ठूल्धारा चाहिँ त्योभन्दा पनि अघि वनेको अनुमान हुन्छ । त्यो ठाउँमा आधुनिक शैलीमा वनेको एउटा पाटी छ । त्यहीँनिर गणेशको एउटा नयाँ मूर्ति पनि स्थापित छ । पाटी र धाराको सान्निध्यताले पूर्वकालिक व्यवस्थित वस्तीको विस्तारित भागको सानो झलक यसले पनि प्रस्तुत गर्दछ ।

गुण्डु

अनन्तलिङ्गेश्वर मन्दिरको उत्तरपूर्वको तल्लो भागमा फैलिएर रहेको एउटा मनोहर वस्ती 'गुण्डु' पनि हो । यस गाउँको पूर्वमा सिपाडोल, पश्चिममा कटुञ्जे/दधिकोट, उत्तरमा सूर्यविनायक वन र दक्षिणमा अनन्तलिङ्गेश्वर छन् । अनन्तवनको माझमा वसेको यो गाउँको उत्तरमा वृद्धगंगा (वूढीगण्डकी), दक्षिणमा महादेवखोला र सूर्यविनायकवन स्थित छन्। यो गाउँ डोलवस्तीको रूपमा रहेको छ। भौगोलिक विशेषता वोकेका यस्ता डोलवस्तीहरूलाई पुरातत्त्व र इतिहासका दृष्टिले उल्लेखनीय मान्न सकिन्छ। गुण्डुवस्ती ९ वटा गा.वि.स.मा विभक्त छ। गुण्डुखोला (वडा नं १), धोवीखोला(२), सिलामगाल(३), डोकाथली/वस्नेतगाउँ(४), लप्सिटार/कार्कीगाउँ(५), किवाचोक(६), थापा/मगरगाउँ(७), तिथली(८), खुसलगाउँ(९) आदि यहाँका उल्लेख्य गाउँवस्ती हुन् । यहाँ व्राम्हण, क्षेत्री, नेवार, तामाङ, मगर, दमाइ, कामी आदि अनेक जातिको वसोवास छ ।

कुनै पनि वस्तीको नामाकरण प्रायः त्यस वस्तीको भौगोलिक विशेषताका आधारमा गरिन्छ। लिच्छविकालका अभिलेखमा आएका **माखोदुलं, धम्बिदुल्, गुडन्दुल्, दुंलङ्** आदि स्थाननाम प्राचीन डोलवस्तीका उदाहरणका रूपमा देखापर्छन् ।[५३] 'गुण्डु' संस्कृतभिन्न जनभाषावाट सिर्जित नाम हो । नेपालभाषामा 'गुँ' ले *वन* भन्ने वुझिन्छ। त्यसैगरी दुल्/दुलं कै नेपाली रूप *डोल* हो । यस दृष्टिले प्राचीन 'गुडन्दुल्' कै अहिलेको रूप 'गुण्डु' हो भनी

---

५३. मध्यकालकै प्रसङ्गमा पनि प्रायः सानो वा ठूलो कुनै पनि थुम्को भएको र खोला वग्ने स्थान नेवारीमा 'डो' ('डोल') कहलिएको देखिन्छ। यस्तै स्थानमा अवस्थित भक्तपुरका प्रत्यक अष्टमातृकाका पीठस्थलहरू जस्तै- *वाताडो* (व्रम्हायणी इलाका), *कुल्माडो* (माहेश्वरी इलाका), *क्वाछेंडो* (कुमारी इलाका), *नकिंजुडो* (वैष्णवी इलाका), *याक्तिडो* (वाराही इलाका), *अजिमाडो* (महाकाली इलाका), *मसांडो* -महालक्ष्मी इलाका) र त्यसैगरी सिपाडोल र यससंगैको *न्हयाय्कन्डो, तेखाडो, इखुडो, वानिंडोल* आदि पनि डोलवस्ती/स्थानका केही उदाहरण हुन् ।

मान्न सकिन्छ ।[५४] संस्कृतभिन्न जनभाषाका यस्ता शव्दहरूलाई किरातपरिवारको भाषाका शव्द हुन् भनी मान्दा[५५] लिच्छविहरूको आगमन भन्दा अघि नै 'गुडन्दुल' वस्ती वसिसकेको थियो र किरातकालमै अहिलेको गुण्डुको 'गुडन्दुल' नाम रहिसकेको किरातकालिक वस्ती थियो भन्ने आधार देखिन्छ ।

गुण्डुभित्र पनि अनेक नामका स्थान र महत्त्वपूर्ण कलाकृति छन् । अनन्तलिङ्गेश्वर मन्दिरदेखि पूर्व गुण्डु हुँदै सिपाडोलसम्मका केही त्यस्ता उल्लेखनीय स्थान र कलाकृतिहरू निम्न छन् -

कालभैरवस्थान

खेतै खेत भएर खड्का गाउँवाट केही पर उत्तर-पूर्वतिर लागेपछि गुण्डु-खोला तरिन्छ । त्यसपछि हाम्रो सामुन्ने एउटा आधुनिक शैलीमा निर्मित पाटी देखापर्छ । स्थानीय वासिन्दाहरूका अनुसार पहिले सो पाटी

---

५४. वलम्वुको द्वितीय शिवदेवको अभिलेखमा उल्लेखित स्थाननामका प्रसङ्गमा 'लिच्छविकालीन दावाकोट' भक्तपुर जिल्लाको दुवाकोट हो भनी वुझाउन शंकरमान राजवंशीले 'गुन्दुगाउंवाट दुवाकोट उत्तर पूर्वमा पर्ने हुनाले गणिदुङग्रामले गुन्दुगाउंलाई पुष्टि गर्दछ' (**प्राचीन नेपाल**, ५९-६०/२०३७, पृष्ठ ९) भनी प्रमाणित गर्न खोजेका छन् । म धेरैपल्ट गुण्डु र दुवाकोट पुगेको छु । दुवाकोट गुण्डुवाट उत्तर पूर्वमा नभएर उत्तर पशिचममा पर्दछ । गुण्डुको उत्तर पूर्वमा सूर्यविनायक वन र सिपाडोल पर्छ । यतावाट **गणिदुङ्ग्राम** गुण्डु होइन भन्ने कुरा सिद्ध हुन्छ । **दावाकोट्ट** भन्ने ग्राम पुत्तीनारायणको मरम्मत र कारणपूजा आदिका लागि चढाइएको कुरा वलम्वुको द्वितीय शिवदेवको अभिलेखमा परेको छ । (धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत् , पृष्ठ ५३०-३५) सो अभिलेख र केवलपुरको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेखलाई अलिकता गहिरिएर अध्ययन गरेको खण्डमा काठमाण्डौंवाट पशिचममा पर्ने वलम्वु, केवलपुर भेकतिर लिच्छविकालीन **नुपुन्नद्रङ्ग, शीताटीद्रङ्ग** थिए भन्ने कुरा थाहा पाइन्छ (ऐजन, ४१६, ५३४-३५) । यतावाट **गणिदुङ्ग्राम** र **दावाकोट्ट** मात्र नभएर **पुत्तीनारायण, नुपुन्नग्राम, फवदग्राम, गंप्रोदिङ्ग्राम** आदि राजवंशीले भने जस्तो भक्तपुरभेकतिर नभएर काठमाण्डौंको पशिचमतिरै (नुपुन्नद्रङ्ग, शीतातीद्रङ्ग) थिए भन्ने कुरा थाहा पाइन्छ। यस वारेमा छुट्टै स्थलगत-अन्वेषण हुनु पनि जरूरी छ ।

५५. धनवज्र वज्राचार्य, 'लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव', **पूर्णिमा** , १७/२०२५, पृष्ठ ६-८ ।

जीर्ण अवस्थामा थियो र त्यसैकारण भत्कियो । पुनर्निर्माण हुँदा सो पाटीले आफ्नो पुरानो शैलीलाई गुमाएर पूरै नयाँ शैली धारण गर्न पुगेकोले यसको कला र प्राचीनतालाई चिन्ने आधार पनि अव रहेन । तर यसको सामुन्नेको खुला स्थानमा गुचमुच्च पारी थुपारिएका केही प्रस्तररूको प्रस्तर-पीठिका देखापर्छ । सो पीठिका स्थानीय जनजीवनमा कालभैरवस्थान (**चित्र संख्या ३५**) भनी प्रसिद्ध छ । उक्त प्रस्तर-पीठिकाको मूलभागमा स्थापित अनाकृत-प्रस्तरलाई कालभैरवको रूपमा मानी दर्शनपूजन गर्ने चलन छ ।

विचारणीय कुरो के छ भने कालभैरवको उत्पत्तिको कथा झण्डै-झण्डै पशुपतिनाथ र चाँगुनारायणको उत्पत्तिको कथासित मिल्दोजुल्दो देखिन्छ । स्थानीय वासिन्दाहरूमा चलेको यस विषयको किंवदन्ती अनुसार सो ठाउँमा कोदालोले खन्दा दूध निस्कियो र खोजि हेर्दा त्यहाँ कालभैरव भएको पत्तो लाग्यो ।[५६] यस किंवदन्तीले कालभैरव पनि पूर्वकालदेखि नै प्रसिद्ध रहँदै आएका देवता हुन् भन्ने कुराको संकेत मिल्छ ।

चित्र संख्या ३३ : ठूल्धारा, दधिकोट, वडा नं ४ ।

५६. गुण्डु वडा नं १ का थानीय वासिन्दा टीकाराम किसिजुहरूवाट प्राप्त जानकारी ।



चित्र संख्या ३४: सानुधारा, दधिकोट वडा नं ४ ।



चित्र संख्या ३५: कालभैरवस्थान, गुण्डु वडा नं १ ।

कालभैरवस्थानका कालभैरव खेतका माझमा खुला आकाशमुनि खुला रूपमा रहेका छन् । यो कुरा पनि विचारणीय छ । उनको यस चरित्रले खुला आकाशतिरै उन्मुख भक्तपुर टौमढीटोलका आकाशभैरवकै एक तान्त्रिक रूपका कोधभैरव, भक्तपुर भेलुख्य:टोलका परदेशी-भीमसेन[५७] दोलखाका भीमेश्वर (दोलखा भीमसेन) आदि खुला आकाशको छाना मन पराउने देवताहरूलाई झल्झली संझाइरहेको छ । शैव तन्त्रको दार्शनिक संसारमा कालभैरव, भीमसेन, आकाशभैरव, विश्वनाथभैरव, मसानभैरवको साधना गरी स्थापना गरिएका मसानहरू आदि आकाशतत्त्वको कमले पुजिने एउटै देवताका अनेक नाम हुन् भनी जान्न सकिन्छ ।[५८] यतावाट पनि गुण्डुका कालभैरवको प्राचीनता र महत्त्व बोध हुन्छ ।

क्षेत्री, दमाई र *किसिजु* लगायतका थरका नेवारहरूले यस कालभैरवस्थानमा वर्षको एकपल्ट मंसीर महिनामा बत्ती वालेर पूजा गर्ने चलन रहेको देखिन्छ । विशेषगरी स्थानीय नेवारहरूमा विहे, व्रतवन्ध गुठी आदि जस्ता सामाजिक एवं सांस्कृतिक उत्सवहहरू हुंदा यसै भैरवस्थानमा पूजा गर्ने चलन छ । गाईजात्राका दिनमा यसै भैरवस्थान हुंदै प्रसिद्ध घिन्ताघिसि नाच नाच्दै अनन्तलिङ्गेश्वर प्रदक्षिणा गरी फर्कने चलन पनि छ ।

दुब्ले गणेश

मोटो शरीरमा विशाल भुँडी देखाएर हिँडनै पनि गाह्रो पर्ला जस्तो गणेश दुब्लो भयो भने कस्तो होला ! तर अनन्तलिङ्गेश्वर मन्दिरदेखि पूर्वतिर १५ मिनेट जति हिँडेपछि यस्तै दुर्लभ स्वरूप भएको एउटा 'दुब्ले-गणेश' **(चित्र संख्या ३६)** हाम्रो सामुन्नेमा बाटोको छेउमै देखापर्न आउँछन् । अस्पष्ट आकृतिमा देखापर्ने शारीरिक स्थिति केही लाम्चो र दुब्लो पातलो देखिएकै कारण शायद यहाँको जनजीवनमा यिनी त्यसरी 'दुब्ले गणेश' भनी कहलिएका होलान् ।

---

५७. यी भीमसेन भक्तपुरमा 'दोलखा-भीमसेन' नामले पनि प्रसिद्ध छन् ।

५८. अनाकृत कालभैरवको एउटा दैहिक-दैवीय आकृत-स्वरूप जीवितदेवता नवदुर्गागणका कालभैरवमा पनि दृष्टिगोचर हुन्छ । यहाँ उल्लिखित आकासतत्त्व पंचतत्त्व (पृथ्वी, वायु, तेज, जल, आकास, अग्नि) भित्र पर्छ ।

कालभैरवस्थान इलाकामा झैं दुव्ले गणेश भएको ठाउँ वरपर पनि नेवार-वस्ती छ। नेवारहरू उपत्यकाका आदिवासी हुन्। पुर्ख्यौली अस्तित्वलाई पूर्वकालदेखि नै थाम्दै आएको कुनै पनि नेवार वस्तीले सो ठाउँको प्राचीनतालाई सहजै झल्काएको हुन्छ। यस्ता प्रत्येक नेवार-वस्तीहरूमा **गणेश** पनि विभिन्न स्वरूपमा अपरिहार्य रूपले 'थान गणेश' का रूपमा रहेका हुन्छन्। यस कुराको एउटा उदाहरण यी दुव्ले गणेश पनि हुन्।[५९] गाईजात्राका दिन यहाँका नेवारहरूको सांस्कृतिक जात्रा, उत्सव यही दुव्ले गणेश हुँदै अनन्तलिङ्गेश्वर देवस्थलसम्म पुगेर फर्कन्छ। यस अमूर्त सांस्कृतिक प्रमाणले पनि अनन्तलिङ्गेश्वरभेकको भू-सांस्कृतिक प्रभावक्षेत्र कहाँसम्म फैलिएको रहेछ भन्ने कुरा वुझ्न सकिन्छ।



चित्र संख्या ३६ : दुव्ले गणेश, गुण्डु वडा नं १।

५९. दुव्ले-गणेश वरपर कासुला, चौगुठी आदि थरका नेवारहरूको वस्ती छ। यी दुव्ले-गणेश १० वर्ष अघि चोरी भएर ६ महीनासम्म वेपत्ता पारिएको थियो। पछि फेला परेर पुनः सोही स्थानमा स्थापना गरिएको कुरा स्थानीय वासिन्दा चन्द्र वहादुर कासुलाहरू वताउँछन्।

दुव्ले गणेशस्थान नजिकै एउटा ढुङ्गेधारा छ। सो धारा पशिचमाभिमुख छ। यस धारामाथि चतुर्वाहु विष्णुको उभिएको एउटा प्रस्तरमूर्ति छ। उनको दायाँपट्टि लहरै चारवटा देवताहरू छन् । सो ढुङ्गेधाराको मकरआकृतियुक्त टुटो ज्यादै खिइसकेको छ । त्यसको तलतिर पोटेदेउता (**पोटिको द्यः**) नमस्कार मुद्रामा उभिएका छन्। यिनले धारण गरेको वस्त्र आभूषण सामान्य ढङ्गको छ । अन्यत्रका ढुङ्गेधाराका पोटेदेउताले जस्तो यिनले शंख फुकेका छैनन्। सो ढुङ्गेधारा र पोटेदेउता विष्णु र अन्य चार देवताहरूका तुलनामा पुराना देखिन्छन् । तसर्थ यिनलाई उत्तरप्राचीनकाल र अन्य देवताहरूलाई पूर्वमध्यकालतिरका हुन् भनी अनुमान गर्न सकिन्छ ।

भुवनेश्वरी

दुव्ले गणेशस्थानदेखि केही पर **वाग्ले** थरका व्राम्हणहरूको वस्ती छ। सो वस्ती परिसरमा आधुनिक ढङ्गले वनेको एकतले मन्दिर भुवनेश्वरीको हो । अष्टभुजाले युक्त भुवनेश्वरीसंगै गणेश पनि छन्। स्थानीय वाग्लेहरूका अनुसार वि.सं.२०५७ सालमा सो भुवनेश्वरीको मन्दिर वनेको भए तापनि पूर्वकालदेखि नै उनीहरूले भुवनेश्वरीलाई कुलदेवताका रूपमा मान्दै पुज्दै आएका छन् ।[६०]

संसारीदेवी, गौरादेवी र तारकेश्वर

गुण्डु वडा नं ३ स्थित मूलवाटोमाथिको थुम्कोमा स्थापित केही देवदेवीहरूमा संसारीदेवी, गौरादेवी र तारकेश्वर मुख्य हुन् । स्थानीय वासिन्दाहरूका अनुसार तारकेश्वर महादेवको स्थापना वि.सं.२०४१ सालमा गरिएको भएतापनि संसारीदेवी र गौरादेवी चाहिँ प्राचीन देवीहरू हुन् । व्राम्हण, क्षेत्री, नेवार, दमाई, कामी, तामाङ् आदि सवै जातका वासिन्दाहरूले ती देवदेवीलाई मान्दै पुज्दै आएका छन् ।

गोकुलेश्वर, गोकुलघाट

नदीको संगमस्थलले प्राचीनकालदेखि नै लौकिकजीवनमा धार्मिक-सांस्कृतिक महत्त्व पाउँदै आएको छ । यस कुराको उदाहरण

---

६०. वाग्ले थरका थानीय वासिन्दाहरूका अनुसार सो मन्दिर वन्नुभन्दा अघि त्यस मन्दिरको पछाडि सो कुलदेवता थियो । हालको भुवनेश्वरीको मूर्ति नयाँ हो ।

अनन्तलिङ्गेश्वरभेकको पूर्वी काखमा बसेको प्रसिद्ध तीर्थस्थल महादेवखोला, धोबीखोला र गुण्डुखोलाको त्रिवेणी गोकुलघाटलाई मान्न सकिन्छ । खोला वा नदीका संगमस्थल आसपासमा विकसित हुनपुगेका यस्ता सभ्यता वा बस्ती र यसका आसपासका क्षेत्रहरू पुरातत्त्वका दृष्टिले महत्त्वपूर्ण छन् ।

गोकुलघाटको संगमस्थलमा पहिलेदेखि नै केही प्राचीन कलाकृतिहरू थिए । तर ती कलाकृतिलाई बेलाबखतमा आउने बाढीले बगाएर लगेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । अहिले पनि सो संगमस्थलको किनारमा पाटी र मन्दिरका भग्नावशेष देखापर्छन् ।[६१] यताबाट पनि माथिको कुराको पुष्टि हुन्छ। स्थानीय बासिन्दाहरूका अनुसार त्यहींनेर पहिले एउटा पुरानो शिवलिङ्ग पनि थियो । केही दशक अघि खोलाको भेलले त्यसलाई पनि अङ्गभङ्ग हुने गरी बिगारेको थियो। त्यसको लाम्चो परेको शिवलिङ्ग र तल्लो आसन नै जलहरीबाट विच्छिन्न हुने गरी बगायो । जलहरीलाई केही परसम्म बगाएर अलपत्र छोड्यो । त्यसैले सो जलहरीमा पुनः नयाँ शिवलिङ्ग हालेर त्यसलाई भेलले क्षति पुऱ्याउन नसक्ने गरी केही परको सुरक्षित ठाउँमा वृत्ताकार ढुङ्गे आसनमाथि **(चित्र संख्या ३७)** राखिएको छ। स्थानीय जनजीवनमा सो शिवलिङ्ग 'गोकुलेश्वर' भनी प्रसिद्ध छ । स्वस्थानी माहात्म्यमा पनि त्यस गोकुलेश्वरको वर्णन परेको छ । शैली लक्षणका दृष्टिले यसलाई शुण्डाकार शिवलिङ्गको श्रेणीमा राख्न सकिन्छ ।[६२]

---

६१. गुण्डु वडा नं ४ निवासी श्री वीरे धौबञ्जारहरूले ती भग्नावशेषहरू देखाईदिनुभएको हो।

६२. शताब्दीयौंदेखिको घामपानी, हावाहुरी, खोलाको भेलले हान्ने मारले सो जलहरी खिइसकेको छ । यसले त्यसको प्राचीनता बोध हुन्छ । यस जलहरीको कुँदाईको शैली सुण्डाकार शिवलिङ्गमा पाइने जलहरीको शैलीसित मेल खान्छ । विचारणीय कुरा के छ भने शुण्डाकार शिवलिङ्गहरू प्रायः उपत्यकाका मूलनगरबस्तीभन्दा बाहिरका ठाउँमा बढ्ता पाइएका छन्। यस्ता शिवलिङ्गहरू जलहरीले जमिन छुनपुगेर आसन नै जमीनमा धस्ने अवस्थामा पुगेका छन् । मृगस्थलीको किरातेश्वर महादेव, राजेश्वरीघाट र कैलाश लगायत भक्तपुर भेलुखेलटोल र च्यामासिंहटोलका यस्ता शुण्डाकार शिवलिङ्गहरू उदाहरणस्वरूप छन्। जलहरीको अवस्थिति-शैली उस्तै भएतापनि केही शिवलिङ्गहरू हात्तीको सूँडजस्तो नभएर साँढेको जुरोजस्तो बुच्चो परेको पनि पाइएका छन् । वाङ्देलले (**प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** पूर्ववत्, चित्र नं.५८) मृगस्थलीको किरातेश्वर महादेवलाई ईसवीको पाँचौ शताब्दीको मानेका छन्। तर यो मात्र नभएर यस्ता शैलीका शिवलिङ्गहरू ईसवी संवत् आरम्भ हुनुभन्दा अघिका अर्थात् किरातकालतिरका हुन् भन्ने मलाई लागेको छ। यस विषयमा छुट्टै अध्ययन अनुसन्धान हुनु जरूरी छ।



चित्र संख्या : ३७ गोकुलेश्वर ।

भक्तपुरको विस्केटजात्राको लिङ्गो ढाल्ने दिनमा (वैशाख १ गते) स्थानीय बासिन्दाहरूबाट गोकुलेश्वरको त्रिवेणीघाट (गोकुलघाट) मा गई तीर्थस्नान र दर्शनपूजन गर्ने चलन छ। त्यस्तै दधिकोट वडा नं ३ मा रहेको प्रसिद्ध चरखण्डेश्वर (चरखण्डी)[६३] कै शिरको रूपमा पनि यसले स्थानीय लौकिकजीवनमा मान्यता पाउँदै आएको छ। यस दृष्टिले पनि अनन्तलिङ्गेश्वरभेकको भू-सांस्कृतिक सान्निध्यता र प्रभावक्षेत्रबारे थाहा पाइन्छ ।

डोलेश्वर महादेवमन्दिर (चित्र संख्या ३८) सिपाडोल

अनन्तलिङ्गेश्वरको पूर्वी भेकको एउटा प्रसिद्ध स्थल सिपाडोल पनि हो। गुण्डुदेखि पूर्वको डाँडो काटेपछि यो गाउँ आउँछ। डोलबस्ती भएको हुँदा 'सिपाडोल' नाम रही आएको यो रमणीय गाउँ प्राकृतिक दृष्टिले मात्र नभएर ऐतिहासिक, धार्मिक-सांस्कृतिक सम्पदाका दृष्टिले समेत उल्लेखनीय छ। अनन्तलिङ्गेश्वरको तुलनामा डोलेश्वर शिवलिङ्ग लाम्चो र ठूलो छ।

डोलेश्वर महादेवमन्दिर गुम्वजशैलीमा छ। यो मन्दिर विमला' र 'तमसा' (धनाखोला) नामका दुई खोलाको संगमस्थलमा अवस्थित

६३. यसको चर्चा तल आउँदैछ।



चित्र संख्या : ३८ डोलेश्वर महादेवमन्दिर ।

वि.सं.१९९० सालको महाभूकम्पअघिसम्म यो छानेशैलीमा वनेको तीनतले मन्दिर थियो । सो मन्दिर भक्तपुरका राजा जगज्योर्तिमल्लले ने.सं.७५२ मा वनाइदिएका थिए । त्यसको ७५ वर्षपछि ने.सं.८२८ मा भूपतीन्द्र मल्लले यसको जीर्णोद्धार गरेका थिए । यतावाट यस देवस्थलले उत्तरमल्लकालसम्म पनि राजकीय संरक्षण, सँभार र सम्मान पाउँदै आएको थियो भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । तर मल्लकालपछि त्यस्तो स्थिति रहेन । वेलावखतमा हुनुपर्ने जीर्णोद्धार, सँभार नपाउँदा जीर्ण हुँदै गएको सो मन्दिरलाई महाभूकम्पले पूरै भत्कायो । त्यसपछि मानव अतिक्रमण र चोरी आदि अनेक कारणले त्यहाँ वचेखुचेका अवशेषहरू पनि हराए । जगज्योर्तिमल्ल र भूपतीन्द्र मल्लले राखेका स्वर्णगजूरहरू समेत वेपत्ता भइसकेका छन । डोलेश्वरको दुरावस्थालाई उनका एक भक्त भक्तपुर गोलमढीटोलका विष्णुदास श्रेष्ठले (विष्णुदास साहु) हेर्न नसकी केही दशकअघि जीर्णोद्धार गरेपछि त्यसरी गुम्वजशैलीमा यो मन्दिर देखापरेको हो । यिनले डोलेश्वर महादेवको दर्शन गर्न जाने भक्तजनहरूका लागि र सो क्षेत्र वरपरका वासिन्दाहरूका लागि समेत आवतजावत गर्नाका लागि त्यस क्षेत्रमा एउटा पुल नै वनाइदिएका थिए । त्यसवखत सो पुल-प्रतिष्ठा (उद्‌धाटन) कर्म गराउने उनकै पुरोहित मेरा मित्र विनोदराज शर्माका पिता रत्नराज शर्मा हुन् । यो पंक्ति लेख्दासम्म करीव ८८/८९ वर्ष पुगिसकेका यी धर्मात्मा र लोकोपकारी वयोवृद्ध विष्णुदास जीवित र स्वस्थ नै छन् ।

प्रस्तुत चित्रमा वायाँपट्टि **डोलेश्वर मान्दिर** र दायाँपट्टिको **नारायणमन्दिर** हो । ती मन्दिरका पछाडिपट्टि पुरानो सत्तल/पाटीको ठाउँमा आधुनिक शैलीमा खडा हुनपुगेको दुईतले नयाँ भवन पनि देखापर्छ ।

छ।[६४] डोलवस्तीमा वसेका हुँदा यिनी 'डोलेश्वर' नामले प्रसिद्ध छन्। यो देवस्थलदेखि पूर्व दिशाको सांगामा विकटेश्वर महादेव छन्। यसैगरी ईशानकोणतिर आशापुरेश्वर महादेव, पश्चिममा अनन्तलिङ्गेश्वर र सूर्यविनायक, उत्तरमा तलेजुदेवी[६५] र दक्षिणमा वाघभैरव छन्। चौंसट्ठी शिवलिङ्गको समूहमा डोलेश्वर महादेव पनि पर्छन्। यिनको शिवलिङ्ग प्राकृतिक रूपको छ। सो शिवलिङ्ग भूमिलाई फटाएर प्रकट भएको वर्णन **नेपालमहात्म्य** (अध्याय ५, श्लोक ७१) मा परेको छ। यसले पनि स्वयम्भूलिङ्गको मान्यतालाई दर्शाएको छ। भौगोलिक दृष्टिले यस वस्तीको शिरैमा डोलेश्वर महादेव वसेका छन्। यस आधारमा पनि उनी सो क्षेत्रका अधिपतिदेव नै हुन् भन्ने कुरा वुभिन्छ। नेवार धार्मिकजीवनमा यिनी 'सिपाह्व(रे) महाद्यः' (सिपाडोलका महादेव) नामले प्रसिद्ध छन्।[६६]

---

६४. ती खोलाहरू कमशः 'विमल गंगा' र 'शिमला गंगा' नामले पनि प्रसिद्ध छन्। **हिमवत्खण्ड**को 'विमलेश्वर महात्म्य'मा (२०१३,अध्याय १२९) सो संगमस्थललाई 'विमलोदक गंगा' (विमलोदक तीर्थ) भनिएको छ। जुन डाँडोको काखमा डोलेश्वर महादेव वसेका छन्, त्यो डाँडो **नेपाल महात्म्य**का अनुसार 'निकुञ्ज पर्वत' हो। कान्तिपुरका तत्कालीन राजा प्रतापमल्लले रानीपोखरी वनाएपछि त्यसमा अनेक तीर्थस्थलका जल ल्याई राख्न लगाएका थिए। सोही कममा यसै तीर्थस्थलको पनि जल लगी रानीपोखरीमा हाल्न लगाएका थिए। यो कुरा उनको रानीपोखरीको ने.सं. ७९०को अभिलेखवाट थाहा पाइन्छ।

६५. सिपाडोलमा पनि **तलेजुदेवी** छिन्। डोलेश्वर महादेवमन्दिरदेखि केही पर उत्तरमा उनी स्थित छिन्। स्थलगत अन्वेषणमा देखिन आएको यो नौलो कुरा ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ। यस विषयमा छुट्टै अध्ययन अनुसन्धान हुनु जरूरी छ।

६६. नदीका संगमस्थललाई नेवारीमा 'खोंह्व' भनिन्छ। 'खोंह्व' ले हनुमानघाटलाई विशेष सम्झाएतापनि त्यो मात्र खोंह्व होइन। यस्ता संगमस्थलमा दुवैतिरवाट वगेर आएका खोलाको जलप्रवाहका जोडले दह जस्तै खाडल वनेको हुन्छ। त्यस्तो खाडललाई नेवारीमा 'खों' भनिन्छ। अनि दह जस्तै देखिने परिधिलाई 'ह्व' भनिन्छ। ह्रद कै नेवारी रूप 'ह्व' हो। यतावाट यस्तै संगमस्थलमा वसेको महादेव हुंदा यिनी 'सिपाह्व महाद्यः' भनी प्रसिद्ध भएका हुन्। 'सिपाह्व' कै जनजीवनमा प्रचलित रूप 'सिपार'/'सिपारे' पनि हो। भक्तपुरको हनूमान्घाटस्थित *वीरा* र *भद्रा* नामका नदीको संगमस्थलवाट पूर्वतिर मसानछेउ वा मुनि तलाउ जस्तो पानी जमेको देखिने भाग **खोंह्व** को राम्रो उदाहरण हो। प्रतीकात्मक दृष्टिले विमल गंगा **शिव** हुन् भने शिमल गंगा **पार्वती** हुन् भनी मान्न सकिन्छ। शिव र पार्वतीको संगमले वनेको तीर्थ हुँदा शिवको 'सि' र पार्वतीको 'पा' मिलेर वनेको 'ह्व' हुँदा नेवार धार्मिक जीवनमा त्यसरी 'सिपाह्व' हुन गएको दृष्टिगोचर हुन्छ। सिपाडोल वस्तीको नामकरण यसै आधारमा भएको कुरा पनि यहाँनिर द्रष्टव्य छ।

यिनको एउटा अर्को नाम 'विमलेश्वर' पनि रहेको छ। पूर्व जन्मको पापले शिर हल्लने रोग लागेका 'विमल' नाम भएका ब्राम्हणले यसै विमलोदक तीर्थको जलले शिवलिङ्गलाई स्नान गराई पूजा गरेको हुँदा यी महादेव र सो नदीको संगमस्थल उनै ब्राम्हणको नामले त्यसरी 'विमलेश्वर' र 'विमलोदक तीर्थ' भनी प्रख्यात भएको वर्णन **हिमवत्खण्डमा** परेको छ।[६७] भक्तहरूलाई अभयदान दिने र शिरकम्पको रोग निको पारीदिने देवताका रूपमा यिनले लोकको विश्वास जितेका छन्। त्यसैगरी कार्तिक महिनामा विमलोदक तीर्थमा स्नान गरी यिनको दर्शन गरेमा कैलाशमा बास पाइन्छ भन्ने लोकविश्वास पनि छ। यस कुराको चर्चा **हिमवत्खण्ड/नेपालमहात्म्यमा** पनि परेको छ।

चित्र संख्या ३९ : डोलेश्वर शिवलिङ्ग।
लम्वाई : १ मिटर, गोलाई : २ मिटर १४ से.मि.

डोलेश्वर महादेवको स्वयम्भूलिङ्ग इशानकोणतिर ढल्केको छ। सो अजङ्गको शिवलिङ्ग दुईवटा विशाल जलहरीका आसनमाथि खडा छन्। चारपाते जलहरीमाथि वृत्ताकार जलहरि खप्टिएको छ।

---

६७. **हिमवत्खण्ड** अध्याय -१२९, श्लोक ४-२१।

'चौंसठ्ठी शिवलिङ्ग' को समूहमा पर्ने सबैजसो शिवलिङ्गहरू 'स्वयम्भूलिङ्ग' को शैली स्वरूपमै देखापर्छन् । यस्तो शैलीका शिवलिङ्गहरू ठाडो नभएर केही ढल्केको अवस्थामा पाइएका छन् । यस बारेमा माथि पनि चर्चा भइसकेको छ । स्वयम्भूलिङ्गमा देखापर्ने एउटा विशेषता यो पनि हो । मृगस्थलीका किरातेश्वर महादेव, सांगाका विकटेश्वर महादेव, सोमलिङ्गटारका सोमलिङ्गेश्वर महादेव, भक्तपुर नासमनाटोलका मङ्गलेश्वर महादेव, भक्तपुर चुपिंघाटदेखि दक्षिणपूर्वमा पर्ने 'काँल्हाँचा' (उत्तरवाहिनी नदी) को किनारमा स्थित चम्पकेश्वर महादेव, अनन्तलिङ्गेश्वर महादेव र यिनै डोलेश्वर महादेव **(चित्र संख्या ३८)** उदाहरणस्वरूप छन् । यस्ता स्वयम्भूलिङ्गहरू कृत्रिम रूपले ठाडो गरी राखिएका चिप्ला शिवलिङ्गहरूभन्दा पहिलेका (लिच्छविकालभन्दा पनि अघिका) हुन् भनी अनुमान गर्न सकिन्छ ।

डोलेश्वर महादेवमन्दिरको मूलद्वार पश्चिमाभिमुख छ । सो मूलद्वारको दायाँ बायाँ क्रमशः चतुर्बाहु गणेश र कुमारका प्रस्तरमूर्ति छन् । ती मूर्तिमाथि दुईवटा शिलापत्र छन् । ती शिलापत्रका कुरा एउटै विषयसित सम्बद्ध छन् । सो कुराको आरम्भ दायाँपट्टिको शिलापत्रबाट भएर बायाँपट्टिको शिलापत्रमा टुङ्गिएको छ । ने.सं.७५२ (वि.सं.१६८९) मा तत्कालीन भक्तपुर राज्यका राजा जगज्योर्तिमल्लदेवले गजूरसहितको मन्दिर बनाउन लगाई डोलेश्वर महादेवलाई अर्पण गरेका थिए । यो कुरा ती शिलापत्रबाट थाहा पाइन्छ ।[६८]

भक्तपुरका एक प्रसिद्ध राजा भूपतीन्द्र मल्ल पनि हुन् । उनले ने.सं.८२८ (१७६५) मा राख्न लगाएको एउटा शिलापत्र यसै मन्दिरको दक्षिणपट्टिको भित्तामा छ ।[६९] जगज्योर्तिमल्लले मन्दिर बनाएको ७६ वर्षपछि उनले स्वर्ण गजूरसमेत राखी सो मन्दिरको जीर्णोद्धार गराएका थिए । त्यहाँ रहेका धारा, चौर, डबली आदि पनि जीर्णोद्धार गराएका थिए । यो कुरा सो शिलापत्रबाट थाहा पाइन्छ । देवस्थलका कलाकृतिहरू भत्केबिग्रेमा पछिका 'टीकाधारी' राजाहरूले जीर्णोद्धार गर्नुपर्छ भन्ने कुरा पनि उनले त्यस शिलापत्रमा कुँदाउन लगाएका थिए । महादेवको दर्शनपूजन लगायत भजनकीर्तन गर्न पनि सजिलो होस् भन्नाका लागि उनले साह्रै सुन्दर स्तोत्रपाठ पनि रचेर सो शिलापत्रमा कुँदाउन लगाएका छन् ।[७०]

६८. परिशिष्ट, ३ संख्याको अभिलेख ।
६९. परिशिष्ट, ७ संख्याको अभिलेख ।
७०. परिशिष्ट, ७ संख्याको अभिलेखका १४-२१ पंक्तिहरू ।

डोलेश्वर महादेवमन्दिरको उत्तरपट्टि एउटा दक्षिणाभिमुख ढुङ्गेधारा **(चित्र संख्या ४०)** छ । त्यसले पनि देवस्थलको शोभा वढाएको छ । भगीरथको मूर्ति ढुङ्गेधाराको टुटो मुनिको भागमा मात्र रहनुपर्ने हो । तर यहाँ सो ढुङ्गेधारामाथिको पेटीमा पनि भगीरथ (पोटिको द्यः) छन् ।[७१] त्यस मूर्तिको दायाँवायाँ गोपिकृष्णका वनविहारका दृश्य दर्शाउने सुन्दर मूर्ति छन् । यसै लहरको दायाँ-वायाँ शिवलिङ्ग छन् । सो ढुङ्गेधाराको पेटीमाथिको भित्ताको वायाँपट्टि ने.सं. ८५६ को एउटा शिलापत्र छ ।[७२] सो शिलापत्रसंगै अष्टवाहु महाविष्णुको एउटा खण्डित मूर्ति छ । सो मूर्तिसंगै एउटा वसाहाको मूर्ति



चित्र संख्या ४० : दक्षिणाभिमुख ढुङ्गेधारा ।

भूपतीन्द्र मल्लको ने.सं.८२८ को अभिलेखमा ढुङ्गेधारा मरम्मत गरेको कुरा पनि परेकोले यो धारो त्यसअघि नै त्यहाँ थियो भन्ने कुरा वुझिन्छ ।

दक्षिणाभिमुख ढुङ्गेधारालाई पितृकार्यको प्रयोजनका लागि मात्र प्रयोग गर्ने चलन र मान्यना छ । शिवजीको नित्य स्नान पूजापाठ आदि तथा सर्वसाधारण जनताले पनि नित्य स्नान, पाठपूजा लगायत सो परिसरमा श्राद्धादि कर्म गर्दा समान रूपले यसको प्रयोग हुने गरेको पाइन्छ । यस दृष्टिले अन्य दक्षिणाभिमुख ढुङ्गेधाराहरूका तुलनामा यो धाराको केही वेग्लै महत्त्व रहेको देखिन्छ ।

---

७१. यतावाट त्यहाँ अर्को ढुङ्गेधारा पनि छ भन्ने संकेत यसले दिएको छ ।

७२. परिशिष्ट १० संख्याको अभिलेख

पनि छ । यिनको टाउको काटिएको छ । त्यसैगरी दायाँपट्टि ने.सं.९०३ (वि.सं.१८४०)[७३] र ९३० (वि.सं.१८६७)[७४] का दुईवटा शिलापत्रहरू (पूर्वाभिमुख) छन् । वि.सं. २०१० सालसम्म डोलेश्वर महादेवमन्दिरको उत्तर दक्षिण र पूर्वपट्टि लामा पाटीहरू थिए ।[७५] तीमध्ये एउटा पाटी ने.सं.८५६ मा, दोस्रो पाटी ने.सं.९०३मा र तेश्रो पाटी ने.सं.९३० मा डोलेश्वर महादेवप्रति भक्ति राख्ने भक्तपुर नगरका जनसाधारणहरूले वनाउन लगाएका थिए भन्ने कुरा उक्त शिलापत्रका आधारमा थाहा पाइन्छ ।

डोलेश्वर महादेवमन्दिरको दक्षिणपट्टि एउटा ठूलो ढुङ्गे त्रिशूल ठड्याइएको छ । **(चित्र संख्या ४१)** सो त्रिशूल ने.सं.८५९ (वि.सं.१७९६) मा तत्कालीन स्वतन्त्र राज्य भक्तपुरका एक भारदार 'मनदोल सिंह भारो' ले ठड्याउन लगाएका हुन् । यो कुरा सोही त्रिशूलमा उत्कीर्ण अभिलेखवाट जानिन्छ ।[७६] ने.सं. ८५६ मा पाटी वनाइदिने व्यक्ति (मनेदोर सिंग) पनि यिनै मनदोल सिंह हुन् ।

महादेवमन्दिरको आग्नेय भागमा गुम्वजशैलीको एउटा रातो मन्दिर छ । पशिचमाभिमुख सो मन्दिर 'नारायणमन्दिर' **(चित्र संख्या ४२)** भनी प्रसिद्ध छ । पहिले यहाँ नारायणको प्रस्तरनिर्मित सुन्दर मूर्ति पनि थियो ।[७७] तर अहिले त्यहाँ शिवलिङ्ग मात्र छ । मन्दिरको इशानभागतिर नयाँ शैलीमा पुनर्निर्माण भएको एउटा सानो मन्दिर विमलेश्वरी मन्दिर हो । सो मन्दिरभित्र देखापर्ने अनाकृत प्रस्तरमूर्ति सोही नामले प्रसिद्ध छ ।

मन्दिरको दक्षिणपट्टि उहिले मल्लकालीन शैलीमा वनेको पाटी थियो । सो भत्केपछि त्यहाँ अहिले आधुनिक शैलीको दुईतले भवन उठेको छ । सो भवनको भुईंतलामा हाल साधु-सन्यासीले धुनी जगाउने अगेनुसंगै प्रस्तरनिर्मित गुम्वजशैलीको मन्दिर **(चित्र संख्या ४३)** को नमुना अहिले

---

७३. परिशिष्ट, १४ संख्याको अभिलेख
७४. परिशिष्ट, १६ संख्याको अभिलेख
७५. हाल ती पाटीहरू छैनन् । भरत जङ्गम ('डोलेश्वर महादेव' **खोपृङ**, ०६१, पृष्ठ,४३) का अनुसार ती पाटीहरू वि.सं. २०१० सालसम्म पनि थिए । डोलेश्वर महादेवमन्दिरको दक्षिणपट्टि पुरानो पाटीको अवशेषमा अहिले आधुनिक शैलीमा खडा भएको दुइतले भवन उठिसकेको छ ।
७६. परिशिष्ट ११ संख्याको अभिलेख ।
७७. स्थानीय वासिन्दाहरूका अनुसार सो मूर्ति चोरी भइसकेको छ ।

सजाएर राखेको देख्न सकिन्छ। कलात्मक रूपको सो नमुना-मन्दिरमा महाविष्णुको आकृति कुँदिएको छ। त्यस मन्दिरको दायाँपट्टिको भागमा अभिलेख पनि कुँदिएको छ।[७८] कसले यो बनाएको हो भन्ने कुरा त्यस अभिलेखमा परेको छैन। तर त्यताबाट यो मन्दिर कुनै एक अज्ञात भक्तले बनाउन लगाई ने.सं.८११ (वि.सं.१७४८) आश्विन शुक्ल पूर्णिमाका दिनमा राख्न लगाएको कुरा थाहा पाइन्छ। उठाएर यताउति राख्न मिल्ने हुँदा यो मन्दिर कहिले डोलेश्वर महादेवमन्दिरभित्र पूर्वपट्टि रहेको जानकारी पाइयो[७९]



चित्र संख्या ४१ : ने.सं.८५९ को ढुङ्गे त्रिशूल।
लम्बाई १७२ से.मि., चौडाई : २८ से.मि.।

'ध्व सूना नं सेनकलसा माहादेवया कुदृष्टि' अर्थात् यसलाई कसैले विगारेमा महादेवको कुदृष्टि परोस् भनी यसको छातिमै सो अभिलेख कुँदिएकै कारणले होला, २६८ वर्ष बितिसक्दा पनि यो त्रिशूल ज्यूँका त्यूँ नै खडा छ। सो त्रिशूलको पार्श्वभागमा **विमलादेवी मन्दिर**को एक भाग पनि देखापर्छ।

---

७८. परिशिष्ट ६ संख्याको अभिलेख।

७९. डोलेश्वर महादेवमन्दिरका पूजारीबाट प्राप्त जानकारी।

चित्र संख्या ४२ : नारायणमन्दिर ।

यस मन्दिरभित्रका भगवान् नारायण अब त्यहाँ छैनन् । यिनको मूर्ति चोरी भइसकेको छ । तैपनि लौकिकजीवनले उनको त्यो मन्दिरलाई ***नारायण मन्दिर*** भन्न चाहिँ बिर्सेका छैनन् । अहिले सो मन्दिरभित्रको रित्तोपनलाई शिवलिङ्गको अवस्थितिले बिर्साएर शिवमन्दिर हो भन्ने आभास दिएको छ । एकथरीका विद्वानले यसरी शैवक्षेत्रमा वैष्णव सम्प्रदायको मन्दिर हुनुलाई 'अतिक्रमण' ठानेका छन् । यो अल्पबुद्धिबाट उब्जिएको दृष्टिदोष मात्र हो । किनकि शिवमन्दिर क्षेत्रमा नारायणको मात्र नभएर अन्य देवदेवी पनि हुनु नौलो कुरा होइन । शिव पञ्चायनको दर्शनमा विष्णु, सूर्य, गणेश, देवी र कीर्तिमुख भैरव हुनु अपरिहार्य छ । यसले अतिक्रमण नभएर धार्मिक समन्वय र सांस्कृतिक एकताको लामो ऐतिहासिक परम्परालाई समेत दर्शाएको छ । डोलेश्वर महादेवमन्दिरपरिसरमा पनि नारायण, गणेश, देवी, कीर्तिमुख आदिका मूर्ति भएबाट पनि उक्त कुराको पुष्टि मिल्छ ।



चित्र संख्या ४३ : महाविष्णुको नमुनामन्दिर ।

लम्वाइ : ५० से.मि., चौडाइ : २० से.मि. । समय :ने.सं.८११ ।

यहाँ शिवलिङ्गको दायाँपट्टि देखिने मन्दिर महाविष्णुको नमुनामन्दिर हो । खासगरी यस्ता सूक्ष्म आकारका मन्दिरहरू ढुङ्गेधाराका पेटीहरूमा सजाएर राखेको देख्न सकिन्छ । भक्तपुर राजदरवारस्थित सुनधारा, मालतीचोकभित्रको ढुङ्गेधाराका पेटीमाथि देखापर्ने यस्तै मन्दिरहरू उदाहरणस्वरूप छन् । यतावाट यो मन्दिर पनि पहिले यसै देवस्थलको ढुङ्गेधारामा थियो भन्ने अनुमान हुन्छ ।

चित्र संख्या ४४ : ढुङ्गे टुटो (उत्तरप्राचीनकालीन ?)

लम्वाइ : ३ मि.२ से.मि., चौडाइ : ३४ से.मि.(फेद)/२८ से.मि.(टुप्पो) ।

पर्खाल लगाउन खन्ने क्रममा पुरानो पर्खालको जगखण्डमा यो फेला परेको हो । अनन्तलिङ्गेश्वर, चोपुलि (चवदेश) लगायत अन्यत्रका ढुङ्गे टुटोहरूका तुलनामा यो टुटो लामो र विशाल देखिन्छ ।

चित्र संख्या ४५ : जलहरीको खण्डित भाग ।

केही समयअघि डोलेश्वर महादेवमन्दिर परिसरको मरम्मत-सँभारका क्रममा सो मन्दिरको पूर्वपट्टिको जमीन खन्दा जलहरीको सो खण्डित भाग फेलापरेको कुरा स्थानीय वासिन्दाहरू वताउँछन् । यो अपरिस्कृत एवं अपूर्ण अवस्थाको देखापर्छ । वनाउने क्रममा टुकिएका कारण पनि त्यसो भएको हुनसक्छ । यसको अर्को भाग फेला परेको छैन ।

भने अन्वेषणकै क्रममा मैले यो मन्दिर केही काल अघि नारायणमन्दिरभित्र देखेको थिएँ । यहाँ प्रस्तुत सो नमुना मन्दिरको चित्र पनि त्यसैवेला लिएको हुँ ।

केही समय अघि देवस्थलपरिसरमा पर्खाल लगाउनका लागि खन्ने काम भएको थियो । त्यसरी खन्ने क्रममा उत्तरपूर्वपट्टिको भागमा पुरानो पर्खालको जगखण्डमा ढुङ्गेधाराको एउटा पुरानो टुटो (**चित्र संख्या ४४**) र एउटा खण्डित रूपको जलहरी (**चित्र संख्या ४५**) फेला परेको छ । यसवाट त्यहाँ अर्को पनि ढुङ्गेधारा थियो, शायद शिवलिङ्गमा राख्न सो जलहरी वनाइएको थियो जुन कालक्रमले पुरियो भन्ने कुरा थाहा पाइन्छ ।

डोलेश्वर महादेवमन्दिर परिसरमा सामान्य जीर्णोद्धार सँभारकै क्रममा पनि प्राचीन ढुङ्गे टुटो, पुरानो पर्खालको जग, जलहरी आदि फेला परेका छन् । पुरातत्त्वका दृष्टिले यो कुरा महत्वपूर्ण छ । देवस्थलमाथि ठाडो भीर/डाँडो छ । त्यसैको तलतिर विमलोदक गंगा पनि अनन्तकालदेखि वर्दै आएको छ । यसरी प्राकृतिक कारणले यहाँका कलाकृतिहरू पुरिएका र वगाएका हुन सक्छन् । अतः यस क्षेत्रको पुरातात्त्विक उत्खनन हुन सकेमा प्राचीन इतिहास र संस्कृतिका वारेमा नयाँ कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ ।

अनन्तलिङ्गेश्वरको पश्चिमभेकका कलाकृति

अनन्तलिङ्गेश्वर देवस्थलदेखि पश्चिमतिर **दधिकोट** नामको बस्ती छ । विरूवा, चमरेलडाँडा, गुण्डु, तर्षागाल, कालीटार, पातलेटार, पकांडोल, हाँयडोल, डोल, चरखण्डीडोल, कोंडोल, गाम्चा/मूलदधिकोट, खुकुंडोल, च्यासिगा, किसिगाउँ, किवाचोक, इडोल, चकंखुडोल, हिन्चोकभैरव, चोपुलि (चवदेश), दक्षिणवाराही आदि यस भेकका केही उल्लेख्य स्थान/बस्तीहरू **(चित्र संख्या ४६)** हुन् ।

पूर्वमा रानीकोट, दक्षिणमा विशंखुकोट, दक्षिण-पश्चिममा ज्यामिरकोट, पश्चिममा बालकोट, र उत्तरपूर्वमा कटुन्जेकोट, सूर्यविनायकवनका कोट आदि अनेक नामका 'कोट' हरूका माझमा 'मूलकोट' को रूपमा दधिकोट बसेको छ । पुरातत्त्वका दृष्टिले यो कुरा महत्वपूर्ण मान्न सकिन्छ । यताबाट सुरक्षात्मक वास्तु परम्परा अनुरूप बसालिएको एक प्राचीन गढबस्ती' दधिकोट थियो भन्ने कुरा दृष्टिगोचर हुन्छ । चित्ताकर्षक समस्थलीय भूभागका उर्वरा फाँटहरूलाई पूर्वको गुण्डुगाउँदेखि बग्दै आउने महादेवखोला, बूढीगण्डकी र राजकुलोले थप सिञ्चित पार्दै हराभरा राख्ने हुँदा पनि यहाँको बस्ती आबाद हुन पुगेको विदित हुन्छ । पूर्वमा गुण्डु, दक्षिण-पूर्वमा तर्षागाल, दक्षिणमा कालीटार, दक्षिण- पश्चिममा लुभु, पश्चिममा सोमलिङ्गटार, उत्तरमा हिन्चोक तथा उत्तरपूर्वमा शिकारीटार आदि मूल-दधिकोट सेरोफेरोका बस्ती हुन् । यसलाई ऐतिहासिक-भूगोलका दृष्टिले महत्वपूर्ण मान्न सकिन्छ । गुण्डुगाउँमा जस्तै यहाँ पनि ब्राम्हण,क्षेत्री,नेवार, तामाङ, दमाई आदि अनेक जातिहरूको वसोवास रहेको देखिन्छ । विशेषगरी परम्परागत नेवार बस्ती दधिकोटका प्राय:सवै स्थानमा वसेको देखिन्छ । यस्ता केही उल्लेख्य नेवार बस्तीहरूमा मूल दधिकोट,दधिकोट(४) गाम्चा, पकांडोल, शिकारीटार, हिंचोक, दक्षिणवाराही, चोपुलि (चित्रपुर), हायँडोल, खुकुण्डोल, तर्षागाल आदि हुन् ।[८०]

अहिलेको दधिकोटको पुरानो नाम 'डडिकोट' हो । भूमिसम्बन्धी पुराना तमसुक-पत्रहरूमा यही नाम उल्लेख भएको तर 'डडि'ले के अर्थ जनाउँछ, त्यो थाहा नभएपछि 'दधिकोट' नाम पछि चलनचल्तीमा ल्याइएको

---

८०. यी बस्तीहरूमा समग्रमा राजथला, श्रेष्ठ, लुंवन्जार, पाकले, मानन्धर, धौवजी, वागश्रेष्ठ, माकश्रेष्ठ, राजपुतुवार, प्रजापति प्याकु, अवाल, साँयश्रेष्ठ, हाकुजुश्रेष्ठ, शङ्खदेव (प्रजापति), कुसले(जुगि), ग्वला आदि थरका रैथाने नेवारहरू छन् ।



चित्र संख्या ४६ : अनन्तलिङ्गेश्वरको कैलासबाट देखिने पश्चिमीभेकका केही उल्लेख्य स्थान ।

१. मूल दधिकोट २. चरखण्डीडोल ३. कोंडोल ४.पकांडोल ५. हाँयडोल ६. डोल ७. चोपुलि (चित्रपुर) ८. खुकुंडोल ९. गाम्चा १०. शिकारीटार ११. घट्टेराटोल १२. खड्काटोल १३. थापागाउँ १४. हिंचोक १५. दक्षिणवाराही १६. मध्यपुर(थिमि) १७. कटुञ्जे १८. किवाचोक १९. किसिगाउँ २०. राउतगाउँ २१. पिशाचेश्वर (विश्वेश्वर) २२. शिकारीटार-फाँट २३. तर्षागाल २४. तर्षागाल-फाँट २५.पकांडोल-फाँट २६. दधिकोट-फाँट २७. साल्मीपाटी २८. गाम्चा-फाँट २९. चोपु-फाँट ३०. बालकोट ३१. इडोल ३२. चकंखुडोल ३३. च्यासिगा ।

----- राजकुलो == महादेवखोला → हनूमन्तेखोला

कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।[८१] नेवारी जनजिब्रोमा 'त' वर्गको अक्षरलाई 'ट' वर्गमा उच्चारण गर्ने प्रचलन अनुसार उक्त दधिकोट 'डडिकोट' भएको आशङ्का गर्न सकिन्छ ।

पञ्चकन्या

अनन्तलिङ्गेश्वर स्थानबाट पश्चिमतर्फको ढुङ्गे सिंढी ओर्लेपछि जंगमबस्ती छिचोल्दै पुगिने ठाउँ 'पन्तेपाखा' हो । यहाँ गोरेटोबाटोको उत्तरपट्टि भिरालो परेको भागको साँघुरो कापमा विशाल ढुङ्गा छ । त्यो ढुङ्गा प्राकृतिक रूपमै खण्ड-खण्ड परेको छ । ति नै खण्डित भागलाई 'पञ्चकन्या' (चित्र संख्या ४७)

---

८१. दधिकोटका स्थानीय बासिन्दा, वरिष्ठ पत्रकार भैरव रिसालबाट प्राप्त जानकारी ।

भनिएको पाइन्छ ।[८२] नेपाल-उपत्यकामा पञ्चकन्याको प्रचार एवं लोकप्रियता उत्तरप्राचीनकालतिर भइसकेको अनुमान यस आधारमा पनि गर्न सकिन्छ । अनन्तलिङ्गेश्वर महादेवको दर्शनपूजनपछि यहाँ आई पूजा गर्ने चलन छ ।

राधाकृष्णमन्दिर, तर्षागाल

पन्तेपाखाबाट पञ्चकन्या हुँदै तल झरेपछि 'तर्षागाल' भन्ने ठाउँमा पुगिन्छ । अनन्तवनको फेदैमा रहेको समथल भूभागमा यो वस्ती वसेको छ । यहाँ राधाकृष्णको मन्दिर छ । वि.सं.१९३० मा पद्मकुमारी नाम गरेकी एक धर्मशील नारीले आफ्ना पतिको स्वर्गवास भएपछि कुलको उद्धारका लागि राधाकृष्ण, राधाकृष्ण वाणलिङ्गको स्थापना गरी देवल वनाई प्रतिष्ठा गरेकी थिइन् । यो कुरा सोही मन्दिरको दायाँपट्टि रहेका दुईवटा अभिलेखका आधारमा थाहा पाइन्छ ।[८३]

---

८२. ***अहिल्या,द्रौपदी,तारा,कुन्ती र मन्दोदरी*** यी आमा वनिसकेका पाँच नारीहरू 'पञ्चकन्या' भनी प्रसिद्ध छन् । त्यसैगरी कश्यपपत्नी ताम्राले जन्म दिएका पाँचकन्याहरूको अर्को एउटा समूह पनि 'पञ्चकन्या' भनी प्रसिद्ध छन् । तीमध्ये १.**क्रौञ्चीले** उल्लुहरूलाई जन्म दिइन् २. **भासीले** भास नाम गरेका पंछीहरूलाई जन्माईन् ३. **श्येनीले** परम तेजस्वी वाज र गिद्धहरूलाई जन्माईन् ४. **धृतराष्ट्रीले** सवै प्रकारका हंस र कलहंसहरूलाई जन्माईन् ५. **शुकीले** नता नामक कन्यालाई जन्म दिइन् भन्ने रोचक वर्णन वाल्मिकी रामायणको **अरण्यकाण्डमा** परेको छ । (साभार : जोशी **अभिनव संस्कृति कोष**, (ललितपुर : जोशी रिसर्च इन्सटिच्यूट, २०५८, पृष्ठ १४८)

८३. ***राधाकृष्ण मन्दिरको दायाँपट्टिको भित्ताको अभिलेखाशं***
'१ श्री पशुपति २ श्रीगुह्यकाल्यै ३ कंकेश्वर्यैनटदेव्यै ४ श्रीराधाकृष्ण वाणलिङ्ग ५ श्री ५ सर्कार ६ श्री ३ महाराज श्रीगणेशायनम ॥ स्वस्तिश्री १८०० शाके चैत्रशुक्ल पौर्णमास्यां रविवासरे नेपालदेशे थिमिनामग्रामस्थिते ...सर्दार पदवाच्या यगुमानसिंह पन्यूधोपन्यमकायक्षत्रियाय श्रीमन्महाराज सर्वकर्म करकृत्वा भुसिंदभव तत यगुमानसिंहस्तस्याभूमेर्भागङ्ग त्वाया मरण(?)समय व्राम्हणयैक भाग मृददौ अथ चममार ततो गुमानसिंहस्य भार्या पद्मकुमार्यया १७९५ साके तस्योर्मिव नृपति दत्तायां भूमौ श्रीराधाकृष्णस्य वाणलिङ्गस्य च स्थापनं......'
सोही भित्तामा रहेको अर्को अभिलेखाशं
'श्रीगणेशायनमः ॥ श्रीकृष्णायनमः ॥ ...... श्री गुमानसिंपन्त नाम भयाका दुइ कुलको उद्धार गर्न सक्न्या श्री पद्मकुमारीदेवी थिइन् । आफ्ना खसमका स्वर्गवास भयापछि पाहुनाको व्राम्हणको देवताको आराधना गरिरह्याकी निजले दुइ कुलको उद्धार गर्ना निमित्त श्रीअनन्तलिङ्गेश्वरनेर तर्षागाल भन्याका गाउँका वीचमा श्री राधाकृष्णजीको स्थापना गरी देवल वनाइ संवत १९३० साल मिति मार्ग शुदि द्वादशी सनैश्चरवारमा प्रतीष्ठा गरिन् ...'

राधाकृष्ण मन्दिरको पुर्ननिर्माण वि.सं.२०५३ सालमा भएको थियो । त्यस मन्दिरको मूलस्थानमा मुरलीधर कृष्ण र राधाको युगलमूर्ति (**चित्र संख्या४८**) छ ।[८४] सो मूर्तिसंगै दायाँपट्टि फुस्रे ढुङ्गाको एउटा सूक्ष्म मूर्ति (पाँच अंगुल लम्वाइ र चार अंगुल चौडाइ) पनि छ । यसलाई 'गोपिनी' पनि भन्ने गरेको वुझिन्छ । तर यस मूर्तिकी देवीले वीणा धारण गरेकी हुँदा यी सरस्वती हुन् भनी मान्न सकिन्छ ।

पिशाचेश्वर महादेव (विश्वरूपेश्वर/विश्वेश्वर)

राधाकृष्णमन्दिरवाट पशिचमतिर, तर्षागालफाँटको राजकुलो हुँदै अघि वढेपछि खेतको माझमा एउटा शिवलिङ्ग देखा पर्न आउँछ । उनी 'पिशाचेश्वर' (**चित्र संख्या ४९**) भनी प्रसिद्ध छन् । उनको सामुन्ने वसाहा (**चित्र संख्या ५०**) पनि छ । यहाँ एउटा ढिस्को पनि छ । खेतहरूका माझमा देखापर्ने यस्तो ढिस्कोलाई 'भूते ढिकुर' (भुलाँ) भन्ने चलन छ । यस्तो ढिस्कोमा भूतप्रेत, पिशाच, नाग आदिले वास गरेका हुन्छन् भन्ने लौकिक मान्यता छ । सोही अनुरूप यस्तो ढिस्कोलाई पवित्र मानी त्यहाँ फोहर गर्न, वाली लाउन र फलाम आदिले खन्ने चलन पनि छैन । भूतप्रेतका लागि छाडिने खुला र स्वतन्त्र भाग यो हो । भूतप्रेत, पिशाच आदिका अधिपतिदेव पनि महादेव नै हुन् । यतावाट त्यहाँ शिवलिङ्ग र वसाहा रहनुको औचित्य पनि खुल्न आउँछ । अनि सोही अनुरूप उनी पिशाचेश्वर कहलिएका हुन् भन्ने कुराको नजिक पुगिन्छ ।

पिशाचेश्वर महादेव 'विश्वेश्वर' (विश्वरूपेश्वर) नामले पनि प्रसिद्ध छन्। यो कुरा विचारणीय छ। **हिमवत्खण्डमा** क्रमैसङ्ग विमलेश्वर, अनन्तलिङ्गेश्वर र त्यसपछि विश्वरूपेश्वर (विश्वेश्वर) को उल्लेख आएको छ।[८५] सिपाडोलदेखि

---

८४. स्थानीय वासिन्दाहरूका अनुसार मन्दिर पुनर्निर्माणकै क्रममा राधाकृष्णको सो नयाँ मूर्ति राखिएको हो। अभिलेखमा उल्लेखित पुरानो राधाकृष्ण र वाणलिङ्ग कहाँ छ भन्ने कुनै अत्तोपत्तो छैन ।

८५. **हिमवत्खण्ड**, अध्याय १२९,१३०,१३१ ।
अनन्तलिङ्गेश्वरभेकको एउटा प्रसिद्ध नदी वूढी-गण्डकी (वृद्ध गंगा) को चर्चा माथि पनि गरेको छ । वृद्ध गंगाको उल्लेख विश्वरूपेश्वरका प्रसङ्गमा **हिमवत्खण्डमा** (अध्याय १३१) पनि आएको छ। यसै गंगाको जलमा स्नान गरी विश्वेश्वर लिङ्गको भक्तिपूर्वक पूजा गर्ने कुरा त्यसमा परेको छ ।

तर्षागालसम्मका उल्लेख्य शिवलिङ्गहरूमा पनि क्रमशः विमलेश्वर र अनन्तलिङ्गेश्वरपछि यिनै देखिन आएका छन्। यसबाट **हिमवत्खण्ड**मा उल्लेखित 'विश्वरूपेश्वर' (विश्वेश्वर) तर्षागालका पिशाचेश्वर नै हुन् भन्ने कुरा थाहा पाइन्छ । साथै यस आधारमा पनि यो शिवलिङ्ग प्राचीन रहेछ भन्ने कुरा दृष्टिगोचर हुन्छ ।[८६]

पिशाचेश्वर महादेव 'विश्वेश्वर' (विश्वरूपेश्वर) नामले पनि प्रसिद्ध छन् । यो कुरा विचारणीय छ । **हिमवत्खण्ड**मा क्रमैसङ्ग विमलेश्वर, अनन्तलिङ्गेश्वर र त्यसपछि विश्वरूपेश्वर (विश्वेश्वर) को उल्लेख आएको छ।[८७] सिपाडोलदेखि तर्षागालसम्मका उल्लेख्य शिवलिङ्गहरूमा पनि क्रमशः विमलेश्वर र अनन्तलिङ्गेश्वरपछि यिनै देखिन आएका छन् । यसबाट **हिमवत्खण्ड**मा उल्लेखित 'विश्वरूपेश्वर' (विश्वेश्वर) तर्षागालका पिशाचेश्वर नै हुन् भन्ने कुरा थाहा पाइन्छ । साथै यस आधारमा पनि यो शिवलिङ्ग प्राचीन रहेछ भन्ने कुरा दृष्टिगोचर हुन्छ ।

चित्र संख्या ४७ : पञ्चकन्या, पन्तेपाखा ।

---

८६. स्थानीय अमर बहादुर थापा, रामकृष्ण रिसालहरूका अनुसार सो शिवलिङ्ग 'पिशाचेश्वर'को पछिल्लो फेरिएको प्रतिरूप हो । पहिलेको शिवलिङ्गको स्थानमा पछिल्लो चाहिं पनि धेरै कालअघि फेरिएको जनश्रुति चलेको छ । तर कुन कालमा फेरियो भन्ने कुरा भने उनीहरूलाई पनि थाहा छैन ।

८७. हिमवत्खण्ड, अध्याय १२९, १३०, १३१ ।



चित्र संख्या ४८ : राधाकृष्णमन्दिर, तर्पागाल ।

यहां बीचमा देखिने मूर्ति मुरलीधर कृष्ण र राधाको युगल जोडीको हो । यस मूर्तिको दायांपट्टि ९ इन्च लम्बा सानो मूर्ति सरस्वतीको हो ।



चित्र संख्या ४९ : पिशाचेश्वर शिवलिङ्ग (विश्वेश्वर वा विश्वरूपेश्वर) ।

यहां यिनको सामुन्ने बसाहा छ । त्यसको पछाडिपट्टि देखिने ढिस्कोलाई 'भूते ढिकुर' भनिन्छ । यो शिवलिङ्ग रहेको स्थानदेखि पूर्वपट्टि केही परसम्म पहिले चउर थियो जुन कालकमले क्षासेर गएको कुरा स्थानीय वासिन्दाहरू बताउँछन् । उनीहरूका अनुसार पिशाचेश्वर देवस्थल चारैतिर पर्खालले घेरिएको थियो । यहाँ पाटी पनि थियो । यहाँका बुट्टेदार कलात्मक ढुङ्गा र इँटा लगायतका अवशेषहरू एक-एक गर्दै उठाएर लगी रित्तो पारिसकेका छन् । अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको जत्रै एउटा शिलापत्र यहाँ पनि थियो । तर सबै बेपत्ता भइसक्केका छन् । पिशाचेश्वरको पुरानो शिवलिङ्ग पनि बेपत्ता भइसकेको छ, जलहरीमात्र बाँकी छ । त्यसमा रहेको शिवलिङ्ग पछिमात्र राखिएको हो ।



चित्र संख्या ५० : बसाहा ।

सयौं वर्षदेखिको हावाहुरी घामपानीको मार झेलेर पूरै जीउ जर्जर भइसक्दा पनि यो वसाहाले आफनो सुन्दरतालाई ज्यूँ का त्यूँ जोगाएरै राखेको देखिन्छ ।

पिशाचेश्वर सामुन्नेको वसाहामूर्ति जसले सयौं वर्षदेखिको घामपानी, हावाहुरी सहेर जर्जर भइसकेको शरीर धारण गरेको प्रष्टै देखिन्छ र पनि यसको सुन्दर शरीर चिप्लो-चिल्लो र सजीवलाग्दो छ। फरक ढङ्गको यसको पुच्छर पनि आकर्षक छ। उपत्यकामा देखापर्ने अन्य वसाहाका मूर्तिभन्दा यो केही वेग्लै छ । यसमा देखापर्ने प्राचीन शैलीलक्षणका दृष्टिले यसलाई ईसाको सातौं शताव्दीतिर राख्न सकिन्छ

चखुं तीर्थ (चरखण्डी)/(चरखण्डेश्वर)

पूर्ववाट वहँदै आएको 'कोषमती' (कोषगंगा) र दक्षिण-पूर्ववाट वहँदै आएको 'पद्ममती' (पद्म नदी) को संगमवाट उद्‌भव भएर उत्तरतिर वगेको उत्तरवाहिनी नदीको उद्‌भवस्थल जसले एउटा कुण्डकै रूप लिन पुगेको छ, 'चखुं तीर्थ' (चरखण्डी) (**चित्र संख्या ५१**) भनी प्रसिद्ध छ ।

उत्तरवाहिनी चरखण्डी-कुण्डको दक्षिण-शिरमा नदीको जल प्रवाहित हुने प्राय: पूरै भाग ढाकिने गरी थुम्को उठेको एउटा विशाल ढुङ्गो अडेको छ । यसलाई महादेव मानी दर्शनपूजन गर्ने चलन छ। सो ढुङ्गाको थुम्को उठेको भागतिर अलिकता गहिरिएर हेरेको खण्डमा त्यहाँ प्राकृतिक रूपकै यसका चार खण्डहरू हाम्रो सामुन्ने दर्शनीय हुन आउँछन्। धार्मिक दृष्टिले यो कुरा महत्वपूर्ण छ । विचारणीय कुरो के छ भने सो ढुङ्गाको ठ्याक्कै तल रहेको

चरखण्डी-कुण्ड पनि चारकुने नै छ र सो कुण्डवाट प्रवाहित जल उत्तरतिर वग्छ। यसरी लिङ्गसदृश सो ढुङ्गा र जलहरीसदृश सो कुण्डवीचको अद्‌भूत तादात्म्यतातिर दृष्टि दिँदा त्यहाँ आश्चर्यजनक रूपले हाम्रो सामुन्नेमा जलहरीले युक्त चतुर्मुखी शिवलिङ्ग दर्शनीय हुन आउँछ। यिनै विशेषताहरूका आधारमा जलहरीतुल्य कुण्डले युक्त स्वयम्भूलिङ्गरूपी सो विशाल ढुङ्गामा जलशायी 'चरखण्डेश्वर' महादेव दृष्टिगोचर हुन्छन् ।

चरखण्डी कुण्डमा पुग्नका लागि त्यसको पश्चिमपट्टि एउटा ढुङ्गेसिँढी वनेको छ। सो सिँढीको पुछारमा दायाँपट्टि एउटा लाम्चो प्रस्तर स्तम्भ **(चित्र संख्या ५२)** देखापर्छ। भ्वाट्ट हेर्दा भैरवकै एक अनाकृत रूप• जस्तो लाग्ने यो लाम्चो प्रस्तरलाई यहाँका वासिन्दाहरू 'महादेव' भन्दा रहेछन्।[८८] यस लाम्चो प्रस्तरको शीर्षभागमा ११ पंक्तिको अभिलेख पनि कुँदिएको छ।[८९] पछिल्लो कालकै भए पनि यस अभिलेखवाट चरखण्डीका वारेमा अहिलेसम्म खुल्न नसकेका केही महत्वपूर्ण कुरा खुल्न आएको छ।[९०] स्थानीय जनजीवनमा 'महादेव' भनिने सो प्रस्तर यथार्थमा 'वासुकी नाग' हुन्। त्यसको प्रतिष्ठा ने.सं.९९७ (वि.सं.१९३४) मा भएको रहेछ। यो कुरा सोही स्तम्भमा उत्कीर्ण अभिलेखवाट निश्चित रूपले थाहा पाइन्छ। त्यसैगरी यस अभिलेखमा उल्लेख हुन आएका अन्य देवताहरूमा **सिद्धि गणेश, जलेश्वर र ज्ञानेश्वर** हुन्। त्यस्तै अहिलेको धार्मिक जीवनमा 'चखुंतीर्थ'/'चरखण्डी' भनी प्रसिद्ध यस तीर्थस्थलको नाम आजभन्दा १२९ वर्ष अघिको धार्मिक-सांस्कृतिक जीवनमा 'चरलुति' भनी चलेको थियो भन्ने कुरा पनि थाहा पाइन्छ। यस तीर्थस्थलका उच्चतम देवताको 'चरखण्डेश्वर' नाम सो अभिलेखमा कतै पनि आएको छैन, 'जरेश्वर' को उल्लेख चाहिँ आएको छ। यतावाट यी **जरेश्वर** नै माथि चर्चिएका **जलशायी चरखण्डेश्वर** हुन् भन्ने कुरा सिद्ध हुन्छ। **हिमवत्खण्ड/नेपालमाहात्म्य** लगायतका लौकिकजीवनमा चलेर आएको यस तीर्थस्थलका वारेका रोचक किंवदन्तीहरूको सार-सङ्क्षेपतिर दृष्टि दिँदा पनि कोषगंगा

---

८८. स्थानीय वासिन्दाहरूका अनुसार वि.सं.२०११ सालमा नदीमा आएको वाढीको वेगले यो लाम्चो प्रस्तरलाई ढालेको थियो। त्यसवेला यसको शीर्षभागमा रहेको 'टोपीजस्तो गजूर' (वासुकीनागको टाउको?) पनि वगाएर लगेको थियो। सो भाग फेला परेको छैन।

८९. परिशिष्ट, २३ संख्याको अभिलेख।

९०. स्थलगत अन्वेषणका क्रममा यो भन्दा पुरानो अभिलेख त्यहाँ भेटिएन। यो भन्दा पनि अघिका अभिलेख त्यहाँ हुनुपर्ने हो। तर नदीमा वेलावखतमा आउने वाढीले त्यहाँका कलाकृति लगायतका अभिलेख पनि वगाएर वेपत्ता पारिसकेको अनुमान हुन्छ।

र पद्मनदीको संगमस्थलमा अनन्तकालदेखि अडेको विशाल ढुङ्गा नै चरखण्डेश्वर महादेव (जलेश्वर) हुन् भन्ने कुराको थप पुष्टि मिल्छ ।[९१]

चित्र संख्या ५१ : चखुंतीर्थ (चरखण्डी तीर्थस्थल) ।

नदी वा खोलाका किनारबाट उठेको मानव विकासक्रम, संस्कृति र सभ्यता पनि तिनका प्रवाह जस्तै अनन्त लाग्छ । यसको एउटा उदाहरण उत्तरवाहिनी नदीले सुशोभित यो तीर्थस्थल पनि हो । यहाँ सो नदीमा रहेको प्राकृतिक प्रस्तरलाई भीमकाय शिवलिङ्गको रूपमा लिएर, उत्तरवाहिनी नदीलाई जलहरीरूपी कुण्डको रूप दिनपुग्दा चरखण्डेश्वर महादेवको दर्शन हुन्छ ।

---

९१. सोमलिङ्ग माहात्म्यका प्रसङ्गमा यसै चरखण्डी तीर्थस्थलमा चटक (भंगेरो) पंक्षीले प्राणत्याग गरेर दिव्यस्वर्ण भूषणधारी शरीर धारण गर्दा विस्मित हुनपुगेका चन्द्रमा (सोम) ले त्यस जलाशयमा महालिङ्गको स्थापना गरेको रोचक कथा नेपाल माहात्म्य (२६ अध्याय) मा परेको छ । त्यसैगरी श्रापबाट भएको क्षयरोगले ग्रस्त चन्द्रमाले पद्म नदीमा संगम भएको कोपगंगामा स्नान गर्दा रोगमुक्त भएको उल्लेख हिमवत्खण्ड (अध्याय १३२) मा परेको छ ।

उत्तरवाहिनी चरखण्डी नदी यसै तीर्थको पश्चिममा पर्ने सोमलिङ्गटार हुँदै वग्छ । नेपाल माहात्म्यमा चरखण्डीलाई 'चटक तीर्थ' भनिएको छ । यस तीर्थमा स्नान गरी सोमलिङ्गेश्वरको दर्शन गर्ने वर्णनबाट चरखण्डी र सोमलिङ्गेश्वरबीचको अभेद-सम्वन्ध रहेको जानिन्छ । भंगेरोलाई संस्कृतमा 'चटक' भनिन्छ र यसको नेवारी नाम 'चखुं' हो । दिव्य चरित्र भएको चमत्कारी चखुंचा (भंगेरो) यसै कुण्डमा खसेको वा प्राणत्याग गरेको वा चमत्कारपूर्ण ढङ्गले उडेको कथा उपकथा लौकिक जीवनमा पनि चलेर आएको छ । (दयाराम विष्ट 'चरखण्डी : एक चिनारी' खोपृङ, ११-१२/२०६०, पृष्ठ ८२,८३) सोही आधारमा यस तीर्थको नाम 'चखुंतीर्थ' रहन गएको जनविश्वास छ ।



चित्र संख्या ५२ : वासुकी शिला (ने.सं.९९७)।
यो शिला २ मि.१० से.मि. अग्लो, ६ से.मि.गोलो र ३५ से.मि. चौडा छ।

चरखण्डी-कुण्डको पूर्वपट्टि ढुङ्गेसिँढीको मध्यभागमा एउटा ब्रम्हनाल छ। सो ब्रम्हनालसंगै इनार जस्तो देखिने एउटा वाटुलो ढुङ्गे आसन (तुंगचा) छ। त्यसदेखि पूर्वपट्टिका भित्ताहरूमा क्रमशः बायाँवाट शिवलिङ्ग, उत्तराभिमुख वसाहा र त्यसको माथितिर शिलापत्र, सो शिलापत्रदेखि दायाँतिर विष्णुपादुका, राम, सीता र लक्ष्मणका मूर्ति, हनुमान, मनकामनाको मन्दिर, शिलापत्र, भैरवमन्दिर, (**चित्र संख्या ५३**) सिँढी एवं त्यसको उत्तरतिर उभिएका एकजोडी भक्तभक्तिनी रहेका छन्। कुण्डको उत्तरतिर पाटी, घाट, तथा सो घाटको पश्चिमदेखि दक्षिण किनारतिर क्रमशः एक भक्त र त्यसको सामुन्ने तीनवटा पद्माकृति, सूर्य-शिला र त्यसको पार्श्वभागमा 'सरस्वती' भनी पुजिने अष्टवाहु मातृदेवीको उभिएको मूर्ति अवस्थित छन्। जलहरीयुक्त पूर्वेश्वर महादेवको

चतुर्मुखी शिवलिङ्ग,[९२] गरूड, घण्ट, चतुर्बाहु गरूडनारायणको मूर्तिसहितको विष्णुमन्दिर, (**चित्र संख्या ५४**)कलात्मकढुङ्गे-द्वारतोरणले सजिएको गणेशमन्दिर[९३] र सो मन्दिर सामुन्नेको ढुङ्गे पेटीमा वत्ती वाल्ने दियो तथा दायाँ वायाँ एकजोडी सिंह आदि थप मूर्ति/कलाकृति हन् । माथि उल्लेखित लाम्चो परेको वासुकी शिलास्तम्भको दायाँतर्फ सिँढीमुनिका भित्तामा कमश: कृष्ण, चतुर्मुखी शिवलिङ्ग, वसाहाको शिर (पूर्वाभिमुख), 'राधाकृष्ण' भनिने रूक्मिणी र सत्यभामासहितको मुरलीधर कृष्ण (गोपिनीसहितका कृष्ण) आदि मूर्ति/कलाकृतिहरू (**चित्र संख्या ५५**)देखापर्छन् ।

चखुंतीर्थस्थलदेखि पशिचममा करीव ३० मि. पर यहाँ पनि खेतहरूका माझमा एउटा भूते ढिकुर (भुलाँ) **(चित्र संख्या ५६)** देखापर्छ। यस ढिस्कोलाई 'तेह्रौंतेथान' भन्ने चलन छ । यो कुरा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छ । यसले यहाँनिर मध्यकालको पूर्वार्द्धमा सिमरौनगढलाई राजधानी वनाई शासन गर्ने तत्कालीन स्वतन्त्र र शक्तिशाली तिरहुत राज्यका संस्थापक राजा नान्यदेव र उनका वंशजहरू तथा त्यतातिरका मानिसहरूका प्रभाव वा कुनै अविस्मरणीय तर अज्ञात घटनालाई झल्झली संझाइरहेको छ ।

चरखण्डी-कुण्डदेखि केही पाइला पर दक्षिणमा कोषगंगा र पद्मनदीका अञ्जुलीमा सम्म परेका खेतका मनमोहक हराभरा फाँटहरू (चरखण्डीडोल) छन् । तिनै फाँटहरूका पुछारमा पर्खालले घेरिएको चौगिर्दाभित्र एउटा नयाँ चतुर्मुखी शिवलिङ्ग **(चित्र संख्या ५७)** छ । सो शिवलिङ्ग वि.सं.२०५९ सालमा स्थापना गरिएको थियो ।[९४] यस नयाँ शिवलिङ्गसङ्गैको पशिचमपट्टिको भागमा सूक्ष्म आकारका केही प्रस्तर अवशेष पनि देखापर्छन् । स्थानीय वासिन्दाहरूका अनुसार यहाँ पहिले अर्के पुरानो शिवलिङ्ग थियो र त्यहाँ देखिने ती अवशेष सोही शिवलिङ्गका हुन् । त्यहाँ उहिले पुरानो दोभान थियो । सो दोभानले किनारी भाग काट्दै, विस्तारै आफनो स्वरूप वदल्दै वढाउँदै त्यसदेखि तल अहिलेको स्थानमा पुऱ्याएको हो भन्ने मत स्थानीय वासिन्दाहरूको रहेको छ ।

---

९२. स्थानीय कृष्णवहादुर थापाका अनुसार पहिले यो शिवलिङ्ग 'तेह्रौंतेथान' मा थियो । तेह्रौंतेथानको चर्चा तल आउँदैछ ।

९३. सो गणेशमन्दिरभित्र भीमकाय हात्तीको टाउको तुल्य गणेशको मूर्ति छ । सो मूर्तिमाथि नृत्यनाथको प्रतीक स्वरूप तीनवटा प्वाल 'नासप्वा:' देखापर्छन् ।

९४. स्थानीय वासिन्दा कृष्णवहादुर थापाहरूवाट प्राप्त जानकारीका आधारमा ।



चित्र संख्या ५३ : चरखण्डी-कुण्डको पूर्वपट्टिका कलाकृति ।

प्रस्तुत चित्रमा ढुङ्गे सिँढीनेर ब्रम्हनाल देखिन्छ । सो देखि माथि वायाँवाट कमशः- शिवलिङ्ग, वसाहा, शिलापत्र, विष्णुपादुका, सीताराम र लक्ष्मणका मूर्ति, हनुमान, मनकामनामन्दिर, शिलापत्र, भैरवमन्दिर आदि देखापर्छन् ।



चित्र संख्या ५४ : चरखण्डी-कुण्डको पश्चिमपट्टिका कलाकृति ।

प्रस्तुत चित्रमा वायाँवाट कमशः - 'सरस्वती' भनिने अष्टवाहु मातृदेवीको मूर्ति, पूर्वेश्वर महादेव, गरूड, घण्ट, चतुर्वाहु गरूडनारायणको मूर्तिसहितको विष्णुमन्दिर देखापर्छन् ।



चित्र संख्या ५५ : चरखण्डी-कुण्डको पश्चिम-दक्षिणपट्टिका कलाकृति । प्रस्तुत चित्रमा बायाँबाट क्रमशः - कृष्ण, चतुर्मुखी शिवलिङ्ग, बसाहाको शिर, 'राधाकृष्ण' भनिने रूक्मिणी र सत्यभामासहितका मुरलीधर कृष्ण देखापर्छन् ।

चोपुलि/चवदेश (चित्रपुर)

गाम्चा हुँदै पश्चिमतर्फ लागेपछि पुगिने एउटा रमणीय नेवारवस्ती 'चोपुलि' हो । मनमोहक समस्थल भूभाग, हराभरा रहने उब्जाउ फाँटहरू, प्राचीन ढुङ्गेधारा, कुलो, पोखरी आदिले समृद्ध यो वस्ती तीनवटै शहरहरूको काखमा रहेर पनि यस्तो लाग्छ मानौ आधुनिकीकरणले यहाँको अझै ज्यूँ का त्यूँ खडा र जीवित रहेका मध्यकालीन परिवेश, घामपानी हावा र प्रकाशले युक्त फराकिला बाटो, खुला चोक र व्यवस्थित आवास, चालचलन, लौकिकजीवनमा चलेर आएका धार्मिक-सांस्कृतिक आस्था एवं विश्वास आदिलाई माथ गर्न सकेको छैन । यस वस्तीको पूर्वमा गाम्चा/मूल दधिकोट, पश्चिममा बालकोट, उत्तरमा हिन्चोकभैरव, दक्षिणबाराही र दक्षिणमा सोमलिङ्गटार रहेका छन् ।

भौगोलिक दृष्टिले यो वस्ती उच्च स्थानमा बसेको छ । उच्च स्थानमा अवस्थित यस्ता स्थानविशेषलाई बुझाउन नेवारीमा 'चव>च्व' शब्द व्यवहृत भएको बुझिन्छ। *च्वछें* (व्यासीटोलदेखि माथि बसेको भक्तपुर नगरवस्तीको एउटा प्रसिद्ध टोल), *च्वङ्गा/च्वङ्गागन्धः* (भक्तपुर नगरवस्तीको पश्चिममा अवस्थित प्रसिद्ध सल्लाघारी-थुम्को/थुम्कोका गणेश)

चित्र संख्या ५६ : तेह्रौंतेथान ।

उहिले यहाँ अनेक कलाकृति थिए, अहिले छैनन् । तिनका केही अवशेष अहिले पनि देखापर्छन् । यहीँको एउटा चतुर्मुखी शिवलिङ्ग (पूर्वेश्वर महादेव) चखुंतीर्थस्थलमा लगेर राखिएको इत्यादि कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।

'तेह्रौंतेथान' नामक उक्त ढिस्कोले यहाँनिर तिरहुते नान्यदेवहरूलाई संझाएको छ । नेपाल-उपत्यकामा अनेकपल्ट आक्रमण गरी जनजीवनमा आतङ्क मच्चाएर केही काल यहाँको राजकाजमा समेत प्रभुत्व जमाउन सफल रहेका उनीहरू यहाँको तात्कालिक जनजीवनमा 'डोय' मात्र नभएर 'तिरहुतिया' पनि कहलिएका थिए । (धनवज्र वज्राचार्य 'डोयहरू को हुन् ?', पूर्णिमा,४पूर्णाङ्क, पृष्ठ २०-३१) यसरी आक्रमण-प्रत्याक्रमणकै क्रममा यस स्थानमा पनि शायद भीडन्त भयो होला । तिरहुतेहरू हताहत भएको ठाउँ हुँदा सो ढिस्को 'तेह्रौंतेथान' भनी चलेर आएको हो कि भन्ने शङ्का गर्ने ठाउँ नभएको त होइन । तर यस ठाउँमा कलात्मक वास्तुकृति, मूर्ति आदि थिए भन्ने कुरातर्फ विचार गर्दा भीडन्तका क्रममा तिरहुतियाहरू हताहत भएको ठाउँ यो नभएर उपत्यकामा धार्मिक सांस्कृतिक प्रभाव फैलाउने क्रममा केही तिरहुतियाहरू यस क्षेत्रमा पनि आई बसेका थिए भन्ने बुझिन्छ । मल्लकालीन ऐतिहासिक सामग्रीहरूलाई केलाएर हेर्दा पनि उताका तिरहुतियाहरू मात्र नभएर यतैका ब्राम्हण लगायत वैद्य, मानन्धर थरका नेवार जातिलाई पनि 'डोय' विशेषण प्रयुक्त भएको पाइएको छ । यी आधारहरूले पनि प्रकारान्तरमै उपत्यकामा डोय वा तिरहुतियाहरूको प्रभाव राजनीति र प्रशासनमा मात्र नभएर धार्मिक, सामाजिक-सांस्कृतिक जीवनमा पनि परेको थियो भन्ने कुरा निश्चित रूपले जानिन्छ । उक्त प्रसङ्गहरूका आधारमा विचार गर्दा तिरहुतियाहरूको बसोवास यस क्षेत्रमा भएको हुँदा 'तेह्रौंतेथान' भनी प्रसिद्ध रहन पुगेको होला भनी अनुमान गर्ने आधार मिल्छ । यस विषयमा बढी कुरा जान्न बेग्लै अध्ययन हुनु जरूरी छ ।

चित्र संख्या ५७ : चर्तुमुखी शिवलिङ्ग, चरखण्डेश्वर स्थान, वि.सं.२०५९ । सो नयाँ शिवलिङ्गको वायाँपट्टि पुरानो शिवलिङ्गका अवशिष्ट भागहरू देखापर्छन् ।

उदाहरणस्वरूप छन् । **चवदेश** को अघिल्तिर लागेको 'चव' ले पनि यही अर्थ निकालेको देखिन्छ । 'देश' को नेवारी रूप 'देस' वा 'देय्' हो । यसै शब्दको पनि छोटकरी रूप 'दे' हो भनी मान्न सकिन्छ । समग्र देशलाई मात्र नभएर समृद्ध रूपको मूलनगरवस्ती वा राजधानीनगरलाई मात्र पनि नभएर त्यस्ता वस्ती नजिकै विकसित एवं व्यवस्थित ढङ्गले वसेका, राजनैतिक एवं प्रशासनिक दृष्टिले केन्द्रको एउटा मुकामकै रूपमा रहेका ग्रामवस्तीदेखि माथि उठेका उपनगर/नगरलाई समेत नागरीय जीवनशैलीको चरित्र र स्वभाव भएका नेवारहरूले पूर्वकालदेखि नै देश/देस/देय्/दे भनी अभिव्यक्त गर्न रूचाउने चलन रहेको दृष्टिगत हुन्छ । यस कुराको एउटा उदाहरण यस वस्तीको नामको पछिल्तिर लागेको 'देश' विशेषणले पनि प्रस्तुत गरेको देखिन्छ । यिनै आधारहरूतर्फ विचार गर्दा माथिल्लो भागमा वसेको समृद्ध रूपको वस्ती हुँदा 'चोपुलि' वा '**चवदेश**' भनी प्रसिद्ध रहेको देखिन्छ ।

'पुर' को एउटा नेवारी रूप 'पुल' पनि हो जसले नगर/देशलाई नै जनाउँछ । यस वस्तीको हृदयस्थलमा गणेशमन्दिर (**चित्र संख्या ५८-क**)

छ। स्थानीय लौकिकजीवनको धार्मिक-सांस्कृतिक ढुकढुकी पनि यिनै गणेश हुन् । यिनी मल्ल शासकहरूकै वंशज यहाँका राजथलाहरूका 'राजगणेश' का रूपमा अहिले पनि मान्य पूज्य छन् । यसले यिनको राजकीय महत्त्व वोध हुन्छ। नेपाली छानेशैलीमा वनेको एकतले यो मन्दिर दक्षिणाभिमुख छ । सो मन्दिरको गर्भस्थानमा वसेका ती राजगणेश (**चित्र संख्या ५८-ख**) को सामुन्नेमा एउटा ढुङ्गे-पानस छ । त्यसमा अभिलेख कुँदिएको छ।[९५] यो नै यहाँ प्राप्त हालसम्मको सर्वप्राचीन अभिलेख हो। त्यसमा यस वस्तीको नाम '(चो)पुलि'/'चवदेश' उल्लेख भएको छ। 'चोपुलि' नाम नेवार लोकजीवनमा अहिलेसम्म पनि व्यवहृत हुँदै आएको कुरा भक्तपुरको प्रसिद्ध नवदुर्गागणका प्रसङ्गमा पनि थाहा पाइन्छ।[९६]

गणेशमन्दिरको पश्चिमपट्टिको निदालमा ५वटा ताम्रपत्र र एउटा स्वर्णपत्र ठोकिइराखिएका छन्। ती मध्ये ने.सं.८६० को तेश्रो ताम्रपत्रमा कुँदिएको अभिलेखमा यस वस्तीको नाउँ 'चोपुल' उल्लेख भएको छ।[९७] 'चवदेश' कै लौकिकजीवनमा चलेको परिवर्तित रूप 'चोपुल' हो। यतावाट मल्लकालको अन्तसम्ममा आइपुग्दा यो नाउँ वढ्ता चलेको थियो भन्ने कुरा थाहा पाइन्छ। स्वतन्त्र भक्तपुर राज्यका अन्तिम राजा रणजित मल्लकी एक रानी वृद्धिलक्ष्मी र तिनवाट जन्मेका उनका एक पुत्र देवेन्द्रमल्लदेव (साहेवजुजु/राजकुमार) पनि हुन् । वृद्धिलक्ष्मी र देवेन्द्रमल्लदेवका केही अभिलेखसहितका कृतिहरू वनेपामा पनि पाइएका छन्।[९८] यद्यपि यस अभिलेखमा देवेन्द्रमल्लको नाउँ उल्लेख भएको छैन तापनि वृद्धिलक्ष्मीसंगै आएका साहेवजुजु उनै देवेन्द्रमल्ल हुन् भन्ने कुरा किटान गर्न सकिन्छ। पारिवारिक कारणले गर्दा उनीहरूको च्याङठ्याङ रणजितमल्लसंग मिलेको थिएन भन्ने कुरा अन्य ऐतिहासिक सामग्रीका अतिरिक्त यस अभिलेखले

---

९५. परिशिष्ट, ५ संख्याको अभिलेख।
९६. भक्तपुरको नवदुर्गागणले गृहनगरवाहिरका आफ्ना अधीनस्थ प्रदेशहरूमा नाच प्रदर्शन गर्न जाने चलन अहिलेसम्म पनि चलेकै छ। त्यसमध्येको एउटा प्रदेश यो पनि हो। नवदुर्गा गणले लिने यस प्रदेशको नाम 'चोपुलि' हो। पुरुषोत्तमलोचन श्रेष्ठ **भक्तपुरको नवदुर्गा गण**, (भक्तपुर : वविता श्रेष्ठ, वि.सं.२०६०), पृष्ठ १५९।
९७. परिशिष्ट १२ संख्याको अभिलेख।
९८. पुरुषोत्तमलोचन श्रेष्ठ 'भैरवमन्दिरको वृद्धीलक्ष्मीदेवी र देवेन्द्रमल्लदेवको अभिलेख' **रोलम्व**, पृष्ठ ५३ २४/१-२/२००४



चित्र संख्या ५८ क : गणेशमन्दिर , चोपुलि (चवदेश)



चित्र संख्या ५८ ख : गणेशमन्दिरका राजगणेश ।

पनि संकेत गरेको छ। उनीहरूलाई यहाँ 'नेम्हा माचा'[९९] सम्वोधन गरिनु र आमाछोरा थिमिमा शरण लिन पुग्नुले पनि उक्त कुराको पुष्टि हुन्छ। वृद्धिलक्ष्मीको एउटा सानो परिवार थिमिमा शरण लिन आएको वेलामा 'चोपुल'का पञ्चभलादमीहरूलाई केही तिर्नु नपर्ने गरी केही चिज छाडिदिएको कुरा यस अभिलेखबाट थाहा पाइन्छ।

उक्त मन्दिरमा रहेको चौथो ताम्रपत्र राजेन्द्रविक्रम शाहको पालाको हो।[१००] ने.सं.९४० (वि.सं.१८७७) मा यिनै गणेश तथा नाथेश्वर (नृत्यनाथ) सित सम्वद्ध स्थानीय पञ्चदाफा खलक/गुठियारहरूले गजूर चढाएको कुरा सो ताम्रपत्रको अभिलेखबाट जानिन्छ।

ने.सं.१०२९ (वि.सं.१९६६) मा तत्कालीन चवदेशका *गुलु (गुरु) वुदवील, मुतीलाल* र तिनका सन्तानहरूले गणेशमन्दिरमा स्वर्णतोरण चढाएका थिए। यो कुरा दोश्रो ताम्रपत्रमा कुँदिएको अभिलेखबाट थाहा पाइन्छ।[१०१] त्यस्तै ने.सं.१०९८ मा मोहविर राजथौलाले गणेशलाई स्वर्णछत्र आदि चढाएको कुरा छैठौं स्वर्णपत्राभिलेखबाट विदित हुन्छ।[१०२]

ने.सं.१०४५ मा मुनिलाल, रत्नमान, कुमालसिं मानकाजिहरूको एक समूहले यस मन्दिरमा पहिलेको गणेशको मूर्ति जीर्ण भएकोले सो वनाइदिएको उल्लेख पाँचौं ताम्रपत्राभिलेखबाट थाहा पाइन्छ।[१०३] सो अभिलेखमा गणेशमन्दिर रहेको ठाउँको उल्लेख गर्दा 'विज्येपुरवास्थित' भनिएको छ। यतावाट राजगणेश विराजमान रहेको सो गणेशमन्दिर परिसर नै 'विजयपुर' हो भन्ने कुरा थाहा पाइन्छ। त्यसैगरी तत्कालीन चवदेशको मूलस्थान विजयपुर थियो भन्ने कुरा पनि यसै प्रसङ्गमा बुझिन्छ।

यस बस्तीको निमित्त व्यवहृत हुँदै आएको 'चवदेश' कै पनि अर्को नाम 'चोपुल' वा 'चोपुलि' हो। यो कुरा माथिका प्रमाणहरूबाट थाहा हुन आएको छ। 'वाभु' नामको किल्ला फिर्ता गराएको खुशियालीमा रणजित

---

९९. एकै परिवारभित्रको पनि सानो परिवार (उप-परिवार) लाई 'माचा' भन्ने चलन नेवार वोलीचाली र व्यवहारमा अहिले पनि छ।
१००. परिशिष्ट, १८ संख्याको अभिलेख।
१०१. परिशिष्ट, २५ संख्याको अभिलेख।
१०२. परिशिष्ट, २७ संख्याको अभिलेख।
१०३. परिशिष्ट, २६ संख्याको अभिलेख।

मल्लले आफ्नो प्रजा/पञ्चको नाउँमा गरिदिएको थिमि वालकुमारी मन्दिरको ने.सं.८५१ (वि.सं.१७८७) को एउटा ताम्रपत्रमा यस बस्तीलाई 'चोतपुर' भनिएको छ।[१०४] यस शब्दले पनि माथिल्लो भागमा वसेको बस्ती भन्ने अर्थ दिएको छ। तर दुःखको कुरो छ, मल्ल राज्यको पतनसँगै सरकारी स्तरबाट समेत यस बस्तीलाई 'चोरपुर' भन्न थालियो।[१०५] वि.सं.२०१९देखि यसको सट्टामा 'चित्रपुर' नाम.व्यवहृत हुँदै आएको छ।

मल्लकालतिर यो वस्ती भक्तपुर राज्य अन्तर्गत थियो। यो सामरिक दृष्टिले महत्वपूर्ण गढको रूपमा पनि थियो।[१०६] यो बस्ती लगायत यसको वरपरका सोमलिङ्गटार, वाभू, धनसार, च्यासिगा: आदि भू-भागहरू प्राप्त गर्न ती स्थानहरूमा मल्लकालतिर उपत्यकाका तीनवटै राज्यका मल्ल राजाहरूबीच आक्रमण-प्रत्याक्रमणहरू वरावर भइरहन्थे भन्ने कथन यहाँका वासिन्दाहरूमा

---

१०४. परिशिष्ट, ९ संख्याको अभिलेख।

१०५. क) परिशिष्ट २२ संख्याको अभिलेख।

ख) सरकारले समेत पनि सोही नाम व्यवहारमा ल्याएर निरूत्साहित तुल्यायो। यस कुराको एउटा उदाहरण यहाँका द्वारे धनवहादुर राजथलासित रहेको राजेन्द्रविक्रम शाहदेवले गरिदिएको वन्देज थितिपत्रको निम्न अंशवाट पनि खुल्छ: *'स्वस्ति श्रीगिरीराज चक्र चुडामणि नरनारायणेत्यादि विविध(विरू)दावलिविराजमान मानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज राजेन्द्र विक्रम साह वहादुर सम्शेरजङ्गदेवानां सदा समर(विज)यिनाम आगे* ***चोरपुर****भर अम्वलको रैति गैह्नके तिमीहरूलाई अघिदेषी वसि आयको ढोकामा ...'*

ग) शायद वाहिरियाहरूकै प्रभावमा परेर होला, अभिलेखको पाठ नै अशुद्ध पढी डा.डि.आर.रेग्मीले समेत आफ्नो पुस्तक *मेडियाभल नेपाल*, भोलम ४ को अभिलेख संख्या १३९ मा 'चोरपुर' नाउँ नै छपाएका छन्। ठिमी वालकुमारीमन्दिरको ने.सं.८५१ को अभिलेखमा परेको यस वस्तीका लागि व्यवहृत शुद्ध नाउँ 'चोतपुर' हो। (हेर्नुहोस् परिशिष्ट ९ संख्याको अभिलेख) यहाँका वासिन्दाहरूले आफ्नो बस्तीलाई चवदेश/चोपुल/चोपुलि भन्दै आएका छन्। 'चोरपुर' ले ठूलो आघात पारेको हुँदा नै उनीहरूले 'चित्रपुर' नाम दिन वाध्य भएका हुन्। भाषाविज्ञानका दृष्टिले 'चोपुल' को परिवर्तित रूप 'चोपुर' लाई मान्न सकिन्छ। तर 'चो' र 'पुर' का वीचमा वसाइएको 'र' मान्य छैन। यतावाट पनि 'चोरपुर' जवर्जस्ती थोपरिएको नाम हो भन्ने देखिन्छ।

१०६. किल्लाका अवशेष अहिले पनि देखापर्छन्। स्थानीय वासिन्दाहरूका अनुसार पहिले यहाँ सो किल्लाभित्र दरवार पनि थियो।

चित्र संख्या ५९ : चोपुलि (चवदेश) का द्वारे ।
'द्वारे' परम्पराका जीवित धरोहर -धनवहादुर राजथला (उमेर : ८७ वर्ष)
आफ्नी श्रीमती तीर्थमाया राजथलाका साथमा ।

लिच्छविकालदेखि शाहकालसम्म पनि एकनासले कायम रहँदै आएको एउटा महत्त्वपूर्ण प्रशासनिक पद 'द्वारे' (< दुवारे < दौवारिक) पनि हो । सरकारी प्रतिनिधिको रूपमा स्थानीय वस्तीको प्रशासन द्वारेले चलाउँदथ्यो । तर शाहकालको सुरूवातपछि विस्तारै द्वारेको प्रशासनिक महत्व विलाउँदै गयो । तापनि वस्तीको धार्मिक-सांस्कृतिक नेतृत्व अहिले पनि उस्तै छ ।



चित्र संख्या ६० : स्वायँ-स्वायँ द्य: । (डमरु महा द्य:)

मीनमा गाडिएको यो लाम्चो प्रस्तर 'स्वाँय-स्वाँय द्य:' भनी प्रसिद्ध छ। यस्ता प्रस्तरहरू उपत्यकाका अन्यत्र अनेक निश्चित स्थानहरूमा पनि देख्न सकिन्छ । साँध सीमाना छुट्टयाउन, खुट्टयाउन जग्गाका निश्चित स्थानमा लाम्चो परेका ढुङ्गाहरू उभ्याएर राख्ने पुरानो चलनलाई यसले यहाँनिर झल्झली संझाएको छ। अर्कोतिर समयको प्रवाहसंगै ती ढुङ्गे किल्लाहरू लौकिकजीवनमा देवतातुल्य (भैरवकै एक अनाकृत रूप?) मान्य पूज्य हुनपुगेका पनि छन् ।

अहिले पनि चलेको छ।[१०७] सो कथनको प्रामाणिक पुष्टि रणजित मल्लको अभिलेखले पनि गरेको छ। मल्लकालको अन्तिम समयसम्म पनि सैनिक एवं प्रशासनिक मुकामको रूपमा यसले महत्त्व पाएको थियो भन्ने कुरा थाहा हुन्छ। यसको थप पुष्टि 'द्वारे-परम्परा' बाट पनि मिल्छ। **(चित्र संख्या ५९)** चवदेशको विजयपुरस्थित गणेशमन्दिर वरपरका केही उल्लेख्य देवीदेवताहरूमा राजथलाहरूले मान्दै आएका कुलदेवी (दुर्गा), नाथेश्वर, गणेश, पी गन्द्य:, लखु द्य:, स्वाँय-स्वाँय द्य: **(चित्र संख्या ६०)** लक्ष्मीनारायण, मनकामना, भीमसेन, भैरव, काली, लक्ष्मी, बालकुमारी, हनुमान, कृष्ण, चिबहा द्य: आदि हुन्।[१०८]

सोमलिङ्गटार

चोपुलिको ठीक दक्षिणमा रहेको एउटा प्राचीन बस्ती सोमलिङ्गटार पनि हो। यस बस्तीका प्रमुख देवता *सोमलिङ्गेश्वर* ('सोमलिङ्ग') महादेव **(चित्र संख्या ६१)** हुन्। यिनको महिमा **हिमवत्खण्ड**मा (अध्याय १३२) पनि परेको छ। डोलबस्तीदेखि माथि, प्रशस्त उब्जाउ हुने समस्थल भूभागमा यो बस्ती बसेको छ। यसरी भौगोलिक दृष्टिले सम्म परेको बस्ती(टार) मा

---

१०७. *तत्कालीन कान्तिपुर र ललितपुर मिली अनेकपल्ट यहाँ आक्रमण गर्न आउँदथे। भक्तपुरका राजा र यस भेकका सारा प्रजापञ्च मिलेर उनीहरूलाई धपाउँदथे। 'च्यासिगा:' भन्ने ठाउँ अहिले पनि खाल्डो परेको छ। त्यहाँ कब्जा जमाउन निकै हानथाप चल्दथ्यो। आठ-आठ पल्ट सम्म प्रयास गर्दा पनि अधिकारमा लिन नसकेको हुँदा सो ठाउँको नाउँ 'च्यासिगा' रहेको हो। गोला बारूद निकै चलेको हुँदा शायद त्यसैकारण अहिलेसम्म पनि यहाँ उब्जनी हुँदैन।...* (चोपुलिका द्वारे धनवहादुर राजथला लगायत चन्द्रप्रकाश राजथला र यहाँका अन्य स्थानीय वासिन्दाहरूवाट सुनेको कथनका आधारमा)

१०८. चिवहा द्य: शाहकालतिर बनेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्। सो चैत्य बाहेकका अन्य हिन्दू देवदेवीहरूका बारेमा रचिएका मल्लकालदेखिका गीत/भजनका ठ्यासफूहरू यहाँका राजगणेश गुठीका राजथलाहरूको संग्रहमा छन्। कुलदेवीको बारेमा रचिएको भजनमा मानेश्वरीको नाम उल्लेख हुन आएको छ। जस्तै ' मानेश्वरीं विल वुदि वैकुण्ठ वने याता ...' यतावाट कुलदेवीको रूपमा मान्य देवी (दुर्गा) को एउटा रूप मानेश्वरी हो भन्ने कुरा दृष्टिगोचर हुन्छ। लिच्छविकालतिरको अनुमान गर्न सकिने एउटा पुरानो ढुङ्गे टुटो मनकामना मन्दिरको ईशान भागको भित्तामा परित्यक्त अवस्थामा ठडिन पुगेको छ। त्यसले विजयपुर परिसरमा पहिले ढुङ्गेधारा थियो भन्ने कुराको झझल्को दिएको छ।

सोमलिङ्ग स्थित हुँदा उनै महादेवको नामबाट सो बस्ती 'सोमलिङ्गटार' भनी प्रसिद्ध रहेको जानिन्छ। लिच्छविकालका अभिलेखमा 'साम्वपुर' को उल्लेख पनि आएको छ।[१०९] साम्वपुर दक्षिणतिर थियो भन्ने संकेत नक्साल नारायणचौरको अभिलेखले गरेको बुझिन्छ। यस आधारमा अहिलेको सोमलिङ्गटार उहिलेको साम्वपुर हो कि भन्ने मलाई लागेको छ। अनि यसबाट लिच्छविकालतिर चलेका अनेक शैव सम्प्रदाय, उप सम्प्रदायहरूमध्येका एक सोमसिद्धान्त सम्प्रदायीहरूको मूल थलो पनि यतैतिर रहेको दृष्टिगत हुन आउँछ।

मूल दधिकोट, चोपुलि, वाभू, बालकोट, थिमि, नगदेश, लुभु, लामाटार आदि झैं सोमलिङ्गटारको यो रम्य बस्ती पनि पूर्वकालमा धार्मिक दृष्टिले मात्र नभएर राजनैतिक, आर्थिक र सामरिक आदि अनेक दृष्टिले पनि महत्वपूर्ण रहेको विदित हुन्छ। यसैकारण आसपासका अन्य बस्ती झैं यो



चित्र संख्या ६१ : सोमलिङ्गेश्वर, सोमलिङ्गटार (सिरूटार)।

डोलेश्वर,अनन्तलिङ्गेश्वर झैं सोमलिङ्गेश्वरको शिवलिङ्ग पनि स्वयम्भूलिङ्ग स्वरूपमा देखापर्छ। **हिमवत्खण्ड/नेपाल माहात्म्य**मा यिनको पनि रोचक वर्णन परेको छ। सोमेश्वरलिङ्गको पार्श्वभागमा एउटा पुरानो शिवलिङ्ग पनि छ। स्थानीय बासिन्दाहरूका अनुसार केही कालअघि त्यहाँ खन्ने कममा सो शिवलिङ्ग फेला परेको थियो। सोमलिङ्गेश्वरको पूर्वपट्टि रहेको अनाकृत प्रस्तरलाई भैरवको रूपमा मान्दै आएको पाइन्छ।

१०९. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३२०, ५६५, ५६६।

वस्ती पनि एक उल्लेख्य गढको रूपमा रहेको थियो । रणजितमल्लको माथि उल्लेखित ने.सं.८५१ को अभिलेखमा यस वस्तीलाई 'सोमलिङ्ग कोट' भनिएको छ । यतावाट पनि माथिको कुराको पुष्टि हुन्छ । *सोमलिङ्ग कोट* हात पार्न उपत्यकाका तीनवटै मल्ल राजाहरूबीच बरावर उछिनपाछिन गर्ने काम (लडाइँभिडाइँ) भइरहन्थ्यो । यसो हुँदा सामरिक दृष्टिले यसको विशेष महत्त्व थियो भन्ने कुरा थाहा पाइन्छ ।

आधुनिककालमा 'सिरूटार' भनी प्रसिद्ध रहँदै आएको यो वस्ती उत्तर मल्लकालतिर 'सोमलिङ्ग..' कहलिएको तथा त्यसभन्दा पनि अघि पूर्वमध्यकालतिर चाहिँ 'सोमेस्वनिमम्' नामले विख्यात थियो र सामरिक दृष्टिले समेत उपत्यकाको एउटा संवेदनशील स्थान थियो भन्ने कुरा गोपालराज वंशावलीको २७ पत्र तथा प्रकारान्तरमा अन्य प्रमाणवाट पनि बुझिन्छ ।[११०]

धर्मेश्वर महादेव

चवदेशको पशिचमपट्टि 'वालकोट' भन्ने वस्ती छ । अनन्तलिङ्गेश्वरभेकको पशिचमी किल्लाको रूपमा यस स्थललाई मान्न सकिन्छ। यस ठाउँका प्रमुख देवता धर्मेश्वर महादेव (**चित्र संख्या ६२**) हुन् । यिनी वलाका (वकुल्ला) रूप लिएर वसेको वृत्तान्त **हिमवत्खण्ड**मा परेको छ ।

११०. *'सोमेस्वनिमम् भग्न याङान ॥ पश्चात् गवुडराजेन: मागतम् कपद्विया गणपतिकेन ...'* (सोमेस्वनिमम्लाई ध्वस्त पारी पछि गौडका राजा आए । कपद्विया गणपतिले वनाए) (वज्राचार्य, मल्ल, **गोपालराजवंशावली**, पूर्ववत् , २७ पत्र, अनूदित पृष्ठ ८३) धार्मिक महत्त्व वोकेको र सुरक्षाव्यवस्था पनि भएको शहरी-किल्ला (नगर/उपनगरकै एक विशेष क्षेत्र) रूपको वस्तीविशेषलाई विशेषगरी पूर्वमध्यकालतिरको लौकिकजीवनमा निमम/निमं/निम्हं विशेषणवाट व्यवहृत रहेको जानिन्छ । गोपालराजवंशावलीमा उल्लेख भएका तवनिमम्, युथुनिमम्, वाद्यंनिमं र सोमेश्वनिमम् आदि उदाहरणस्वरूप छन् । तान्त्रिक दृष्टिले गोप्य 'आगम' कै खुला रूप 'निगम' हो भनी मान्न सकिन्छ । 'निगम' कै एक अर्को रूप निमम्/निम्हं हुन सक्ने आधार युथुनिमम् (आगमसहितको भक्तपुर राजदरवार) का अतिरिक्त अहिले पनि उपत्यकाका तीनवटै मुख्य शहरहरूका 'लायलिम्ह' (कान्तिपुरस्थित एक चोक/आगम), 'व:लिम्ह', 'स्वनिम्ह' वा 'सुलिम्ह', 'कुलिम्ह' (ललितपुरस्थित आगम/स्थाननाम), 'कुलमा', 'सुलमा', 'थालमा' (भक्तपुरस्थित उक्त नामका शिवलिङ्गस्थित स्थानहरू) वाट पनि देखिएको छ ।

सोही आधारमा यस वस्तीको नाम वालकोट रहेको अनुमान हुन्छ । उक्त मन्दिर वरपर केही अन्य देवमूर्तिहरू पनि छन् ।

दक्षिणवाराही

अनन्तलिङ्गेश्वरभेकको पश्चिम-उत्तरतिर रहेको एउटा प्रसिद्ध स्थल 'दक्षिणवाराही' **(चित्र संख्या ६३)** पनि हो । यसको पूर्वमा कटुञ्जे, पश्चिममा वालकोट, उत्तरमा 'कोर खुसि'[१११] (हनूमन्ते खोला)/थिमि र दक्षिणमा गाम्चा/चवदेश छन् । दक्षिणकाली जस्तै दक्षिणवाराही पनि तान्त्रिक देवी हुन्। यसकारण यहाँ 'दक्षिण' वाट दिशावाचक शव्दको रूपमा अर्थ निस्कँदैन । तान्त्रिक परम्परामा चलेका अनेक आचारमध्ये (वेदाचार, वैष्णवाचार, शैवाचार, वामाचार, कुलाचार, आदि) दक्षिणाचार दर्शन र सिद्धान्त अन्तर्गत (मूलतः इच्छा, ज्ञान र किया शक्तिद्वारा) उपासित हुने एक देवी दक्षिणवाराही पनि हुन् भन्ने कुराको संकेत 'दक्षिण' ले दिएको छ जस्तो मलाई लाग्छ । दक्षिण शव्दले दक्ष/दायाँ भन्ने अर्थ पनि लाग्छ । यतावाट पनि दक्षिणवाराहीको तान्त्रिक विशेषता झल्कन्छ ।

नेपाल-उपत्यकाको चार सुरमा (वायव्य, नैऋत्य, ईशान, आग्नेय) रहेका चार मुख्य देवहरू धार्मिक जीवनमा अहिलेसम्म पनि प्रसिद्ध रही आएका छन् । *चारगणेश/विनायक* (सूर्यविनायक, जलविनायक, अशोकविनायक र चन्द्रविनायक), *चार नारायण* (चँगु/चाँगु, विशंखु, शिखर र इचंगु), *चार महादेव* (गोकर्णेश्वर, अनन्तलिङ्गेश्वर, आदेश्वर र भृङ्गारेश्वर) र त्यसैगरी *चार वाराही* उदाहरणस्वरूप छन् । स्थानीय जनजीवनमा प्रसिद्ध रही आएका चार सुरका वाराहीहरूमा धुमवाराही, वज्रवाराही, नीलवाराही र यिनै दक्षिणवाराही पनि देखिनआएका छन् ।[११२]

उत्तरप्राचीनकालतिरका एक प्रसिद्ध देवता वराह पनि हुन् । चौथो शताव्दीदेखि छैठौं-सातौं शताव्दीसम्म यिनी विशेष लोकप्रिय थिए भन्ने कुरा

---

१११. थिमिभेकको नेवार जनजीवनमा 'दक्षिण' लाई 'कोर' भन्ने चलन छ । ठिमीबाट हनुमन्ते खोला दक्षिणमा पर्छ । यसो हुँदा सो खोला (खुसि) 'कोर खुसि' नामले प्रसिद्ध रहँदै आएको वुझिन्छ ।

११२. थिमि वडा नं ९ का चन्द्रगोपाल श्रेष्ठ, वडा नं १४का लक्ष्मणसुन्दर श्रेष्ठ, वडा नं १२ का शरणजीत जोशीहरूवाट प्राप्त जानकारीका आधारमा ।

त्यसकालतिरका उपत्यकाका प्रस्तरका वराहमूर्तिहरू[११३] एवं अभिलेखमा आएका 'वाराहस्वामी' 'वराहयात्रा' का आधारमा थाहा पाइन्छ ।[११४] शक्तिले प्राधान्यता पाएको मिश्रित रूपको तान्त्रिक धर्मले मध्यकालदेखि राजकीयस्तरमै



चित्र संख्या ६२ : बालकोटका धर्मेश्वर महादेव ।

लोकप्रियता पाउँदै आउन थालेपछि सम्प्रदायभेद मात्र नभएर कहिलेकाहीं लिङ्गभेद पनि गौण हुनपुगेको दृष्टिगोचर हुन्छ । सिद्धपोखरी,चण्डोल र भेलुखेलटोलका वराहहरू उदाहरणका रूपमा देखापर्छन् । 'वराह' को परिचय स्पष्टै दर्शनीय हुँदाहुँदै पनि लौकिकजीवनमा यी देवताहरू त्यस रूपमा नभएर 'वाराही' (धनवाराही) भनी कहलिँदै आएका छन् । यसरी उत्तरप्राचीनकालमा प्रसिद्ध पुरूषदेवता 'वराह' मध्यकालमा आइपुग्दा ओझेलमा परी उनको जात्रा समेत खोज्नैपर्ने गरी हराउन पुगेको तथा उनकै शक्ति

---

११३. भक्तपुर सिद्धपोखरीको वराहमूर्ति (चौथो शताब्दीको उत्तरार्द्ध), भक्तपुर भेलुखेलटोलको वराहमूर्ति (पाँचौ-छैठौं शताब्दी), चण्डोलको वराहमूर्ति (छैठौं शताब्दी) उदाहरणस्वरूप छन् । (विस्तृत जानकारीका लागि हेर्नुहोस् : डा.पुरुषोत्तमलोचन श्रेष्ठ 'भक्तपुर नगरका प्राचीन वराहमूर्ति' **खोपृङ** , अङ्क १२-१३/२०६१, पृष्ठ ५-१५)

११४. पशुपति छत्रचण्डेश्वरको अभिलेखमा 'वाराहस्वामी' अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा 'वराहयात्रा' को उल्लेख आएको छ । वराहयात्राको चर्चा तल संस्कृति खण्डमा आउँदैछ ।



चित्र संख्या ६३ : दधिकोट क्वाछेंस्थित दक्षिणवाराहीको मन्दिर ।

नेपाली छानेशैलीमा बनेको यो दुईतले मन्दिर पश्चिमाभिमुख छ । यस मन्दिरको दक्षिणपट्टि कलात्मक भ्याल हालेर खुला दलान निकाली बनाइएको एउटा भव्य सत्तल छ । त्यसैगरी वायव्यभागमा मसान पनि छ । सो मसान 'दक्षिण मसान' भनी प्रसिद्ध छ । दक्षिणवाराहीसितको धार्मिक संस्कार एवं भू-सांस्कृतिक सान्निध्यता यसको उत्तरीभेकका (मध्यपुरः थिमि, नकदेश, बोडे) लौकिकजीवनसित विशेषरूपले रहेको दृष्टिगत हुन्छ । यहाँको दक्षिणवाराहीले भक्तपुरको मूलनगरबस्तीदेखि दक्षिणपट्टि खोला पारिका वाराहीपीठलाई विशेषरूपले संभाएको छ। सो वाराहीको एउटा नाम दक्षिणवाराही पनि हो। पहिले यहाँ पनि एउटा मसान थियो । सो मसान 'दक्षिण मसान' भनी प्रसिद्ध थियो । यसप्रकार वाराहीहरूको अवस्थितिले पनि मध्यकालीन शहरीबस्तीको व्यवस्थित वास्तु-रचना बुझ्न सकिन्छ ।

वाराही लोकप्रिय भएर तिनका जात्रा पनि चल्नथालेको आभास प्रकारान्तरमा दक्षिणवाराहीका प्रसङ्गमा पनि हुन्छ ।

दक्षिणवाराही 'क्वाछें' नामक स्थानमा छ । अहिले पनि यी वाराही मध्यपुरको मूलनगरबस्तीदेखि बाहिर हनुमन्तेखोलापारि छन् । आक्रमण-प्रत्याक्रमण बराबर भइरहने उहिलेको मध्यकालीन परिवेशमा सुरक्षाको आवश्यकताबोध गरी नगरबस्तीभित्र/बाहिरका खास स्थानहरूमा उग्र तान्त्रिक

स्वरूपका (रक्षकदेवताहरूका रूपमा उपासित) अष्टमातृका नवदुर्गा आदिका आकृत/अनाकृत मूर्ति स्थापना गर्ने प्रवाह चलेको थियो । दक्षिणवाराहीले पनि यस कुराको झझल्को दिएको छ । यो रहेको इलाका उहिले किल्ला रूपको थियो भन्ने कुरा 'क्वाछें' नामले पनि थाहा पाइन्छ ।[११५]

शक्तिले प्राधान्यता पाएको मिश्रित रूपको तान्त्रिक धर्मले मध्यकालदेखि राजकीयस्तरमै लोकप्रियता पाउँदै आउन थालेपछि सम्प्रदायभेद मात्र नभएर कहिलेकाहीँ लिङ्गभेद पनि गौण हुनपुगेको दृष्टिगोचर हुन्छ । सिद्धपोखरी,चण्डोल र भेलुखेलटोलका वराहहरू उदाहरणका रूपमा देखापर्छन् । 'वराह' को परिचय स्पष्टै दर्शनीय हुँदाहुँदै पनि लौकिकजीवनमा यी देवताहरू त्यस रूपमा नभएर 'वाराही' (धनवाराही) भनी कहलिँदै आएका छन् । यसरी उत्तरप्राचीनकालमा प्रसिद्ध पुरूषदेवता 'वराह' मध्यकालमा आइपुग्दा ओझेलमा परी उनको जात्रा समेत खोज्नैपर्ने गरी हराउन पुगेको तथा उनकै शक्ति वाराही लोकप्रिय भएर तिनका जात्रा पनि चल्नथालेको आभास प्रकारान्तरमा दक्षिणवाराहीका प्रसङ्गमा पनि हुन्छ ।

अनन्तलिङ्गेश्वरको उत्तरीभेकका कलाकृति

अनन्तलिङ्गेश्वर महादेवमन्दिरस्थानवाट उत्तर-पश्चिमतिर देखिने उल्लेख्य स्थानहरूमा गुण्डुकै एक मनोरम समस्थल भाग, सुवर्णेश्वर महादेवमन्दिरको थुम्को, रामभक्तेश्वर मन्दिर, लेखानारायणस्थान, सूर्यविनायकको वन आदि **(चित्र संख्या ४, ६४)** हुन् ।[११६]

गुण्डु-तिथलीमा फेलापरेका पुरातात्त्विक सामग्री

अनन्तलिङ्गेश्वर महादेवमन्दिरस्थानवाट ओर्ली राजकुलो र महादेवखोला पार गरी उत्तर-पश्चिमतिर लागेपछि गुण्डुको 'तिथली' **(चित्र संख्या: ४, ६४)**नामक वस्तीमा पुगिन्छ । सो वस्तीको पूर्वमा गुण्डु, पश्चिममा दधिकोट, उत्तरमा किवाचोक र दक्षिणमा महादेवखोला छन् ।

---

११५. प्रायःजसो अन्यत्रका नेवारवस्तीहरूमा पनि 'क्वाछें' नामक टोल वा स्थान छन् । किल्ला (क्वाथ) रूपमा वनेका त्यस्ता सामरिक महत्वका स्थानहरू परवर्तीकालमा उही नामले रूढ हुनपुगेको देखिन्छ ।

११६. गुण्डुको उत्तरपूर्वका कलाकृतिका बारेमा माथि यथास्थानमा चर्चा भइसकेको छ ।

तिथलीको वस्ती र यसका आसपासका फाँटहरूमा खेत खन्दा पुरानो वास्तुकृतिका ढुङ्गे जगखण्डहरू तथा प्राचीन मुद्राहरू फेला पर्नु यहाँका वासिन्दाहरूका निमित्त सामान्य कुरा भइसकेको छ।[११७] यही कुरा इतिहास र पुरातत्त्वका दृष्टिले चाहिँ महत्वपूर्ण मान्न सकिन्छ। यही प्रसङ्गमा सो वस्तीको एक खेतमा[११८] उत्खनन गर्दा (**चित्र संख्या ६५**) फेलापरेको पुरानो जगखण्डका अवशेष (**चित्र संख्या ६६**) माटाका भाँडावर्तनका टुक्राटाकी (**चित्र संख्या ६७**) तथा केही वर्ष अघि सोही खेत खन्ने कममा भेट्टाइएका उत्तरप्राचीनकालीन मुद्रा (पशुपति मुद्रा) (**चित्र संख्या ६८**) लाई उदाहरण-प्रमाणको रूपमा लिन सकिन्छ।

रामभक्तेश्वरमन्दिर

गुण्डु गाउँको वडा नं ५ स्थित मूलवाटोको उत्तरी किनारमा गुम्वजशैलीको एउटा सेतो शिवमन्दिर छ। दक्षिणाभिमुख सो शिवमन्दिर



चित्र संख्या ६४ : कैलाशबाट देखिने अनन्तलिङ्गेश्वरको उत्तरीभेक।
१.तिथली २. कैलाशको एक भाग ३.रामभक्तेश्वर ४.हात्तीगौँडा ५.~~वूढी गण्डकी ६. कार्की गाउँ ७. चाँगुनारायण ८. कोट (सूर्यविनायक-वन) ९.कोट (सूर्यविनायक-वन) १०. सुवर्णेश्वर महादेवस्थान।

---

११७. रामशरण थापा, तिलकवहादुर नगरकोटी, विष्णुवहादुर श्रेष्ठ, अनिरूद्र न्यौपाने लगायतका स्थानीय वासिन्दाहरूवाट प्राप्त जानकारी।

११८. गुण्डु वडा नं ९, तिथलीका रामशरण थापाको वडा नं ८ स्थित खेत।

चित्र संख्या ६५ : गुण्डु-८ स्थित रामशरण थापाको खेत ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ ।

प्रस्तुत चित्रमा खेत खन्दै गरेका व्यक्ति सोही खेतका धनी तिथली वडा नं ९ का रामशरण थापा हुन् । त्यहाँ उभिएर हेर्दै गरेका यो अन्वेषकलाई उनले मेरो आग्रहमा सो खेतमा पुरिएर रहेको प्राचीन वास्तुकृतिको जगखण्ड देखाउने प्रयासमा छन् ।

उक्त प्रसङ्गमा, दुई वर्ष अघि उनले एउटा पुरानो मुद्रा मलाई देखाउन ल्याएका थिए । त्यो 'पशुपति' मुद्रा (**चित्र संख्या ६८ क,ख**) रहेछ । सो मुद्राको वारेमा आफूले जानेसम्मको इतिहास उनलाई सुनाएपछि कहाँवाट र कसरी उनको हातमा त्यो मुद्रा पर्न आयो भनी सोद्धा १२ वर्ष अघि आफ्नो सोही खेत खन्दा अचानक ढुङ्गे जग देखापरेको (**चित्र संख्या ६६**) र खुलदुलि लागेर बाँकी भाग खन्दै जाँदा त्यसका अन्त्यहीन श्रृङ्खलाहरू खेतको साँधभन्दा पनि वाहिर पूर्व, दक्षिण र पश्चिमतर्फ सँधियारहरूका खेतमा समेत फैलिएर गएको, खेतको यत्रतत्र चरूका अवशेष भेटिएको, छुँदा खरानी जस्तै फुस्सै जाने असामान्य रूपको कुनै अज्ञात जनावरको हात्तीको दाह्राजस्तो लाम्चो र तिखा दाँत(?) समेत भएको टाउकोको अवशेष (जुन केही दिनपछि नै नासिएर गयो) आदि भेटिएको र सोही कममा पशुपति मुद्रा फेलापरेको कुरा उनले वताए । पुरातत्त्वका दृष्टिले उनको सो जानकारी महत्वपूर्ण लाग्यो । अनि खेतको गर्भमा पुरिएको सो जगखण्ड देखाउन आग्रह गरेपछि सो खेतको उत्तरतर्फको एक भागमा त्यसरी खनेर देखाउन लागेका हुन् । करीव दुई फिट जति खनेपछि प्राचीन कुनै वास्तुको सो ढुङ्गे जगखण्ड (**चित्र संख्या ६६-क,ख**) देखापर्न आएको हो । सोही कममा माटाका भाँडावर्त्तनका केही टुकाटाकीहरू (**चित्र संख्या ६७**) पनि फेलापरेका छन् । रामशरण थापाका अनुसार १२ वर्ष अघि आफ्नो खेतमा ढुङ्गे जगखण्ड भेट्टाएपछि कहाँसम्म छ भनी उत्सुकतावश खोतल्दै जाँदा झण्डै २ ट्रक ढुङ्गा जम्मा भएको थियो । यसरी उनको खेत र त्यसको आसपासका इलाकालाई पुरातात्त्विक उत्खननको एउटा उपयुक्त आदर्श विन्दु मान्न सकिन्छ ।

चित्र संख्या ६६-क : खेतमा पुरिएर रहेको ढुङ्गे जगखण्डको एक भाग ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

प्रस्तुत चित्रमा पुरानो जगखण्डको एक भाग देखिनआएको छ। त्यहाँ यो पंक्तिकार थापा लगायतका वासिन्दाहरूसित त्यसवारेमा जानकारी लिने प्रयत्नमा छन्। सो जगखण्ड हेरी त्यसको चित्र लिएपछि सो भागलाई जस्ताको तस्तै पुनः पुरिएको छ।

चित्र संख्या ६६-ख : ढुङ्गे जगखण्डको सोही भाग ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



६७ : खेत खन्दा फेलापरेका माटाका भाँडावर्त्तनका टुकाटाकीहरू ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ



चित्र संख्या ६८-क : पशुपति मुद्रा र अन्य ।

१. पशुपति मुद्रा : गोलाइ : १.६ से.मि., तौल : .६४ ग्राम, मुद्रामा प्रयुक्त धातु : तामा

अग्रभाग : थोप्लोयुक्त वृत्तभित्रको मध्यभागमा सूर्यको आकृति वोध हुने सानो चक्का छ। अलिकता गहिरिएर हेरेको खण्डमा सो सानो चक्का पनि प्रतीकात्मक रूपमा अनेक अर्थ लाग्ने दश थोप्लाको (दश दिक्पाल?) अर्को सानो गोलाकार परिधिभित्र सजिएर रहेको छ। सो सानो परिधिवाहिर फूलवूट्टाजस्तो देखिने थोप्लाहरू देखापर्छन् । ...सूर्य र शिवमा भेद छैन। शायद यही कुरा सूर्य चिन्हले वोध गरेको दृष्टिगोचर हुन्छ ।

यस मुद्रामा अङ्कित वचेखुचेका अक्षर (?) खुट्टयाउन यो अन्वेषकलाई गाह्रो भएको छ। तापनि यस्तै प्रकारका अन्य पशुपति मुद्रामा झैं यस मुद्रामा पनि 'पशुपति' अक्षर अङ्कित छ भन्ने कुरा निश्चित छ। रामशरण थापाका अनुसार यस मुद्राको माथिल्लो एउटा महत्वपूर्ण भाग सो मुद्रा भेट्टाएको लगत्तै पछि सफा गर्ने कममा टुकिएर हरायो। जे होस् यसप्रकारका पशुपति मुद्राको चार दिशामा गरी कुटिला लिपिमा 'पशुपति' अभिलेख खोपिएको हुन्छ।



चित्र संख्या ६८-ख : पशुपति मुद्रा र अन्य ।

पृष्ठभाग : अन्य पशुपति मुद्रामा झैं यस मुद्राको पृष्ठभागमा पनि थोप्लोयुक्त वृत्ताकार परिधिभित्र दायाँतिर उन्मुख भएर उभिएको साँढेको आकृति अङ्कित छ । पशुपति मुद्रामा साँढेको माथितिर अर्धचन्द्राकार चिन्ह अङ्कित भएको देख्न सकिन्छ । त्यस्तो चिन्ह यसको टुक्रिएर हराएको माथिल्लो भागमा रहेको कुरा पनि यहाँनिर निश्चित रूपले थाहा पाइन्छ । यस्तै प्रकारका अन्य पशुपति मुद्रामा झैं यस मुद्रामा पनि सो साँढेको पुच्छर भुइँसम्मन् लत्रेको छ । शिवका प्रिय वाहन साँढेमा शिवकै पशुरूप दृष्टिगोचर हुन्छ ।

उत्तरप्राचीनकालमा लामो समयसम्म अत्यधिक चलनचल्तिमा आएको मुद्रा पशुपति मुद्रा नै हो । यसले त्यसवखतको नेपाल उद्योग व्यापारका दृष्टिले अगाडि र निकै नै समुन्नत स्थितिमा रहेको देखाएको छ । प्रसारण गर्ने शासकका नाम नहुनुलाई पशुपति मुद्राको उदेकलाग्दो विशेषताको रूपमा लिन सकिन्छ । भगवान् पशुपतिनाथको सम्मानमा यो मुद्रा प्रसारणमा आएको कुरा निश्चित रूपले थाहा पाइन्छ। शैव धर्ममा पाशुपत सम्प्रदायको लोकप्रियता विशेषगरी पशुपतिका परम अनुयायी अंशुवर्माको पालादेखि राष्ट्रियस्तरमै वढेर आएको देखिएको हुँदा यस मुद्राको प्रयम प्रसारण उनकै समयदेखि भएको मान्न सकिन्छ ।

२: गो धेबा : गोलाइ : १.६ से.मि., तौल : ५.३० ग्राम । तिथलीको एक धुलिसात घरवाट फेलापरेको तामाको मुद्रा । नेवार जनजीवनमा यस्तो मुद्रालाई 'गो धेवा' भन्ने चलन छ ।

३ : वति : गोलाइ : १ से.मि., तौल .७७ ग्राम । तिथलीको सोही धुलिसात घरवाट फेलापरेको तामाको चुनदाम (?) । मुट्ठीबन्द हत्केलाभित्रै हराउला जस्तो यो सानो मुद्रालाई नेवारीमा 'वति' भन्ने चलन रहेको देखिन्छ ।

'रामभक्तेश्वर' (**चित्र संख्या ६९**) नामले प्रसिद्ध छ । त्यस मन्दिरभित्र एउटा शिलापत्र छ । शकसंवत् १७५४ (वि.सं.१८८९) मा त्यहीँका स्थानीय रामरेषादेवीहरूले शिवलोक प्राप्ति-कामनार्थ महादेवलाई प्रसन्न पार्न २५ रोपनी ८ आना जग्गा अर्पित गरेका रहेछन् । त्यसवाट उठ्ने आयस्तावाट महादेवको नित्य-नैमित्तिक पूजा पर्व आदि चलाउनुपर्ने र देवालय, धारा, पाटी, धर्मशाला आदिको हेरचाह गर्नुपर्ने व्यवस्था गरेका रहेछन् भन्ने कुरा सो अभिलेखवाट थाहा पाइन्छ ।[११९]

११९. परिशिष्ट, १९ संख्याको अभिलेख ।

अघिदेखि नै यहाँ शिवमन्दिर थियो । सो मन्दिर परिसरमा पाटी, धारा तथा धर्मशाला पनि थिए । रामरेषादेवीहरूले जग्गा चढाई तिनका हेरचाहका लागि उचित व्यवस्था मिलाइसकेपछि चाहिँ सो शिवमन्दिर उनीहरूकै नामले त्यसपछि 'रामभक्तेश्वर' भनी जनजीवनमा चलेर आएको विदित हुन्छ ।

रामभक्तेश्वर मन्दिरको सामुन्ने दुईवटा पाटीका भग्न अवशेष, ढुङ्गेधारा (तीनधारे) तथा सोही धाराको वायाँपट्टि धर्मशाला (सत्तल) का अवशेष हाल पनि देखापर्छन् । स्थानीय जनजीवनमा 'तीनधारे' नामले प्रसिद्ध सो ढुङ्गेधारा (**चित्र संख्या ७०**) पहिले पुरिएको अवस्थामा थियो । अहिले यसको जीर्णोद्धारं भइसकेको छ ।



चित्र संख्या ६९ : रामभक्तेश्वर मन्दिर, गुण्डु-५ ।
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

लेखानारायणस्थान

रामभक्तेश्वर मन्दिरबाट केही पर उत्तर-पूर्वतिर लागेपछि लेखानारायणस्थानमा पुगिन्छ । यहाँ नारायणको मूर्ति छ । शायद यहाँ पहिले पुरानो शैलीमा बनेको नारायणमन्दिर थियो । कालक्रमले सो मन्दिर भत्केर नयाँ ढङ्गले बनेको सानो मन्दिरभित्र अहिले ती नारायण रहेका छन् ।

सूर्यविनायकवन

सूर्यको अवलोकनबाट उत्पन्न भएको गणेश हुँदा 'सूर्यविनायक' नामल प्रसिद्ध हुन पुगेको कुरा **नेपालमाहात्म्य**का आधारमा जानिन्छ ।[१२०] उपत्यकाका चार गणेशमध्येका एक गणेशका रूपमा यिनी मान्यपूज्य रहँदै आएका छन् । यिनकै नामबाट सो वनको नाम पनि 'सूर्यविनायक वन' भनी लोकजीवनमा प्रसिद्ध रहँदै आएको पाइन्छ । यो वन र यसको काखमा बसेका यी गणेश र यिनका बारेमा चल्दै आएका अनेक रोचक किंवदन्तीका आधारमा प्राचीनकालदेखि नै लौकिकजीवनसित सूर्यविनायक वनको धार्मिक-सांस्कृतिक सम्बन्ध रहँदै आएको दृष्टिगोचर हुन्छ ।

सूर्यविनायक वन दक्षिण-पूर्वदेखि उत्तर-पश्चिममा फैलिएर रहेको छ । यस वनमा ५ वटा थुम्काथुम्कीहरू देखापर्छन् । त्यहाँबाट उत्तरमा

चित्र संख्या ७० : तीनधारे, गुण्डु-५ ।
रामभक्तेश्वर मन्दिरको पूर्वपट्टि रहेको 'तीनधारे' नामले प्रसिद्ध ढुङ्गेधारा । प्रत्यक धाराका टुटोमुनि पोटे-देउता पनि देखापर्छन् । केही कालअघि मात्र जीर्णोद्धार भएको यो तीनधारेको बायाँपट्टिको धाराको टुटो त्यहींको रूख ढलेर टुटेपछि चाहिँ अहिले दुईधारे देखिन पुगेको छ । सो टुटेको टुटो धारामाथिको पेटीमा लम्पसार परेर रहेको छ ।
चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

---

१२०. सूर्यावलोकनान्नाम मुने सूर्यविनायकः (अध्याय ६, श्लोक ६२) ।

भक्तपुर शहर, दक्षिणमा गुण्डु/अनन्तलिङ्गेश्वर महादेव, पूर्वमा डोलेश्वर महादेव र पश्चिममा सुवर्णेश्वर महादेवलगायत उपत्यकाको मनमोहक दृश्य अवलोकन हुन्छ ।

यस वनका थुम्काथुम्कीहरू उहिले किल्ला रूपका थिए भन्ने किंवदन्ती छ । मन्दिरको दक्षिणपट्टि माथि दुई थुम्काथुम्कीबीचको भञ्ज्याङ् तथा पश्चिमपट्टिको भञ्ज्याङ् (सुवर्णेश्वर महादेवमन्दिरको डाँडो र सूर्यविनायक वनको पश्चिमपट्टिको थुम्कोबीचको भाग उहिले हात्ती -घोडा समेत चल्ने आवागमनका प्रमुख मार्ग रहेको थियो । पूर्वपट्टिको भञ्ज्याङ्को बाटोबाट घोडामात्र र पश्चिमपट्टिको भञ्ज्याङको बाटोबाट हात्तीसमेत चल्ने हुँदा 'हात्तीगौंडा' नाम रहेको लोकवाद चलेर आएको छ । यतातिरको भेकमा उहिले चहलपहलयुक्त समृद्ध रूपका वस्तीहरू थिए र ती वस्तीहरूको सुरक्षाप्रबन्धका लागि ठाउँ-ठाउँमा किल्ला बनेका थिए भन्ने कुराको आभास यसबाट मिल्छ ।



चित्र संख्या ७१ क : नेवार लोकजीवनमा 'लुचु महाद्यः' नामले सुपरिचित **सुवर्णेश्वर महादेवमन्दिर ।** *चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ*



चित्र संख्या ७१ ख : सुवर्णेश्वर-शिवलिङ्ग ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या ७१ ग : वाँयाबाट क्रमशः **उमामहेश्वर** (पन्ध्रौं शताब्दी), **गणेश** र **नृत्यनाथ (नासःद्यः)** (पन्ध्रौं-सोह्रौं शताब्दी) ।



चित्र संख्या ७२ क : सुशिइलाखा भैरवमन्दिर ।

चित्र संख्या ७२ ख : आकाशतत्त्वका प्रतीक, खाल्टो रूपी सुशिइलाखा भैरव ।

कटुञ्जे (कटुञ्जे-कोट)

अनन्तलिङ्गेश्वरभेकको उत्तरपश्चिममा अवस्थित एउटा रमणीय गाउँबस्ती कटुञ्जे पनि हो । यो पहिले कोट (किल्ला) रूपको रहेको हुँदा कालान्तरसम्म पनि *कटुञ्जेकोट* कहलिएको लोकवाद छ । उहिले सरकारी उर्दी सुनाउने व्यक्ति - कोट्टपाल (कटुवाल) रहने हुँदा 'कटुञ्जे' नाम रहन गएको हो कि भन्ने अनुमान हुन्छ । **सुवर्णेश्वर महादेव** र **सुशिइलाखा भैरव** यहाँका प्रसिद्ध देवता हुन् ।

सुवर्णेश्वर महादेवस्थान रमणीय डाँडोमा अवस्थित छ । यहाँबाट उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । गुम्वजशैलीको मन्दिर (**चित्र सख्या ७१ क**) को गर्भगृहमा प्रतिष्ठापित झण्डै साढे दुई फुट लाम्चो अनाकृत-प्रस्तर-लिंग (**चित्र संख्या ७१ ख**) 'सुवर्णेश्वर महादेव' नामले प्रसिद्ध छ । नेवार लोकजीवनले यिनलाई 'लुचु महा द्यः' नामले पुकार्दै आएका छन् । मन्दिरक्षेत्रमा उमामहेश्वरको सुन्दर प्रस्तरमूर्ति अनि गणेश र नृत्यनाथका प्रतीक दुईवटा प्वालले युक्त 'नास द्यः' (**चित्र संख्या ७१ ग**) यहाँ रहेका छन् ।

उक्त महादेवस्थानबाट केही पर पश्चिममा नेपाली छानेशैलीमा निर्मित तीनतले मन्दिर (**चित्र संख्या ७२ क**) छ । सो मन्दिरको गर्भगृहमा देखिने अजङ्गको एउटा ढुङ्गे-खाल्टो (**चित्र संख्या ७२ ख**) नै **सुशिइलाखा भैरव** का रूपमा प्रसिद्ध रही आएको छ । आकास तत्त्वको बोध गराउने सो खाल्टो रूपका भैरवले आकासभैरवको स्मरण गराउँछन् । यिनकै एक रूप सुशिइलाखा भैरव हुन् भन्ने कुरा यस भैरवसित जोडिएको विस्केटजात्रा-संस्कृतिले पनि देखाएको छ । किनकि विस्केटजात्राका मूलदेवता आकासभैरव वा विश्वनाथभैरव हुन् । लुचु महाद्यः र सुशिइलाखा भैलद्यःका प्रसङ्गबाट पनि कटुञ्जेमा विशेषगरी प्राचीन नेवारबस्ती बसेको थियो भन्ने कुरा आँकलन गर्न सकिन्छ ।

अनन्तलिङ्गेश्वरको दक्षिणीभेकका कलाकृति

कैलाश (चित्र संख्या ७३)

अनन्तलिङ्गेश्वर महादेवमन्दिरस्थानदेखि दक्षिणपट्टि केही माथि उक्लेपछि आइपुगिने थुम्कोलाई 'कैलाश' भनिन्छ । यहाँ निकै जीर्ण अवस्थाको एउटा प्रस्तर-नन्दी छ । त्यसको सामुन्ने कुनै देवताको प्रस्तर-द्वारतोरण



चित्र संख्या ७३ : कैलाश ।

थोरै मात्र वचेखुचेका र लुप्त हुने अवस्थामा पुगेका कलाकृति ।



चित्र संख्या ७४ : अन्तलिगाउँबाट देखिने रिसालडाँडा ।

सो डाँडाको पश्चिमपट्टिको वनमा **काशीविश्वेश्वरनाथ** विराजमान छन् ।

कालक्रमले जमीनमा पुरिन लागेको अवस्थामा देख्न सकिन्छ। त्यस तोरणको पनि पछाडि एउटा लाम्चो प्रस्तर जमीनमा त्यसरी नै गाडिएर रहेको छ। सो प्रस्तरको पछाडि दुईवटा त्रिशूल गाडिएका छन्। आधुनिक कालतिर राखिएको एउटा सानो घण्ट पनि सो खुला देवस्थलमा राखिएको छ। यसरी पुरिन लागेका र जीर्णशिर्ण भएर अत्यन्त नाजुक अवस्थामा पुगिसकेका ती थोरै कलाकृतिले पनि त्यस ठाउँमा महादेवको कुनै प्राचीन देवस्थल थियो र त्यो समयको मारले भत्की बिग्री जमीनको गर्भमा समाहित हुन पुगेको होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ।

यस कैलाशले यहाँनिर हाँडीगाउँको अंशुवर्माको अभिलेखमा उल्लेख हुन आएको 'कैलाशेश्वर' लाई पनि संझाएको छ। पशुपतिमा पनि कैलासथुम्को छ। वज्राचार्यले 'कैलासेश्वर' त्यतैतिर रहेको अनुमान लगाएका छन्।[१२१] तर हाँडीगाउँको अभिलेखमा पशुपतिको मात्र नभएर 'हंसगृहदेव' को पनि उल्लेख आएको छ र मेरो अनुमानमा हंसगृहदेव (अनन्तलिङ्गेश्वर) पछि क्रमिक रूपले उल्लेख हुन आएका *मानेश्वर, साम्बपुर* (सोमलिङ्गटार), *वाग्वतीपारदेव, धारामानेश्वर पर्वतेश्वरदेव* (फूलचोकी?) *नरसिंहदेव* लगायतका *कैलाशेश्वर* प्राचीन हंसगृहद्रङ्ग (अनन्तलिङ्गेश्वरभेक) भेकतिरकै हुन सक्छन्। विचारणीय कुरा के छ भने 'कैलासेश्वर' को उल्लेख पशुपतिपछि नभएर हंसगृहदेवपछि मात्र आएको छ। यतावाट पनि उक्त कुराको सांकेतिक पुष्टि मिल्छ।

कैलाशथुम्कोबाट पनि उँभो लागेपछि **अन्तलिगाउँ** पुगिन्छ। यहाँ बाटोको किनारमा एउटा प्राचीन ढुङ्गेधारो छ। स्थानीय बासिन्दाहरूका अनुसार केही कालअघिसम्म यहाँ एउटा शिलापत्र थियो। अहिले त्यसको अत्तोपत्तो छैन। यहाँबाट दक्षिणतिर रिसालडाँडा छ। **(चित्र सख्या ६७)**। यसै डाँडाको पश्चिमपट्टिको वन 'ओपि-वन' मा **काशी विश्वेश्वरनाथ** अवस्थित छन्।

काशीविश्वेश्वर

अन्तलिगाउँबाट पनि दक्षिणतिर उकालो लाग्दै गएपछि रिसालडाँडाको पश्चिमपट्टिको थुम्कोमा पुगिन्छ। सो थुम्कोमा गुम्बजशैलीको एउटा मन्दिर

१२१. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३२५।

(चित्र संख्या ७५) हाम्रो सामुन्नेमा दर्शनीय हुन आइपुग्छ । पश्चिमाभिमुख त्यस मन्दिरको गर्भस्थानमा जलहरीसहितको शिवलिंग स्थापित छ । सोही शिवलिंग लौकिकजीवनमा 'काशी-विश्वेश्वर' भनी प्रसिद्ध रही आएको छ ।[१२२]

काशी-विश्वेश्वरमन्दिरको बाहिरपट्टिका भित्ताहरूमा देवमूर्तिसहितका खोपाहरू छन् । तर तीमध्ये पश्चिमपट्टिको खुलाद्वारको दायाँ-बायाँका खोपा खालि छन् । सो द्वारको बायाँपट्टि काशीविश्वेश्वरका कुनै एक भक्तको एउटा प्रस्तर सालिग **(चित्र संख्या ७५-क)** छ । ती भक्तले आफ्ना दुवै घुँडाले टेकी विन्तीभाव प्रकट गरिरहेका छन् । उनले पगरी र जामा लगाएका छन् । यतावाट सो प्रस्तर सालिग उत्तरमध्यकालतिरको हो भनी मान्न सकिन्छ ।

काशीविश्वेश्वरमन्दिरको उत्तरपट्टिको भित्तामा ३ वटा खोपाहरू छन् । तीमध्ये दुईवटा खोपा खालि छन् र एउटा खोपामा शेषनागसहितको विष्णुको मूर्ति छ । पूर्वपट्टिको भित्तामा एउटा 'नासःप्वा' (नृत्यनाथको प्रतीक मानिने त्रिकोणाकार प्वाल) बनेको छ । दक्षिणपट्टिको भित्ताका दुई खोपामा गरुड तथा एक देवमूर्ति (भैरव?) छन् ।

काशीविश्वेश्वरमन्दिरको सामुन्ने छरिएका देवमूर्ति/कलाकृति राख्नका लागि एउटा साधारण आसन देवस्थल-जीर्णोद्धारको सिलसिला (२०५०/०५१) मा बनेको छ । सो आसनमा एउटा ढुङ्गे-फलकमाथि बसाहा, गरुड र एक भक्तिनीसहितका तीन प्रस्तर कलाकृति राखिएका छन् र त्यसको दायाँ-वायाँ कलात्मक रूपको एकजोडी ढुङ्गे-थाम पनि लडाएर राखिएको छ । **(चित्र संख्या ७५-ख)** । उक्त विश्वेश्वरवनमा केही प्राचीन कुवा **(चित्र संख्या ७५-ग,घ)** पनि छन् । ती कुवाहरू भएकै कारण सो वन 'ओपि-वन' भनी प्रसिद्ध छ । काशीविश्वेश्वरमन्दिरको अगाडि दक्षिण-पश्चिम

---

१२२. स्थानीय वासिन्दाहरूका अनुसार केही काल अघि ललितपुर लामाटार गा.वि.स. वडा नं ६ का काशी विश्वेश्वर-कलासमूहद्वारा काशी-विश्वेश्वरको मन्दिर जीर्णोद्धार भएको थियो ।
काशीविश्वेश्वेरमन्दिरपरिसरमा पहिले एउटा प्राचीन शिलापत्र थियो, सो शिलापत्रको अक्षर खिइसकेको तथा नबुझिने खालका लिपि (लिच्छवि?) भएको र हाल लामाटार वडा नं ५ का कुनै एक निवासीले (?) आफनो घरमा लगेर राखेको कुरा स्थलगत अन्वेषणका कममा स्थानीय वासिन्दाहरूले वताए । यस वारेमा अरू बढ्ता कुरा थाहा पाउन सकिएन ।



चित्र संख्या ७५ : काशीविश्वेश्वरमन्दिर ।

केही दशकअघिसम्म यो मन्दिर इलाका भक्तपुर जिल्लामा पर्दथ्यो । मन्दिरको उत्तरपट्टि एउटा पोखरी छ । सो पोखरीको डीलले जिल्लाको सीमाना छुट्टिएका कारण अहिले यो ललितपुर जिल्ला अन्तर्गत पर्दछ । स्थानीय वासिन्दाहरूका अनुसार सो मन्दिरको जीर्णोद्वार वि.सं.२०५०/०५१ तिर भएको थियो । उनीहरूका अनुसार मन्दिर स्थित रहेका **ओपि वन**मा पहिले अनेक कलाकृति थिए, केही हराए, केही जमीनमुनि दविएका होलान् र वचेखुचेका केही एकै ठाउँमा थुपारिएका छन् । प्रस्तुत चित्रमा मन्दिरको सामुन्नेमा कुनै एक भक्तको सालिग तथा थुपारिएका अन्य केही कलाकृति देख्न सकिन्छ। अनि अन्वेषणकै कममा सो मन्दिर अघिल्तिर यहाँ त्रिशूल समाइरहेका यो पंक्तिकार र मलाई साथ दिने मेरा मित्र विनोदराज शर्मा पनि छन् ।



चित्र संख्या ७५ क :

काशीविश्वेश्वरमन्दिरको वायाँपट्टि पेटीमा ल्याएर राखिएको मध्यकालतिरका कुनै एक **भक्तको प्रस्तर-सालिग** । यहाँवाट उपत्यका छरप्रष्टै देखिन्छ । अनि आकाश सफा भएको वेलामा यहाँवाट उत्तरतिर प्रष्टै देखिने हिमालहरूले जो कोहीलाई पनि मन्त्रमुग्ध पार्छ । यसरी सांस्कृतिक/प्राकृतिक पर्यटनका दृष्टिले पनि यो ठाउँ उल्लेखनीय मान्न सकिन्छ ।



चित्र संख्या ७५ ख : काशीविश्वेश्वरका बचेखुचेका कलाकृति ।

प्रस्तुत चित्रमा आसनको दायाँ वायाँ लडाएर राखिएका एकजोडी कलात्मक प्रस्तर-थाम देखापर्छन् । वायाँपट्टिको थामसंगै राखिएको मूर्ति वसाहाको हो । सो वसाहाको मुख फुटिसकेको छ । त्यो वसाहासंगैको मूर्तिका देवता गरुड हुन् । त्यसपछिको तेश्रो मूर्ति कुनै एक मातृदेवीको हो । ती देवी पादासनमुद्रामा वसेकी छिन् । तिनको कान केही लाम्चो परेको छ । सो कानमा तिनले वाटुलो कर्णकुण्डल धारण गरेकी छिन् । जुन यस मूर्तिमा देखिने खास विशेपता हो भनी मान्न सकिन्छ ।

चित्र संख्या ७५ ग, घ : काशीविश्वेश्वरनाथमन्दिरस्थित 'ओपि वन' का कुवाहरू ।

कुनैवेला अत्यन्त प्रयोगमा आउने गरेका यी कुवाहरू अहिले झारपातले ढाकिएर, प्रयोगविहिन भएर विलुप्त हुने स्थितिमा पुगिसकेको आभास हुन्छ । स्थानीय वासिन्दाहरूका अनुसार यहाँ पहिले अरू पनि धेरै कुवाहरू थिए । स्थानीय वूढापाकाहरूका अनुसार पूर्वकालमा दक्षिण पूर्ववाट उपत्यका झर्ने आवागमनको एक मुख्य भाग यतैतिर पनि पर्दथ्यो । यो कुरा विचारणीय छ । शायद यसैकारण पनि वटुवाहरूको तिर्खा मेटाउन यहाँ एकै ठाउँमा त्यति धेरै कुवाहरू वनेको हुन सक्छ ।



चित्र संख्या ७५ ङ : पुरानो पाटीको जगमा उभिएको **नयाँ पाटी ।**
काशीविश्वेश्वरमन्दिरको चउरमा स्थित यो पाटी स्थानीय वासिन्दाहरूले वि.सं. २०५०/०५१ तिर पुनर्निमाण गरिदिएका हुन् । उनीहरूका अनुसार पहिले यहाँ पुरानो शैलीको पाटी थियो । सो पुरै भत्केर पाताल भएपछि त्यसैको जगखण्डमाथि यो नयाँ पाटी खडा गरिएको हो ।

फैलिएर रहेको एउटा सानो चउर छ । त्यहाँ एउटा आधुनिकशैलीमा पुनर्निर्मित पाटी **(चित्र संख्या ७५-ङ)** पनि छ ।

उक्त मन्दिर आसपास र दक्षिणपट्टि देखिने पहाडी थुम्काहरूमा अनेक नामका ओडार र गुफा रहेको कुरा स्थानीय वासिन्दाहरू बताउँछन् । भैरवनाथ-ओडार, छातेढुङ्गा-ओडार, कल्छेढुङ्गा-ओडार, मुसेढुङ्गा-ओडार आदि यसका उदाहरण हुन् । यस वारेमा छुट्टै पुरातात्त्विक अन्वेषण हुन सकेमा नेपालको प्रागइतिहासका वारेमा समेत नयाँ कुरा प्रकाशमा आउन सक्ने आशा गर्न सकिन्छ ।

रानीकोट-'गढी'

स्थानीय लौकिकजीवनंमा अहिले पनि 'गढी' भनी सम्वोधित हुँदै आएको रानीकोट काशीविश्वेश्वरदेखि पूर्वमा रहेको छ । रानीकोटको थुम्को (गढी) काभ्रे जिल्लाको च्याले गा.वि.स. वडा नं ५ को मात्र नभएर भक्तपुर जिल्लाको सिपाडोल गा.वि.स. वडा नं ४ तथा गुण्डु वडा नं ३ को पनि

शिरको रूपमा रहेको छ । रानीकोट गढीको पूर्वमा आशापुरी-महादेव, पश्चिममा अनन्तलिङ्गेश्वर, उत्तरमा डोलेश्वरमहादेव र दक्षिणमा मुरलीश्वरमहादेव छन् । प्रचलित लोकवाद अनुसार *पहिले यहाँ रानी वस्नका लागि वनेको दरवार र किल्ला थियो । त्यसैले यसको नाम 'रानीकोट' रहन गएको हो । यहाँ भन्सारचौकी पनि थियो । पछिल्लो कालमा गोर्खालीहरूले उपत्यका जित्नका लागि सोही पुरानो किल्लालाई सामान्य मरम्मत गरी गढीकै रूप दिई उपयोगमा ल्याएका थिए ।*

सम्पूर्ण उपत्यकाको रस्तीवस्ती अवलोकन गर्न सकिने यस रानीकोट थुम्कोमा अहिले पनि यत्रतत्र छरिएर रहेका इँटा र ढुङ्गा अनि वृत्ताकार रूपको खाडलले प्राचीन गढीको वास्तु-अवशेष र संरचनालाई सम्भाइरहेको छ ।[१२३]

रानीकोटको नैऋत्यकोणमा **बाघभैरवस्थान** छ ॥ भट्ट हेर्दा अजङ्गको वाघजस्तै देखिने प्राकृतिक अवस्थाको एक विशाल ढुङ्गा 'वाघभैरव' (**चित्र संख्या ७६**) भनी पुजिँदै आएको छ । वैशाख पूर्णिमा र मंसिर पूर्णिमाका दिनमा यहाँ विशेष पूजा र मेला लाग्छ । सो निकै प्रसिद्ध छ ।

---

१२३. यहाँका इँटा तथा ढुङ्गाहरू घर वनाउने प्रयोजनका निमित्त लाने गरेको जानकारी अन्वेषणका कममा थाहा हुन आएको छ। इतिहास र पुरातत्त्वका दृष्टिले महत्वपूर्ण यस ठाउँको संरक्षणका साथै छुट्टै पुरातात्त्विक अन्वेषण समेत गर्न अत्यन्त हतार भइसकेको छ ।



चित्र संख्या ७६ : रानीकोटका बाघभैरव । चित्र सौजन्य : अनिल प्रजापति

[illegible]



[illegible]

[illegible]

तेश्रो खण्ड

ऐतिहासिक विश्लेषण

उहिलेका कति प्रसिद्ध बस्ती अहिले उजाड भइसकेका छन्।
अहिलेका कति बस्ती उहिले थिएनन्।
*(धनवज्र वज्राचार्य 'लिच्छविकालिक बस्ती', **पूर्णिमा**, १८/२०२५, पृष्ठ ११)*

बस्तीबसाइ र हंसगृहद्रङ्ग,

काठमाण्डौं उपत्यका आरम्भमा जलमग्न थियो भन्ने कुरा पौराणिक अनुश्रुतिले मात्र नभएर भौगर्भिक अध्ययनले पनि देखाएको छ। कालान्तरमा कारणवश यहाँको पानी सुकेर गएपछि दलदले भूभागका किनार वरपरका डाँडापाखामा मानव-वस्ती फैलन पुगेको अनुमान हुन्छ। त्यस्ता ठाउँमा सर्वप्रथम बसोवास गर्ने शायद नाग जातिका (?)[१२४] प्राग्मानव थिए। अनन्तलिङ्गेश्वरभेकको दक्षिणपूर्वपट्टि रहेका अग्ला पहाडी श्रृंखला र पहाडी थुम्काहरूमा अनेक नामका गुफा तथा ओडारहरू रहेको तथ्यले प्राग्ऐतिहासिक कालतिरै यतातिर पनि मानव बसोवास भइसकेको संकेत मिल्छ। अनन्तलिङ्गेश्वरभेक आसपासका माथि उल्लेख भएका गुफा ओडार लगायत चोभारको चखुं तीर्थ, वखुं तीर्थ, जामाचो डाँडो, सुन्दरीजल, गुप्तेश्वर, पनौती, फूलचोकी, लेले आदि स्थानमा पत्ता लागेका गुफा तथा ओडारहरूवाट पनि उक्त कुराको प्रकारान्तर पुष्टि मिल्छ।[१२५] पौराणिक साहित्य-अध्ययनका आधारमा गरिएको प्राग्ऐतिहासिक विश्लेषणले आजभन्दा ३,५०० देखि

---

१२४. यस्तो तर्क हरिराम जोशीलगायतका एकथरीका इतिहासकारहरूले उठाएका छन्। परवर्तीकालमा वाहिरवाट आएका आर्यहरूले नाग जातिलाई दवाएर आर्य सभ्यताको सुरुवात गरेपछि पूर्वकालिक घटनाक्रमले विस्तारै पौराणिक आख्यानको रूप लिएको हुन सक्ने अनुमान जोशीले गरेका छन्। (Hari Ram Joshi 'The Naga Tribes' **Rolamba**, Vol. 4, No.1, 1984, p. 1-8)

१२५. केही समय अघिको मात्र कुरा हो ! अनन्तलिङ्गेश्वरको पूर्वीभेकस्थित नंखेल गा.वि.स को नन्दीकेश्वर मन्दिर आसपासमा मन्दिर जीर्णोद्वारको क्रममा ढुङ्गे वञ्चरो फेला परेको तथा पुरातत्त्व विभागले परीक्षणका लागि लगेको कुरा सुन्नमा आएको छ। यो जानकारी महत्वपूर्ण छ। यसले पनि यो भेक प्रागऐतिहासिक कालदेखि नै मानव बसोवास भएको क्षेत्र रहेछ भन्ने कुराको संकेत दिएको छ।

४,००० वर्ष अघि प्राग् वैदिक एवं वैदिक आर्यहरूले नेपालमा प्रवेश गरी वैदिक सभ्यताको सुरुवात गरिसकेका थिए भन्ने केही स्पष्ट संकेत पाइन्छ ।[१२६] गोपालराजवंशावलीको कथनलाई मानेर लिच्छविकालका अभिलेखमा आएका *भरताश्रम, गौतमाश्रम* लगायत *वाग्वती, मणिमती* आदि संस्कृत भाषाका नामहरूतिर दृष्टि दिँदा किरातकालअघि नै (आभीर-सभ्यता युगतिर ?) उपत्यकामा वैदिक वाङ्मयको दर्शन परम्परा चलिसकेको आभास हुन्छ ।[१२७] अनन्तलिङ्गेश्वरभेकका नदी वा खोला किनारमा पनि ऋषिमुनिहरूले तपस्या गरेको अनुश्रुति चलेर आएकै छ। यी नै पृष्ठभूमिमा अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको शिलालेखमा उल्लेख हुन आएको संस्कृत भाषाको शब्द 'हंसगृह' लाई पनि वैदिक दर्शनको उदाहरण-उपजको रूपमा मान्न सकिन्छ। यताबाट पूर्वलिच्छविकालतिरै अनन्तलिङ्गेश्वरभेकको प्राचीन बस्ती 'हंसगृह' नामले प्रसिद्ध भइसकेको थियो भन्ने दृष्टिगोचर हुन्छ। त्यसैगरी बस्तीकै नामबाट देवताको नाम पनि 'हंसगृहदेव' रहन पुगेको अनुमान समेत सहजै हुन्छ।

अनन्तलिअनन्तलिङ्गेश्वर भेकको अनेक नामका रैथाने नेवार वस्तीमध्येको एउटा प्राचीन बस्ती **'हाँयडोल'** *(यसको उल्लेख माथि पनि भइसकेको छ)* पनि हो । 'हाँयडोल' नामको यो वस्ती दधिकोट वडा नं ६ स्थित चोपुलि (चवदेश) को दक्षिणपूर्वमा रहेको छ । हाँसको शिर जस्तो आकार भएकोले 'हाँयडोल' नाम पूर्वकालदेखि चलेर आएको लौकिक मान्यता छ । स्थानीय बासिन्दाहरूका अनुसार हाँसपालन व्यवसाय उहिलेदेखि चली आएको छ। जे होस् ! यस भेकमा यस नामको बस्ती अस्तित्वमा रही रहनु महत्वपूर्ण कुरा हो । यताबाट हालको 'हाँयडोल' उहिलेको 'हंसगृहद्रङ्ग' कै बचेखुचेको रूप हो भनी मान्न सकिन्छ । हँसगृहद्रङ्ग अनन्तलिङ्गेश्वरभेकमा थियो भन्ने एउटा दरिलो आधार यो पनि हो ।

नेपाल-उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुरमा बस्तीबसाइ व्यवस्थित हुनु पूर्व छेउ-छेउका चापागाउँ बुङमती, बलम्बु, थानकोट, सीतापाइला, धर्मस्थली, टोखा, बूढानीलकण्ठ, टुप्याक, गोकर्ण, साँखु, लेले

१२६. Shiva Raj Shrestha "Malla" – ' The Vedic-Aryan Entry Into Contemporary Nepal [A Pre-Historical Analysis Based on the Study of Purans] ' , **Aceient Nepal**, No.147, June 2001, p. 14-17

१२७. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत् , पृष्ठ ३४४, ५३६ ।

लगायत अनन्तलिङ्गेश्वरभेकका वस्ती लिच्छविकालमा उल्लेखनीय थिए ।[१२८] उपत्यकाको सीतापाइला, थानकोट, केवलपुर आदि पशिचमी भेकका 'शीताटिकाद्रङ्ग', 'नुप्पुन्नद्रङ्ग', टोखा, बूढानीलकण्ठ आदि उत्तरी भेकस्थित 'थंतुरीद्रङ्ग' लगायत दक्षिणपूर्वस्थित लेलेभेकको 'लेम्बटीद्रङ्ग' तथा यसैको उत्तर पूर्वमा आवाद रहेको अनन्तलिङ्गेश्वरभेकको 'हंसगृहद्रङ्ग' नामक प्राचीन वस्तीहरू उदाहरणस्वरूप छन् । सम्भवत त्यस वेला उपत्यका प्रवेश गर्ने र बाहिर जाने मुख्य नाका र मुख्य मार्ग भएकै कारण निकै आबादी भएको व्यापारको केन्द्रका रूपमा यी प्राचीन वस्तीहरू विकसित हुनपुगेका थिए । त्यसो हुँदा पूर्वलिच्छविकालतिरै 'द्रङ्ग' को दर्जा पाइसकेका थिए । कस्तो वस्ती वा इलाकालाई लिच्छवि-शासनकालमा 'द्रङ्ग' भनिन्थ्यो भन्ने कुराको परिचय पाउन वज्राचार्यको निम्न टिप्पणी यहाँनिर प्रस्तुत गर्नु सान्दर्भिक छ ।

ग्रामको परिभाषाभन्दा बढी आवादी भएका निश्चित इलाका भएको वस्तीलाई त्यस वेला 'द्रङ्ग संज्ञा दिइएको हुन्थ्यो । एउटा द्रङ्गभित्र अनेक ग्राम पनि पर्दथे । लिच्छविकालमा द्रङ्ग संज्ञा पाएको वस्तीले पछि पछि 'देश' (शहर) को संज्ञा पाएको देखिन्छ । यसरी 'द्रङ्ग' निकै आवाद भएको वस्ती हुन्थ्यो भन्ने निश्चिच्छ छ । यसकारण द्रङ्गको रूपमा रहेको 'हंसगृह' पनि निकै आवाद भएको वस्ती थियो भन्ने स्पष्ट छ । त्यहाँ रहेको नरेन्द्रदेवको अभिलेखबाट पनि यस कुराको संकेत पाइन्छ । त्यस अभिलेखमा परेको 'द्रङ्गसीमाभ्यन्तरस्थानाम्ब्राम्हण-प्रमुखानामाचाण्डालेभ्यो' आदि वाक्यले ब्राम्हणदेखि चाण्डालसम्मका विभिन्न जातका मानिसहरूको त्यहाँ वसोबास थियो भन्ने बुझिन्छ ।[१२९]

प्राचीनकालदेखि नै **लेले, फर्पिङ, थानकोट र साङ्गा** यी चार भन्ज्याङहरू उपत्यकाको भौगोलिक स्वरूपतर्फ विचार गरी बाह्य जगतसित उपत्यकालाई जोडने वा आवतजावत गर्ने चार मुख्य प्रवेशद्वार वा नाकाहरूका रूपमा प्रचलित रहेको दृष्टिगोचर हुन्छ । तीमध्ये थानकोट र साङ्गा भन्ज्याङहरूले आफनो प्राचीन गौरवलाई अझै पनि अक्षुण्ण राख्दै आएका छन् । थानकोट भन्ज्याङ दक्षिणका प्रदेश र मुलुकहरूसित एवं त्यसरी नै साङ्गा भन्ज्याङ चाहिँ पूर्वतर्फका तत्कालीन भक्तपुर राज्य अन्तर्गतका दोलखासहितका

---

१२८. धनवज्र वज्राचार्य : 'लिच्छविकालिक वस्ती' , **पूर्णिमा** , १८ पूर्णाङ्क , साउन-भदौ-असोज, वि.सं.२०२५, पृष्ठ ८७ ।

१२९. ऐजन, पृष्ठ ८८ ।

सातग्राम प्रदेश, तिब्बत,चीन र भारतसमेत आवतजावत गर्ने नाकाको रूपमा प्रयोगमा आएको दृष्टिगत हुन्छ। दक्षिणतिरबाट (भारत) सिन्धुली हुँदै साङ्गा भञ्ज्याङ् भएर उपत्यका पस्ने प्राचीन मार्ग श्रृखंला रानीकोट-गढी, काशीविश्वेश्वर, अनन्तलिङ्गेश्वर हुँदै गुण्डु, दधिकोटलगायत सोमलिङ्गटार लेलेतिर पनि रहेको हुनुपर्छ। यसरी पूर्व दक्षिणबाट उच्च पहाडी थुम्काहरू हुँदै तल झर्दै जाँदा उपत्यकाको सुविधायुक्त समस्थलीय भूभागमा सर्वप्रथम आईपुग्ने स्थानहरू अहिलेका गुण्डु, दधिकोट, सोमलिङ्गटारलगायत लेले जस्ता डोल परेका बस्तीहरू नै हुन्। यसरी त्यस्ता मुख्य नाकाहरू भएका कारण त्यतातिरका बस्ती व्यापारिक दृष्टिले समुन्नत हुन पुगे जस्ले गर्दा उपत्यकाको पश्चिमीभेकमा **शीटाटिका** र **नुप्पुन्न** तथा पूर्व दक्षिणभेकमा **हंसगृह** लगायत **लेम्बटी** नामका बस्तीहरूले लिच्छविकालतिर आइपुग्दा **द्रङ्ग**को रूप लिन पुगेको हो भन्ने देखिन्छ। यी प्राचीन वस्तीका तुलनामा कान्तिपुरको मध्यभागमा बसेको 'दक्षिणकोलिद्रङ्ग', र त्यसैगरी ललितपुरको 'युपग्रामद्रङ्ग' तथा भक्तपुरको 'माखोपृंद्रङ्ग' पछिमात्र विकसित हुनपुगेका बस्ती हुन् भनी मान्न सकिन्छ।

'परिवर्तन' कालचक्रको मूल चरित्र हो, जस्ले विगतलाई बिसाईसक्दा पनि वर्तमानले विर्सेको हुँदैन। यस कुराको साक्षी नरेन्द्रदेवको अभिलेख पनि हो। विभिन्न जातका रैथाने बासिन्दाहरूको बसोबास अनन्तलिङ्गेश्वरभेकमा अहिले पनि छ, जसले उनको अभिलेखमा आएको '*द्रङ्गसीमाभ्यन्तर-स्थानाम्ब्राम्हणप्रमुखानाम्माचाण्डालेभ्यो...*' लाई स्मरण गराएको छ। अनन्तलिङ्गेश्वरभेकमा उहिले 'हंसगृहद्रङ्ग' नामक समृद्ध रूपको बस्ती बसेको थियो भन्ने कुरालाई संझाईराख्ने एउटै मात्र पुरातात्त्विक साक्ष त्यहीँ रहेको उनको त्यो अभिलेख हो। यस मूल साक्षलाई समर्थन गर्ने प्रकारान्तर साक्ष अनेक देखापर्छन्। उदाहरणका लागि रानीकोट गढी र गढीका प्राचीन अवशेष, अनन्तलिङ्गेश्वरभेकमा यत्रतत्र छरिएर रहेका प्राचीन कलावस्तु एवं शैव मन्दिर तथा शिवलिङ्गहरू, गुण्डु तिथलीको खेत खन्दा भेटिएका लिच्छविकालीन पशुपति मुद्रा र प्रांचीन भवन/देवालय (?) को जगखण्डका प्रस्तर-अवशेष एवं वेलावखतमा खेत, इनार खन्दा भेटिने लिच्छविकालीन तामाका मुद्राहरू, प्राचीन वास्तु–प्रस्तर-अवशेष लगायत गढ, किल्ला रूपको प्राचीन वस्तीलाई संझाइराख्ने 'कोट' विशेषणले युक्त स्थानीय गाउँबस्तीका स्थाननामलाई (दधिकोट, कोल्पाकोट, कटुञ्जेकोट, रानीकोट, सूर्यविनायकका

कोट आदि) समेत लिन सकिन्छ ।[१२०] नरेन्द्रदेवको अभिलेखमा आएको **को-ग्राम**ले अहिलेको कालीटार र त्यसैगरी **कोङ्कोग्राम**ले किवाचोकलाई सम्झाइरहेको छ । त्यसरी नै 'हाँयडोल' ले 'हंसगृहद्रङ्ग' को बचेखुचेको नाम-अवशेषलाई मात्र भए पनि प्रतिनिधित्व गर्दै बचाइराखेको रहेछ भन्ने कुराको थप प्रामाणिक पुष्टि मिल्छ ।

तर्क र प्रयोग निष्कर्ष होइन, तथ्यमा पुग्ने माध्यम मात्र हुन् । आधारहीन तर्कको तुकमा जबर्जस्ती निकालिएका गलत निष्कर्षले भ्रम मात्र सिर्जना गर्छ, इतिहास-प्रकाशमा देखिने रातो घाममा कालो सूर्यको कालो छायाँ मात्र पर्छ । कालोमा पस्दा उज्यालो पनि हराउँछ । यो कुरा घाम जतिकै छर्लङ्ग छ । हंसगृहद्रङ्गको अवस्थितिका प्रसङ्गमा यहाँ प्रसङ्गवश उठाउन खोजिएको प्रसङ्ग लेखक भरत जङ्मले उठाएको यस विषयको आधारहीन तर्कका बारेमा हो । उनले 'हाँडीगाउँ'को पूर्व रूप 'हंसगृह'लाई ठहर गर्दै सोही तुकका भरमा 'हंसगृहद्रङ्ग'लाई जबर्जस्ती उठाएर हाँडीगाउँमा लगी त्यसलाई अंशुवर्माको राजधानी शहर नै देख्ने भ्रम पाल्न पुगेका छन् ।[१३१] यथार्थमा उनले त्यसरी प्रमाणित गर्न खोजे जस्तो 'हंसगृह'बाट 'हंसग्राम'-'हंसगाउँ' हुँदै 'हाँडीगाउँ' हुनु भनेको भाषा विज्ञानका आधारमा हुनै नसक्ने कुरा हो । पूर्वको सूर्य पश्चिमबाट उदाउनु जस्तै हो ।

---

१३०. हालको दधिकोटको पुरानो नाम 'डडिकोट' हो भन्ने कुराको चर्चा माथि दोश्रो अध्यायमा भइसकेको छ । 'डडि' ले के कुरा जनाउन खोजेको हो त्यो निश्चित रूपले जान्न सकिएको छैन । तर यस भेकका अन्य कोटहरूको दाँजोमा यो मुख्य कोट थियो भन्ने कुरा थाहा हुन आएको छ । यस आधारमा तत्कालीन 'द्रङ्ग' वस्तीको मुख्य भाग अहिलेको दधिकोटमा थियो, शायद त्यसैकारण परवर्तीकालमा 'डडि' प्रचलित रहेको हो कि भन्ने मलाई लागेको छ । यस क्षेत्रको पुरातात्त्विक उत्खनन् हुन सकेमा थप नयाँ कुरा प्रकाशमा आउने छ ।

१३१. भरतमणि जङ्गम 'अंशुवर्माको राजधानी शहर - हंसगृह', **ROLAMBA, Millennium Issue,** 20/1-2,2000, पृष्ठ १२४-१२८ ।

हंसगृहद्रङ्गका लोकपालस्वामी - हंसगृहदेव -अनन्तलिङ्गेश्वर

अहिलेको अनन्तलिङ्गेश्वरभेक लिच्छविकालमा 'हंसगृह' नामले प्रसिद्ध थियो । सो वस्ती शहरी रूपमा विकसित हुँदा 'हंसगृहद्रङ्ग' कहलिएको थियो । 'भक्त' को पूर्व प्राकृत रूप 'खो' रहे जस्तै 'हायँ' को पूर्व संस्कृत रूप 'हंस' थियो भन्ने इत्यादि कुरा माथिका प्रसङ्गमा भैसकेको छ । नेपालमा ऐतिहासिक युग अघिका गोपाल र महिषपालहरू कमशः गाई पाल्ने र भैंसी पाल्ने व्यवसायका कारण गोपाल र महिषपाल भनिएका हुन् भन्ने मान्यता चलेर आएको छ । यताबाट जसको, जहाँको जे-जस्तो विशेषता छ, त्यही आधारमा नाम चलेर आएको विदित हुन्छ । सोही अनुरूप बस्तीको भू-स्वरूप मात्र हाँसको जस्तो नभएर हाँस पाल्ने व्यवसायीहरूको समेत बस्ती भएको हुँदा 'हंसगृह' कहलिएको र त्यसैको नेवारी रूप 'हायँडोल' परवर्तीकालमा चलेको थाहा हुन्छ । विचारणीय कुरा के छ भने त्यसबेला सरकारीस्तरमै 'हंसगृह' नाम चलेपछि वस्तीको महत्व समेत पहिलेको तुलनामा व्यापक रूपले बढ्न पुगेको रहेछ भन्ने आभास हुन्छ ।

वैदिक दर्शनको पृष्ठभूमिमा हंसगृहद्रङ्गका लोकपालस्वामी हंसगृहदेवको अनेक अर्थ बोध हुने प्रतीकात्मक दार्शनिक भाव-महत्त्वले पनि लौकिकजीवनमा स्थान पाउँदै धार्मिक सांस्कृतिक विकास भइरहेको विदित हुन्छ । अद्वैत ब्रम्हका अनेक उच्चतम रूपका दृष्टान्त 'हंसगृहदेव', 'लोकपालस्वामी' मात्र नभएर 'अनन्तलिङ्गेश्वर' पनि हुन् ।

हंसगृहका लोकपालस्वामी 'हंसगृहदेव' हुन् । नरेन्द्रदेवको अभिलेखमा उनलाई 'लोकपालस्वामी' मात्र भनिएको छ भने अंशुवर्माको हाँडीगाउँको अभिलेखमा स्पष्ट रूपमा 'हंसगृहदेव' भनी सम्वोधन गरिएको छ ।[१३२] प्रतापमल्लको ने.सं.७८९ को 'नाना देश, नाना तीर्थ, नाना देवज' नामक तीर्थयात्रा विषयको हस्तलिखित ग्रन्थ तथा रानीपोखरीको ने.सं.७९० को अभिलेख लगायत अनन्तलिङ्गेश्वर मन्दिर परिसरमा रहेका अनेक कालका अभिलेखहरूमा उनलाई **अनन्तलिंग/अनन्तलिंगेश्वर** भनिएको छ ।[१३३] नेवार

---

१३२. धनवज्र वज्राचार्य , **लिच्छविकालका अभिलेख**, पूर्ववत् , पृष्ठ ३२० ।

१३३. १. डा. पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण**, (भक्तपुरः राष्ट्रिय कला संग्रहालय, २०६३), पृष्ठ १०६,१०८ ।
२. हेर्नुहोस् परिशिष्ट, १३, १५, १७, २१, २८, २९, ३१, ३२, ३४ संख्याका अभिलेखहरू ।

लोकजीवनमा उनी अद्यापि '**अँलालि महाद्यः**' नामले प्रसिद्ध छन् । यतावाट लिच्छविकालिक लौकिकजीवनमा उनी सामान्यतया '**लोकपालस्वामी**' र विशिष्ट रूपमा '**हंसगृहदेव**' नामले प्रसिद्ध थिए, मध्यकालदेखिको लोकजीवनमा उनी **अनन्तलिङ्गेश्वर** नामले प्रसिद्ध रही आएका रहेछन् भन्ने कुरा स्पष्ट रूपले थाहा पाइन्छ ।

नरेन्द्रदेवको अभिलेखमा आएका 'लोकपालस्वामी' लाई वज्राचार्यले वैष्णवदेवता देख्न पुगेका छन् । उनको विचार यस्तो छ :

हंसगृहद्रङ्गभित्र लोकपालस्वामीको मन्दिर थियो । ...त्यसताका वैष्णवदेवतालाई 'स्वामी' भन्ने चलन थियो । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा चांगुनारायणलाई 'दोलाशिखरस्वामी' भनिएको छ । केवलपुरको अभिलेखमा (इचंगुनारायणलाई) 'नारायणस्वामी' भनिएको छ । साँखु दुगाहिटीको अभिलेखमा वामनस्वामीको उल्लेख छ । यस आधारमा विचार गर्दा यहाँ उल्लिखित 'लोकपालस्वामी' वैष्णवदेवता हुन् भन्ने निश्चित हुन्छ । ... 'कार्तिक शुक्ल द्वादशी' को दिन चार नारायणको दर्शन गर्ने मेला लाग्दछ । ...यतावाट हंसगृहका 'लोकपालस्वामी' चार नारायणमध्ये एक रहेछन् भन्ने संकेत पाइन्छ ।[१३४]

वज्राचार्यको उक्त विचारलाई डा.जगदीशचन्द्र रेग्मी लगायतका एकथरीका विद्वान्हरूले एकोहोरो ढङ्गले पछ्याएका छन् । डा.रेग्मीले त यिनलाई वैष्णवदेवता हुन् भन्ने कुराको थप पुष्टि जुटाउन एकथरीको विश्वासको सहारा लिएर(?) एक ठाउँमा '*यही देवता पछि विसंखु नारायणको प्राकृतिक स्थानमा सारिएको विश्वास पनि गरिन्छ*' भनेर अनन्तलिङ्गेश्वरका लोकपालस्वामीलाई विसंखु नारायणस्थानमा सार्ने जमर्को समेत गर्न पछि परेका छैनन् ।[१३५] हरिराम जोशीको विचार भने भिन्नै छ । उनले सो अभिलेखमा देखेको 'लोकपालस्वामी' यस्तो छ :

यस शिलालेखमा वर्णित भगवान् लोकपालस्वामीको ऐतिह्य वारे निश्चित् रूपले केही भन्न सकिँदैन तापनि लोकपालस्वामी नामका आधारमा यसले तत्समय अत्यधिक रूपले प्रचलित अष्ट दिक्पाल (लोकपाल) देवतासित साम्यता राखेको प्रतीत हुन्छ । ...जसले महादेव विभिन्न लोकपालहरूमध्ये एक रहेको कुरा सिद्ध भै

---

१३४. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ४८८-४८९ ।
१३५. डा. जगदीशचन्द्र रेग्मी 'लोकपालस्वामि', **आर्थिक नेपाल**, वर्ष ४, २०४३, पृष्ठ १५ ।

प्रस्तुत लोकपालस्वामी भगवान् शिव नै रहेको कुरा निश्चित प्रतीत हुन्छ । ...यसको अतिरिक्त यस अभिलेखको शीर्षभागमा साँढेको आकृति अंकित छ जुन यसको पुष्टयाईको लागि अझ वढी सहायक स्वरूप छ । ...

कार्तिक शुक्ल एकादशीको दिन विष्णुको जस्तै महादेवको दर्शन गर्न जाने एक पावन पर्वको रूपमा उत्तरप्राचीनकालदेखि नै मान्यता मिल्दै आएको कुरा प्रस्तुत अभिलेखमा उक्त दिन भगवान् लोकपालस्वामी (महादेव) को मन्दिरको मार्ग सफा गराउने चलन चलेको कुरा वर्णित भएबाट विदित हुन्छ । प्राचीन अनुश्रुति अनुसार विष्णुको दर्शन गर्न जाने व्यक्तिले महादेवको दर्शन गर्न जानु अनिवार्य छ । ... साँच्चै भन्ने हो भने नेपालमा उत्तरप्राचीनकालदेखि नै शिव र विष्णुलाई दुई भिन्न देवताको साटो एउटै देवताको रूपमा मान्ने परम्परा चल्दै आएको देखिन्छ । तत्समयदेखि नै हरिहर मूर्तिको प्रतिष्ठापन गर्ने परम्परा प्रचलित हुँदै आएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । ... जे होस् यी आधारहरूवाट उत्तरप्राचीनकालीन नेपालमा शिव र विष्णु दुई भिन्नाभिन्नै देवता नभै एउटै देवताको रूपमा मानिएर प्रत्यकजसो वैष्णव प्रधान पर्व शैव पर्व पनि मानिने कुरा स्वीकार्य लाग्दछ । यसमा सत्यकै वाहुल्य छ ।[१३६]

नरेन्द्रदेवको अभिलेखले लक्षित गरको हंसगृहका 'लोकपालस्वामी' मूल तः शैवदेवता हुन्, हसगृहदेव वा अनन्तलिङ्गेश्वर हुन् । सो अभिलेख त्यहीं रहनुवाट पनि यस कुराको वलियो आधार-प्रमाण मिलेको छ । जोशीले औंल्याए जस्तै अभिलेखको शिरोभागमा अङ्कित साँढेले पनि लोकपालस्वामी कुनै अन्य देवता नभएर त्यहींकै अनन्तलिङ्गेश्वर (महादेव) नै हुन् भन्ने दरिलो सांकेतिक आधार प्रस्तुत गरेको छ । 'हंसगृह' अनन्तलिङ्गेश्वरभेकमा थियो भन्ने कुरालाई वज्राचार्य लगायतका प्रायः सवैजसो विद्वानहरूले एकै स्वरमा सकारेका छन् । यति कुरा सकार्दा सकार्दै पनि अनन्तलिङ्गेश्वरलाई छाडेर लोकपालस्वामी खोज्न किन अन्त जानुपर्‍यो र ! देवता त्यहीं छ, मन्दिर त्यहीं छ र देवता एवं देवमन्दिरलाई लक्षित गरी राखिएको अभिलेख अझै पनि त्यहीं नै त छ नि । स्मरण रहोस् ! लिच्छविकालका कुनै पनि अभिलेखमा वैष्णवदेवतालाई किटानका साथ 'लोकपालस्वामी' भनिएको पाइएको छैन, शैवप्रधान देवतालाई मात्र

१३६. हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख** , (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०), पृष्ठ ४८५-८६ ।

भनिएको छ । वज्राचार्यले नै प्रस्तुत गरको माथिको उदाहरण-अंशलाई यहाँ फेरि एकपल्ट दोहऱ्याएर विचारपूर्वक हेरौं :

...अंशुवर्माको हाँडिगाउँको अभिलेखमा चांगुनारायणलाई 'दोलाशिखरस्वामी' भनिएको छ । केवलपुरको अभिलेखमा (इचंगुनारायणलाई) 'नारायणस्वामी' भनिएको छ । साँखु दुगाहिटीको अभिलेखमा वामनस्वामीको उल्लेख छ । ...

उक्त उदाहरण-प्रमाणहरूले विभिन्न स्थानका वैष्णवदेवतालाई सोही अनुरूपका उपयुक्त वैष्णव- विशेषणले सम्वोधन गरिएको छर्लङ्ग देखाएकै छ । चाहे वैष्णवदेवता होस् वा शैवदेवता ! कुनै पनि उच्चतम देवता वा अधिपतिदेवलाई 'स्वामी' भन्ने सामान्य चलन अद्यापि छ । आ-आफ्नो क्षेत्रको रक्षा गर्ने वा लोकको पालन गर्ने अलग-अलग दिशाका आठ लोकपालका पनि स्वामी महादेव नै हुन् । यसो हुँदा उनी उक्त अभिलेखमा 'लोकपालस्वामी' विशेषणले रूढ हुन पुगेका हुन् भन्ने कुरा निश्चित रूपले थाहा हुन्छ ।

जोशीले उल्लेख गरे झैं कार्तिक शुक्ल एकादशीको दिन विष्णुको मात्र नभएर महादेवको पनि दर्शन-पूजन गर्ने पावन दिन हो । जहाँ नारायण छन्, त्यहाँ महादेव पनि छन् भन्ने कुरा बिर्सनु हुन्न । उदाहरणका लागि चाँगुनारायणस्थानमा कीलेश्वर महादेव पनि छन् । चाँगुनारायण **दोलाशिखरस्वामी** हुन् भने उनीसंगैका कीलेश्वर वा केही पर पशिचममा अवस्थित गोकर्णेश्वर त्यस क्षेत्रका **लोकपालस्वामी** हुन् । उपत्यकाका चार सुरमा चार नारायण मात्र नभएर ती भेकहरूमा चार महादेव पनि प्रतिष्ठित छन् । (दृष्टान्तका लागि तल प्रस्तुत 'उपत्यकाको चार सुरमा रहेका चार देवहरू' द्रष्टव्य छ) यताबाट 'लोकपालस्वामी' शैवप्रधान देवतालाई कहने शब्द हो भन्ने कुरा निश्चित रूपले जानिनुका साथै यस अभिलेखमा उल्लेख भएको 'कार्तिक शुक्ल द्वादशी' उपत्यकाका चार उच्चतम वैष्णवदेवताको प्रतिष्ठादिन मात्र नभएर चार उच्चतम शैवदेवताका समेत प्रतिष्ठादिन थियो भन्ने कुरा पनि खुल्छ ।

जहाँसम्म धार्मिक सम्प्रदायहरूका बीचमा समन्वयवादी प्रवृत्तिको पक्ष छ, त्यहाँ पनि शिव नै अग्र पंक्तिमा रही प्रधान देवताका रूपमा खुलेर आएको देखिन्छ । शिव र शक्तिको सम्बन्ध अविछिन्न छ । लिङ्ग र भग शिव र शक्तिका प्रतीक छन् । शिव र शक्तिको संयोगबाट नै सृष्टिको निर्माण संभव हुन्छ । समन्वयवादी प्रवृतिको यस्तै दार्शनिक धारामा विष्णु पनि वामांग वा योनी वा प्रकृति वा मोहिनी आदि अनेक रूपमा शिवसित समायुक्त हुन पुगेको दृष्टान्त

वायुपुराण, पद्मपुराण भागवतपुराण, कूर्मपुराण आदिमा भेटिन्छन्। हरिहरका संयुक्त प्रतिमा तथा विष्णु-रूप योनीको प्रतीक जलहरी र त्यसमाथि खडा शिवलिङ्गले सृष्टिको आदि-कारणतिरै संकेत गरेको छ। शिवको बढ्दै गएको लिङ्गको फेदलाई पाताल पुगेर पनि विष्णुले भेट्टाउन नसकेको र त्यसैगरी माथि चुलिँदै गएको सोही लिङ्गको टुप्पोलाई ब्रम्हाले पनि भेट्टाउन नसकेको कथाले शिवको परब्रम्ह परमात्माको अनन्त चरित्र-स्वरूपतिर संकेत गरेको छ। यसै दार्शनिक पृष्ठभूमिमा उनी किन अनन्तलिङ्गेश्वर कहलिए भन्ने कुरा समेत जानिन्छ। त्यस्तै कार्तिक शुक्ल द्वादशीको दिनले पनि समन्वयवादी प्रवृत्तिको प्रतिनिधित्व गरेको छ। उक्त दिनलाई 'वामन द्वादशी' पनि भनिन्छ। स्मरण रहोस्! 'वाम-मन' विष्णु हुन् भने 'वामदेव' शिव हुन्। वामन द्वादशीले यसरी वैष्णव पर्व मात्र नभएर शैव पर्वलाई पनि निश्चित रूपले सम्झाएबुझाएको छ। भारतको प्रयाग संग्रहालयस्थित गुप्तकालको एक हरिहरको मूर्ति वराह, शिव (?) र अनन्तको साथमा चतुर्भुज हरिहरले बनेको छ।[१३७] यो कुरा हाम्रो यहाँको अनन्तलिङ्गेश्वरका सन्दर्भमा पनि विचारणीय छ। यद्यपि त्यस्तो मूर्ति यहाँ पाइएको छैन तापनि त्यसले यहाँका अभिलेखमा परेका 'हंसगृहदेव', 'वराहहयात्रा' र 'लोकपालस्वामी' को वैदिक दर्शन परम्परालाई एकसाथ झल्झली संम्झाएको छ।

महादेवको एउटा रूप 'हंस' पनि हो भन्ने कुरा माथिका आभिलेखिक साक्षले प्रस्तुत गरिसकेको छ। प्राणवायु रूपी 'हंस' ले ठाउँ छाडेपछि मर्छ भन्ने विश्वास पूर्वकालदेखि चली आएको छ। हंस रूपी परमतत्त्व, परमगुरु महादेव स्वयं मानिसभित्र छ भन्ने भाव यस प्रकारको आस्था र विश्वासले देखाएको छ। मानस-सरोवर रूपी मान सरोवरमा राजहंस भएर जलविहार गर्ने महादेव 'हंस' हुन्। प्रत्यक जीवमा बास गर्ने वायु रूपी हंस वा प्राणवायु महादेव नै हुन्। यताबाट पनि किन र कसरी 'हंसगृह' नामक बस्ती र सो वस्तीका देवता 'हंसगृहदेव' कहलिन पुगेको हो भन्ने कुरा बुझिन्छ। 'हंस' लाई मूल तत्त्व मानेर वस्तीबसाइको भू-सांस्कृतिक स्वरूपतिर दृष्टि दिँदा लिच्छविकालिक अन्य द्रङ्ग-वस्तीहरूका बीच भागमा बसेको मूल बस्ती देखिने हुँदा पनि उक्त प्रसङ्गमा 'हंसगृह'को लाक्षणिक विशेषण लागेको हो कि भन्ने अनुमान पनि प्रकारान्तरमा हुन्छ।

---

१३७. डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, (पटना : बिहार-राष्ट्रभाषा-परिषद् , २०३४), पृष्ठ ४३।

उपत्यकाको चार सुरमा रहेका चार देवहरू

गोकर्णेश्वर+चाँगु नारायण
(उत्तर)

आदेश्वर+इचंगु नारायण (पश्चिम)	**पशुपतिनाथ+विश्वरूप** (मध्य)	**अनन्तलिङ्गेश्वर+विशंखु नारायण** (पूर्व)

भृङ्गारेश्वर+शेष नारायण
(दक्षिण)

विशेष कारण वा वाध्यात्मक परिस्थिति बाहेक कुनै पनि स्थानमा एकपल्ट स्थापित भइसकेको मूलदेवतालाई नै उठाएर अन्यत्र सार्ने वा विस्थापित गर्ने संस्कृति पक्कै पनि नेपाली संस्कृति होइन । मूल देवताको प्रति रूप सार्ने संस्कृति, संस्कार भने चलेको छ । यस कुरालाई पुष्टि गर्ने अनेक उदाहरण छन् । अनन्तलिङ्गेश्वरलाई नै उदाहरणको रूपमा लिऊँ । भक्तपुर शहरको खौमाटोलमा मूलसडकको दक्षिणपट्टि नेपाली तल्लेशैलीको एकतले मन्दिर छ । सो मन्दिरभित्र शिवलिङ्ग स्थापित छ । पूर्वाभिमुख सो मन्दिरको सामुन्ने बसाहा पनि छ । यहाँको जनजीवनमा सो मन्दिरका महादेव 'अनन्तलिङ्गेश्वर महादेव' **(चित्र संख्या ७७)** कै रूपमा मान्य पूज्य रहँदै आएका छन् । स्मरण रहोस् ! त्यसरी अनन्तलिङ्गेश्वरको प्रतिरूप पछि जुनसुकै कालमा भक्तपुर शहरमा ल्याएर प्रतिष्ठा गरको किन नहोस्, दधिकोटको गुण्डुस्थित मूलदेवता अनन्तलिङ्गेश्वर आफ्नो प्राकृतिक बासस्थानमै अनन्तकालदेखि छन्, उनको दर्शनपूजन एवं प्रसिद्धि र सम्मानमा कुनै कमि आएको छैन ।

राजल्लदेवीको अभिलेख

अनन्तलिङ्गेश्वर मन्दिर परिसरमा नरेन्द्रदेवको अभिलेखपछि प्राप्त हुन आएको दोस्रो महत्त्वपूर्ण पुरातात्त्विक स्रोत राजल्लदेवीको अभिलेख हो । लिच्छविकालको प्रतिनिधित्व नरेन्द्रदेवको अभिलेखले गरेको छ भने

पूर्वमध्यकालिक लौकिक जीवनको प्रतिनिधित्व गर्ने यो अभिलेख त्यहाँ प्राप्त हुनु स्वयंमा एक महत्वपूर्ण उपलब्धि हो । यसले तात्कालिक ऐतिहासिक एवं धार्मिक-सांस्कृतिक पक्षमाथि केही प्रकाश छरेको छ । अनन्तलिङ्गेश्वरको धार्मिक-सांस्कृतिक गरिमा अविच्छिन्न रूपले रही आएको कुराको एउटा दरिलो आधार यो अभिलेख पनि हो । यसकारण यस विषयमा पनि तल अलिकता चर्चा गर्नु प्रासङ्गिक देख्दछु ।

राजल्लदेवीले 'ने.सं.५०१(?) माघकृष्ण त्रयोदशी पर चतुर्दशी' का दिन अनन्तलिङ्गेश्वरमा यज्ञ (अनन्तव्रत?) पूर्ण गरेकी रहिछिन् भन्ने कुरा सो अभिलेखबाट ज्ञात हुन्छ । यस अभिलेखमा राजल्लदेवीलाई ***विजयश्री*** को उपाधि मिलेको छ । उनका पति स्थितिमल्लको नाम पनि यहाँ छैन । यी कुरा विचारणीय छन् ।

नेपालको पूर्वमध्यकालीन इतिहासको एक महत्त्वपूर्ण कालखण्डमाथि प्रकाश पार्ने हालसम्म प्रकाशमा आएका बिरलाकोटी अभिलेखमध्ये यो पनि एउटा हो । धार्मिक दृष्टिले मात्र नभएर परवर्ती-मध्यकालको सिङ्गो इतिहासलाई नै दूरगामी प्रभाव पार्ने ने.सं.५०१ मा घटेको एक उपलब्धिमूलक राजनैतिक घटनाको उल्लेख्य छाप यस अभिलेखमा परेको दृष्टिगोचर हुन्छ । यसैकारण यहाँ तत्कालीन गद्धीनसीन महारानी राजल्लदेवीलाई ***विजयश्री***को उपाधि मिलेको हो भनी मान्न सकिन्छ ।

राजल्लदेवीको परिचय

गोपालराजवंशावली लगायतका अन्य सम्वद्ध प्रमाणवाट राजल्लदेवीको परिचय एवं तिनको पारिवारिक पृष्ठभूमि थाहा पाइन्छ । तत्कालीन नेपालमण्डल (नेपाल राज्य) बाट शासन गर्ने राजा रूद्रमल्लकी बहिनी देवलदेवी तिरहुते राजा हरसिंहदेवकी रानी हुन् । ने.सं.४४६ मा तिरहुत राज्यको सिमरौनगढलाई दिल्लीका गयासुद्धीन तुगलकका सैन्यले ध्वस्त पारेपछि आफ्नी रानी देवलदेवी र पुत्र जगतसिंह कुमर, मन्त्रीगणसहित त्यहाँबाट भागे । बाटोमा हरसिंहदेवको मृत्यु भयो । अनि देवलदेवी आफ्नी पुत्रसहित दाजु रूद्रमल्लको युथुनिमम् दरबारमा शरण लिन पुगिन् । सोही वर्ष रूद्रमल्लको मृत्यु भयो । यिनका छोरा जीवित नहुँदा छोरी नायकदेवी राज्यको हकदार बन्न पुगिन् र देवलदेवीको रेखदेखमा शासन चल्न थाल्यो । नायकदेवीको दोश्रो विवाह जगतसिंह कुमरसित भयो । उनीहरूका तर्फबाट ने.सं. ४६७ मा राजल्लदेवीको जन्म भयो । तिनी जन्मेको दश दिनपछि

नै आमा नायकदेवीको मृत्यु भएको थियो। विवाह गरी दिएर पठाउँदा राजगद्धी नै रित्तो हुने भएकोले ने.सं. ४७४ मा फुपूबज्यै देवलदेवीले आठ वर्षकी राजल्लदेवीका लागि वरको रूपमा स्थितिमल्ललाई बाहिरवाट ल्याई दोलाजी प्रथाअनुसार विवाह गराइदिइन्।[१३८] यस घटनापछि चतुर, महत्त्वाकांक्षी एवं दृढ पुरुष स्थितिमल्लले नेपाल उपत्यकाको राजकाजमा हात हाले। विरोधीहरूलाई आफनो नियन्त्रणमा लिए र द्वैराज्यपद्धतिको सट्टा एकराज्यपद्धति कायम गरी केन्द्रीय

चित्र संख्या ७७ : भक्तपुर राजदरबार (पूर्वमध्यकालीन युथुनिमम्) परिसरको
खौमाटोलका अनन्तलिङ्गेश्वर महादेव मन्दिर
(समय : पन्ध्रौं शताव्दी)

यस मन्दिरका महादेवलाई दधिकोट, गुण्डुका मूलदेवता अनन्तलिङ्गेश्वरको प्रतिरूप मानिन्छ। नेवार लोकजीवनमा यिनी 'अलोलि महाद्यः' नामले प्रसिद्ध छन्। यस मन्दिरको वास्तुरचना, शिवलिङ्ग एवं बसाहाको रचनाशैली तथा प्राचीनतातिर विचार गर्दा पूर्वमध्यकालतिर बनेको अनुमान हुन्छ। विभिन्न स्थानका प्रसिद्ध स्थलका देवदेवीका प्रतिरूप सार्ने प्रवाह चौधौं-पन्ध्रौं शताव्दीतिर निकै चलेको थियो। सम्भवतः राजल्लदेवीले गुण्डुको अनन्तलिङ्गेश्वरस्थानमा 'यज्ञ उद्यापन' गरेकै समयतिर यहाँ त्यसैको प्रतिरूप यो मन्दिर तिनले नै वनाउन लगाएको हुनुपर्छ।

चित्र सौजन्य : सूर्यप्रसाद श्रेष्ठ।

---

१३८. त्यसवखत खासगरी राजपरिवारमा वधुको निमित्त वर खोजेर ल्याई गरिने यस्तो वैवाहिक प्रथामा वरको थर गोत्र पनि प्रायः वधुकै वंशको थर गोत्रमा बदलिन्थ्यो। धनवज्र वज्राचार्य -मध्यकालीन नेपाल, **नेपाल परिचय**, काठमाण्डौं, पाठ्यक्रम विकास केन्द्र, वि.सं. २०३२, पृष्ठ १०८।

शासनलाई मजबूत पारे । अव्यवस्थित समाजलाई व्यवस्थित पार्ने र अनेक उपलब्धि हासिल गर्ने कार्यमा ठूलो सफलता र प्रसिद्धि उनलाई मिल्यो । यति गर्दा पनि जीवनभर उनी *राजल्लदेवीका पतिकै* हैसियतमा रहे, यद्यपि लोकले उनलाई महाराजाधिराजको रूपमा मानिसकेको थियो ।[१३९] पतिको हैसियतले अनेक सफलता र उपलब्धि हात पारे पनि त्यसको श्रेय चाहिँ आधिकारिक तवरमा गद्धीनसीन महारानी राजल्लदेवीलाई दिन उनी पछि परेनन् । यस कुराको एउटा स्पष्ट आभास प्रस्तुत अभिलेखमा राजल्लदेवीले सम्मानपूर्वक प्राप्त गरेको ***विजयश्री*** को पदवीबाट पनि मिल्छ ।

राजनैतिक उपलब्धि

राजल्लदेवीलाई प्राप्त ***विजयश्री*** को पदवीको प्रसङ्गले यसभन्दा दुई महिना अघि ने.सं. ५०१ मार्गकृष्ण द्वादशीको शुक्रवारका दिन बडो चलाखीपूर्ण ढङ्गबाट स्थितिमल्लहरूले पुरानो मल्ल वंशका तात्कालिक गद्धीनसीन राजा जयार्जुनदेवलाई जात्रा गरी बनेपा धपाई राज्यच्यूत गर्न सफल भएको घटनालाई संकेत गर्छ । जयार्जुनदेवले आफू राज्यच्यूत भएको आभास पाएपछि त्यसको २२ दिनपछि बनेपाबाट भागेर आए । त्यसपछि गोकर्ण हुँदै भक्तपुर पस्दा उनलाई पक्री त्रिपुर राजदरबारको दक्षिणपट्टिको ***क्वाछें*** नामक किल्लामा कैद गरेको घटनालाई[१४०] पनि यसले ताजा बनाएको छ। नेपालको पूर्व मध्यकालको राजनैतिक इतिहासमा निकै महत्त्वपूर्ण देखिन आएको सो घटनाले स्थितिमल्लहरूका लागि तात्कालिक एवं दूरगामी राजनैतिक उपलब्धि भएको थियो। किनकि त्रिपुर र युथुनिमम् राजकुलका वीचमा चल्दै आएको खिचातानीको राजनीतिमा युथुनिमम्का स्थितिमल्लहरूले बाजी मार्न सफल भए ।[१४१]

नेपालमण्डलका एक मात्र गद्धीनसीन शासकका रूपमा अब महारानी राजल्लदेवी देखापरिन् । जयार्जुनदेवको पतनसँगै पुरानो मल्लवंश पनि

---

१३९. धनवज्र वज्राचार्य- 'शक्तिशाली भारादार रामवर्द्धन र तात्कालिक नेपाल', **पूर्णिमा**, ७/२०२२, पृष्ठ १४-२१ ।

१४०. गो.वं.५९, ६० पत्र, धनवज्र वज्राचार्य (सं), **इतिहास-संशोधनको प्रमाण-प्रमेय**, (ललितपुर :जगदम्वा प्रकाशन, २०१९), पृष्ठ ३२,३३ ।

१४१. विजयप्राप्तिको सो घटनाको अविस्मरणीय असर अनन्तलिङ्गेश्वरको जलहरीको यस अभिलेखमा मात्र नभएर गोपालराजवंशावलीको २९ पत्रमा उल्लेखित *...श्रीजयस्थितिराजमल्लदेव विजयी भवे,...* मा पनि दृष्टिगोचर हुन्छ ।

नेपालको राजनैतिक आकासबाट सदाको निमित्त अस्तायो । यसरी स्थितिमल्लहरूको नयाँ मल्लवंशको सुरूवात भयो ।[१४२]

धार्मिक-अभिप्राय

उक्त जलहरीको अभिलेख अन्यत्र नभएर अनन्तलिङ्गेश्वरमै किन राखियो भन्ने कुरा धार्मिक-सांस्कतिक दृष्टिले पनि विचारणीय एवं महत्त्वपूर्ण मान्न सकिन्छ । यसको उत्तर पाउन अतिवृष्टि एवं अनावृष्टि जस्ता प्राकृतिक प्रकोप पर्दा त्यसको मारमा परेका लौकिकजीवनले अन्तमा यिनै देवताको शरणमा पर्न जाने पूर्वकालदेखि चली आएको अमूर्त सांस्कृतिक परम्परालाई हेरेर खोज्नु पर्ने हुन्छ ।[१४३] अनन्तलिङ्गेश्वरको जलहरीको अभिलेखमा राजल्लदेवीले *चतुर्द्ध यज्ञ उद्यापन* गरेको कुरा परेको छ । तिनले सो धार्मिक अनुष्ठान गर्नु अघि यहाँ भयावह प्राकृतिक मार आइपरेको थियो । त्यसले गर्दा हजारौं मानिस मरेका थिए, बालीमा असिना परी अन्न फलेन, जुन त्यसबखतको ठूलो राष्ट्रिय संकट थियो । यो कुरा गोपालराजवंशावलीको ५९-६० पत्रबाट थाहा पाइन्छ ।[१४४] राजल्लदेवीले त्यस्तो संकट निराकरणका आशयले पनि लोककल्याणका लागि अनन्त-

---

१४२. धनवज्र वज्राचार्य (सं), **इतिहास-संशोधनको प्रमाण-प्रमेय**, पूर्ववत्, पृष्ठ ३२, ३३ । धनवज्र वज्राचार्य - 'मध्यकालका शुरूका केही अभिलेख', **कन्ट्रिब्युसन्स टू नेपलिज स्टडिज**, भोलम v,नं १, डिसेम्बर, १९७७, पृष्ठ ९७ ।

१४३. **लंख्वयात** (पानी माग्ने जात्रा) को चर्चा गोपालराजवंशावलीका अनेक पत्रमा परेका छन् । पानी नपरी रोपाईं हुन नसक्दा भक्तपुर दधिकोट गा.वि.स.**चोपुलि** (चित्रपुर) का बासिन्दाहरूले २०६१ साल, असार १९ गते बाजागाजासहित यस्तै पानी माग्ने जात्रा अनन्तलिङ्गेश्वर महादेवस्थानमा गरे । लोक कल्याणका लागि त्यसरी पानी माग्न जाँदा चार दिनभित्र अवश्य जलवृष्टि हुन्छ भन्ने प्रवल जनविश्वास छ । स्मरण रहोस् ! सोही रात पानी परेरै छाडेको थियो र त्यसपछि पनि लगातार पानी पररै छाड्यो । (यसको थप चर्चा चित्रसहित संस्कृति-खण्डमा पनि गरिएको छ)

१४४. **गुनिलानलिस, क्वयलाटोवुम् मानुष शिक्व,द्वलत्या आक्षानः वा मस्या चो,सामा नं प्वं गाक्व के को मलाक्व ॥** (*ने.सं.५०१को श्रावणदेखि कार्तिकसम्म डेढ हजार मानिस मरेको,धान,भटमास,गहूँ बालीमा असिना परी अन्न नफलेको*)(५९-६०पत्र) Dhanavajra Vajracharya and Kamal P.Malla – **THE GOPALARAJ AVAMSAVALI**, (Kathmandu : Nepal Research Centre, 1985), pp.115

व्रत लिइन् ; सो व्रत उनले माघकृष्ण त्रयोदशी पर चतुर्दशीका दिन अनन्तलिङ्गेश्वरमा पूर्ण गरी राख्न लगाएकी हुन् भन्ने कुरा प्रकारान्तरमा ज्ञात हुन आउँछ ।

उत्तरप्राचीनकालदेखि आधुनिककालसम्मका प्रत्येक कालखण्डको प्रतिनिधित्व गर्ने शासकदेखि सर्वसाधारणसम्मका अभिलेख यस मन्दिरपरिसरमा छन्। अनन्तलिङ्गेश्वर-संस्कृति अनन्त रूपले सांस्कृतिक जीवनसित अभिन्न रहँदै कुनै न कुनै रूपमा अहिलेसम्म पनि जीवन्त रहँदै आएको कुरा यताबाट थाहा पाइन्छ ।

चौथो खण्ड
संस्कृति

संस्कृति

वैचारिक गुण-वैशिष्ट्यले मानिस अरू जीवबाट माथि उठेको छ । त्यही विचारबाट सिर्जित मानव कियाकलाप संस्कृति हो । सुसंस्कृत विचार एवं गुणहरूले सभ्य र सुसम्पन्न हुँदै जाँदा ऊ पशुबाट छुट्टिएर 'मानिस' हुनपुगेको हो । धार्मिक-सांस्कृतिक विकासकै कममा पनि मानिसले लिङ्ग र योनीको मेलमा सृष्टिको मूल कारण देख्दै लिङ्ग-पूजन-संस्कृतिलाई माटो, ढुङ्गा, धातु आदिमा खोतल्दै व्यवहारमा उतार्न समेत सफल भयो । पुरातत्त्वका दृष्टिले लिङ्ग-पूजनको प्राचीनतम सफलतालाई सिन्धु-सभ्यताबाट मात्र नियालेर हेर्दा पनि आजभन्दा पाँच हजार वर्ष अघि नै यो संस्कृति प्रचारमा आइसकेको विदित हुन्छ । परवर्ती कालहरूमा यो संस्कृति अझ विकसित र लोकप्रिय हुँदै आयो । पुरुष-जननेन्द्रिय शिवकै प्रतीक एवं त्यसमा समन्वित स्त्री-जननेन्द्रिय (स्त्रीमुख रूपी) शक्तिका प्रतीक रही ईसापूर्वका कालतिरै आर्यावर्तमा यसप्रकारको शैव-संस्कृति विकसित हुँदै प्रचारमा आउन थालिसकेको थियो । यस कुराको पुष्टि भारतको इलाहावादस्थित भीटा नामक स्थानबाट प्राप्त ई.पु. दोस्रो शताब्दीतिरको (शुंगकालीन) पंचमुखी शिवलिङ्ग **(चित्र संख्या ७८)** बाट पनि मिल्छ । उक्त लिङ्गमा दर्शन हुने शिवका पाँचमुखमध्ये एक स्त्रीमुख लगायत पुरुष-जननेन्द्रिय (उर्ध्वलिङ्ग) पनि हो । यसरी यस एउटै शिवलिङ्गबाट पनि शिवको समन्वयवादी-गणतान्त्रिक पृवृत्ति ईसापूर्वका कालदेखि नै प्रचारमा आउन थालिसकेको संकेत मिल्छ । अनि यसै आधारमा शिवलिङ्ग पुरुष-जननेन्द्रियकै प्रतीक रही आएको तथ्य पनि खुल्छ । शिव नै एक यस्तो देवता हो जसको शरीरका दुई भाग अलग-अलग पूजिँदै आएको पाइन्छ । त्यसमध्ये प्रतिमा-पूजनका तुलनामा लिङ्ग-पूजन नै दृढमूल हुनपुगेको दृष्टिगोचर हुन्छ । प्रतिमा-पूजन र लिङ्गपूजनकै पनि समन्वित रूप मूर्तियुक्त लिङ्ग हो भनी मान्न सकिन्छ । अर्धनारीश्वर, उमामहेश्वर लगायत हरगौरी परिवारका मूर्तिहरू मूर्तियुक्त लिङ्गकै परवर्तीकालका विकसित रूप हुन् । शिवलिङ्गको एउटा अर्को वर्ग सादा

शिवलिङ्ग वा 'स्थाणुलिङ्ग' पनि हो ।[१४५] आर्यावर्तका प्रसिद्ध शैवतीर्थ लगायत 'पाशुपतक्षेत्र' कहलिँदै आएको नेपालको काठमाण्डौ उपत्यकाका अनेक प्रकारका शिवलिङ्गहरूलाई मात्र हेरे पनि पुग्छ, त्यहाँ मूर्तियुक्त मात्र नभएर सादा शिवलिङ्गहरूको पनि दर्शन मिल्छ । यी नै सादा शिवलिङ्गहरूमध्येका एक प्रसिद्ध शिवलिङ्ग अनन्तलिङ्गेश्वर पनि हुन् । मूर्तिविहिन यो सादा शिवलिङ्गलाई शैव दृष्टिले मात्र हेर्दा पनि त्यहाँ शिवका अनेक अनाकृत तर उल्लेख्य उच्चतम रूपहरूको दर्शन हुन्छ - उनी चराचर जीव-जगत्का **पशुपतिनाथ** हुन्; देवाधिदेव **महादेव** हुन्; संगीतका **नृत्यनाथ** हुन्; योगीहरूका **योगेश्वर** हुन्; भूतप्रेत पिशाचहरूका **भूतेश्वर** हुन्; कालहरूका **महाकाल** हुन्; उनी मनका आँखामा देखिने **निष्कल-शिव** हुन्; हंस वा जीवात्माहरूका परब्रम्ह परमात्मा **-हंसगृहदेव** हुन्; लोकका **लोकपालस्वामी** हुन्; लिङ्गको फेद र टुप्पोलाई ब्रम्हा र विष्णुले भगीरथ-प्रयत्न गरेर पनि पत्ता लगाउन नसकेका **अनन्तलिङ्गेश्वर** हुन् ...।

माथिकै प्रसङ्गमा पनि प्राचीनकालदेखि नै काठमाण्डौं उपत्यका एक प्रमुख शैवक्षेत्रको रूपमा प्रसिद्ध रहँदै आएको कुरामा शङ्का छैन । स्मरण रहोस् ! शैवक्षेत्रका प्रसङ्गमा देउपाटनस्थित पशुपतिनाथलाई उपत्यकाको मूल विन्दु मानेर यसको वरपर र उपत्यकाबाहिरका समेत प्राचीन शैव मन्दिर एवं शिवलिङ्गहरूको श्रृखंलावद्ध अवस्थितितिर विचार गर्ने हो भने पशुपतिक्षेत्रदेखि दक्षिण-पूर्वीभेक नै बढ्ता उल्लेखनीय देखिन आउँछ । सोमलिङ्गेश्वर, चरखण्डेश्वर, सुवर्णेश्वर, अनन्तलिङ्गेश्वर, गोकुलेश्वर, पिशाचेश्वर, डोलेश्वर, विकटेश्वर, काशी विश्वेश्वर, नन्दीकेश्वर, आशापुरेश्वर, धनेश्वर, गोखुरश्वर आदि उदाहणस्वरूप छन् । उपत्यकाको दक्षिण-पूर्वी भेकमा जति शिवलिङ्ग वा शैव मन्दिर छन्, त्यति पश्चिम-उत्तर भेकतिर छैनन् । समयको मारमा कति त लोप भएर गैसकेका होलान् । यो कुरा विचारणीय छ । यसले यहाँनिर सातौं शताब्दीतिरका चीनिया यात्रीहरूको नेपालसम्बन्धी विवरणमा राजधानीको दक्षिणतर्फका दिव्य देवस्थलसम्बन्धी

१४५. डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, पूर्ववत् , पृष्ठ ५१ ।

चित्र संख्या ७८ : पञ्चमुखलिङ्ग । ई.पु.दोस्रो शताव्दी (शुङ्ग), भीटा, इलाहावाद, उत्तरप्रदेश, लखनऊ (राज्य) - संग्रहालय ।

चित्र सौजन्य : *Brijendra Nath Sharma, **ICONOGRAPHY OF SADASIVA**, New Delhi : Abhinav Publications, 1976, plate I.*

रहस्यमय अंशलाई सम्झाएको जस्तो मलाई लाग्छ[१४६] जुन अनन्तलिङ्गेश्वरभेक हुनुपर्छ ।

हंसगृहदेव/लोकपालस्वामी

आजका अनन्तलिङ्गेश्वर लिच्छविकालका हंसगृहदेव वा लोकपालस्वामी हुन् । उनी त्यसबखतका प्रसिद्ध शैव देवताहरूमध्येका एक थिए । यसको चर्चा माथि पनि भैसकेको छ । लिच्छविकालीन धार्मिक-

१४६. त्यस्ता रहस्यमय विवरणका केही अंश डा.जगदीशचन्द्र रेग्मीले **लिच्छवि इतिहास**, (काठमाण्डौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं.२०५३) को पृष्ठ १७६-१७७ र परिशिष्टमा दिएका छन् । सोही आधारमा यस्तो अनुमान गरेको हुँ । मूल स्रोत-विवरण अध्ययन गरी स्थलगत अन्वेषण हुन सकेमा नयाँ कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ ।



चित्र संख्या ७९ : लंख्वयात - पानी माग्ने जात्रा ।

'लोक कल्याण कार्यकम' को व्यानर वोकेर वाजागाजाका साथ चोपुलिवाट अनन्तलिङ्गेश्वर देवस्थलमा निस्केको पानी माग्ने यात्राको एक बिरलाकोटी ऐतिहासिक झलक। वि.सं.२०६१ साल, असार १९ गते निस्केको यस यात्राले रोपाइँका वखतमा पनि पानी नपर्दा वाध्य भएर गरिने प्राचीन 'लंख्वयात' लाई संझाएको मात्र नभएर यस्तै जटिल अवस्थामा निरन्तरता पाइरहने त्यस्तो लोक संस्कृतिलाई समेत स्मरण गराएको छ। प्रस्तुत चित्रमा यात्राको नेतृत्व अग्रपंक्तिमा रहेर तीनजना नाइकेहरूले गरेका छन्। प्रत्यक नाइकेले पूजाभाग लिएका छन्। अनन्तलिङ्गेश्वर देवस्थलमा पुगेपछि एक जनाले गणेशको पुजा गर्छन्, अर्कोले अनन्तलिङ्गेश्वरको र तेश्रोले वासुकीनागको पूजा गर्छन्। अनि यात्राका सहभागीहरूले अनन्त कुण्डको पूरै पानी सुक्ने गरी अनन्तलिङ्गेश्वर, वासुकीनाग आदिलाई मात्र नभएर एकले अर्कोलाई समेत पानी र हिलोमाटो छ्यापाछ्याप गरी रमाइलो गर्छन्। पानी माग्ने विधान गरिसकेपछि सवैले 'अव अवश्य पानी पर्छ' भन्ने विश्वास र आस्थाले आकाशतिर आँखा लाउँछन् र एकाध घण्टा कुर्छन् पनि। त्यसपछि पुनः वाजागाजा बजाई महादेवलाई परिकमा गरी फर्कन्छन्। यो पुरै यात्रामा म पनि सो जुलुससितै 'हर हर महाद्यः वा वय् द्यः' भन्दै पानी माग्न हिँडेको थिएँ। आश्चर्यको कुरा हो, दैवी चमत्कार भनौं वा संयोग! त्यस रात पानी परेको थियो ...त्यस पछि पनि लगातार पानी परेको थियो ...अन्ततः सवैले रोपाइँ गर्न पाए।



चित्र संख्या ८० : गणेशपूजा ।

चोपुलि, राजगणेश गुठीका नाइके श्याम राजथला अनन्तलिङ्गेश्वर देवस्थलका गणेशलाई पूजा गर्ने तरखरमा छन् ।



चित्र संख्या ८१ : महादेवपूजा ।

राजगणेश गुठीका अर्का सह-नाइके चलमान राजथला महादेवको पूजा गर्दैछन् । सोही यात्राका एक सहयात्री बालक पानी पर्ने आशा राख्दै नजिकैको कुण्डको पानीले भरेको लोटा अनन्तलिङ्गेश्वरलाई खन्याइरहेका छन् ।



चित्र संख्या ८२ : वासुकीपूजा ।

राजगणेश गुठीका सदस्य जगतवहादुर राजथला वासुकी नागको खोपामा पूजाभाग राखी नागपूजा गर्ने तयारीमा लाग्दैछन् । नागपूजा गरेपछि सो नागमूर्तिलाई खोपाबाट बाहिर ल्याई टन्टलापुर घाममा सुकाएर राख्ने चलन छ । नागप्रतिको यो व्यवहार जनश्रद्धा मात्र नभएर उनीप्रतिको जनआक्रोश पनि हो । यसो गर्दा छिटै पानी पर्छ भन्ने जनविश्वास छ ।

चित्र संख्या ८३-क : हर हर महाद्यः वा वय् द्यः ! (हर हर महादेव पानी दे !)

सो नारा लगाउँदै अनन्त कुण्ड रित्तो नभएसम्म यसरी नै त्यस कुण्डको पानीले अनन्तलिङ्गेश्वर महादेवलाई छ्याप्छन् । एक आपसमा पनि हिलोमाटो मिसेको पानीले छ्यापाछ्याप गरी रमाइलो गर्छन् । सो कुण्डको पानी पूरै बाहिर निष्कासित गरेपछि त्यस कुण्डको पेटी, पर्खाल आदि भत्के बिग्रेको रहेछ भने सबै मिलेर तत्कालै मरम्मत गरी सफा गर्ने चलन छ ।



चित्र संख्या ८३-ख : हर हर महाद्यः वा वय् द्यः !

प्रस्तुत चित्रमा कुण्डको पानी वाहिर पठाई सो कुण्ड रित्तो पार्ने प्रयत्नमा जुलुस लागेका छन् । यहाँ अलिकला ध्यान दिएर हेरेको खण्डमा देवमन्दिरको सामुन्ने वासुकीनागको मूर्ति पनि देखिन्छ । सो वासुकीलाई यहाँ टन्टलापुर घाममा सुकाउन राखिएको हो । त्यसरी राखेपछि पानी पर्छ भन्ने मान्यता छ ।



चित्र संख्या ८३-ग : हर हर महाद्यः वा वय् द्यः ।

कुण्डको पानीले अनन्तलिङ्गेश्वर महादेवलाई पनि छ्याप्ने (स्नान गराउने) चलन छ ।



चित्र संख्या ८३-घ : हर हर महाद्य वा वय् द्यः !

पानी माग्ने विधान गरिसकेपछि महादेवमन्दिर परिकमा गरिन्छ। अनि यसरी वाजागाजा वजाई फर्कन्छन् ।

सांस्कृतिक जीवनमा उनी विशेष रूपले 'हंसगृहदेव' तथा साभा रूपमा 'लोकपालस्वामी' नामले प्रसिद्ध थिए । मध्यकालदेखि उनी 'अनन्तलिङ्गेश्वर' नामले व्यवहृत हुँदै आएका छन् । स्थानीय नेवार लोकजीवनमा उनी 'अलाँलि महाद्यः' नामले प्रसिद्ध छन् । अनेक प्रकारका विपत्ति आइपर्दा लोक दुनियाँले उनलाई सम्भी उनको शरणमा जाने चलन अभै छ। अनावृष्टिका वखतमा त लोक दुनियाँले भनै सम्भिनु पर्ने लोकहीतकारी देवता उनी हुन् । अन्यत्रका देवस्थलमा गएर जतिसुकै हारगुहार गर्दा पनि पानी नपरे पछि यिनै महादेवकहाँ पानी माग्न जाने यात्रा गरिन्छ । विशेषगरी यसै भेकको चोपुलि (चवदेश) का वासिन्दाहरूले यस्तो यात्रा चलाएर अनन्तलिङ्गेश्वरमा आवश्यक पूजाविधान सम्पन्न गरेपछि निश्चित रूपमा पानी पर्छ भन्ने प्रवल जनविश्वास रहेको छ । **(चित्र संख्या ७९, ८०, ८१, ८२, ८३)**

कार्तिक शुक्ल द्वादशी

सृष्टि, स्थिति र संहारका आदिकारण परव्रम्ह परमात्मा शिवलाई मानिएको छ । उनको समन्वयवादी चरित्रमा विष्णुलाई वाम भागमा लिएर

रहेको संयुक्त प्रतिमा होस् वा विष्णुको मोहिनी रूपी जलहरीले समागमयुक्त शिव लिङ्ग नै ! 'हरिहर'को विशिष्ट रूप दर्शनीय हुन आउँछ । पशुपतिनाथ, डोलेश्वर अनन्तलिङ्गेश्वर लगायत ज्योतिर्लिङ्गेश्वर आदि जलहरीयुक्त शिवलिङ्गहरू उदाहरणस्वरूप छन् । शिवपुरीका बूढानीलकण्ठ 'नारायण' मात्र नभएर 'शिव' पनि हुन् भन्ने कुरालाई बिर्सनु हुन्न । प्राचीनकालदेखि चलिआएको हरिहर सम्प्रदायको दर्शनले लौकिकजीवनलाई शिव र विष्णुमा भेद छैन भन्ने धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश छर्दै आएको छ । कार्तिक शुक्ल द्वादशीलाई समन्वयवादी संस्कृतिको अर्को उत्कृष्ट उदाहरणको रूपमा लिन सकिन्छ । यस दिनमा नारायणको मात्र नभएर महादेवको पनि दर्शन गर्ने मेला लाग्छ । यस कुराको एउटा ज्वलन्त उदाहरण अनन्तलिङ्गेश्वर महादेव पनि हुन् । सो दिनमा यी महादेवको दर्शनपूजन गर्न आउने भक्तजनहरूको कमि छैन । यो कुरा महत्त्वपूर्ण छ । यस उदाहरण-प्रमाणले उक्त दिन वैष्णव पर्व मात्र नभएर शैव पर्वको पावन अवसर पनि हो भन्ने कुरा निश्चित रूपले जानिन्छ ।

कार्तिक शुक्ल द्वादशी अनन्तलिङ्गेश्वर 'लोकपालस्वामी'को प्रतिष्ठादिन थियो । यो कुरा नरेन्द्रदेवको अभिलेखको एघाह्रौं पंक्तिबाट थाहा पाइन्छ । त्यस दिन हंसगृहदेवको विशेष पूजाआजा, लगायत धार्मिक सांस्कृतिक यात्रा उत्सव आदि हुन्थ्यो । त्यसका निमित्त अघिल्लो दिनसम्ममा देवस्थल सफासुग्घर गरी चाहिने बन्दोबस्त मिलाइएको हुन्थ्यो ।

कुलपति

अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा 'कुलपति' को उल्लेख पनि परेको छ । उत्तरप्राचीनकालदेखि नै वीरशैव वा लिङ्गायत मतका जंगमहरूद्वारा शैवमन्दिरहरू संचालित हुँदै आएको कुरालाई समेत सो अभिलेखका कुलपतिले यहाँनिर स्मरण गराएको छ । यो कुरा महत्त्वपूर्ण छ । अनन्तलिङ्गेश्वर मन्दिरमात्र नभएर डोलेश्वर, धनेश्वर, गोखुरेश्वर, इन्द्रेश्वर, भालेश्वर लगायतका शैवमन्दिरहरू जंगमहरूले चलाउँदै आएका छन् । नेपाल अधिराज्यमै वीरशैव मतको प्रधान मठ भक्तपुर बोलाछेंटोलस्थित जंगम मठ हो । यही मठ अन्तर्गत ती शैवमन्दिरहरू पर्दछन् । यताबाट विशेषगरी भक्तपुरभेक लगायतका बनेपा, धुलिखेल, पनौति आदि पूर्वी प्रदेशहरू धार्मिक दृष्टिले वीरशैवहरूको प्रभावक्षेत्रभित्र रहँदै आएंको कुरा

निश्चित रूपले थाहा पाइन्छ । मठका मठाधीशलाई 'रावल' तथा 'कुलपति' पनि भनिन्छ । यस आधारमा नरेन्द्रदेवको अभिलेखमा आएका कुलपति जंगम आचार्य हुन् भन्ने कुरा खुल्छ । अनन्तलिङ्गेश्वरको पूजाआजा, वार्षिक यात्रा लगायतका अन्य विधिविधान आदिको संचालन एवं रेखदेख त्यसबखत पनि कुलपतिले नै गर्दथ्यो भन्ने कुरा थाहा पाइन्छ ।

घृताशनसमितादिभोजन

घृताहुतिको शेषले त्यागोकरण गरी बनेको खीरलाई 'घृताशनसमितादि' ले संझाएको छ । नरेन्द्रदेवको अभिलेखमा कुलपतिको साथमा तत्कालीन हंसगृहद्रङ्ग (अनन्तलिङ्गेश्वरभेक) को सीमाभित्र रहेका ब्राम्हण लगायत चाण्डालसम्मलाई 'घृताशनसमितादिभोजन' गराउने चर्चा परेको छ । यो कुरा पनि विचारणीय छ । यसले यहाँनिर मकर संकान्ति, कार्तिक र मकर शिवरात्री जस्ता विशेष पर्वका दिन दूध, घ्यू र चामलले बनेको खीर, पक्वान्न आदि ब्राम्हणदेखि शूद्रसम्मलाई आजसम्म पनि भोजन गराउने वीरशैवहरूको संस्कार चलनलाई स्मरण गराएको छ । यताबाट पनि पूर्वकालदेखि नै अनन्तलिङ्गेश्वर देवस्थलको संचालन वीरशैव मतका जंगमहरूद्वारा हुँदै आएको तथा 'कुलपति' पदले सम्मानित रहेको कुराको थप पुष्टि मिल्छ ।

'गोयुद्ध' उत्सव

धार्मिक यात्रा एवं मनोरञ्जनका निमित्त लिच्छविकालीन लौकिकजीवनमा साँढे जुधाएर उत्सव गर्ने चलन लोकप्रिय थियो । यो कुरा काठमाण्डौंको नघल श्रीघःविहार, थानकोटको भीमार्जुनदेव+जिष्णुगुप्त तथा अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवका अभिलेखहरूबाट थाहा पाइन्छ ।[१४७] काठमाण्डौंको लिच्छविकालीन दक्षिणकोलीग्राममा मात्र नभएर अनन्तलिङ्गेश्वरभेकको हंसगृहद्रङ्गमा पनि गोयुद्धोत्सव मनाइन्थ्यो । उत्सवका लागि 'गोयुद्ध कर' उठाइन्थ्यो । त्यसैगरी गोयुद्धोत्सवका अवसरमा पताका (झण्डाविशेष) पनि फहराइन्थ्यो । विचारणीय कुरा के छ भने पितृदेवता वा शैव देवताले विशेष लोकप्रियता पाएको लिच्छविकालमा निकै धूमधामसित

---

१४७. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३८०, ४३४, ४८६ ।

मनाइने यो यात्रा उत्सव मध्यकालमा मातृदेवी वा शाक्त तान्त्रिक धर्मले अत्यन्त प्रभाव पार्न पुग्दा गाईजात्राको रूपमा विकसित वा समृद्ध हुनपुगेको अनुमान हुन्छ ।

वराहयात्रा

'वराहयात्रा' को उल्लेख अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा मात्र आएको छ । यो यात्रा जेष्ठशुक्ल एकादशीका दिन मनाइन्थ्यो । लिच्छविकालका अन्य अभिलेखमा यसको चर्चा नआएको प्रसङ्गतिर विचार गर्दा हंसगृहद्रङ्गको सीमाभित्रका लौकिकजीवनले मनाउँदै आएको प्रसिद्ध यात्रा यो थियो भन्ने दृष्टिगोचर हुन्छ ।

विष्णुको पूजन आजको जस्तो संयुक्त अवतार-श्रृंखलामा आवद्ध नभएर प्राचीनकालमा विशेषगरी भारतमा कुषाण र गुप्तकालतिर र त्यसैगरी नेपालमा लिच्छविकालतिर वराह, वामन, नरसिंह आदि रूपहरूमा स्वतन्त्र रूपले चलेका थिए । भारतको लखनउ संग्रहालयका 'चर्तुमुख यक्ष, शिव' तथा 'चर्तुमुख यक्ष, वराह' का प्राचीनतम प्रस्तर-प्रतिमाहरूको शरीरका तल्लो भागमा वराह र सिंहका प्रतिमाहरू पनि समायुक्त छन् । शिव-प्रतिमासित निकै साम्य राख्ने यी प्रतिमाहरूमा शिव र विष्णु तथा उनीहरूको वराह र सिंहसित सम्बद्ध रूपहरूलाई अंकन गर्ने प्रारम्भिक प्रयास भएको अनुमान हुन्छ ।[१४८] गुप्तकालमा भारतमा र लिच्छविकालमा नेपालमा वराहको उपासनाले विशेष लोकप्रियता पाएको देखिन्छ । मथुरा म्युजियमको अभिलेखसहितको वराहमूर्ति (ईसाको दोश्रो शताब्दी), उदयगिरीको वराहमूर्ति (ईसाको चौथो शताब्दी), भक्तपुर सिद्धपोखरीको वराहमूर्ति (ईसाको चौथो शताब्दीको उत्तरार्द्ध), सुनसरीको वराहक्षेत्रका वराह (ईसाको चारौं-पाँचौं शताब्दी), भक्तपुर भेलुखेलटोलको वराहमूर्ति (ईसाको पाँचौं-छैटौं शताब्दी), चण्डोलको धुम्रवराह (ईसाको छैटौं शताब्दी) आदि उदाहरणस्वरूप छन् ।[१४९] स्मरण रहोस् ! लिच्छविकालमा वराहको प्रतिमा-पूजन मात्र नभएर यात्रा

---

१४८. डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, पूर्ववत्, पृष्ठ २५, २६, चित्र संख्या १, ३ ।

१४९. डा.पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुर नगरका प्राचीन वराहमूर्ति', **खोपृइ**, १२/१३, २०६१, पृष्ठ ६-९ ।

उत्सव समेत स्वतन्त्र रूपमा धूमधामका साथ चलेको थियो भन्ने कुरा 'वराहयात्रा' ले देखाएको छ । वराहयात्राले तात्कालिक लौकिकजीवनमा वराहप्रतिको अपार श्रद्धा एवं लोकप्रियतालाई समेत दर्शाएको छ ।

लिच्छविकालमा प्रसिद्ध रहेको वराहयात्रा समयको प्रवाहसँगै लोप भइसकेको छ। यसकारण यो यात्रा कसरी मनाइन्थ्यो भन्ने कुरा पनि अज्ञात छ। तर मलाई यस्तो लाग्छ कि तात्कालिक समयमा स्वतन्त्र रूपले चलेको यस यात्रा एवं वराहदेवप्रतिको आस्थाका केही परम्परा-अवशेष आज पनि चलिरहेको छ । हिरण्याक्ष दैत्यको चंगुलबाट अथाह जलमा डुबेकी भूदेवी (पृथ्वीमाता) लाई उद्धार गरको वराहअवतारको प्राचीन कथा नै वराहयात्राको मुख्य विषय रहेको विदित हुन्छ। भूदेवीलाई उद्धार गरेको हुँदा उनी भुइँचालो समन गर्ने देवताका रूपमा पनि प्रसिद्ध छन्। यसैकारण चाहे सिद्धपोखरीका वराह हुन् वा भेलुखेलटोलका वा चण्डोलका ! उपत्यकाका नेवार बासिन्दाहरू भुइँचालो जाँदा आज पनि उनैलाई सम्झने हुँदा 'भुखाद्य :' नामले बढ्ता चिनिन पुगेका छन्। बाढीपैह्रो जाँदा त्यस्तो विपत्तिबाट बचाइदिने जलदेवताकै रूपमा पनि उनी लौकिकजीवनमा स्मरणीय हुनपुग्छन्। त्यस्तो विपत्तिलाई टार्न विधिवत् पूजा गरी वराहको प्रतीक जीउँदो सुंगुर खोला वा नदीमा बगाउने चलन आज पनि छ। त्यसैगरी अनावृष्टिका बेलामा नागलाई आफ्नो मजबूत पञ्जाबाट मुक्त गरी जलवृष्टि गराइदिने मात्र नभएर अनिकाल पर्दा खेतमा सुंगुर छाडेर लखेट्न लगाई हजारौं मानिसका खुट्टाले खेतमा थाहै नपाइकन गोडमेल गराई उब्जनी बढाईदिने महत्त्वपूर्ण भूमिका समेत उनले निर्वाह गरेका छन्। प्रत्यक वर्ष भाद्रकृष्ण पञ्चमीका दिनमा ललितपुरमा सम्पन्न हुने नृसिंहयात्रामा यदाकदा वराहयात्रा पनि दर्शनीय हुन आइपुग्छ । सो यात्राताका वराह हुने पात्रले माटो र कपडा आदिले निर्मित मुकुण्डो धारण गरी नृसिंहको अघिल्तिर लागी नगरपरिक्रमा गर्ने चलन छ । यात्राका क्रममा नृसिंह भगवान्‌का पछाडितिर कपडाका दुई पुतलाहरू वराहद्वारा मारिएको हिरण्याक्ष र नृसिंहद्वारा मारिएको हिरण्यकसिपुका लासका प्रतीकका रूपमा बाटोभरि नै घिसारेर लगिन्छ। यो कुरा विचारणीय छ। प्रकारान्तरमै पनि यस अमूर्त संस्कृतिले यहाँनिर लिच्छविकालमै प्रसिद्ध रहेको 'वराहयात्रा' लाई झल्झली संझाएको छ ।[१५०]

---

१५०. ऐजन, पृष्ठ १३,१४ ।

दासप्रथा

लिच्छविकालमा दासप्रथा प्रचलित थियो भन्ने कुरालाई पुष्टि गर्ने दोस्रो महत्त्वपूर्ण स्रोत अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख नै हुनआएको छ । सो अभिलेखमा बीसौं देवदास, देवदासीहरूको उल्लेख आएको छ । लडाइँमा जितेका, स्वयं आफूलाई बेचेका, दासका सन्तान, किनिएका, दण्ड पाएका आदि अनेक कारणले दासहरू पनि कैयौं प्रकारका हुन्थे ।[१५१] तीमध्ये यहाँ उल्लेखमा आएको 'देवभृत्य' ले मनुष्यका दासदासीका रूपमा मात्र नरही देवमन्दिरका दासदासीहरू पनि त्यसवखत हुन्थे भन्ने कुरा देखाएको छ । देवस्थल सफासुग्घर गरी राख्नु, पूजा आरती, यात्रा, उत्सव आदिका बखतमा नाचगान गर्नु आदि उनीहरूका मुख्य काम थिए; त्यसका निमित्त उनीहरूले नगद र जिन्सी दुबै प्रकारका पारिश्रमिक पाउँथे भन्ने कुरा अभिलेखको व्यहोराबाट थाहा पाइन्छ । त्यसैगरी लिच्छविकालीन समाज वर्ण व्यवस्थामा आधारित थियो भन्ने कुरालाई दर्शाउने एउटा दुर्लभ उदाहरण यस अभिलेखमा परेको 'ब्राम्हणप्रमुखानाम्माचाण्डालेभ्यो' (ब्राम्हणलगायत चाण्डालसम्म) पनि हो । यसले तत्कालीन चार वर्गमा विभक्त समाज (ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र) र जातीय मर्यादाकममा खडा रहेको हिन्दू वर्ण व्यवस्थाको जीवन्त झलक प्रस्तुत गरेको छ ।

भू-सांस्कृतिकीकरण

भौगोलिक संरचना, सुन्दर शान्त वातावरण एवं पर्यावरण र त्यहाँ विचरण गर्ने जनावर, चराचुरूङ्गी लगायतले पनि अनन्तकालदेखि अपरिहार्य रूपले मानव संस्कृतिलाइ प्रभाव पार्दै आएको छ । धार्मिक दृष्टिले यस्तै खोला र डाँडा भएको शान्त र रमणीय बासस्थान हाम्रा शिवलाई बढ्ता मन पर्ने प्रिय बासस्थान हो । चाहे पशुपतिक्षेत्रका शिव हुन् वा अनन्तलिङ्गेश्वरस्थानकै, त्यहाँ बागमती बग्छन्, बूढीगण्डकी बग्छन् र बूढी गण्डकीलाई साथ दिंदै महादेव खोला पनि बग्छन् । खोला वा नदीका किनारमा बनेका उनका काखरूपी अनेक नामका घाटमा पंचतत्त्वले

१५१. हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख** , पूर्ववत् , पृष्ठ ४८७

बनेको उनैको अंश मानिने मानव देह हेर्दाहेर्दै सहज रूपले विसर्जित हुन पुग्दा सृष्टि, स्थिति र संहारको अवस्थिति व्यवहारमा दर्शनीय हुन आउँछ। डाँडो सानो होस् वा ठूलो, महादेवले बास गरेको हुँदा श्रद्धाभावले 'कैलाश' कहलिंदै आएको छ। हाम्रो संस्कृतिमा भाव-अर्थले ठूलो भूमिका निर्वाह गरेको छ। कैलाश मात्र किन र, उत्तरतिर बहने गरेकी बुढीगण्डकीलाई नै लिऊँ। 'बूढीगण्डकी' भन्ने बित्तिकै हाम्रो मनमा गण्डकीप्रदेशको प्रसिद्ध बूढीगण्डकी स्मरण हुन आउँछ। तर बूढीगण्डकी यहाँ पनि बगिरहेकी छिन्। स्थानभेदको मात्र कुरा हो, नाम उही हो, भाव र गुण अनि तिनीप्रतिको सम्मान र संस्कार पनि उस्तै हो। मनले मानेपछि भावले पनि उस्तै हुन्छ। नेवारीमा एउटा यस्तो उखान छ 'अखुं तीर्थ, कसिइ काशी'। अर्थात् मन सफा छ भने करूवा (टुटीमा पाँचवटा प्वाल भएको) को पानीले कौशीमा बसी मुख धुँदा मात्र पनि काशीमा गै पंचतीर्थ स्नान गरे सरहको पुण्य मिल्छ। 'मानस सरोवर' पनि यस्तै मनले ग्रहण गर्ने ताल वा पोखरी वा जलाशय हो। त्यसका लागि तिब्बतकै मानसरोवरमा पुग्नु पर्छ भन्ने छैन। महादेव स्वयं राजहंस भएर कैलाश मानसरोवरमा जलविहार गरेको स्वस्थानी-कथा प्रसिद्ध छ। यस अर्थमा पनि जहाँ कैलाश छ, त्यहाँ मानसरोवर छ भनी मान्न सकिन्छ। कैलाश पशुपतिमा छ। कैलाश अनन्तलिङ्गेश्वरमा पनि छ। अतः मानसरोवर रूपी जलाशय त्यहाँ पनि छ, यहाँ पनि छ। नेपाली मनले मान्दै आएको संस्कृतिको एउटा भाव पक्ष यो पनि हो। यही भाव दृष्टिले यहाँको अनन्त कुण्ड एवं कुवा मानस सरोवर हो भनी मान्न सकिन्छ। भाव पक्षका साक्ष्य अनेक छन्। योग र कर्मकै कुरालाई लिऊँ। योगले मात्र उद्धार हुँदैन। कर्मले मात्र पनि उद्धार हुँदैन। योग र कर्मको सन्तुलन-समन्वयबाट मात्र सफलता प्राप्त हुन्छ, उद्धार हुन्छ। यसका प्रेरणास्रोत पनि शिव नै रही आएका छन्। यस कुराको पुरातात्त्विक-साक्ष्यको रूपमा खजुराहोको पुरातात्त्विक संग्रहालयमा रहेको ईसवीको दशौं शताब्दीको चतुष्पाद महासदाशिव (**चित्र संख्या ८४**) को प्रस्तरमूर्तिलाई लिन सकिन्छ। उक्त मूर्तिमा शिवका चार खुट्टा छन्। तीमध्ये माथिका दुई खुट्टा योगमुद्रामा र तल स्थिर रहेका दुई खुट्टा कर्ममुद्रामा छन्। यसरी योग र कर्मको अनुपम मेल यो मूर्तिमा देखिन आएको छ। जे होस्! कर्म र योगको व्यक्त रूप महासदाशिवको सो दुर्लभ मूर्ति हो भने त्यसैको अव्यक्त दार्शनिक भाव सादा शिवलिङ्गमा पनि

दृष्टिगोचर हुन्छ। अनि यस अर्थमा अनन्तलिङ्गेश्वर पनि योग र कर्मका प्रेरणार्थक रही आएको कुरामा शङ्का छैन। यसैकारणले होला, तत्कालीन कान्तिपुर राज्यका राजा प्रतापमल्लले रानी पोखरी वनाउँदा सो पोखरीमा अनन्तलिङ्गेश्वर-तीर्थको जल पनि राख्न लगाएका थिए।[१५२]

---

१५२. *सम्वत् ७८९ माघशुक्ल त्रयोदशी कुन्हु पुषुलि प्रतिष्ठा ॥ ...श्रीराजराजेन्द्र कवीन्द्र जयप्रतापमल्लपरमभट्टारकदेवेन, थम शास्त्रस सोयाओ, असंख्यात फल खडाओ, पिकायाओ सप्तसमुद्र आदिन, नाना तीर्थया जल कायकल छोयाओ ... थ्व पुषुलिस तया ॥ श्रीवारानसिया गंगाजल ॥ श्रीवैद्यनाथया गंगाजल ॥ श्रीवाग्मतीया जल ...श्रीसप्तगण्डकीया जल ...श्रीअनन्तलिङ्गया जल ॥ श्रीसिपादोलया जल ॥ थ्वते तीर्थया जल, छगुलि, छगुलि, तीर्थया अनेग, अनेग फल, थ्वलि तीर्थ सकलेङ दातेम्ह जुजुया पुषुलिस दु ॥ (ने.सं. ७८९ को 'नाना देश, नाना तीर्थ, नाना देवज' शीर्षकको ग्रन्थचित्रबाट)*

...श्रीश्रीजयप्रतापमल्लदेवेन, आफूले शास्त्र हेरिकन, असंख्यास पुन्य देखिकन निकासिकन, गंगा आदि नाना तीर्थको जल लेइकन ... पोषरिमाहा राष्याको छ। श्रीवारानशिको गंगाजल ॥ श्रीवैद्यनाथको गंगाजल ॥ श्रीवाग्मतीको जल ...श्रीसप्तगण्डकीको जल ...श्रीअनन्तलिंगको जल ॥ श्रीशिपाडोलको जल ॥ एति तिर्थको जल एक एक तीर्थको अनेक अनेक फल, एति तिर्थ सवै यो पोषरिमाहा छ ...सम्वत ७९० आश्विनमास शुक्लपक्ष ... (रानीपोखरीको ने.सं. ७९०को शिलालेखवाट)

डा. पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण। भक्तपुर : राष्ट्रिय कला संग्रहालय, वि.सं.२०६३), पृष्ठ १०६, १०८।

चित्र संख्या ८४ : चतुष्पाद शिवलिङ्ग । ईसवीको दशौं शताब्दी, मध्यप्रदेश, पुरातात्त्विक संग्रहालय, खजुराहो ।
चित्र सौजन्य : Brijendra Nath Sharma. ICONOGRAPHY OF SADASIVA. ibid. plate XXVII

पाँचौं खण्ड

उपसंहार

उपसंहार

अनन्तलिङ्गेश्वरभेकमा उत्तरप्राचीनकालदेखि आधुनिककालसम्मका अनेक कलावस्तु एवं अभिलेख आदि पाइएका छन् । प्रत्येक कालखण्डको प्रतिनिधित्व गर्ने यहाँ प्राप्त ती कलाकृति एवं आभिलेखिक प्रमाणहरू लगायत त्यस्ता वस्तु प्राप्तस्थलहरू इतिहास र पुरातत्त्वका दृष्टिले उल्लेख्य छन् । अन्वेषणवाट देखिन आएको एउटा महत्वपूर्ण पक्ष **हाँयडोल** हो । 'हंसंगृह' को वचेखुचेको नाम-स्मृति-अवशेष **हायँडोल**मा रूढ हुनपुगेको निशिचत हुन्छ । **हाँयडोल** हंसगृहकै मुख्य भाग रहेको हुनुपर्छ । नरेन्द्रदेवको अभिलेखमा आएको **को-ग्राम**ले अहिलेको कालीटार र त्यसैगरी **कोङ्कोग्राम**ले किवाचोकलाई सम्झाइरहेको छ । अनेक दृष्टिले उच्च महत्त्व बोकेको नरेन्द्रदेवको अभिलेख पनि अनन्तलिङ्गेश्वरमै छ । समग्रमा, हंसगृहद्रङ्ग अनन्तलिङ्गेश्वरभेकमा आवाद रहेको थियो । सो द्रङ्गको मुख्य भाग यसै भेकको दधिकोटमा वसेको थियो । अन्वेषणले देखाएको मुख्य कुरा पनि यही नै हो । **हाँयडोल, कालीटार, किवाचोक, तर्षागाल, अनन्तलिङ्गेश्वर देवस्थल परिसर** र **पहिरोले पुरिएको सुरक्षा पर्खाल** तथा सो देखिमाथि **कैलास**सम्मका भाग, **पशुपति मुद्रा तथा माटाका भाँडावर्तनका टुका** लगायत **कुनै प्राचीन वास्तुको जगखण्ड** फेला परेको **गुण्डु तिथलीको खेत** र सो आसपासका क्षेत्र, **महादेव खोला** र **बूढीगण्डकी (बृद्ध गंगा)** का किनारी भागहरू, **हात्तीगौँडा, काशी विश्वेश्वर** र सो आसपासका **भैरवनाथ ओडार, छातेढुङ्गा ओडार, कल्छेढुङ्गा ओडार, मुसेढुङ्गा ओडार, रानीकोट, सिपाडोल** लगायत **सोमलिङ्गटार** आदि स्थानहरू खासगरी पुरातात्त्विक उत्खननका दृष्टिले उपयुक्त मान्न सकिन्छ । प्रागैतिहासिक अन्वेषणका दृष्टिले समेत अनन्तलिङ्गेश्वरभेकको दक्षिण र पूर्वोत्तर भागहरू विचारणीय लाग्छन् । यसर्थ पुरातात्त्विक उत्खनन हुन सकेमा पृथ्वीको गर्भमा पुरिएर रहेका संस्कृति र सभ्यताका अवशेष संगसंगै लुकेको शहरी वस्तीका स्मारक आदि प्राप्त हुने आशा गर्न सकिन्छ ।

लिच्छविकालीन **हंसगृहदेव/लोकपालस्वामी** लौकिकजीवनमा **अनन्तलिङ्गेश्वर/अलाँलि महा द्यः** नामले रूढ हुन पुगेका छन् । शिव र

विष्णुको संयोग शिवकै समन्वयवादी प्रवृतिको उपज थियो । लिच्छविकालीन अभिलेखमा वैष्णवदेवतालाई कतै पनि **लोकपालस्वामी** भनिएको देखिएन । **वामनस्वामी, दोलाशिखरस्वामी** उदाहरणस्वरूप छन् । हाँडीगाउँको अंशुवर्माको अभिलेखमा आएका 'हंसगृहदेव' नरेन्द्रदेवको अभिलेखमा आएका 'लोकपालस्वामी' हुन् । 'लोकपालस्वामी' को उल्लेख यही अभिलेखमा मात्र आएको छ । हंसगृहद्रङ्गका देवता हंसगृहदेव हुन् । यसकारण **लोकपालस्वामी** शैवप्रधान देवता हुन् । उनै लोकपालस्वामी आजका **अनन्तलिङ्गेश्वर** हुन् ।

'हंसगृह' को उल्लेख अंशुवर्मा र नरेन्द्रदेवको अभिलेखमा मात्र आएको छ । यसभन्दा अघि र पछिका अभिलेखहरूमा त्यति धेरै महत्त्व पाएको त्यहाँको देव र द्रङ्गको नाम किन आएन ? यी कुराहरू विचारणीय लाग्छन् । यसको अनुमानित-उत्तर सोही अभिलेखको कालखण्डको सेरोफेरोमा रही यस्तै अभावबाटै यसरी पनि खोज्नुपर्ने हुन्छ :

उत्थान र पतन अनि परिवर्तन इतिहासको कालचक्रमा देखिने अपरिहार्य नियति हो । बाटो, घाटो, वन्द व्यापार आदि अनेक कारणले कुनै एक ताका समृद्ध हुन पुगेको शहरी बस्ती पछि गएर उजाड वस्तीको रूपमा सुक्न पनि सक्छ । विक्रमको आठौं शताब्दीको आरम्भसम्म आइपुग्दा पहिलेका समृद्ध बस्तीहरूको ठाउँ अनेक कारणले पछि समृद्ध हुनपुगेका अन्य वस्तीहरूले लिइसकेका थिए । यसो हुँदा उपत्यकाका हृदयस्थलमा **दक्षिणकोलिद्रङ्ग** (काठमाण्डौं), **युपग्रामद्रङ्ग** (ललितपुर) र **माखोपृङ्द्रङ्ग** (भक्तपुर/तत्कालीन खोपृङ् ग्रामप्रदेशभित्रको मूलबस्ती) हरूको महत्त्व बढेर आयो । पुराना वस्तीहरू उपत्यका छेउछाउका भीरपाखामा मात्र सीमित भएर बिस्मृतिमा परे । हंसगृहद्रङ्गको नियति पनि यस्तै भयो । यसलाई शायद माखोपृङ्ले त्यसरी बिर्साउने गरी उछिन्यो अनि विक्रमको सातौं शताब्दीको मध्यतिर आइपुग्दा 'द्रङ्ग'को दर्जा लिएर देखा परेदेखि उँभो लाग्न थाल्यो । यसले पूर्वमध्यकालमा नेपालमण्डलकै ढुकढुकी (राजधानी नगर) बन्ने सौभाग्य (तीनसय वर्षभन्दा केही बढी समयसम्म) समेत पायो । तर उत्थान वा समृद्धिको उर्लंदो भेल भने मल्ल वंशको पतनसंगै सुक्न पुग्यो ।

भौगोलिक दृष्टिले अनन्तलिङ्गेश्वर देवस्थल उपत्यकाको दक्षिण-पूर्वमा अवस्थित छ । अनन्तलिङ्गेश्वरदेखि दक्षिण-पश्चिममा विसंखु नारायण छन् । यिनै उच्चतम देवताहरूलाई त्यस भेकका लौकिकजीवनले आ-आफ्नो भू-सांस्कृतिक सान्निध्यता र प्रभावक्षेत्रका आधारमा धार्मिक सांस्कृतिक

संस्कारभित्र समाविष्ट गरी मूल केन्द्रीय-देवताका रूपमा आजसम्म पनि मान्दै आएका छन्। त्यस भेकका लौकिकजीवनले धार्मिक-सांस्कृतिक उत्सवका वेला लिने संकल्पवाक्यमा स्थान/इलाका खुलाउनुपर्दा शिवपुरी (अनन्तलिङ्गेश्वर) मात्र नभएर विष्णुपुरी (विशंखुनारायण) पनि समाविष्ट हुन आउने उदाहरण-प्रमाणले प्रकारान्तरमा शिव र विष्णु बीचको सान्निध्यता र संयोग रहेको पुष्टि गर्छ। यथार्थमा प्राचीन कालमा चलेको हरिहर सम्प्रदायको समन्वयात्मक पृष्ठभूमिमा अनन्तरूपी विष्णु र लिङ्गरूपी महादेवको एकीकृत नाम/रूप अनन्तलिङ्गेश्वरमा रूढ हुनपुगेको देखिन्छ। स्मरण रहोस्! अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा **गोयुद्ध** (शैवजात्रा) मात्र नभएर **वराहयात्रा** (वैष्णवजात्रा) को उल्लेख पनि आएको छ जुन शैव र वैष्णवजनमा धार्मिक समन्वय र सांस्कृतिक एकता जगाउन एकसाथ आएको हुनुपर्छ। हंसगृहदेवको सोही वहुआयामिक चरित्र-लक्षण लगायत उनी हंसगृहमै स्थित रहेको हुनाले पनि नरेन्द्रदेवको अभिलेखमा उनलाई **हंसगृहदेव** भनिरहनु परेन। नरेन्द्रदेवको अभिलेखमा उल्लेखित **लोकपालस्वामी** नै पर्याप्त लाग्छ।

शैव दृष्टिले नेपाल पाशुपतमय रही आएको छ। त्यसको पनि मूल थलो उपत्यका नै हो। उत्तरप्राचीनकालमा अनेक शैव सम्प्रदायहरू स्वतन्त्र रूपले चलेका थिए। मुण्डशृङ्खलिक, शृङ्खलिक, सोमसिद्धान्त, माहेश्वर, वीरशैव, मिश्रशैव आदि उदाहरणस्वरूप छन्। साङ्गाका विकटेश्वर महादेवले मुण्डशृङ्खलिकलाई संझाएको छ। डोलेश्वर, अनन्तलिङ्गेश्वर लगायत सोमलिङ्गेश्वरले सोमसिद्धान्त, माहेश्वर, वीरशैव, मिश्रशैवहरूलाई संझाएको छ। यताबाट उपत्यकाकै पनि दक्षिणपूर्विभेक पाशुपत सम्प्रदायीहरूको विशिष्ट रूपको आदर्श थलो थियो भन्ने कुरा जानिन्छ।

उत्तरप्राचीनकालीन लौकिकजीवनमा धार्मिक-सांस्कृतिक महत्त्वका अनेक मनोरञ्जनात्मक यात्रा उत्सवहरू चलेका थिए। **कैलास-यात्रा, द्वारोद्घाटनयात्रा, पशुपति-यात्रा, मण्डपीयात्रा** लगायत नरेन्द्रदेवको अभिलेखमा परेका **गोयुद्ध उत्सव** एवं **वराहयात्रा** उदाहरणस्वरूप छन्। त्यस कालमा पितृदेवताप्रधान अनेक स्वतन्त्र धार्मिक सम्प्रदाय, उपसम्प्रदायहरू चलेका थिए। यसकारण माथि उल्लेख भएका जात्रा, पर्वका मुख्य देवताहरू पनि अधिकांश पुरुष वा पितृ देवताहरू नै थिए भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ। तर मध्यकालमा त्यो स्थिति रहेन। पहिलेका स्वतन्त्र सम्प्रदाय, उपसम्प्रदायहरू हराउन पुगे। सम्प्रदायभेद गौण हुँदै मिश्रित रूपको तन्त्रप्रधान

